# अध्याय-एक
# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक मोहन दुवालको **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको अध्ययन रहेको छ ।

## १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, द्वितीय वर्ष, दसौँ पत्रका लागि निर्धारित पाठ्यक्रम अनुसार प्रायोगिक कार्योन्मुख ऐच्छिक पत्रको आवश्यकता परिपूर्तिको प्रयोजनार्थ तयार गरिएको हो ।

## १.३. विषय परिचय

यस शोधकार्यको अध्ययन क्षेत्र कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको कृतिपरक अध्ययन रहेको छ । कवि मोहन दुवालको परिचय नेपाली साहित्यको गद्य कविता विधामा उल्लेख्य प्रतिभाको रूपमा स्थापित छ । नेपालको राजधानी काठमाडौँदेखि २५ कि.मि.पूर्व वागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित बनेपाको भोलाखाटोलमा दुवालको जन्म माता खिलकुमारी दुवाल र पिता गणेशबहादुर दुवालका एघार सन्तानमध्ये दसौं सन्तानको रूपमा वि.सं.२००६ साल जेठ २१ गते भएको थियो । आफ्नो सृजनात्मक प्रतिभालाई वि.स. २०२१ सालमा **नयाँ संसार** पत्रिकामा **मेरो सपना** नामक कविता छपाएर औपचारिक साहित्ययात्रारम्भ गरेका दुवाल वर्तमान नेपाली साहित्यको समसामयिक  युगका एक सशक्त प्रतिभाका रूपमा प्रसिद्ध छन् ।

साहित्यकार दुवाल निरन्तर साहित्य सृजनामा रमाउँछन्, त्यसैले दुवालले नेपाली साहित्यका विभिन्न विधामा प्रतिभाको परिचय दिइसकेका छन् । यस क्रममा खासगरी कविता, निबन्ध र समालोचनाका साथै सम्पादन क्षेत्रमा समेत महफ्वपूर्ण योगदान पुऱ्याएका छन् ।

वि.सं. २०२० को दशकबाट काव्ययात्रा आरम्भ गरेका दुवालका हालसम्म छ वटा कविता सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । उनले नेपाल भाषा र नेपाली भाषा दुवैमा काव्य सिर्जना गरेका छन् । उनका हालसम्म प्रकाशित काव्य कृतिहरूमा चुलिजा गु :स्वाँ (

नेपाल भाषा –२०२३), सचेतका धुनहरू (२०४७), मानवीय संवेदनाहरू (२०५५), जः=जीवन, जीवन=जः (२०५९–नेपालभाषा), क्रान्त कविताका अक्षरहरू (२०६२) रहेका छन् । यसका अतिरिक्त उनको मोहन दुवालका समसामयिक कविताहरू नामक कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । मुख्य रूपमा गद्य कवितामा सिर्जनाका डोब खन्न रूचाउने दुवालका दैनिक प्रकाशित हुने पत्रपत्रिकामा पनि कविताहरू प्रकाशित भइरहेका छन् ।

कवि दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहका कृतिगत विशेषता, प्राप्ति र सीमाहरूका बारेमा सामान्य अध्ययन भएको पाइए पनि प्रस्तुत कृतिका बारेमा गम्भीर रुपमा शोधपरक अध्ययन नभएकाले यस शोधपत्रमा यस कृतिका विद्यागत विशेषताहरूको अध्ययन प्रस्तुत गरिएको छ ।

### १.४. समस्या कथन

कवि मोहन दुवालले वर्तमान नेपाली साहित्यमा आफ्नो पृथक् परिचय बनाइसकेका छन् । खासगरी कविता विधामा कवि दुवालको उल्लेखनीय परिचय निर्माण भएको छ । उनी वि.सं. २०२१ सालदेखि अनवरत काव्य सिर्जनामा तल्लीन देखिन्छन् । दुवालका कवितामा वर्तमानमा मान्छेले भोगेका विवशता र बाध्यता अनि त्यसबाट मान्छको मुक्तिको भाव अभिव्यक्त भएको पाइन्छ भने आजको मान्छेले भोगेका वास्तविकता र युगीन संवेदनाहरूलाई मानवतावादी चस्माले हेर्ने दुवालका कविताहरू मानवीय संवेदनाले भरिएका पाइन्छन् ।

प्रस्तुत शोधपत्रका सन्दर्भमा विधाताष्विक दृष्टिले मानवीय संवेदानाहरू कविता सङ्ग्रह के कस्तो रहेको छ भन्ने कुरा नै यस शोधकार्यको मुख्य समस्या रहेको छ । प्रस्तुत शोधपत्रको सन्दर्भमा मुख्य शोध समस्यामा आधारित निम्नलिखित शोध समस्याहरू रहेका छन् ।

(क) कवि मोहन दुवालको जीवनी, व्यक्तित्व कस्तो रहेको छ ?

(ख) कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक स्वरूप के कस्तो रहेको छ?

(ग) **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहभित्र के कस्ता कविताहरू रहेका छन् ?

(घ) **मानवीय संवेदनाहरू** कवितासङ्ग्रहका प्राप्तिहरू के कस्ता रहेका छन् ?

### १.५. शोधकार्यको उद्देश्य

यस शोधकार्यको मूल उद्देश्य शोधनायक मोहन दुवालको कविता सङ्ग्रह **मानवीय संवेदनाहरू** के कस्तो रहेको छ भन्ने शोध समस्याको समाधान गर्नु रहेको छ । उद्देश्यअनुसार शोधकार्यलाई सामान्यीकरण गरी निष्कर्षमा पुऱ्याउन निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) कवि मोहन दुवालको जीवनी,  व्यक्तित्वको अध्ययन गर्नु,

(ख) कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक स्वरूपको अध्ययन गर्नु,

(ग) **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहका कविताहरूको अध्ययन गर्नु,

(घ) कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको प्राप्तिहरूको निरुपण गर्नु ।

### १.६. पूर्वकार्य समीक्षा

कवि मोहन दुवाल समकालीन नेपाली साहित्यमा परिचत र स्थापित नाम हो । नेपाली भाषा साहित्यमा विभिन्न विधामा उनको सशक्त उपस्थिति रहेको छ । कवि दुवालका अन्य विधामा केही मात्रामा शोधकार्यहरू गरिएको पाइन्छ, तर समग्र कविताको अनुसन्धानात्मक कोणबाट मूल्याङ्कन भएको पाइएको छैन । केही पत्रिकाहरूमा उनको कविता सङ्ग्रह **मानवीय संवेदनाहरू**को बारेमा सामान्य टिप्पणी र चर्चा मात्र भएको पाइन्छ । त्यसलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

त्रिनेत्र शर्माले **प्रकाश** पत्रिका (२०५५ चैत्र २९) मा **कलम माथिको कलम** स्तम्भ अन्तर्गत **मोहन दुवालको कवितात्मक संवेदना** शीर्षकीय लेखमा कवि दुवालका कविताहरूमा संवेदनाका संवेदित अनुभुतिहरू समेटिएका छन् भनी उल्लेख गरेका छन् । गद्य कविताको आफ्नै लयविधानमा आवद्ध यी कविताहरू मानव मनका संवेदना छाम्न सफल छन् साथै २०४६ सालको उपलब्धि निरर्थक बन्दै गएको अवस्थामा दुवालको कवि दृश्य व्यथित र आक्रोशित भएको यथार्थलाई शर्माले उक्त पत्रिकामा लेखेका छन् ।

रमेश विष्टले  **समदृष्टि**  साप्ताहिक (२०५६ वैशाख २८) मा **साधक सिर्जना**  स्तम्भ अन्तर्गत **मानवीय संवेदनाहरू भित्र मोहन दुवाल** शीर्षकीय लेखमा मानिसमा देखिएको स्वार्थका कारण भएको पीडाबोधले आक्रान्त भावनाहरू कविको कलमबाट उक्त कविता सङ्ग्रहमा कोरिएका छन् भनी उल्लेख गरेका छन् । मानिसका हक र अधिकारहरू मानिसहरूबाटै खोसिएको बिडम्बनालाई कवितामा प्रस्ट पारिएको छ । कवितामा धर्तीमाथि

भएको अतिक्रमण र प्रकृतिको विनाशप्रति गम्भीर रुपमा चिन्ता प्रकट गर्दै चेतनालाई उघार्न आह्वान् गरिएको छ । यस कवितामा कवि दुवाल मानिसहरूलाई मानिसकै रूपमा खोज्न व्यस्त छन् । मानिस, मानिस जस्तो नभएको पीडा पनि कविले कवितामा पोखेका छन् भनी रमेश विष्टले उक्त पत्रिकामा उल्लेख गरेका छन् ।

रामेश्वर राउत मातृदासले **रूपरेखा** पत्रिका (२०५६ साल वैशाख २८ गते मङ्गलबार) मा **मानवीय संवेदना भित्र मोहन दुवालले बजाएका जागरण धुन** शीर्षक अन्तर्गत कवि दुवाल निराशावादी छैनन्, उनका रचनाहरूले मान्छेलाई उत्साही र आशावादी हुन सिकाउँछन् भनी उल्लेख गरेका छन् । मानव समाजमा व्याप्त अन्याय, अत्याचार र विकृतिप्रतिको समूल फाल्न दुवालले कवितात्मक आक्रोशका हुरी चलाएका छन् । आउने भविष्यको सम्भावनालाई फलदायी बनाउनुपर्छ भन्ने रमाइला कल्पना कवि दुवालका **मानवीय संवेदनाहरू** नामक कविता सङ्ग्रहभित्र छन् भनी उक्त पत्रिकामा मातृदासले उल्लेख गरेका छन् ।

मातृका पोखरेलले **जन एकता** साप्ताहिक (२०५६ जेठ १०) मा **कवि दुवाल र मानवीय संवेदनाहरू** शीर्षकअन्तर्गत देशलाई कसैले चिथोर्दा कवि दुवाल कविता मार्फत संवेदित भएका देखिन्छन्, देश सँगसँगै उनलाई पनि दुख्छ । सङ्ग्रहभित्रका धेरै कविताहरूमा देश दुःखेका भावनाहरू कविले कवितामार्फत मुखरित गरेका छन् भनी उल्लेख गरेका छन् ।

समाजमा घटेका होची अर्घेलीहरू, शोषण, दमन र उत्पीडनहरू नै यस सङ्ग्रहभित्रका बहुसंख्यक कविताका विषयवस्तुहरू हुन् भनी समीक्षक पोखरेलले समीक्षात्मक टिप्पणी गरेका छन् ।

श्रीरामसिहं बस्नेतले **स्पर्श मासिक** (२०५६ जेठ )मा **पुस्तक स्पर्श** स्तम्भ अन्तर्गत **मानवीय संवेदनाहरू** शीर्षक लेखमा नेपाली कविताप्रति रुचि राख्ने जोसुकैका लागि पनि कवि दुवालको यो **मानवीय संवेदनाहरू** एक पठनीय र सङ्ग्रहनीय निधि हुन सक्छ भनी उल्लेख गरेका छन् । त्यसैगरी प्रस्तुत काव्यकृतिमा समेटिएका प्रत्येक कविता उम्दा खालका छन् र बेग्लाबेग्लै रस माधुर्य लिएर उभिएका छन् । सङ्ग्रहभित्र भएका कविताहरूले जीवन र जगतका प्रायः सबै पक्षलाई स्पर्श गरेका छन् । देखेका, भोगेका, सुनेका र स्पर्श गरेका अनुभव र अनुभूतिकै लेखाइलाई नै साहित्य हो भन्ने मान्यता राख्ने कवि दुवालका प्रत्येक कविताले त्यही सत्यलाई प्रतिबिम्वित गरेका छन् भनी बस्नेतले उक्त पत्रिकामा आफ्नो समीक्षात्मक लेख लेखेका छन् ।

**नव आवाज** (२०५६ जेठ ३०) पत्रिकामा **स्रष्टा सिर्जना** स्तम्भ अन्तर्गत **मानवीय संवेदनाहरू** शीर्षकमा सनत सापकोटाले हृदयको अन्तर कुन्तरमा उब्जिएका भावनाहरूलाई नदीको प्रवाहझैँ सलल ......बगाएर सबैको मैलो धुने अठोट पालेका दुवाल सबैलाई दृढ भएर लक्ष्य भेट्न आह्वान गर्दै कविताहरू कोर्ने गर्दछन् । प्रजातन्त्रको पुनर्स्थापना पश्चात देशमा बढेका विकृति, विसङ्गति तथा सामान्य जनजीवनमा आएको जटिलताले कविलाई विरामी तुल्याएको छ भनी उल्लेख गरेका छन् । त्यस्तैगरी सगरमाथाको काखमा थुप्रिएको फोहोरले कविलाई बिरामी बनाएको छ । प्रकृतिको विनाससँगै बढ्दै गएको कृतिमताले बिरामी भएको महशुस गर्नुभएको छ कविले । भावनाका छालहरूमा उरालिँदै कहिले प्रकृतिको वर्णनमा त कहिले मानवीय संवेदनाहरूमा सहानुभूति प्रकट गर्दै गह्रुङ्गो भारी बिसाई दिनुहुन्छ कवि दुवाल भनी सापकोटाले उक्त पत्रिकामा लेखेका छन् ।

**साप्ताहिक जनसत्ता** (२०५६ असार १२ शनिवार) पत्रिकामा **साहित्य साहित्यकार** स्तम्भ अन्तर्गत **दुवालका मानवीय संवेदनाहरू** शीर्षक लेखमा राम सञ्जेलले बाघको स्वभाव मनमा राखेर मानिस, मानिस हुन खोज्दा परिवेश नै हाँस्न सक्ने स्थितिप्रति पनि कवि सचेत देखिन्छन् कवितामा भनी उल्लेख गरेका छन् । त्यस्तै कतै पानीले जीवन खोजेको कल्पना गर्छन् कवि कवितामा भने कतै बलमिचाइ स्वतन्त्रताको पर्याय होइन भनी सन्देश दिन्छन कवि । कविताहरूमा कवि कतै मानवताको खोजी गर्न हिँडेका छन् भने कतै उज्यालोको खोजी गर्न हिँडेका छन् । त्यतिमात्र होइन चेतनाहरूलाई सत्मार्गमा उठाउन /हिंडाउन पनि कम्मर कसेर लागेका छन् कवि भनी सञ्जेलले उक्त पत्रिकामा टिप्पणी गरेकाछन् ।

**घटना र विचार** साप्ताहिक (२०५६ भाद्र ९) पत्रिकामा **प्रवाह** स्तम्भ अन्तर्गत **सम्पादकको साहित्यिक उडान** शीर्षक लेखमा दीपकमणि दाजुभाइले ६ वटा बिभिन्न उपशीर्षकमा बिभक्त यस कविता सङ्ग्रहमा सङ्ग्रहित हरेक-हरेक कवितामा हाम्रै ढुकढुकी र हामीले भोग्दै गरेका समस्याका पेटाराहरू छन् भनी उल्लेख गरेका छन् । कवि दुवाल मानवीय संवेदनाको मात्र होइन सामाजिक अन्तरवेदनाको पनि कवि हो । ऊ कवितामा सुकुमारी फूलहरूको मात्रै प्रशंसा गर्दैन, कवितामा उसले दुःखेको माटो र रोएका नदीहरू पनि लेखेको छ भनी दाजुभाइले टिप्पणी गरेका छन् । कवि दुवाल देश, समाज र प्रत्येक मानिसप्रति आस्थावान् रही हामीभित्रका प्रत्येक समस्याहरू मानवीय संवेदनमा निहित रहन्छन् भनी ठोकुवा गर्छन् साथै यस काव्यकृतिमा कवि दुवाल मानिसभित्र हुने माया,

लोभ, मोह, घृणा, द्वेष, राग र ईर्ष्याहरूले कतैकतै घोचिएका पनि छन् भनी घटना र विचार पत्रिकामा दीपकमणि **दाजुभाइले** उल्लेख गरेका छन ।

चेतनाथ धमला **मानवतावाद र यथार्थ प्रगतिवादमा मानवीय संवेदनाहरू** (जन्मभूमि २०५६ असोज १) प्रस्तुत पत्रिकामा लेखक चेतनाथ धमलाले कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** कवितासङ्ग्रहमा हाम्रै परिवेश, सार्वजनिक जीवन, मानवीय चाहनाका दृष्टिकोणहरू सङ्गालेर परिवर्तित समयलाई लक्षितरुपमा उल्लेख गरिएको पाइन्छ भनी टिप्पणी गरेका छन् । अर्थपूर्ण चिन्तनद्वारा बाँधिएका उनका कविताहरूले सामाजिक लुछाचुँडी, नृशंश हत्या, आक्रोश, प्रजातन्त्रपछिको व्यथिति, बडेमानको उन्मत्त हाँसो, स्वेच्छाचारीपन आदि जस्ता कुराहरूप्रति कलात्मक प्रहार र सुन्दर सृजनात्मक अभिव्यक्ति दिएका छन्, साथै जीवनका हरेक कालखण्डसँग उत्पन्न समस्या र समाधानको अन्तर्क्रियात्मक आरोह –अवरोह हो **मानवीय संवेदनाहरू** भनी धमलाले लेखेका छन् । मानवीय संवेदनाहरू कविता सङ्ग्रहको मूलभाव अर्थात् केन्द्रीय भाव नै मानवतावादको चिन्तनमा आधारित भएकाले यस सङ्ग्रहले उनलाई दुईवटा विषयसँग सिधै स्थापित गराएको छ, त्यो हो मानवतावाद र यथार्थ प्रगतिवाद ।

ध्रुव मधिकर्मी **मानवीय संवेदनाहरू** (गोरखापत्र २०५६ असोज ८ )

प्रस्तुत पत्रिकामा लेखक मधिकर्मीले **मानवीय संवेदनाहरू** मा प्रकृतिको सौन्दर्यमयी रूप, स्वाभिमानको आग्रह, मान्छेको सन्दर्भमा स्वतन्त्रताको मूल्य र चाहना, उज्यालोको आशा, युद्ध, हिँसा र विकृतिले बिथोलिएको मन मस्तिष्कको पीडा तथा सृष्टिका सुन्दरताहरूको अनुभूति गरिएका कविताहरू छन् भनी लेखेका छन् । यसका अलवा मानवीय निर्यातलाई चुपचाप स्विकार्ने आग्रह, थिचोमिचो, दासता, अँध्यारो र पर्खालको विरोध तथा जीवनको सुन्दर पक्ष केलाउने प्रेम र हार्दिकताका अनुभूतिहरू पनि कवितामा आएका छन् । कवि दुवाल मान्छेका अनुभूति तथा भोगाइलाई पनि महफ्व दिएर कवितामा उतार्छन् । उनका कवितामा राजनीतिमा देखिएको विकृतिप्रति चिन्ता, दुष्ट दुराचारीहरूको सङ्ख्या बृद्धिप्रति आक्रोश तथा जीवन प्रतिको आस्थाबोध गरिएको पाइन्छ भनी लेखक मधिकर्मीले उक्त प्रत्रिकामा उल्लेख गरेका छन् ।

विमल भौकाजी **उच्च चेतनाको स्वर** (मधुपर्क मासिक २०५६ कार्तिक )

प्रस्तुत पत्रिकामा लेखक भौकाजीले कवि दुवाल सम्पूर्ण पुस्तकभरि उज्यालोको खोजीमा छन् । यही खोजको क्रममा उनी घामलाई कहीँ प्रकाशमा भोग्न पुग्छन्, कहीँ

विश्वासमा गम्न पुग्छन् भनी उल्लेख गरेका छन् । त्यसैगरी उनी घामलाई मुक्त देख्छन्, घाम सामन्तको खोरमा कैद हुन सक्दैन भन्छन् । वास्तवमा उज्यालो कहाँ छैन ? छोपिएको छ, लुकाइएको छ । कविले आफ्नो अन्तर्दृष्टिले उज्यालोलाई जहीँ –तहीँ देखेका छन् । यस पुस्तकको शीर्षकअनुरुप मान्छेको हाँसो –खुशी, दुःख–पीडा, सोचाइ –भोगाइ इत्यादि झल्काउने खालका मान्छेकै संवेदनाहरू यस कविता सङ्ग्रहमा भेटिन्छन् भनी लेखक भौकाजीले समीक्षा गरेका छन् ।

नेत्र एटम **कवितात्मक अनुभूतिमा मानवीय संवेदनाहरू** (गरिमा, २०५६ मङ्सिर )

प्रस्तुत पत्रिकामा लेखक नेत्र एटमले कवि दुवालका कविताहरूमा समाजका असङ्गतिहरूलाई चिर्दै जीवनयात्रामा घामको खोजी गर्ने प्रवल आकाङ्क्षा छ भनी उल्लेख गरेका छन् । जीवनलाई भिन्नभिन्न आयामबाट भोगे पनि कविताका सन्दर्भमा चाहिँ उनी कलात्मक अनुभूतिका उन्नायक र विम्बहरूलाई चलाउन सिपालु देखिन्छन् । मायालाई होस् वा अतितलाई, फूललाई होस् वा विचारलाई, सम्मानलाई होस् वा भविष्यका आकाङ्क्षालाई आफ्ना सरल भाषिक विम्बहरूमा उनेर प्रकट गर्न सक्ने क्षमताले गर्दा कवि दुवालका रचनाले सबै स्तरका पाठकको मन आकर्षित गर्दछन् । कवि दुवालको कविता सङ्ग्रह **मानवीय संवेदनाहरू** ले मानवतावादको सुगन्ध छर्दै अनुभूतिको प्रवाहलाई छहराझैँ बगाउने कुरामा कुनै शङ्का छैन भनी उक्त पत्रिकामा लेखकले टिप्पणी गरेका छन् ।

उल्लिखित पूर्वकार्य विवरण अनुसार विभिन्न विद्वान्, समालोचक, अन्वेषक आदिले कृति विशेष, रचना विशेष, प्रवृत्ति विशेष अनुसन्धान गरी विभिन्न पत्रपत्रिकामा मोहन दुवाललाई कविका रूपमा प्रस्तुत गरेका छन् । ती सामग्रीहरूको सामान्यीकरण गरी मोहन दुवालको कविता सङ्ग्रह **मानवीय संवेदनाहरू** माथि विशेष अध्ययन, विवेचनाको प्रयास यस शोधपत्रमा गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य

पूर्वकार्य समीक्षाको रेखाङ्कनबाट के कुराको पुष्टि भएको छ भने, प्रस्तावित समस्याको सार्थक समाधान भइसकेको छैन । कवि मोहन दुवालको काव्यकृति **मानवीय संवेदनाहरू** ले नेपाली साहित्यको क्षेत्रमा दिएको योगदानलाई एकीकृत रूपमा समेट्दै प्रस्ट गरिएको हुनाले यो शोध आफैँमा औचित्यपूर्ण सावित हुने स्पष्ट छ । प्रस्तुत शोधपत्रले नेपाली कविता साहित्यको अनुसन्धान परम्परालाई निरन्तरता दिने र अघि बढाउने छ, तसर्थ पनि यो शोधकार्य औचित्यपूर्ण छ ।

यो शोधकार्य कवि दुवालको **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित छ । नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि कविता विधामा विशेष छवि बनाएका कवि दुवाललाई चिनाउनु, उनको काव्यिक योगदानको मूल्याङ्कन गर्नु, उनको काव्यकारिता र कवितागत प्रवृत्ति केलाउनुले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विभिन्न विधाहरू निबन्ध, कविता, नियात्रा, समालोचना र सम्पादन क्षेत्रमा क्रियाशील रहेका मोहन दुवाल समसामयिक साहित्यिक युगका विशिष्ट प्रतिभा हुन् । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाए तापनि यो शोधकार्यको अध्ययन उनको **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको अध्ययन विश्लेषणमा सीमित रहेको छ । **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहमा सङ्कलित कविताहरूको विश्लेषण गरी समसामयिक कविता लेखनमा कवि मोहन दुवालको योगदानको मूल्याङ्कन गर्नमा यो शोधकार्य सीमित रहेको छ । **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहमा सङ्कलित कविताबाहेक अन्य कविता सङ्ग्रह र कविता इतरका विधाहरू तथा अन्य लेखरचनाहरू शोधकार्यको सीमा बाहिर परेका छन् ।

## १.९. शोध विधि

प्रस्तुत शोधकार्यलाई प्रभावकारी बनाई पूर्णता दिन निम्नअनुसार विधि उपयोग गरिएको छ ।

(क) पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरिएको छ ।

(ख) शोधकार्य सम्पन्न गर्न सङ्कलित सामग्रीलाई ऐतिहासिक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ । त्यस्तै कवि दुवालका शुभचिन्तक, आफन्तहरू र चिनजानका व्यक्तिहरूसँग सोधपुछ गरिएको छ । जीवनी एवम् व्यक्तित्वका लागि कवि मोहन दुवाललाई मूल स्रोतका रूपमा लिँदै अन्तर्वार्ता विधिबाट शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१०. शोधकार्यको रूपरेखा

**मोहन दुवालको मानवीय संवेदनाहरू कविता सङ्ग्रहको अध्ययन** शीर्षक प्रस्तुत शोधपत्रलाई निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छ :

(क) अध्याय एक : शोध परिचय

(ख) अध्याय दुई : कवि मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन

(ग) अध्याय तीन : कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक स्वरूपको अध्ययन

(घ) अध्याय चार : कवि मोहन दुवालको काव्यिक यात्राको अध्ययन

(ङ) अध्याय पाँच : **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको अध्ययन

(च) अध्याय छ : **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको मूल्याङ्कन

(छ) अध्याय सात : उपसंहार

# अध्याय दुई

# कवि मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन

## 2.1 परिचय

साहित्यका अनेक विधाहरूमध्ये कविता एउटा प्रमुख विधा हो । यसको क्षेत्र व्यापक र फराकिलो छ । कतिपय स्रष्टाहरूले कवितामार्फत साहित्यिक यात्रा थाल्ने भएकाले पनि यो विधा निकै समृद्धशाली बन्न पुगेको देखिन्छ । स्रष्टाहरूको स्वतन्त्र अभिव्यक्तिको प्रयास र प्रकाशनको चेष्टाले परिवर्तनको लहर ल्याउँछ । त्यसपछि साहित्यका हरेक विधामा नयाँ मोड-उपमोड देखिन थाल्छन् । पुराना मान्यता फेरिँदै जान्छन् र विभिन्न नयाँ विचार-धारा एवम् प्रवृत्तिहरूले ठाउँ लिन पुग्छन् । यसप्रकार गतिमान हुँदै अघि बढेको कविताको समसामयिक युगप्रवाहमा देखिएका अनैकौं स्रष्टाहरूमध्ये कवि मोहन दुवाल पनि एक हुन् ।

कवि दुवाल आधुनिक कविताका समसामयिक धारामा तीसभन्दा अगाडिको दशकदेखि प्रवेश गरी हालसम्म सक्रिय रहेका चर्चित र प्रतिनिधि कवि हुन् । सुन्दर बिम्बविधान, नवीन प्रतीकयोजना जस्ता वैयक्तिक शिल्पका कारण उनी विशिष्ट पहिचान बनाउन सफल छन् ।

आधुनिक नेपाली कविताको प्रवर्धनमा उनको उपस्थिति उल्लेखनीय रहेको छ । उनी मूलतः गद्य कविताका स्रष्टा हुन् तापनि उनले निबन्ध, मुक्तक, लेख सङ्ग्रह, समालोचना, सम्पादकीय आदि पनि सृजना गरेका छन् । प्रगतिवादी विचारधारामा प्रतिबद्ध र समर्पित भएर काव्य रचना गर्नु उनको कविताको वैचारिक पक्ष हो ।

कुनै पनि स्रष्टाको सृजनशीलता, योगदान र कृतित्वको सूक्ष्म र सघन ढङ्गबाट अनुशीलन गर्न जीवनवृक्षका हाँगाहाँगा पहिल्याउनु वाञ्छनीय हुन आउँछ । स्रष्टाका वैयक्तिक जीवनका घटना प्रवाहहरूको सन्दर्भबाट स्रष्टाव्यक्तित्व पृथक् रहन सक्दैन । तसर्थ यहाँ कवि मोहन दुवालको जीवनसँग सम्बद्ध पक्षहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

## 2.2 जन्म र जन्मस्थान

नेपालको राजधानी सहर काठमाडौँदेखि २५ कि.मी. पूर्व बागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित बनेपा ऐतिहासिक र व्यापारिक सहर हो । प्रकृतिको रमणीय सौन्दर्य पाइने बनेपाको भोलाखाटोलमा साहित्यकार मोहन दुवालको जन्म माता खिलकुमारी दुवाल र पिता गणेशबहादुर दुवालका एघार सन्तानमध्ये दसौँ सन्तानका रूपमा वि.सं. २००६ साल जेठ २१ गते भएको थियो ।[1]

## 2.3 पारिवारिक पृष्ठभूमि र बाल्यकाल

सामान्य आर्थिक अवस्था भएको व्यापारिक परिवारमा जन्म लिएका मोहन दुवालको बाल्यकाल सामान्य रहेको देखिन्छ । आम बालबालिकाले पाउने जस्तै पारिवारिक आभिभावकत्व उनले पनि पाएका थिए । मातापिताको माया, ममता एवम् रेखदेखमा रहेर सुखमय वातावरणमा उनको बाल्यकाल व्यतीत भएको देखिन्छ । परिवारमा मातापिताका अतिरिक्त उनले दाइदिदीबाट पनि उत्तिकै स्नेह पाएका थिए । ठूलो परिवारमा जन्मेका र सन्तान हुर्काउनमा अनुभव प्राप्त गरिसकेका मातापिताको विशेष हेरचाहमा हुर्कने अवसर उनले प्राप्त गरेको देखिन्छ ।

बनेपा पुरानो व्यापारिक सहर हो । व्यापारिक पेसामा संलग्न आफ्ना पिताको आर्थिक अवस्था प्रारम्भमा उन्नत किसिमको भए पनि परिवारमा एकपछि अर्को सदस्य संख्यामा भएको निरन्तर वृद्धिले आर्थिक अवस्था क्रमशः कमजोर बन्दै गयो तर पनि जसोतसो आर्थिक अवस्थालाई नियन्त्रणभन्दा बाहिर जानबाट रोकेको कुरा उनी बताउँछन् ।[2]

तत्कालीन अवस्थामा शिक्षाको त्यति प्रचारप्रसार र विकास भएको थिएन । त्यस्तो अवस्थामा पनि स्वाध्ययनबाट उनका पिताले नेपाली र अंग्रेजी भाषामा समेत लेखपढ गर्न सक्थे तर औपचारिक शिक्षा भने लिएका थिएनन् । पिता गणेशबहादुर र दाजु कृष्णप्रसाद

---

[1] हरि मञ्जुश्री, **शब्दचित्रमा मोहन दुवाल**, (बनेपा, जनमत प्रकाशन-२०६२), पृ १ ।
[2] शोध नायकबाट प्राप्त जानकारी ।

दुवालको साहित्यप्रतिको अभिरुचिका कारण उनमा बाल्यकालदेखि नै साहित्य साधनामा लागेर समाजप्रति केही गर्नुपर्छ भन्ने सोच जागृत भएको देखिन्छ ।

कवि दुवाल बाल्यकालदेखि नै विभिन्न प्रकारका खेलकुद, साहित्य र समाजसेवाप्रति विशेष रुचि राख्थे । बाल्यकालदेखिका आफ्ना रुचिहरूलाई निरन्तरता दिँदै युवा अवस्थामा आइपुग्दा राजनीतिमा समेत आफूलाई सचेतनापूर्वक सक्रिय सहभागिता जनाउन पुग्छन् ।

जन्मनु र मर्नु प्रकृतिको नियम हो । हरेक व्यक्तिले जन्मेपछि एकपटक मर्नु पर्छ । अकस्मात् मोहन दुवालले पनि मातापिताको वियोगको वेदना सहनुपर्‍यो । मातापितासँगको यो बिछोडलाई जीवनको सबैभन्दा दुःखद क्षण भनेर स्मरण गर्दछन् कवि दुवाल ।

## 2.4 शिक्षा

मोहन दुवालले ५ वर्षको उमेरमा लेखपढ सुरु गरेका थिए । आफ्ना माहिला दाजु हरिप्रसाद दुवालले उनलाई अक्षरारम्भ गराएका थिए । घरैमा कखरा सिकेपछि वि.सं. २०१३ सालमा उनले करिब सात वर्षको उमेरमा बनेपाको आजाद माध्यमिक विद्यालयबाट स्कुले जीवन आरम्भ गरेका हुन् । वि.सं. २०२३ सालमा सोही विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरे । कक्षा ९ मा अध्ययन गर्दा कविता प्रतियोगितामा तेस्रो स्थान प्राप्त गरेबापत रू. ३००।- नगद पुरस्कार प्राप्त गरेको कुरा उनी बताउँछन् । त्यस पुरस्कारबाट प्राप्त रकम र एकजना साथीको आर्थिक सहयोगबाट यिनले वि.सं. २०२३ सालमा नेपाल भाषाको **चुलिजा : गु स्वाँ** नामक कविता सङ्ग्रह प्रकाशित गरेका थिए । यस क्षणलाई जीवनको अविस्मरणीय सुखद क्षण मान्दछन् ।

वि.सं. २०२३ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका दुवालले विभिन्न कारणले गर्दा उच्च शिक्षा अध्ययनका निम्ति भर्ना हुन पाएनन् । दृढ इच्छाशक्ति छ भने मान्छे लक्ष्यमा पुगेर छाड्छ भन्ने सोच बोकेर जीवनमा सफलताका सिँढी चढ्न जानेका दुवालमा उच्च शिक्षाको तीव्र चाहना जागृत हुँदै गयो । प्रवेशिका परीक्षा उत्तीर्ण गरेको दशवर्ष पछि वि.सं. २०३२ सालमा प्रमाणपत्र तह (आई.ए.) र वि.सं. २०३५ सालमा **विस्तार क्याम्पस** काठमाडौँबाट (बी.एड) शिक्षाशास्त्रमा उनले स्नातक तह उत्तीर्ण गरेका थिए । त्यसपछि

स्नातकोत्तर तह (एम.एड.) मा अध्ययन गर्दा घरायसी जटिलताले त्यस तहको पढाइ पूरा नगर्दै विद्यार्थी जीवनबाटै विदा लिन पुग्छन् ।

## 2.5 वैवाहिक जीवन

कवि मोहन दुवालले सामाजिक परम्पराअनुसार वि.सं. २०३४ साल असार ८ गते ठैबका(ललितपुर) दिल बहादुर श्रेष्ठकी छोरी भारती श्रेष्ठसँग विवाह गरे । हाल दुई छोरी र एक छोराका पिता मोहन दुवाल सुमधुर दाम्पत्य जीवन भोग्दै जीवनको उकाली चढिरहेका छन् ।

कवि दुवालकी धर्मपत्नी भारती श्रेष्ठ पेसाले शिक्षक हुनुहुन्छ । उहाँको कुशल नेतृत्वमा दुवालको पारिवारिक वातावरण दुवालका लागि अनुकूल र उर्वर बन्दै गएको छ । दुवालका हरेक असल कर्ममा भारतीका उत्सर्गहरूले योगदान पुऱ्याउँदै आएका छन् । उनको उचित रेखदेख, हौसला, प्रेरणाले परिवारमात्र होइन घरमा पुग्ने अतिथिहरूसमेत प्रभावित हुने गर्दछन् । साहित्य सृजना तथा सामाजिक कृयाकलापमा संलग्न हुन कुनै पनि पारिवारिक हस्तक्षेप र व्यवधान भोग्नु नपरेकाले मोहन दुवाल सन्तुष्ट देखिन्छन् ।[3]

## 2.6 पेसा

मोहन दुवाल कर्ममा विश्वास गर्दछन् । त्यसैले उनी सानै उमेरदेखि काममा सक्रिय देखिन्छन् । विभिन्न स्थानका विद्यालय, महाविद्यालयमा शिक्षण गर्दै आएका दुवालले गोरखा क्याम्पस र काभ्रे क्याम्पसमा प्राध्यापन गरी जीविका चलाउँदै आएका थिए । हाल शिक्षण पेसाबाट आवकाश प्राप्त गरी साहित्य सृजना साहित्यिक मासिक **जनमत** प्रकाशन गर्दै आइरहेका छन् । उनको जीवन गुजारा गर्ने आधार लेखन र पत्रकारिताबाट प्राप्त पारिश्रमिक नै हो । दुवाल आफ्नो पेसाबाट प्राप्त आम्दानीका अतिरिक्त आफ्नी जीवन सङ्गिनी भारतीको शिक्षण पेसाबाट प्राप्त हुने आम्दानीबाट सामान्य पारिवारिक जीवन चलिरहेको बताउँछन् ।[4]

---

[3] सानु श्रेष्ठ, **मोहन दुवालको निबन्धकारितामा युगबोध**, (त्रि.वि. अप्रकाशित शोध पत्र-२०६२), पृ ७ ।

[4] पूर्ववत, पृ ७

## 2.7 रुचि र स्वभाव

मानिस स्वभावले नै सामाजिक प्राणी भएकाले समाजकै परिधिभित्र उसमा अनेक विचारहरूको निर्माण हुन्छ । साथै उसका रुचि र आवश्यकताहरू पनि निर्माण हुँदै जान्छन् । कवि मोहन दुवालको रुचिको सन्दर्भमा भन्ने हो भने उनी सधैँ सिर्जनात्मक कार्य गर्न रुचाउँछन् । नयाँ-नयाँ क्रियाकलाप गर्दै समाजमा उल्लेखनीय सेवा पुऱ्याउने चाहना राख्नु उनको रुचिको क्षेत्र बनेको छ । मोहन दुवाल आफ्नो अन्तरमनले निर्माण गरेका विषयलाई छिटोभन्दा छिटो व्यवहारमा ल्याउने कुरामा जोड दिन्छन् ।

साहित्यकार दुवाल स्वदेशी र विदेशी लेखकहरूद्वारा सिर्जना गरिएका कृतिहरू अध्ययन गर्न रुचाउँछन् भने अन्य सामाजिक क्रियाकलापमा सहभागी हुन पनि रुचाउँछन् । एकान्त समय पाउँदा उनी साहित्य सिर्जना गर्न रुचाउँछन् तर साहित्य सिर्जना गरिसकेपछि परिष्कार र परिमार्जन गर्ने बानी नहुनु उनी आफ्नो कमजोरी ठान्छन् ।

बढी बोल्ने स्वभाव भएका दुवाल सामाजिक भावनाले भरिएका छन् र साहित्य सिर्जनामा लागेका र लाग्न खोज्ने व्यक्तिहरूको सङ्गत र सामीप्य रुचाउँछन् । उनी आफ्ना परिवारका सदस्यहरूलाई पनि समाजसेवी बन्न तथा सादा जीवन अङ्गाल्न सल्लाह दिनुका साथै साहित्य सिर्जनामा लाग्न प्रेरित गर्दछन् ।[5]

## 2.8 सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

प्रत्येक मानिसको प्रेरणाको स्रोत सर्वप्रथम उसको परिवार हो । त्यसैगरी मोहन दुवालको साहित्य सिर्जनामा उनको घर परिवारले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उनलाई साहित्य सिर्जनामा उनका पिता गणेशबहादुर दुवाल लगायत उनका दाजुहरू हरिप्रसाद दुवाल, कृष्णप्रसाद दुवाल र देवेन्द्र दुवालले प्रेरणा दिएको पाइन्छ । दाम्पत्य जीवनमा बाँधिएपछि श्रीमती र छोरी सिर्जना दुवालबाट पनि उनलाई साहित्य सिर्जना,लेखन तथा प्रकाशनमा सहयोग पुगेको देखिन्छ ।

मोहन दुवालका पिता सामाजिक एवम् राजनीतिक सोच भएका व्यक्ति हुनाले उनको सङ्गत समाजसेवी तुलसीमेहर श्रेष्ठसँग थियो । उनको घरमा सिद्धिचरण, दुर्गालाल श्रेष्ठको अवत्जावत् भइरहने हुनाले त्यसको प्रभाव दुवालमा पनि परेको पाइन्छ । यसरी हेर्दा

[5] गोपीकृष्ण श्रेष्ठ, **निबन्धकार मोहन दुवाल र उनको निबन्धकारिता**, (लभराज २०६२) पृ ७ ।

दुवालमा आन्तरिक प्रेरणाको स्रोतका रूपमा पिता एवम् दाजु तथा बाह्य स्रोतका रूपमा सिद्धिचरण, दुर्गालाल र पारिजातबाट प्रेरणा मिलेको कुरा थाहा पाउन सकिन्छ ।

मोहन दुवाल स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, पारिजात, भूपी शेरचन, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ आदिलाई विशेष मन पराउँछन् । उनी विदेशी स्रष्टाहरूमा म्याक्सिम गोर्की, लुस्युन, रवीन्द्रनाथ ठाकुर, प्रेमचन्द, टाल्सटायलाई मन पराउँछन् ।

यसरी मोहन दुवालले घरपरिवारका सदस्य तथा स्वदेशी र विदेशी साहित्यकारहरूको पत्यक्ष, अप्रत्यक्ष प्रेरणा प्राप्त गरी आफूलाई निरन्तर साहित्य सिर्जनामा उत्प्रेरित गर्दै अघि बढेको पाइन्छ ।

## 2.9 भाषा, भ्रमण र सम्मान

मोहन दुवालको आफ्नो मातृभाषा नेपाल भाषा हो । उनले प्रथम कृतिका रूपमा प्रकाशित गरेको कविता सङ्ग्रह **चुलिजाः गु स्वाँ** नेपाल भाषामै प्रकाशित भएको थियो । यसका अतिरिक्त **जः=जीवन, जीवन=जः** कविता सङ्ग्रह तथा अन्य लेख, निबन्ध र फुटकर कविता समेत नेपाल भाषामा लेख्दै आएका छन् ।

खास उद्देश्य राखेर अध्ययन अनुसन्धान र अवलोकनका निम्ति स्वदेश तथा विदेशका कुनै पनि ठाउँको घुमफिर गर्नु भ्रमण हो । कवि मोहन दुवालले स्वदेशभित्रै बिभिन्न जिल्लाको भ्रमण गरेका छन् भने विदेशमा चीन, भारत र कोरियाको समेत भ्रमण गरेका छन् ।

नेपाली साहित्यको समसामयिक धारामा लामो समयदेखि साधनारत मोहन दुवालको साहित्यिक व्यक्तित्व विभिन्न पुरस्कार तथा सम्मानद्वारा सम्मानित भएको पाइन्छ । दानामाया प्रतिभा पुरस्कार(२०५२), व्यथित पुरस्कार(२०५२), प्रेस काउन्सिल पुरस्कार (२०५३), जिल्ला विकास समिति काभ्रेबाट साहित्यिक पुरस्कार(२०५३),ने.रा.प्र.प्र. बाट उत्कृष्ट सम्पादनका लागि नगद पुरस्कार(२०५३), साहित्य सन्ध्या पुरस्कार(२०५५), कृष्णकुमारी गुरूङ्ग पुरस्कार(चितवन) (२०५६), टोखा साहित्य परिषदद्वारा अभिनन्दन(२०५६),

प्रतिभा सम्मान प्रबन्ध गुठी बनेपाबाट बनेपा गौरब सम्मान पुरस्कार(२०६१) बाट दुवाललाई सम्मानित गरिएको छ ।

यतिमात्र होइन दुवाललाई अन्य विभिन्न स्थानहरूबाट पनि सम्मान तथा अभिनन्दन गरिएको छ । यसरी प्रदान गरिएका केही सम्मान र अभिनन्दनहरू यस प्रकार रहेका छन् :

- गण्डकी साहित्य सङ्गमबाट आदर-पत्र(२०५१)
- स्रष्टा सम्मान समारोह समितिद्वारा अभिनन्दन(२०५३)
- राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपालबाट प्रशंसा-पत्र (२०५३)
- काभ्रे टाइम्स साप्ताहिकबाट प्रशंसा-पत्र (२०५५)
- ने.रा.शि.सं. काभ्रे जिल्ला समितिबाट अभिनन्दन (२०५६)
- नेपाल पब्लिक क्याम्पस सङ्घद्वारा प्रशंसा-पत्र (२०५७)
- राजदास वादे श्रेष्ठ स्मृति प्रतिष्ठान, बनेपाबाट अभिनन्दन(२०५७)
- ने.रा.प्र.प्र. बाट प्रमाण-पत्र (२०५८)
- कुमारी प्रकाशन काठमाडौँबाट अभिनन्दन (२०५८)
- सरस्वति सङ्गीत पाठशाला, बनेपाबाट सम्मान(२०५९)
- सन्ध्या सङ्गम साहित्यिक समूह, धुलिखेलबाट उपहार तथा सम्मान(२०५९)
- सनातन कन्यापूजा प्रबन्ध समितिबाट कदर-पत्र(२०५९)
- सयपत्री युवा क्लब, जनागाल, काभ्रेबाट प्रशंसा पत्र(२०५९)
- काभ्रे बहुमुखी क्याम्पस, बनेपा, बुडोलबाट प्रशंसा-पत्र (२०५९)
- नेपाल बुद्धिजीवी परिषद केन्द्रीय कार्यसमितिद्वारा प्रशंसा पत्र (२०६०)
- बनेपा कला परिषदबाट कदर-पत्र(२०६०)
- जूनकीरी साहित्यिक अभियान, काभ्रेबाट सम्मान(२०६०)
- आजाद मा.वि. स्वर्णमहोत्सब मूल समारोह समितिबाट प्रशंसा-पत्र (२०६०) जस्ता अनेकौं पुरस्कार,सम्मान र अभिनन्दनबाट दुवाललाई सम्मानित गरिएको पाइन्छ । यस्ता अनेकौं पुरस्कार तथा सम्मानले साहित्य सिर्जनामा अझै क्रियाशील रहन दुवाललाई प्रेरणा मिलेको पाइन्छ ।[6]

---

[6] विष्णु प्रसाद पौडेल, **मोहन दुवालका पाइलैपाइला**, (काभ्रे-जुनकीरी साहित्यिक अभियान, २०६७), पृ ६, ७ ।

### 2.10 व्यक्तित्वका आयामहरू

#### 2.10.1 बाह्य व्यक्तित्व(शारीरिक व्यक्तित्व)

मोहन दुवाल छरितो र फुर्तिलो जीउडाल भएका आकर्षक व्यक्तित्व देखिन्छन् । त्यसमाथि पनि गहुँगोरो वर्ण, केही होचो र सुहाउँदो मोटो शरीर, हसिलो मुहार भएका दुवाल बोलक्कड स्वभावका छन् । सधैं कर्ममा विश्वास गर्ने र कर्ममा लागिरहने दुवाल कडा परिश्रम र सङ्घर्ष गर्दै जीवन चलाउँदै आएका छन् । उनी मृदुभाषी र सहयोगी पनि छन् । सादा जीवन र उच्च विचारलाई आदर्श मानेर जीवन भोग्दै आएका दुवाल शान्त स्वभावका छन् । सर्ट-पाइन्ट जस्तो सामान्य पहिरनमा प्रायः देखा परे पनि कोट-पाइन्टमा उनी उत्तिकै रुचि राख्दछन् । हाल स्वस्थ्य, सबल र कर्मठ व्यक्तित्व बोकेर उनी सिर्जनामा रमाइरहेका छन् ।

#### 2.10.2 आन्तरिक व्यक्तित्व

##### 2.10.2.1 समाजसेवी व्यक्तित्व

मानिस समाजविना बाँच्न सक्तैन । सर्वश्रेष्ठ सामाजिक प्राणी भएका नाताले पनि मान्छेको व्यक्तित्व निर्माण गर्ने आधारभूमि समाज नै हो । सधैं मानवकल्याणकै लागि समर्पित, समाजकै लागि क्रियाशील मोहन दुवाल कहिले साहित्यिक संघसंस्थामा रहेर, कहिले शैक्षिक संघसंस्थामा रहेर, कहिले साहित्यिक पत्रिकाको प्रधान सम्पादक भएर अविरल खटिरहेका छन् । दुवाल सधैंभरि सामाजिक जमघटमा रमाउन चाहन्छन् । उनी सामाजिक कार्यमा लाग्दा खुशी हुन्छन् । मोहन दुवाल पाँच दर्जनभन्दा बढी सामाजिक सङ्घ-संस्थाहरूसँग आबद्ध रहेका देखिन्छन् । उनले सेवा पुऱ्याइसकेका तथा हाल सेवारत केही सङ्घ संस्थाहरू निम्नानुसार छन् :-

- बनेपा सह-शिक्षालयका सदस्य,(२०२६)
- प्रगतिशील लेखक कलाकार सङ्घका सदस्य,(२०२६-२०४०)
- जनमत साहित्यिक प्रकाशनका अध्यक्ष,(२०३९)
- चैतन्य मा.वि.सञ्चालक समितिका सदस्य,(२०४३)
- आजाद मा.वि. सञ्चालक समितिका सदस्य,(२०४५)

- जि.वि.स. काभ्रेबाट गठित बेरूजु  छानबिन समितिका सदस्य(२०५०)
- चीन अध्ययन केन्द्र मध्यपूर्वी शाखाका संस्थापक अध्यक्ष, (२०५३)
- नेपाल सहकारी शिक्षण अस्पताल सञ्चालक समितिका उपाध्यक्ष, (२०५६)
- रामभक्त कोख श्रेष्ठ स्मृति प्रतिष्ठानका आजीवन सदस्य, (२०५८)
- नेपाल बाल साहित्य समाजको आजीवन सदस्य, (२०६६)
- व्यथित-सिन्धु प्रतिभा कोषका संस्थापक सचिव
- जीवन स्मृति प्रतिष्ठान दमकका आजीवन सदस्य
- नेपाल ह्रदयरोग प्रतिष्ठान, काभ्रे शाखाको आजीवन सदस्य
- गोकुल साहित्य पुरस्कार, गण्डकी पुरस्कार पोखराका संस्थापक

यसरी उल्लिखित विभिन्न संघसंस्थाहरूसँग आबद्ध रहेर नेपाली सामाजिक जीवनको समुत्थानका निम्ति मोहन दुवालले पुऱ्याएको योगदान अविस्मरणीय भएकाले उनको सामाजिक व्यक्तित्व चम्किलो देखिन्छ ।

### 2.10.2.2 राजनीतिक व्यक्तित्व

साहित्य सिर्जना, समाजसेवाको क्षेत्रमा सक्रियतापूर्वक लागिपरेका मोहन दुवाल राजनीतिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील रहेका देखिन्छन् । उनले २०/२२ वर्षको उमेरदेखि नै कम्युनिस्ट विचार र सिद्धान्तप्रति झुकाव राखेका थिए । वि.सं. २०२७ सालमा **बिगुल** को पहिलो र दोस्रो अङ्क प्रकाशित भई वि.सं. २०२९ सालमा तेस्रो अङ्क प्रकाशन हुने तरखरमा रहँदा प्रेसबाटै तत्कालीन सरकारले जफत गरेको थियो । त्यसको लगत्तै एक वर्षपछि **राँको परिवार** गठन गरी त्यसको नेतृत्व गर्दै दुवाल पुनः क्रान्तिको बाटोमा अगाडि बढे ।

वि.सं. २०३० सालमा चीनबाट हातहतियार सहितका कम्युनिस्टहरू नेपालमा प्रवेश गरेका र त्यसको नेतृत्व मोहन दुवालले गरेको भन्ने गलत खबर जिल्ला प्रशासन कार्यालय धुलिखेलले प्राप्त गरेपछि साथीहरूको सल्लाहअनुसार दुवाल एक वर्षसम्म भूमिगत जीवन बिताउन बाध्य भएको देखिन्छ ।[7]

[7] पूर्ववत्, पृ २९ ।

त्यसपछि सिन्धुपाल्चोकका अमृत बोहरा लगायत पाँचजना र काभ्रेका मोहन दुवाल लगायतका पाँच जना गरी दसजना कम्युनिस्टहरूको समूह बनाई काभ्रे-सिन्धु कम्युनिस्ट पार्टी नामक नयाँ दल खोलिए तापनि त्यसलाई राष्ट्रिय रूप दिन र जीवित राख्न कठिन हुने निष्कर्ष दुवाल र बोहराले निकालेपछि अमृत बोहरा ने.क.पा. माले समर्थनमा देखिए भने दुवाल ने.क.पा. चौ.म. समर्थनमा देखिए र सोही पार्टीमा उनीहरू आबद्ध भए । त्यसपछि दुवाल ने.क.पा. चौ.म.का काभ्रे जिल्ला सेक्रेटरी समेत भएको जानकारी प्राप्त हुन्छ ।

यसरी लामो समयदेखि राजनीतिक मोहका कारण नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात भएको स्थानीय निकायको निर्वाचनमा दुवालले **संयुक्त जनमोर्चा** का तर्फबाट बनेपा नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका थिए । उक्त निर्वाचनमा प्रतिस्पर्धाको नजिकै पुगी पराजय भोग्नु परेपछि दुवालले राजनीतिमा सक्रियता देखाएनन् । हाल उनी स्वतन्त्र वामपन्थीका रूपमा चिनिन्छन् ।

#### 2.10.2.3 शैक्षिक व्यक्तित्व (शिक्षक/प्राध्यापक व्यक्तित्व)

मोहन दुवाल वि.सं. २०२५ सालदेखि २०४९ सालसम्म चौबीस वर्ष विभिन्न स्कुल तथा क्याम्पसहरूमा शिक्षण कार्यमा संलग्न रहेको पाइन्छ । उनले सेवा पुऱ्याएका विद्यालय तथा क्याम्पसहरू निम्नानुसार छन् :

- श्री सरस्वति प्रा.वि. बनेपा (२०२५)
- बनेपा सहशिक्षालय प्रा.वि.(प्रधानाध्यापक) - २०२६
- श्री दुग्धेश्वर प्रा.वि. पाँचखाल (२०२९)
- श्री पुण्य मा.वि. पनौतीमा (२०२९) नियुक्ति, श्री जागृती प्रा.वि. भैसेपाटीमा काजमा कार्यरत
- पूर्णसञ्जीवनी नि.मा.वि., धुलिखेल (२०३०)
- श्री सहिद स्मारक आवासीय अङ्ग्रेजी स्कुल, नक्साल (२०३१)
- श्री भानुभक्त मेमोरियल ई.बो.स्कुल, पानीपोखरी, काठमाडौँ (२०३१-२०३२)
- श्री गणेश नि.मा.वि. चपली,काठमाडौँ (२०३२-२०३४)
- श्री प्रभात नि.मा.वि. थानकोट, काठमाडौँ (२०३४-२०३५)
- गोरखा क्याम्पस, गोरखा (२०३५-२०३६)

- ➢ श्री शुभ चामुण्डा नि.मा.वि. टुसाल, नाला (२०३६)
- ➢ श्री महेन्द्र मा.वि. साँगा, काभ्रे (प्रधानाध्यापक)(२०३६-२०४९)

त्यसैगरी मोहन दुवालको सबैभन्दा बढी संलग्नता काभ्रे बहुमुखी क्याम्पस, बनेपा, बुडोलसँग रहेको देखिन्छ । उनी वि.सं. २०३७ माघ १७ मा नेवारी विषयको सहायक प्रशिक्षक पनि भएका थिए । यसरी विभिन्न स्थानका विभिन्न विद्यालय र क्याम्पसमा संलग्न भई शैक्षिक व्यक्तित्वको रूपमा आफूलाई उभ्याउन कवि दुवाल सफल भएका थिए ।

### 2.10.2.4 साहित्यिक व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाइरहेका दुवाल नेपाली साहित्य फाँटका सशक्त प्रतिभाका रूपमा स्थापित छन् । उनका साहित्यिक व्यक्तित्वलाई पनि कवि व्यक्तित्व, मुक्तककार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, समालोचक व्यक्तित्व र सम्पादकीय व्यक्तित्वको रूपमा चर्चा गरिएको छ ।

**-कवि व्यक्तित्व**

वि.सं. २०२० सालमा **मेरो सपना** शीर्षकको कविता **नयाँ संसार** पत्रिकामा छपाएपछि दुवाल कविताका क्षेत्रमा देखापरेका हुन् । थुप्रै कविता सङ्ग्रहहरू र थुप्रै फुटकर कविताहरू नेपाली कविताभण्डारलाई सुम्पिसकेका दुवालका हालसम्म प्रकाशित कविता सङ्ग्रहहरू निम्नानुसार रहेका छन्:

**a.** चुलिजा : गु स्वाँ (२०२३)
**b.** सचेतका धुनहरू (२०४७)
**c.** मानवीय संवेदनाहरू (२०५५)
**d.** जः= जीवन, जीवन=जः (२०५९)
**e.** भारतीका उत्सर्गहरू (२०६२)
**f.** क्रान्त: कविताका अक्षरहरू (२०६२)

उनको **मोहन दुवालका समसामयिक कविताहरू** नामक कविता सङ्ग्रह भने प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

**- निबन्धकार व्यक्तित्व**

आधुनिक नेपाली निबन्धमा हृदयचन्द्रसिंह प्रधानले आरम्भ गरेका सामाजिक यथार्थवादी प्रगतिवादी धारालाई अगाडि बढाउने निबन्धकारहरूमध्ये मोहन दुवाल पनि एक हुन् । २030 सालदेखि नै निबन्ध लेखन प्रारम्भ गरेका दुवालको वि.सं. २०३१ सालमा मात्र **राजनीतिको अभावमा के साहित्यको सिर्जना सम्भव छ** ? शीर्षकको निबन्ध **वेदना** पत्रिकामार्फत् प्रकाशित भएको थियो । कृतिका रूपमा भने दुवालको वि.सं. २०४८ सालमा प्रकाशित **गर्भका रहस्यहरू** निबन्ध सङ्ग्रह नै प्रथम निबन्धात्मक कृति हो । दुवालले लगभग आधा दर्जन निबन्धात्मक कृतिहरू प्रकाशित गरेका छन् । जीवनी र लेख सङ्ग्रह पनि निबन्धात्मक कृतिहरू भएका हुनाले ती कृतिहरूलाई पनि निबन्ध सङ्ग्रहको सूचिमा समावेश गरिएको छ । दुवालका हालसम्म प्रकाशित निबन्धात्मक कृतिहरू यस प्रकार रहेका छन् :-

**a.** गर्भका रहस्यहरू (२०४८)

**b.** गरिमामय व्यक्तित्व केदारनाथ प्रधान (२०५१) (जीवनीपरक निबन्ध)

**c.** क्रमशः सन्दर्भहरू (२०५२)

**d.** साहित्यिक चिन्तनहरू (२०५२)

**e.** प्रतिबिम्बित बिम्बहरू (२०५६)

माथि उल्लेखित निबन्धात्मक कृतिहरूका अतिरिक्त **आदि इत्यादि प्रसङ्गहरू** र **परिचयका हरफहरू** दुवालका प्रकाशोन्मुख अवस्थामा रहेका निबन्धात्मक कृतिहरू हुन् ।

**- मुक्तककार व्यक्तित्व**

मुक्तक कविताको लघुरूप हो । यति हुँदा हुँदै पनि कविता र मुक्तक छुट्टाछुट्टै पहिचान र अस्तित्व बोकेका विधाहरू भएका हुनाले यी दुबै विधालाई छुट्टाछुट्टै चर्चा गरिएको छ । भाषाको न्युनतम व्यय गरी अधिकतम भावको सुन्दरतम अभिव्यक्ति मुक्तकमार्फत् हुनसक्ने हुनाले यो छोटो छरितो र बान्की परेको हुन्छ । मोहन दुवालले वि.सं. २०२० सालदेखि कविता लेख्न थालेको भए तापनि वि.सं. २०४५ साल देखि मात्र मुक्तक लेख्न थालेका हुन् । उनका हालसम्म प्रकाशित तीनवटा मुक्तक सङ्ग्रहहरू यसप्रकार छन् :

**a.** सिर्जनाका फूलहरू (२०४६)

**b.** संरचनाका मूलहरू (२०५२)

**c.** संभावनाका मनहरू (२०५९)

**- समालोचक व्यक्तित्व**

कविता र निबन्ध लेखनका साथै सम्पादन र प्रकाशनमा व्यस्त रहँदा पनि मोहन दुवालले समालोचनाको क्षेत्रमा पनि कलम चलाएका छन् । दुवालको तार्किक विश्लेषण गर्ने शैलीले सामान्य लेखलाई पनि समालोचनात्मक लेख सरह गहन र मार्मिक बनाइदिएको कुरा गर्भका रहस्यहरू, साहित्यिक चिन्तनहरू, क्रमशः सन्दर्भहरू, केदारनाथ प्रधान, प्रतिबिम्बित बिम्बहरू आदि कृतिहरू पढ्दा प्रस्ट हुन्छ । तैपनि उनको समालोचनात्मक कृतिका रूपमा प्रकाशित पुस्तक भने **आलोचना र परिचय** (२०४४) हो । तार्किकताको प्रयोग र सरल अभिव्यक्ति दुवालका समालोचनात्मक प्रवृत्तिहरू हुन् । त्यसैले दुवालका लेख, जीवनी र निबन्ध पनि समालोचना जस्तै देखिन्छन् । यसरी दुवालको समालोचना व्यक्तित्व पनि अन्य व्यक्तित्व सरह चम्किलो देखिन्छ ।[8]

**- सम्पादक व्यक्तित्व**

विगत चार दशकदेखि सम्पादन कार्यमा दुवाल सक्रिय र सशक्त देखिन्छन् । दुवालका अनेकौं व्यक्तित्वहरूमध्ये सबैभन्दा शक्तिशाली देखिने व्यक्तित्व सम्पादक नै हो । मोहन दुवालले सम्पादन गरेका प्रमुख पत्रपत्रिकाहरू यस प्रकार छन् :

**a.** बिगुल (२०२७-२०२९)

**b.** उत्साह (२०४२-२०४३)

**c.** भञ्ज्याङ्ग (२०४५-२०४८)

**d.** अठोट (२०४४)

**e.** सङ्गम (२०४८)

**f.** भुजङ्ग (२०५१)

**g.** जनमत (२०३९ देखि हालसम्म)

यसरी कवि दुवालका उल्लिखित सहित्यिक व्यक्तित्वका सबै पक्षको विश्लेषण गर्दा उनमा मूलरूपमा निम्नानुसार विशेषता र प्रवृत्तिहरू पाइन्छन् :

---

[8] पूर्ववत्, पृ ३०, ३१ ।

क) समसामयिक विषय छनौट गर्नु,

ख) प्रगतिशील विश्वदृष्टिकोण अँगाल्नु,

ग) समाज र जीवनबाट यथार्थपरक विम्ब प्रतीक छनौट गरी कथ्यको अभिव्यक्ति दिनु आदि ।

### 2.10.2.5 निष्कर्ष

उल्लिखित क्षेत्रहरूसँग सम्बद्ध रहेर दुवालले आफ्नो विविध व्यक्तित्वलाई स्थापित गराएका छन् । उनले विभिन्न क्षेत्रमा आफ्नै प्रकारको अनुभव, जिम्मेवारी र दायित्व बहन गर्दै गराउँदै आएका छन् । उनले जुनजुन समयमा जे-जस्ता कार्यहरू गरे, तिनमा पूर्णतः पेसागत मर्यादा, दायित्वबोध एवम् जिम्मेवारीपूर्ण हैसियतले प्रस्तुत भएका छन् । त्यसैले उनको साहित्यिक तथा अन्य व्यक्तित्व अनुकरणीय देखापर्दछन् । उनी हरेकले आफ्नो प्रतिबद्धताको पहिलो साक्षी आफैँ बन्न सक्छ भन्ने मान्यताका नमुना भएका छन् । यसरी मोहन दुवालको व्यक्तित्वका विविध आयामहरू भए पनि उनको मूल व्यक्तित्व साहित्यिक व्यक्तित्व नै हो । त्यसमा पनि गद्य कविता विधामा उनको बढी क्रियाशीलता रहेकाले कवि व्यक्तित्व प्रखर रूपमा रहेको देखिन्छ ।

विभिन्न राजनीतिक कृयाकलापमा संलग्न रहेर भूमिगत जीवन समेत बिताएका दुवाल बनेपा नगरपालिकाको प्रमुख पदमा पराजित भएपछि राजनीतिलाई मस्तिष्कमा मात्र पालेर साहित्य सिर्जनामा नै लागिरहेका छन् । उनी भारत, चीन, उत्तरकोरिया, आदि विदेशी मुलुकहरूको भ्रमण गर्नुका साथै स्वदेशका धेरै जसो ठाउँमा भ्रमण गरी धेरै अनुभव बटुल्न सफल भएका छन् । विभिन्न व्यक्तित्वका धनी दुवालको सहयोगी पारिवारिक वातावरणले साहित्यिक यात्रालाई यो अवस्थासम्म ल्याउन महफ्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

## अध्याय तीन

# कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक स्वरूपको अध्ययन

### ३.१ परिचय

साहित्यका विविध विधामध्ये कविता एक सशक्त र प्राचीन विधा हो । भाषाको कथ्य-श्रव्य स्वरूपलाई आधार बनाएर सङ्गीतकलाको श्रुतिरमणीयतालाई वरण गर्दै गीत-गाथा र गाथा-चक्रको रूपमा बामे सर्दै-सर्दै कविताले आफ्नो पहिचानलाई यहाँसम्म ल्याइपुऱ्याएको हो । संस्कृत साहित्यको प्रथम कविता ऋग्वेदमा रहेको लयात्मक गेयात्मकता तथा भावमयता सन्निहित लिपिबद्ध कविताको यात्रासँगै यसले विभिन्न चरणहरू पार गर्दै गयो । तीन सहस्राब्दी लामो यात्रामा यसले आफ्नो स्वरूपलाई पूर्वतिर रस, अलङ्कार, ध्वनि, गुण आदिका प्रमुखतामा परिभाषित गऱ्यो भने पश्चिममा कहिले परिष्कारवादी, कहिले रीतिवादी त कहिले स्वच्छन्दतावादी, प्रगतिवादी तथा प्रयोगवादी धाराहरूबाट हिँडाइराख्यो ।

कविताको यो लामो यात्रामा कैयौँले यसमा हात बढाए, कैयौँले यसमा मथिङ्गल खियाए । आखिर कविता के हो, कस्तो हुनुपर्छ, कसरी उब्जिन्छ, आदि प्रश्नका सन्दर्भमा एउटै मान्यता वा विचार उपस्थित भएको पाइँदैन । देश, काल र परिस्थितिअनुसार विभिन्न विद्वान्हरूबाट परिआएका विचारहरूलाई संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास यस अध्यायमा गरिएको छ । यो प्रयास अन्तर्गत तल क्रमशः कविताको व्युत्पत्ति, कवितासम्बन्धी पूर्वीय परिभाषा, कवितासम्बन्धी पश्चिमी परिभाषा, नेपाली विद्वान्हरूका दृष्टिमा कविता, कविताका तत्वहरू, नेपाली कविताको ऐतिहासिक स्वरूप आदिको बारेमा चर्चा गरिएको छ।

### 3.2 कविताको व्युत्पत्ति र परिभाषा

#### 3.2.1 व्युत्पत्ति

पूर्वीय साहित्यमा काव्य शब्दको पर्यायवाचीका रूपमा कवितालाई लिने गरिन्छ । यसरी हेर्दा काव्य शब्दको व्युत्पत्ति **कवि** शब्दमा **य** प्रत्यय लागेर भएको पाइन्छ । यसको अर्थ कविद्वारा गरिएको रचना अथवा कविबाट सम्पन्न कार्य भन्ने हुन्छ । त्यसैगरी पश्चिमी साहित्यशास्त्रमा कवितालाई Poetry भन्ने गरिएको पाइन्छ । त्यस्तै ग्रिक भाषामा Poetrs

भनिने Poet शब्दले कवि वा कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ प्रदान गर्दछ । त्यसकारण Poet बाट निर्माण भएको Poetry शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविकर्म भन्ने हुन्छ ।[9]

### 3.2.2 कविताको परिभाषा

कविताका सम्बन्धमा पूर्वी र पश्चिमी धारणा भिन्न-भिन्न रहेको पाइन्छ । संस्कृत साहित्यमा कविता सम्बन्धी अवधारणा अलग छ भने अंग्रेजी साहित्यमा कवितालाई पृथक रूपले चिनाइएको छ । पूर्वीय तथा पाश्चात्य कविहरूले कविता सम्बन्धी प्रस्तुत गरेका दृष्टिकोणहरूले कविताको परिभाषा दिन सहयोग गर्ने हुनाले पूर्वीय एवम् पाश्चात्य दुबै काव्यमान्यताका साथ कविताको परिभाषालाई यहाँ उल्लेख गरिएको छ ।

### 3.2.3 कविता सम्बन्धी पूर्वीय परिभाषा

पूर्वीय जगत्मा काव्यसम्बन्धी खोज अनुसन्धान गर्दै जाँदा आचार्य भारतमुनीबाट प्रारम्भ भएको कवितालाई परिभाषित गर्ने परम्परा आचार्य जगन्नाथसम्म आइपुगेको देखिन्छ । कविबाट कविता सिर्जना हुने भएकाले शब्दार्थभित्र पस्दा कुनै विषयको वर्णन गर्ने व्यक्तिलाई कवि भनिएको पाइन्छ । कवि शब्द **कवृ वर्णने** धातुबाट बनेको भनिए पनि व्याकरणगत रूपबाट कवि शब्द सिद्ध हुन नसक्ने हुनाले कुङ् शब्दे धातुबाट सिद्ध हुन्छ । यसरी हेर्दा सिर्जनात्मक चेतनाद्वारा कुनै कुरा बोलेर व्यक्त गर्ने व्यक्ति नै कवि हो भन्ने अर्थ कविबाट निस्कन्छ ।

शुक्लयजुर्वेदमा कविलाई मनीषी, परिभू र स्वयम्भू भनिएको पाइन्छ[10] भने श्रीमद्भागवतमा ब्रह्मालाई आदिकवि भनिएको छ ।[11] त्यसपछि आदिकवि भनेर वाल्मीकिलाई भनिएको छ भने महाभारत र पुराणादिका रचयिता व्यासलाई कवि मानिएको छ । त्यस्तै राजनीतिशास्त्रका प्रणेता शुक्राचार्यलाई समेत कवि भनेको पाइन्छ । यसरी कवि श्रष्टा र द्रष्टा दुबै भएको तथ्यलाई विद्वान्हरू स्वीकार गर्दछन् । तफ्वहरूको दर्शन गर्ने,

---

[9] खगेन्द्र लुइंटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (काठमाडौँ, ने.रा.प्र.प्र., २०६०), पृ १ ।
[10] डा. हिमाँशु थापा, **साहित्य परिचय** (काठमाडौँ, साझा प्रकाशन, चौथो संस्करण, २०५०), पृ. ३३ ।
[11] **श्रीमद्भागवतम्** प्रथमस्कन्ध, प्रथम अध्याय (गोरखपुर), पृ १ ।

तिनलाई हृदयमा धारण गर्ने र पछि कल्पनाको मद्धत लिई शब्दमा व्यक्त गर्ने काम कविले गर्दछ । यसरी पहिले कवि र कविकर्मको अर्थ ज्यादै व्यापक थियो । समय र परिस्थिति अनुसार कविताले पनि आफ्नो स्वरूप परिवर्तन गर्दै आए अनुरूप कवि तथा कवितालाई पनि परिभाषित गर्नुपर्ने आवश्यकता देखिन्छ । एउटा मात्र सर्वमान्य परिभाषाभित्र कवितालाई समेट्न नसकिने हुनाले विभिन्न व्यक्तिहरूबाट व्यक्त गरिएका धारणालाई प्रस्तुत गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ ।

कवितालाई परिभाषित गर्ने क्रममा पूर्वीय साहित्यमा अलङ्कार, गुण रीति, ध्वनि, वक्रोक्ति, रस आदिलाई आ-आफ्नै किसिमले मुख्य तफ्वका रूपमा स्वीकार्दै विविध सम्प्रदायहरू देखा परे भने कतिपय समीक्षकले अविधा, लक्षणा र व्यञ्जना अनि लय, पदविन्यास, अर्थप्रस्तुति, छन्दयोजना लगायत गुणदोषका आधारमा पनि कवितालाई परिभाषित गर्ने काम गरे ।

काव्यतफ्व विवेचना वा साहित्य चिन्तनको थालनी भरतमुनिको नाट्यशास्त्रबाट भए पनि यो केवल नाटकका सन्दर्भमा आएको हुँदा कविताको परिभाषाको औपचारिक परम्परा भामहबाट सुरू भएको मानिन्छ । यद्यपि भरतमुनिको काव्यचिन्तन नाटकका सन्दर्भमा भएको हो । तापनि यसले कविता चिन्तनको परम्परामा पृष्ठभूमिको काम भने अवश्य गरेको छ । भरतले आफ्नो नाट्यशास्त्रमा नाट्यकाव्यमा मृदुललित पदविन्यास, गूढार्थ, शब्दहीनता, सुबोधता र युक्तिपूर्णता हुनुपर्ने कुरा बताएका छन् ।[12] ललितपदविन्यास र सुवोधजस्ता लक्षण काव्यमा पनि आवश्यक मानिने हुँदा उनको यस परिभाषाले कविता निरूपणका लागि पृष्ठधाराको काम गरेको देखिन्छ । मूलतः कविताको आधिकारिक, व्यवस्थित तथा वैज्ञानिक रूपको परिभाषा गर्ने काम छैटौँ शताब्दीका आचार्य भामहबाट आरम्भ भएको देखिन्छ । उनले शब्द र अर्थको सहभाव काव्य हो"[13] भनी शब्द र अर्थ दुबैको समान महफ्व देखाउँदै दुबैलाई समावेश गर्ने समन्वयात्मक धारणा अघि सारेका छन् । यसरी मूलरूपले काव्यको परिभाषा गर्ने प्रथम आचार्य भएर पनि ओजपूर्ण परिभाषा दिएकाले भामहको विचारलाई उत्तरवर्ती आचार्यहरूले पनि आ-आफ्नै किसिमले ग्रहण गरेका छन् ।

[12] पूर्ववत् साहित्य परिचय पृ. ३४ ।
[13] पूर्ववत् साहित्य परिचय पृ. ८ ।

भामहपछि सातौँ शताब्दीका आचार्य दण्डीले अभीष्ट अर्थले युक्त पदावलीलाई काव्य स्वीकारेका छन् भने आठौँ शताब्दीका वामनले रीतिलाई काव्यको आत्मा मान्दै गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थ नै काव्य हो भनेका छन् । आचार्य क्षेमेन्द्रको रसासिद्धिका लागि काव्यको औचित्य हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । त्यसैगरी ध्वनिवादी आचार्य आनन्दवर्द्धनले काव्यको आत्मा ध्वनि हो भनेर ध्वनि रूप आत्मामा प्रतिष्ठित सुन्दर शब्दार्थमय अभिव्यक्तिलाई काव्यको मान्यता प्रदान गरे ।

त्यसैगरी आचार्य कुन्तक कविकार्यलाई काव्यको संज्ञा दिँदै काव्यमा वक्रोक्तिपूर्ण अभिव्यक्ति हुनुपर्ने कुरामा जोड दिन्छन् भने आचार्य मम्मट दोषरहित गुणसहित शब्दार्थ काव्य हो, यसमा केही अलङ्कार हुन्छ, कहीँ अलङ्कार नभए पनि काव्यतफ्वमा हानी पुग्दैन[14] भनी कविताको परिभाषा दिन्छन् । आचार्य विश्वनाथले रसात्मक वाक्य नै काव्य हो[15] भनेका छन् भने सबैभन्दा पछिल्ला आचार्य जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो भनेका छन् । यसरी शब्दप्राधान्यवादी, अर्थप्राधान्यवादी, शब्दार्थप्राधान्यवादी, रसप्राधान्यवादी, ध्वनिप्राधान्यवादी आदि विभिन्न वाद र सिद्धान्तवादी आचार्यहरूले कविताका बारेमा विशुद्ध व्याख्या गरेको पाइन्छ । ती आचार्यहरूले देहवादी, आत्मवादी र दुबै समन्वयवादी समेत भएर पूर्वीय कविता चिन्तनको परम्परालाई अघि बढाएको पाइन्छ । कवितामा कविताको मर्मलाई खलल पार्ने दोषपक्ष हुन नहुने, आनन्दकारी तफ्व हुनुपर्ने, कविता रसिलो र रोचक हुनुपर्ने कुरामा सबैजसो काव्यचिन्तकहरूको समान धारणा रहेको पाइन्छ ।

यसरी अनेक वाद, सिद्धान्त र सम्प्रदायको जन्म भए पनि सबैलाई एकत्रित गरेर सर्वमान्य र पूर्ण कविता परिभाषा बनाउन सकिने कुरामा शंका गर्न मिल्दैन । मूलतः कविता सौन्दर्यपरक लयात्मक भाषिक कला हो र यो जीवनजगत्को लयात्मक सांगीतिक कलात्मक भावविधानको कौशलका सिद्धितर्फ उन्मुख रहन्छ ।

### 3.2.4 कविता सम्बन्धी पश्चिमी परिभाषा

---

[14] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, (काडमाडौँ, साझा प्रकाशन, पाँचौ संस्करण, २०४९), पृ ११ ।

[15] आ. विश्वनाथ, **साहित्यदर्पण** (वाराणसी, चौखम्बा सुरभारती प्रकाशन, दसौँ संस्करण, १९९७), पृ. २३ ।

पूर्वमा जस्तै पश्चिममा पनि साहित्यले विभिन्न मोड र अवस्था पार गर्दै आएको र कविताको विकासक्रममा कविता सम्बन्धी अनेक धारणाहरू जन्मेर विकसित भएको पाइन्छ । ग्रीक महाकवि होमरका **इलियट र ओडिसी** नै पाश्चात्य साहित्यका आदि ग्रन्थ मानिन्छन् । ई.पू ८०० देखि १५०० सम्मका होमर, हेसियड आदिबाटै पाश्चात्य साहित्य चिन्तनको पृष्ठभूमि बन्दै गएको कुरा विद्वान्हरूले स्वीकारेका छन् । होमरले जादुमय दिव्य प्रेरणालाई काव्यकलाको स्रोत मान्दै कवितालाई आल्हादमय अनुकरणात्मक तफ्वका रूपमा स्विकारेको देखिन्छ[16] भने हेसियडले कविता दैवी वरदान वा प्रतिभा स्फुरण हो भनेको पाइन्छ । त्यस्तै युरिपाइडिज कवितालाई अल्हाद र आनन्दको सिर्जना ठान्छन् भने अरिष्ट्रोफेन्स कलात्मक कुशलता र नैतिक निर्देश कलाको मापदण्ड सम्झन्छन् । त्यसैगरी सोक्रेटस उन्मादको क्षणको रचना भएकोले कविता अस्वस्थ हुन्छ भन्ने आशय प्रकट गर्छन् भने साहित्य सत्यको पक्षमा हुनुपर्छ भन्ने धारणा प्लेटोले प्रकट गरेको पाइन्छ ।[17] प्लेटोले कविताकाव्यलाई शैक्षिक र नैतिक ज्ञानको कसीमा घोटेर हेरेको पाइन्छ भने उनकै चेला अरिष्टोटलले काव्यलाई प्रकृतिको अनुकरण स्वीकार्दै मानवका जीवन र विचारको उद्घाटन गर्ने छन्दोबद्ध साहित्यको रूपमा लिएका छन् । दाँतेले कविताको भावनात्मक पक्षलाई बढी महफ्व दिएको देखिन्छ अनि डा.जोन्सनले छन्दोबद्ध रचना काव्य हो भनेको पाइन्छ । जर्मन कवि गेटेले कवितामा मानव जातिको सार्वभौम अभिव्यक्ति हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । त्यस्तै कार्लाइल सङ्गीतपूर्ण विचारलाई काव्य मान्छन् भने स्वच्छन्दतावादी कवि वर्डस्वर्थ भावको स्वच्छन्द उच्छलनलाई कविता मान्दछन् । सेलीले कविलाई असल द्रष्टाको संज्ञा दिँदै कवितालाई कल्पनाको अभिव्यक्ति मानेका छन् । यसरी नै म्याथ्यू आर्नोल्ड सौन्दर्यको सृष्टि नै काव्य हो भन्ने धारणा व्यक्त गर्दछन् । किट्सले कवितामा रहस्य र रागात्मकता हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । यसैगरी हड्सन कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्यालाई काव्य मान्छन् अनि कलरिज चाहिँ सर्वश्रेष्ठ पदावलीको सर्वश्रेष्ठ क्रमविधानलाई कविता मान्छन् । कविता शैलीको एक रूप हो, यसको सम्बन्ध भाषण कलासित छ र यो वर्तमानको आदेशमा चल्छ भन्ने विचार बेकनको देखिन्छ भने कविता सत्य, सौन्दर्य र शक्तिको अनुराग हो भन्ने विचार लि हन्टको देखिन्छ । अङ्ग्रेजी साहित्यका पछिल्ला साहित्यिकचिन्तक टी.एस.इलियटले निर्वैयक्तिकता, वस्तुगत समीकरण र समन्वित संवेदना

---

16 दुर्गाशंकर मिश्र, **पाश्चात्य काव्यशास्त्र** (प्रकाशन केन्द्र, सीतापुर रोड, लखनउ), पृ. १८ ।

17 रत्नध्वज जोशी, **साहित्यको अध्ययन** (काठमाडौं, रोयल नेपाल एकेडेमी, २०२३), पृ. १६८ ।

जस्ता मान्यतालाई अघि सार्दै काव्य आत्माभिव्यक्ति होइन, आत्माबाट पलायन हो भन्ने विचार प्रस्तुत गरेको पाइन्छ ।

यसरी मूलरूपमा होमरदेखि १९ औं शताब्दीको तेस्रो चरणसम्मको काव्यचिन्तनका क्रममा पाश्चात्य जगतमा अनुकरण सिद्धान्त, विरेचन सिद्धान्त, कलावाद, उदात्त सिद्धान्त हुँदै निर्वैयक्तिक सिद्धान्त, मूल्य सिद्धान्त, सम्प्रेषण सिद्धान्त, शैलीविज्ञान जस्ता विभिन्न सिद्धान्तहरूले कविताकाव्यका बारेमा विशद् चिन्तन प्रस्तुत गरेको पाइन्छ । त्यस्तै परिष्कारवाद, यथार्थवाद, स्वच्छन्दतावाद, प्राकृतवाद, अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, विम्बवाद, प्रतीकवाद, प्रयोगवाद हुँदै समसामयिक धारासम्म अविच्छिन्न रूपले पाश्चात्य कविता चिन्तन्प्रवाह प्रवाहित हुँदै आएको पाइन्छ । पाश्चात्य काव्यचिन्तनको परम्परामा कविताहरू विभिन्न युग र धाराहरू पार गर्दै आजसम्म आइपुग्ने क्रममा अतिवैयक्तिकता, विसङ्गतिपूर्ण सौन्दर्य, जटिलता, दुरूहता, अबोधगम्यता, क्लिष्टता जस्ता तफ्वहरूबाट प्रभावित भएका देखिन्छन् । त्यस्तै विभिन्न वाद, दर्शन, मान्यता एवम् मनोविज्ञान, भाषाविज्ञान, सौन्दर्यशास्त्र आदिले पनि प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पाश्चात्य काव्यचिन्तनमा पारेको पाइन्छ ।

सारमा भन्ने हो भने विशिष्ट, लयात्मक एवम् कलात्मक भाषा शैलीका माध्यमबाट जीवन जगत्का मानवीय संवेदना, भावना, विचार र कल्पनाको रसात्मक अभिव्यक्ति नै कविता हो ।

### 3.2.5 नेपाली विद्वान्हरूका दृष्टिमा कविता

नेपाली कविता सिद्धान्त पनि पूर्व र पश्चिमको साहित्यिक सिद्धान्तकै पृष्ठभूमिमा विकसित भएको पाइन्छ । नेपाली विद्वान्हरूले पनि पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तको आड लिएर त्यसमा आफ्ना केही मौलिक आधारहरूसमेत थपी कविताको परिभाषा गर्ने गरेको देखिन्छ ।

नेपाली कविताले लेख्यरूप प्राप्त गर्नुभन्दा पहिले हाम्रो लोक जीवनमा लोकगीत, लोकगाथा गाउने परम्परा थियो, त्यही परम्पराबाट विकसित हुँदै नेपाली कविताको जन्म भएको हो र समयचक्रसँगै नेपाली कवितामा पूर्वीय तथा पाश्चात्य साहित्यको प्रशस्त छाप

परेको पाइन्छ । त्यसैले नेपाली काव्य चिन्तकहरूले पनि समयानुसार पूर्वीय तथा पाश्चात्य सिद्धान्तका विभिन्न पक्षबाट प्रभावित हुँदै आ-आफ्नो धारणा व्यक्त गरेको पाइन्छ ।

नेपाली वृहत् शब्दकोशमा कविद्वारा आफ्नो संवेद अनुभूति तथा स्वस्फूर्त भावनालाई लय वा छन्दमा उनिएको साहित्यिक कृति वा रचना भनेर कविताको परिभाषा दिइएको छ ।[18] पण्डितराज सोमनाथ सिग्द्याल **काव्य** भनेको कुनै विषय वा कथानक भएको मनोहरशैलीको सूत्रमा गुँथिएको शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो भन्दछन् ।[19] त्यस्तै बौद्धिक कवि वालकृष्ण सम कविता भावनाको बौद्धिक कोमलता हो भन्दछन् । अर्का स्वच्छन्दतावादी बरिष्ठ कवि लक्ष्मीप्रसाद देवकोटा कवितालाई कल्पनाकी छोरी मान्दछन्, उनी कवितामा भावनाको स्वच्छन्द उडान हुनुपर्छ भन्ने आग्रह राख्दछन् । कवि केदारमान व्यथितको विचारमा भने तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो । त्यस्तै राष्ट्रकवि माधवप्रसाद घिमिरे शब्द र सङ्गती, अर्थ र अभिप्राय तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो भन्दछन् ।[20]

त्यसैगरी वरिष्ठ समालोचक तथा कवि वासुदेव त्रिपाठी भने मानव मनका स्वेत अनुभूतिहरूको लयात्मक भाषिक कलात्मक कथन कविता हो भन्ने मान्दछन् ।

निष्कर्षमा भन्नु पर्दा सबै परिभाषाले आ-आफ्ना किसिमले सत्य बोलेका छन् तर केही परिभाषाहरू जुधेका छन्, यसबाट के बोध हुन्छ भने परिभाषाहरू प्रायः अपूर्ण हुन्छन् । कविता सहज र स्वतन्त्र अभिव्यक्ति भएकाले सधैं नवीनतातिर उन्मुख बनिरहन्छ, त्यसैले सूक्ष्म रूपले विचार गर्ने हो भने कविता कहिल्यै पनि परिभाषामा बाँधिन सक्दैन तर पनि स्थूलरूपमा चाहिँ के भन्न सकिन्छ भने मानिसको साश्वत भाव र उसमा परेको युगानुकूल प्रभावले जब उसको संवेदनालाई छुन्छ, त्यसबखत जे अभिव्यक्ति निस्कन्छ त्यही कविता हो । यसमा व्यक्तिगत परिवेश, स्वभाव र शिक्षा आदि कयौं कुराले रुचि अनुसार कवि प्रभावित हुन सक्छ । त्यसैले कोही प्रकृतिको रहस्यमा डुबेर कविता लेख्छन्, कोही मानवको आदर्शलाई बुझेर लेख्छन् । कसैलाई युद्धको चेतना बढी हुन्छ त कसैलाई ईश्वरीय सृष्टिको

18 सम्पादकहरू, **ने.वृ.श.कोश** (काठ., ने.रा.प्र.प्र., २०४०), पृ. २१५ ।

19 सोमनाथ सिग्द्याल, **साहित्य प्रदीप** (दो.स., पुस्तक संसार २०२८), पृ. २४ ।

20 माधव प्र. घिमिरे, **आफ्नो बाँसुरी आफ्नै गीत** (काठ., साझा प्र., २०५३), पृ २५ ।

चमत्कार पोख्न मन लाग्छ । त्यसैगरी कोही छन्दमा आनन्दित हुन्छन् भने कोही गद्यात्मकतामा आफूलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गरिरहेका हुन्छन् । त्यस्तै कसैको राष्ट्रवादी स्वर हुन्छ भने कोही भ्रान्ती तथा अन्धविश्वासलाई निर्मूल पार्न लेख्छन् । यसप्रकार कविताको विषय र प्रस्तुतिको सीमा देखिन्छ तर अनुभूति र कल्पनाशीलता नभई कविता बन्दैन । यो प्राचीन युगदेखि आजसम्म प्रमाणित भएको तथ्य हो । कवितालाई परिभाषा गर्ने क्रममा पूर्वीय र पाश्चात्य दुबै तर्फका बिद्वान्हरूले कसैले बाह्य पक्षमा त कसैले आन्तरिक पक्षमा जोड दिएका छन् । वास्तवमा कविता हृदय र बुद्धिको समन्वित रूप हो, त्यसैले यसमा बाह्य तथा आन्तरङ्ग दुबै भावपक्ष हुन्छ । अतः कविताको आदर्श परिभाषा त्यही हुन सक्छ, जसमा यी दुबै पक्षको समन्वय हुन्छ । कतिपय विद्वान्हरूले कल्पना र अनुभूतिबाट उत्पन्न विचारलाई मधुर शब्दमा अभिव्यक्त गर्ने कला कविता हो भनेर कविताको बाह्य तथा आन्तरिक दुबै पक्षको समुचित समन्वय देखाउने प्रयत्न पनि गरेका छन् । यो परिभाषा आफैँमा पूर्णतः निर्दोष नभए पनि सर्वथा दोषपूर्ण छ भन्न सकिन्छ । त्यसैले कल्पनाको प्राचुर्य, बुद्धिको रमरमता भएको लयात्मक रसानुकूल बाणी नै कविता हो । यो भाषिक कला हो, यसमा सत्यम्, शिवम् र सुन्दरम्को भावना प्रकटित हुन्छ । सौन्दर्यात्मक प्रयोजन मुख्य हुने कविता अमूर्त र तरलित वस्तु हो, जो प्रतिभापूर्ण कल्पनाबाट प्रकट हुन्छ । छन्द, लय, विम्ब, प्रतीक, अलङ्कार आदिले आख्यानात्मकता र नाटकीयताको निर्वाह गर्दै कवितालाई गतिशील तुल्याउँछन् भने रस, ध्वनि, भावना, विचार समेत कवितामै एकाकार भएर घोलिएका हुन्छन् । यसरी कवितालाई साहित्यवाटिकामा मगमगाएर फुलिरहेको सुन्दर फूलका रूपमा चित्रण गर्न सकिन्छ ।

### 3.3 कविताका तत्त्वहरू

कविता निर्माणका लागि आवश्यक पर्ने तत्त्वहरू नै कविताका तत्त्व हुन् । सामान्यतः साहित्यका अरू विधा जस्तै कविताका पनि आफ्नै विशेषता बोकेका केही निजी तत्त्वहरू छन् । कल्पना, भाव र बुद्धिलाई कविताका आन्तरिक तत्त्व र रीति, गुण र अलङ्कारलाई बाह्य तत्त्व मानिन्छ । भाव र कलालाई कविताका केन्द्रीय तत्त्व र कल्पना, बुद्धि र शैलीलाई परिधीय तत्त्व मानिन्छ । मुख्य रूपमा कविता निर्माणका लागि शीर्षक, विम्ब, प्रतीक, अलङ्कार, भाषाशैली, दृष्टिविन्दु जस्ता तत्त्वहरूको आवश्यकता पर्दछ ।

### 3.3.1 शीर्षक

शीर्षक कविताका विभिन्न तफ्वहरूमध्ये एक महफ्वपूर्ण तफ्व हो ।  कविता सिर्जना गर्नका लागि निश्चित शीर्षकको आवश्यकता पर्दछ । त्यो शीर्षकले कुनै पनि सिङ्गो रचनाको भाव, विचार, भाषाशैली तथा विषयवस्तुको प्रतिनिधित्व गरेको हुन्छ । कृतिमा वर्णन गरिएको विषय र शीर्षकको बीचमा अन्तरसम्बन्ध मिलेको हुनुपर्दछ । कविताको शीर्षक अभिधात्मक र लाक्षणिक गरी दुई किसिमको पाउन सकिन्छ ।[21]

### 3.3.2 संरचना

कविता बनोटको ढाँचालाई नै कविताको संरचना भनिन्छ । कविताको बाह्य र आन्तरिक गरी दुई संरचना हुन्छ । बाह्य संरचनामा हरफ, पाउ (चरण), लयविधान आदि पर्दछन् भने आन्तरिक संरचनामा भाव विधान, छन्दको ढाँचा आदि पर्दछन् । यी दुबै विधानको संरचनाबाट नै कविताको निर्माण भएको हुन्छ । यो शैलीगत प्राप्ती हो र कविताको विधा उपविधागत आयामसँग सम्बन्धित हुन्छ । आन्तरिक संरचना भने त्यसमा अंगालिएका कथनपद्धतिका माध्यमबाट थालिन्छ ।

कथनपद्धति सिधै कविकथन, आख्यानीकरण र नाटकीकरणमध्ये कुनै पनि हुन सक्छ र यही कथनपद्धतिका माध्यमबाट थालिने आन्तरिक संरचनाको भाव उठाउन, विस्तार तथा बैठानमा ˘f[ङखलाबद्धरूपमा सुसङ्गति ल्याई अन्तर अनुप्रासीय र अन्तरसाङ्गीतिक चक्रको क्रमिक गुणात्मक विकास गर्दै लगेको हुन्छ । कथ्य, भाव, विचारको यस यात्रालाई कविता कृतिको आन्तरिक संरचनाले प्रकारान्तरद्वारा पुनरावृत्ति, सञ्चयन, द्वन्द्वात्मकता, समन्वय र खण्ड खण्डका स्वतन्त्र सहचार्य जस्ता विभिन्न प्रकृयाबाट प्रदान गर्दछ ।[22]

### 3.3.3 विषयवस्तु

कविताको लागि चयन गरिएको भावभूमि नै कविताको विषयवस्तु हो । कविले जीवनजगत्को मानवीय स्वभाव, प्रकृति, धर्मसंस्कार र आफ्ना अनुभवहरूलाई कविताको

---

[21] वासुदेव त्रिपाठी र अन्य सम्पाः, **नेपाली कविता भाग ४** (दो.स., साझा प्र., २०४७) पृ. १७ ।

[22] पूर्ववत् पृ. १८

शीर्षक बनाएर काव्य वा कविताको रचना गर्दछ । कविले जे का बारेमा कविता सिर्जना गर्दछ, त्यसैलाई कविताको विषयवस्तु भनिन्छ ।

### 3.3.4 भावविधान

भाव विधानलाई कविताको मुख्य तत्त्व मानिन्छ । भावविनाको कविता आत्माबिनाको शरीर जस्तो हुन्छ । त्यसकारण कविताको आत्मा नै भाव हो भन्ने तथ्य प्रमाणित हुन्छ । कवितामा भावपक्ष प्रधानताको अपेक्षा राखिएको हुन्छ । वास्तवमा भाव भन्नाले कविताको शब्द शब्दमा अन्तरनिहित भएको शक्ति भन्ने बुझिन्छ । भाव कविताको सारतत्त्व वा प्राण भएको हुनाले कविताले आफ्ना विचार वा बुद्धितत्त्वको माध्यमबाट कलात्मक शैली प्रस्तुत गरी प्रयोग गरिएको हुन्छ ।

### 3.3.5 लयविधान

लय कविताभित्रको अनिवार्य तत्त्व मानिन्छ । कविता लयात्मक तथा साङ्गीतिक हुने गर्दछ । कविताका लागि गेयात्मकता तत्त्व अनिवार्य रूपमा आएको हुनुपर्दछ । यही गेयात्मकताका कारणले कविता अन्य विधाभन्दा फरक विधाका रूपमा परिचित भएको छ । यसमा निश्चित ठाउँमा स्वरप्रवाह, अडान र चरण चरणमा रचना गरिएको हुन्छ । सामान्यतया लय मुक्त र बद्ध गरी दुई किसिमका हुन्छन् ।  मात्रिक-वर्णमात्रिक, वार्णिक आदि छन्दमा बाँधिएका कविता बद्धलय अन्तर्गत पर्दछन् भने मुक्तलय भनेको चाहिँ हिजो आजका गद्य कवितामा प्रयोग हुने लय हो । कतिपय विद्वान्हरू छन्दोबद्ध कवितामा मात्र लय हुन्छ भन्ने मान्दछन् तर गद्य कवितामा पनि लय विधान सशक्तरूपमा अन्तर्लय समाविष्ट भएको हुन्छ ।

कवितामा लय पैदा गर्ने अर्को तत्त्व अनुप्रास हो । समान ध्वनि भएका एक वा अनेक स्वर व्यञ्जनवर्णको बारम्बार आवृत्तिबाट उत्पन्न हुने शब्दालङ्कारयुक्त ध्वनिलाई अनुप्रास भनिन्छ र यसले कवितालाई लयात्मक बनाउने काम गर्दछ । यसले कवितामा छन्दयुक्त र छन्दमुक्त जे भए पनि स्वतः लयात्मक बनाउने काम गर्दछ । यसरी कवितामा छन्दयुक्त र छन्दमुक्त जे भए पनि स्वतः लयात्मकता र साङ्गीतात्मकता रहेको हुन्छ ।

### 3.3.6 विम्बविधान

विम्ब तथा अलङ्कारलाई कविताको आन्तरिक संरचनाको पक्ष मानिन्छ । कुनै वस्तुको लाक्षणिक अर्थ बुझाउन विम्बको प्रयोग गरिन्छ । यसले शब्द प्रतिच्छायाको रूपमा विशिष्ट अर्थको बोध गराउँछ । विम्बकै प्रयोगबाट कविता सुन्दर र उदात्त बन्दछ । यी विम्बहरू भाव परिपोषक वा व्यञ्जक तफ्व पनि हुन् । यिनीहरूले वक्रोक्ति वा अतिशयोक्ति जस्तै भएर कवितालाई तीव्र व्यञ्जनार्थ प्रदान गर्नका साथै त्यसमा ध्वनि तथा गति उत्पन्न गराउने काम गर्दछन् । चिनियाँ कवि आए छिङ **कविले विम्बमा सोच्नु र बोल्नु पर्छ** भन्दछन् । अर्को महफ्वपूर्ण कुरा अलङ्कारलाई लिइएको छ । कतिपय विद्वान्हरू अलङ्कारलाई काव्यको अनिवार्य तफ्वका रूपमा लिन्छन् भने कतिपयले केबल गहनाका रूपमा मात्र लिन्छन् । यसमा रूपक, श्लोक अनुप्रास, उपमा, उत्प्रेक्षा अतिशयोक्तिजस्ता अलङ्कारहरूको प्रयोग गरिन्छ । यसले कवितामा कल्पनात्मक अनुभूतिको सशक्त प्रयोग गराउँदछ ।

### 3.3.7 भाषाशैली

भाषा र शैलीको प्रयोग अनुभूति अभिव्यक्तिको अति आवश्यक तफ्वका रूपमा लिन सकिन्छ । यसले कविको कल्पना र अनुभूतिबाट उत्पन्न भाव र तरङ्गलाई मिठास दिने काम गर्दछ । त्यसैले भाषालाई काव्यको शरीरको रूपमा लिइएको पाइन्छ । भाषाशैली अभिव्यक्तिको प्रकार हो र यसकै माध्यमबाट कविताले मूर्तता प्राप्त गर्दछ । कवितामा सरलता, श्रुतिमधुरवर्ण, पद, शब्द र पदावलीको प्रयोग जति सुन्दर तरिकाले गरिन्छ, त्यति नै कविता प्रभावकारी बन्न पुग्छ । भाव वा अनुभूति तरल किसिमको हुन्छ । अमूर्त वस्तुलाई मूर्तता प्रदान गर्ने काम भाषाले गर्दछ । शैली पनि भाषामा अन्तरनिहित हुने भएकाले भाषाको चयन अविधामूलक, लाक्षणिक र व्यङ्ग्यपूर्ण किसिमले प्रयोग गरी सङ्केतात्मकता प्रदान गर्ने काम भाषाशैलीले गरेको हुन्छ ।

भाषा कविताको अभिव्यक्तिको माध्यम हो भने शैली शिल्पको अभिन्न अङ्ग हो । कविले कुन प्रकारका शब्दहरूको प्रयोग गर्दछ, उसका शब्दयोजना, वाक्यगठन तरिका कस्तो छ, वाक्यका आयाम कस्ता छन् र लोकोक्तिको प्रयोग कत्तिको छ आदिजस्ता पक्षहरू शैली

अन्तर्गत आउँछन् । शैलीको सम्बन्ध मूल रूपमा कविको व्यक्तित्वसँग जोडिएको हुन्छ, जसको निर्माणमा व्यक्तिगत रुचि र संस्कारको योगदान रहेको हुन्छ ।

### 3.3.8 कथन पद्धति वा दृष्टिविन्दु

कवि वा कुनै पनि लेखकले आफ्ना विचार वा भावलाई पाठक समक्ष प्रस्तुत गर्नका लागि जुन तरिका वा पद्धति अपनाएको हुन्छ, त्यसैलाई कथन पद्धति भनिन्छ । कथन पद्धति भन्ने शब्दलाई विग्रह गरेर हेर्दा कथन भनेको प्रस्तुति र पद्धति भन्नाले रीति भन्ने बुझिन्छ । कविले आफ्ना भावना र अनुभूतिजन्य संवेगलाई विभिन्न किसिमले अभिव्यक्त गर्न सक्छ । यसक्रममा कवितामा एक किसिमको शैली निर्माण हुन्छ, त्यही नै कथनपद्धति हो । यस्ता कथनपद्धति विभिन्न किसिमका हुन्छन्, जस्तैः आत्मपरकशैली, संवादात्मकशैली, प्रश्नात्मकशैली, आख्यानात्मकशैली आदि ।

विश्वका आधुनिक काव्य धारालाई अध्ययन गर्दा के देखिन्छ भने अत्याधुनिक कथनपद्धति ज्यादै नै सरल र छिटो छरितो पनि देखिन्छ । यसलाई सजिलोका लागि सोझो अभिव्यक्ति पनि भनिन्छ । यस किसिमको कथनपद्धतिले एक निर्दिष्ट पाठक र श्रोतालाई मात्र प्रभावित नगरी धेरै ठुलो समूहसँग सम्प्रेषण कायम गर्न सक्छ ।

### 3.3.9 व्यञ्जना

शब्द र अर्थ दुबैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो ।[23] कविताको आन्तरिक संरचनामा पर्ने यसलाई पनि कविताकृतिको महफ्वपूर्ण अङ्ग मानिन्छ । व्यञ्जना भनेको ध्वनि हो, किनभने शब्दको वाच्यार्थ र लक्ष्यार्थभन्दा पर पुगेर व्यङग्यार्थ भई ध्वनिमय बन्दै अप्रस्तुत अर्थको द्योतन व्यञ्जनाले गर्दछ । बिम्ब, प्रतीक, मिथक, रूपक, प्रकरण, साङ्केतिक भाषा, अतिशयोक्तिपूर्ण कथन आदिले व्यञ्जनालाई सार्थक र सशक्त तुल्याउँछन् र त्यसबाट कविताकृति कलात्मक बन्न जान्छन् । सबै कृतिमा व्यञ्जना नहुन पनि सक्छ ।

[23] वासुदेव त्रिपाठी र अन्य सम्पाः, पूर्ववत् पृ. २१

कवितामा वाच्यस्तरभन्दा तल्लो स्तरको गुणीभूत व्यञ्जना पनि हुनसक्छ । जे होस व्यञ्जनाले काव्यको कलात्मक मूल्य उचाल्ने, सौन्दर्य सिर्जना गर्ने काम गर्दछ । व्यञ्जनामा शब्दगत मितव्ययिता हुने हुँदा थोरै शब्दमा धेरै कुरा भन्न सकिने हुन्छ । भावविचारको आस्वादनपछि भावकले छुट्टै आनन्द प्राप्त गर्न सक्ने हुँदा उत्कृष्ट कविताका लागि व्यञ्जना अपेक्षित रहने कुरा स्मरणीय हुन आउँछ ।

### 3.4 नेपाली कविताको ऐतिहासिक स्वरूप

#### 3.4.1 नेपाली कविताको पृष्ठभूमि काल

नेपाली भाषाको उद्‌भवसँगै थालिएको लोकगीतिप्रवाहसँग जोडिई नेपाली कविताको लेख्य परम्परा स्थापित हुनुभन्दा पूर्वको विक्रमीय ११ औँ-१८ औँ शताब्दीको समयावधि ओगट्ने यस पृष्ठभूमिकालमा अहिलेसम्म मौखिक लोकधाराकै गीतिसामग्री मुख्य प्राप्तिका रूपमा रहेको छ । नेपाली कविताको पृष्ठभूमिकाल अलिखित मौखिक लोकगीति-परम्परासँग नै आवद्ध रहे पनि भविष्यमा यस पृष्ठभूमिकालका खास गरी उत्तरार्द्धमा लेख्य नेपाली कविता भेटिन सक्ने र त्यसो भएमा तदनुरूप नै पुनः पृष्ठभूमिकालको सीमाङ्कन तथा लेख्य नेपाली कविताको कालविभाजन गर्नुपर्ने आवश्यकता देखा पर्दछ ।

नेपाली कविताको पूर्वपीठिकास्वरूप पृष्ठभूमिकालीन लोक धारामा देखा परेका कवितात्मक प्रारूप ठान्न सकिने सामग्रीलाई विभिन्न किसिमले वर्गीकृत गरी यस काल वा धाराका मुख्य प्रवृत्तिलाई बुझ्न सकिन्छ । नेपाली भाषाका दुई हरफ वा सोमाथिका पुराना उखान, गाउँखाने कथा र सुभाषितजस्ता लोकसामग्रीमा लय, अनुप्रास र सुत्रात्मक कथनको जुन प्रवृत्ति पाइन्छ, त्यसले नेपाली कविताको प्रारूपको अलिकति झल्को दिन्छ नै ।

कविताका निम्ति चाहिने बनोट वा संरचनाका दृष्टिले चाहिँ लोकस्तरका टुक्के गीत, झ्याँगा वा गौँडे गीत र स्फुट पद्य वा सूक्ति/उक्ति आदिमा कविताको लघुत्तम रूप देखा पर्ने गर्दछ । कविताका लघु रूप ठान्न सकिने खालका लोकगीत निकै भेटिने गर्दछन् भने अधिकांश गाथामा कविताका मझौला रूपमध्ये खण्डकाव्य वा लघुकाव्यतर्फको र नाट्यगाथा भारतमा

कविताको बृहत रूप महाकाव्यतर्फको प्रवृत्तिगत उन्मुखता केही मात्रामा झल्कन्छ तर अपेक्षित आयामविस्तार चाहिँ हुन सकेको पाइन्न ।[24]

भावधारा वा विषयवस्तुका दृष्टिले हेर्दा पृष्ठभूमिकालीन नेपाली कविताका लोकधारामा देवगीति र वीरगीतिको प्रवृत्ति पुराना लोकसामग्रीमार्फत बढी प्रकट भएको देखिन्छ भने पछिल्ला लोकसामग्रीमा प्रेमगीति र सामाजिक गीतिको प्रवृत्ति बढ्दै आएको पाइन्छ अनि त्यसअन्तर्गत करुणधारा पनि फेला पर्दछ । यस लोकधाराका अपेक्षाकृत पुराना सामग्रीहरू लोकसंस्कार र अनुष्ठानसँग मन्त्रतुल्य जोडिएका र व्रतपर्वसँग पनि सम्बन्धित रहेका छन् अनि जीवनचक्र, ऋतुचक्र र कृषिचक्रसँग पनि कतिपय लोकगीत आबद्ध रहेका छन् । देवगीतिका साथै कतिपय वीरगीति तथा अन्य कतिपय गीतिरचना पनि यस श्रेणीमा पर्दछन् ।

नेपाली कविताका यस पृष्ठभूमिकालमा लोकधाराका उपर्युक्त मौलिक सामग्रीहरूबाहेक खास गरी वंशावली र जीवनीजस्ता साहित्यनिकट लेख्य वाङ्मयका सन्दर्भमा नेपाली लेख्य कविताचेष्टा वा कविताप्रारूप फेला पर्न सक्ने सम्भाव्यता छँदै छ । प्राध्यापक वालकृष्ण पोखरेलद्वारा प्रस्तुत **बडे राजा मलय बम्म** -वि.सं. १४५० तिर) कविता यसै दिशातर्फको एक प्रयास देखा पर्छ ।

### 3.4.2 प्राथमिककालीन नेपाली कविता

नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०) शिष्टलेख्य नेपाली कवितापरम्पराको थालनीका नाताले लेखोटकालका रूपमा चिनिन्छ । यस कालका नेपाली कविताका मुख्य प्रेरक परिवेशका रूपमा श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहका नेतृत्वमा गोरखाबाट थालिएको नव नेपाल राष्ट्रको निर्माणक्रम र इतिहासप्रसिद्ध नेपाल-अंग्रेजयुद्ध एवम् सुगौलीसन्धी (वि.सं. १८७२) र कोतपर्व एवम् जङ्गबहादुर राणाको अभ्युत्थान (वि.सं. १९०३) तथा जहानियाँ राणशासनको पहिलो पुस्ताजस्ता घटनाक्रमबाट निर्मित भएको हो । नेपाली राष्ट्रियता र वीरताको उन्मेष र विस्तार एवम् त्यसमा देखा परेका अवरोध र शिथिलताका युग-सन्दर्भहरूले यस प्राथमिक कालअन्तर्गत विभिन्न धाराको

[24] वासुदेव त्रिपाठी र अन्य सम्पा:, पूर्ववत पृ. १०१

निर्माणमा भूमिका खेलेका छन् । एकातर्फ पृष्ठभूमिकालीन लोकधाराअन्तर्गत वीरगीति र देवगीतिका भावधारा तथा विभिन्न लोकछन्द एवम् लोककविता प्रारूपका गीत, गाथा, लोकपद्य, कविता वा कवित्त एवम् नाट्यगाथाले यस कालका कविताप्रयासलाई उत्प्रेरित गरेका छन् भने अर्कातर्फ संस्कृत काव्यपरम्परा एवम् खास गरी त्यसको धार्मिक तथा आध्यात्मिक सन्दर्भ एवम् पौराणिक र नैतिक आख्यानसामग्री तथा शास्त्रीय छन्द र मोटामोटी पद्यचेतनाले पनि यस कालका कविता-प्रयासमा महत्त्वपूर्ण प्रेरणा प्रदान गरेको पाइन्छ ।

नेपाली कविताको प्राथमिक काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ । (क) पूर्वार्द्ध(वि.सं. १८२६-७२) र (ख) उत्तरार्द्ध(वि.सं. १८७३-१९४०) । यो पूर्वार्द्ध वा पूर्वप्राथमिक काल मुख्यतः वीरधाराका रूपमा चिनिन्छ र यसलाई नेपाली कविताको पृष्ठभूमिकालको वीरगीति (गाथा तथा नाट्यगाथा) ले प्राप्त गरेको नव आयाम पनि भन्न सकिन्छ । यस कालको उत्तरार्द्ध वा उत्तरप्राथमिक काल चाहिँ मुख्यतः भक्तिधाराका रूपमा चिनिने गर्छ । यसलाई धार्मिक-आध्यात्मिक धारा पनि भन्न सकिन्छ । यस भक्तिधारामा वा धार्मिक आध्यात्मिक धारामा पण्डित-पौराणिक कविहरू तथा जोगी-सन्त कविप्रतिभाहरूको विशेष योगदान रहेको देखिन्छ । वीरधाराका उत्प्रेरक कारकका रूपमा नव नेपालको निर्माण र विस्तारका क्रममा प्रकट भएका वीरबन्दना, राजभक्ति, राष्ट्रियता र देशप्रेमको भावधारा रहेको छ भने सुगौली सन्धि, भीमसेन थापाको पतन, कोतपर्व र जङ्गबहादुरको उदय एवम् निहित भक्ति एवम् धर्म अध्यात्मको परम्परागत संस्कारले साँस्कृतिकीकरणका प्रक्रियाका रूपमा अभिव्यक्ति पाउन थाल्नु नै भक्तिधाराको उत्प्रेरक मुख्य कारकका रूपमा देखा पर्छ ।

नेपाली कविताको प्राथमिक कालका पूर्वार्द्धको वीरधाराका प्रवर्तक कवि हुन् सुवानन्द दास । यस धाराका अन्य कविहरू हुन् -शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधाबल्लभ, सुन्दरानन्द बाँडा आदि । यस धाराका केन्द्रीय कविका रूपमा उदयानन्द अर्ज्याल देखा पर्दछन् । यस धाराका कविताकृतिमा ब्रज-अवधीका कवित्तको अपेक्षाकृत मुक्त गद्यकविता-निकट गीतिचेतका प्रयोगका साथै नेपाली सिलोक परम्परा अनुरूप अनेक सँस्कृत वर्णमात्रिक छन्दको प्रयोगसमेत भएको पाइन्छ ।

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धको भक्तिधारालाई सगुण र निर्गुण दुई वर्गमा बाँडी सगुण वर्गअन्तर्गत कृष्णभक्ति रामभक्तिका दुई उपधारा सकार्दै निर्गुण

वर्गअन्तर्गत मुख्यतः जोसमनी सन्तधारालाई राख्ने प्रचलन रहेको पाइन्छ । नेपाली कविताको सगुण भक्तिधारा मुख्यतः विण्णुका दश अवतारमध्ये राम र कृष्ण दुई अवतारका कथा-आख्यानमा बढी केन्द्रित रहेको पाइन्छ । तर जोसमनी सन्तधाराचाहिँ सच्चिदानन्द ब्रह्मस्वरूपतर्फ केन्द्रित हुँदै हिन्दू सामाजिक रूढी र विकारहरूप्रति व्यङ्ग्यशीलसमेत रहेको छ ।

निचोडमा नेपाली कविताका प्राथमिक कालको उत्तरार्द्धलाई सगुण र निर्गुणधारा एवम् तिनका उपधाराका मोटामोटी रूपरेखामा राखी विभाजन गर्न खोज्दा सगुणधाराअन्तर्गत कृष्णभक्ति, रामभक्ति र अन्य भक्तिका उपधारा सकार्दै निर्गुण धाराअन्तर्गत शास्त्रीय उपधारा र लोकमुखी सन्त (जोसमनी) उपधारा रहेको मान्न सकिन्छ।

उत्तरप्राथमिक कालका विभिन्न धारा-उपधारामध्ये निर्गुण आध्यात्मिक धारा अन्तर्गतका मुख्य कविहरू हुन् - दैवज्ञकेसरी अर्ज्याल, शशीधर स्वामी, गोविन्ददास, वीरशाली पन्त, वसन्त शर्मा, भानुभक्त आचार्य, बालसिद्धि महासिंह थापा, ज्ञानदिलदास, आदि । ज्ञानदिलदास उत्तरप्राथमिक कालको पुछारतिर सन्त जोसमनीधाराका ठेट नेपाली भाषाका प्रखर सन्तकविका रूपमा देखा पर्दछन् ।

सगुण भक्तिधाराअन्तर्गत कृष्णभक्ति उपधाराका मुख्य कविहरू हुन् - इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल, हरिदास आदि । यस धाराका केन्द्रीय कविका रूपमा वसन्त शर्मालाई मान्न सकिन्छ भने वीरधाराका अवशिष्ट कविका रूपमा चाहिँ यदुनाथ पोखऱ्याल शक्तिशाली छन् । सगुण भक्तिधाराकै रामभक्ति उपधाराका मुख्य कविहरू हुन्-रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जली गजुऱ्याल, रामदास आदि । भानुभक्त आचार्य नै यस उपधाराका केन्द्रीय कवि हुन् ।[25]

### 3.4.3 माध्यमिककालीन नेपाली कविता

नेपाली कविताका विकासयात्रामा माध्यमिक काल भन्नाले मोटामोटीमा वि.सं. १९४१-७४ का बीचको लगभग साढे तीन दशकको समयावधि बुझिन्छ भने यसका

[25] ऐजन, पृ. १०३, १०४, १०५ ।

परिचायक टड्कारा प्रवृत्तिगत अभिलक्षणहरूमध्ये कविताका मुद्रण र ˘f[ङ्गारिकतालाई मुख्य रूपमा लिन सकिन्छ । लोखोटयुग पार गरी छापाखानायुगमा नेपाली कविताको प्रवेश माध्यमिकताको प्रवर्तनक्रमसँग सम्बन्धित एक मुख्य घटना हो र मोतीराम भट्टद्वारा बनारसबाट छपाइएको भानुभक्तीय रामायणको वालकाण्डको प्रकाशन यस प्रसङ्गमा उल्लेखनीय छ ।

माध्यमिक कालको नेपाली कविताको परिचायक केन्द्रीय प्रवृत्ति ˘f[ङ्गारिक भावधारा हो, यस युगको नेपाली कवितामा विभिन्न रसभाव अभिव्यक्त रहे पनि यसलाई चिनाउने मुख्य नव प्रवृत्ति ˘f[ङ्गारिकता नै रह्यो । यस कालका नेपाली कविताको प्रवर्तन र विकास क्रममा मोतीराम भट्ट र अन्य कविका ˘f[ङ्गारिक रचनाको महफ्वपूर्ण भूमिका रहेको छ भने यस ˘f[ङ्गारिक कविता धाराको अन्तिम समग्र विन्दुका रूपमा **सूक्तिसिन्धु** कविता-संग्रह( वि.सं. १९७४) को ˘f[ङ्गारिकता बहुचर्चित रहेको छ । वस्तुतः प्राथमिक नेपाली कविता र आधुनिक नेपाली कविताका बिचको संक्रान्तिकाल नै यो मध्यमिककाल हो । यस कालका नेपाली कविताका अरू परिचायक प्रवृत्तिमध्ये अनुवाद रूपान्तरणको प्रवृत्ति कम भई मौलिक अभिव्यक्ति चासो बढ्नु र कविताको सौन्दर्य तथा कलापक्ष प्रतिको तिर्खामा केही वृद्धि हुनु पनि हो । यस कालको नेपाली कविताको परिचायक अर्को एक प्रवृत्ति हो कवि-समूहको सङ्गठन तथा कवितात्मक वातावरणको थालनी । यस क्रममा मोती मण्डलीको प्रसङ्ग विशेष उल्लेखनीय छ र समस्यापूर्ति कवितापरम्पराको प्रचलनका साथै सामूहिक कविता-सङ्ग्रहका प्रयास पनि स्मरणीय छन् ।

माध्यमिककालीन नेपाली कविताको ˘f[ङ्गारिक धाराले मुख्यतः नरनारीको यौवन र ˘f[ङ्गारिक भाव वेगलाई आफ्नो कविताको विषयवस्तु बनाएको छ । यस क्रममा उद्धीपन विभावको रूपमा प्रकृति र ऋतुचक्रको पनि प्रयोग गरिएको छ ।

माध्यमिककालीन नेपाली कविताका प्रवर्तक तथा ˘f[ङ्गारधाराका केन्द्रीय एवम् अगुवा कवि मोतीराम भट्ट हुन् । उनका केन्द्रीयतामा देखा परेका मोतीमण्डली र समस्यापूर्तिपरम्परा एवम् कविता गोष्ठीहरूले कविताको सामूहिक वातावरणको प्रारम्भ गरेको पाइन्छ । समस्यपूर्ति, गजल, फुटकर कविता र खण्डकाव्य समेतका माध्यमबाट यस ˘f[ङ्गारधारालाई मोतीरामले प्रतिष्ठित तथा समृद्ध तुल्याएको पाइन्छ । माध्यमिककालको

पूर्वार्द्धमा ˘f[ङ्गारधारा मुख्यतः मोतीराम भट्ट र मोतीमण्डलीकै सृजनाबाट निर्मित भएको पाइन्छ ।

माध्यमिक कालको उत्तरार्द्धमा लेखनाथ पौड्यालजस्ता कविले ˘f[ङ्गारधारालाई तोड्दै नेपाली कवितामा नव युगको आमन्त्रणको प्रयास गरिरहे तापनि **सूक्तिसिन्धु** ˘f[ङ्गारिक कवितासङ्ग्रह (वि.सं. १९७४) ˘f[ङ्गारिक धाराको चर्चित कविता सङ्ग्रह बन्न पुग्यो ।

माध्यमिककालीन ˘f[ङ्गारधाराका मुख्य कविहरू हुन् - राजीवलोचन जोशी, मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, देवराज लामिछाने, दानराज लामिछाने, दुर्गाप्रसाद घिमिरे, दधिराम मरासिनी, राधानाथ लोहनी, केशवनाथ पौड्याल, श्यामजी अर्याल, देवीदत्त पराजुली, शम्भुप्रसाद ढुङ्ग्याल, कृष्णप्रसाद रेग्मी, पहलमानसिंह स्वाँर आदि । यी कविहरूमध्ये आशुकवि शम्भुप्रसाद ढुङ्ग्याल माध्यमिक कालको उत्तरार्द्धका अत्यन्त सशक्त कवि हुन् भने गजलक्षेत्रमा लक्ष्मीदत्त पन्त पनि स्मरणीय कवि हुन् । माध्यमिककालका उत्तरार्द्धमा ˘f[ङ्गारिक धारामा सम्मिलित भई राम्रा कविता लेख्दै नवयुगतर्फ क्रमशः चिहाउने प्रमुख कविहरू हुन् लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे आदि ।[26]

## 3.5 आधुनिक नेपाली कविता र यसका प्रमुख धाराहरूको अध्ययन

### 3.5.1 नेपाली कविताको आधुनिक काल

नेपाली कविताको आधुनिक काल माध्यमिककालीन ˘f[ङ्गारिक कवितासङ्ग्रह **सूक्तिसिन्धु** (वि.सं. १९७४) पछि थालियो र वि.सं. १९७५ देखि अहिलेसम्म पनि गतिशील नै छ र यो अझ चालू रहने काल हो । आधुनिक नेपाली कविताले पूर्वीय काव्यमूल्यलाई वरण गर्दै र क्रमशः छोड्दै पश्चिमी पुराना उन्नाइसौँ शताब्दीसम्मका काव्यप्रवृत्ति र मूल्यलाई अँगाल्दै क्रमिक रूपमा पश्चिमी नवीन काव्यप्रवृत्ति र काव्यमूल्यहरूको वरण गर्दै आएको छ र यस क्रममा राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्दर्भहरूले पनि उत्तरोत्तर आधुनिक कवित्वको

[26] ऐजन, पृ. १०८, १०९, १११, ११२ ।

अभ्युदयका क्रममा प्रबल छाप पार्दै आएका छन् । आधुनिक नेपाली कविताको प्रयोगवादी भनिने सबैभन्दा पश्चिमीकृत धारा पनि यसै समयमा थालिएको हो । मोटामोटीमा वि.सं. १९७५ देखि २०१६ सम्मको चार दशकको समयावधि आधुनिक नेपाली कविताको पूर्वार्द्धकाल हो । वि.सं. २०१७ देखि यताको अहिलेसम्मको तीन (साढे तीन) दशकको समयावधिचाहिँ आधुनिक नेपाली कविताको उत्तरर्द्धकाल हो ।

पूर्वार्द्धमा नेपाली कविताले प्रथमतः नेपाली भाषाको नवनिर्माण हुँदो लेख्य-व्याकरणको अनुशासनलाई अंगाली पूर्वीय वा संस्कृत काव्यमूल्यका मानक शिखरहरूतर्फ ताकी आधुनिक बङ्गला र हिन्दीका शास्त्रीय कविताधाराबाट पनि प्रेरणा लिई परिष्कारवादी ( क्लासिकल भन्न सकिने) कविताधारा ग्रहण गरेको हो र यसमा नेपाली धार्मिक-आध्यात्मिक एवम् हिन्दू नवजागरणका साथै राष्ट्रिय चेतनाका प्रवृत्ति पनि सल्बलाउन खाजेका हुन् । कवि वालकृष्ण समले प्रवेश गरेपछि यस धाराले पर्याप्त पश्चिमी बौद्धिक र काव्यात्मक मूल्यहरूलाई पनि ग्रहण गरेको छ । यो धारा आधुनिक नेपाली कविताको पूर्वार्द्धभर नै र केही मात्रामा उत्तरार्द्धमा पनि अपेक्षाकृत नयाँ-पुराना कविहरूका माध्यमबाट केही न केही चलनचल्तीमै रहेको छ ।

कवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठलाई आधुनिक नेपाली कविताको दोस्रो प्रहर भन्न सकिने स्वच्छन्दतावादी वा रुमानी धाराका सहप्रवर्तक मानिन्छ । मुख्यतः अङ्ग्रेजी कविताको इसवीय १९ औं शताब्दीको विश्वप्रसिद्ध रोमान्टिक कविताधारा नै नेपाली स्वच्छन्दतावादी कविताको प्रमुख प्रेरणास्रोत रह्यो । आधुनिक नेपाली कविताको यो स्वच्छन्दतावादी धारा पश्चिमी प्रभावको बाहुल्यताभित्रै पनि राष्ट्रिय परम्परासँग बिल्कुलै विच्छिन्न चाहिँ रहेन ।

आधुनिक नेपाली कविताको यात्राक्रममा परिष्कारवादी र स्वच्छन्दतावादी धारापछि देखा परेको अर्को महफ्वपूर्ण धारा हो - प्रगतिवादी धारा । वि.सं. १९९७ सालको सहिदपर्वयता क्रमशः बढ्दै आएको नेपाली प्रजातान्त्रिक आन्दोलनका परिप्रेक्षमा २००४ सालदेखि नेपाली राजनैतिक चेतनामा बढ्दो क्रान्तिज्वारको पूर्वापरप्रसङ्गसँग यो प्रगतिवादी धारा जोडिएको छ । नेपाली जनताको राष्ट्रियता, प्रजातान्त्रिक चेतना र सामाजिक-आर्थिक विषमता तथा शोषण-उत्पीडनप्रति सचेत वर्गद्वन्द्वका धारणाबाट अभिप्रेरित २००४-१६ सालका अवधिका कवितालाई नवीन संचेतना प्रदान गर्न नेपाली कविताको स्वच्छन्दतावादी-

प्रगतिवादी धाराले केन्द्रीय भूमिका खेलेको हुँदा यसलाई प्रगतिवादी युग भन्न सकिन्छ । नेपाली कविताको अद्यावधिक उत्तरार्द्ध वि.सं. २०१७-०४६ अन्तर्गत मुख्य दुई धारा देखा पर्दछन् । (क) प्रयोगवादी धारा(वि.सं. २०१७-२०२९) र (ख) समसामयिक धारा (वि.सं. २०३०-२०४६ र त्यसपछि) नेपाली प्रयोगवादी कविताधाराले नेपाली कवितालाई पश्चिमको नव कवितालेखनका प्रवृत्तिहरूका निकट पुऱ्याई नेपाली कविताको अन्तर्राष्ट्रिय अद्यावधिक आयामलाई समेटेको छ । मोहन कोइराला यस प्रगतिवादी नेपाली कविताधाराका प्रवर्तक तथा केन्द्रीय प्रतिभा मानिएका छन् । वि.सं २०३०को दशक थालिँदा-नथालिँदै प्रयोगवादी कविताका क्लिष्टता र दुरूहताले सिर्जेको सम्प्रेषण-सङ्कटबाट नेपाली कवितालाई मुक्त तुल्याउने दिशामा युवा नेपाली कविहरू जुर्मुराउन थाले । मुक्तक लेखनलाई पनि अघि सार्दै र नेपाली सामजका समसामयिक भोगाइका अनुभूतिलाई कवितामा प्रतिबिम्बित गर्ने चासो राख्दै २०३० यताका विगत डेढ/दुई दशकमा नेपाली कविताको समसामयिक धारा देखा पऱ्यो ।

निचोडमा १९७५-२०४६ सालको बीचको (र त्यसपछिको) लगभग सात (साढे सात) दशकका आधुनिक नेपाली कविताको यात्रामा क्रमिक रूपमा यी चार धाराहरू देखा परेका छन् - (१) परिष्कारवादी धारा(वि.सं. १९७५-९०), (२) स्वच्छन्दतावादी-प्रगतिवादी धारा ( वि.सं.१९९१-२०१६), (३) प्रयोगवादी धारा (वि.सं. २०१७-२९) र (४) समसामयिक धारा ( वि.सं. २०३० देखियता) ।[27]

### 3.5.2 परिष्कारवादी धाराको संक्षिप्त चिनारी

परिष्कारवादी धारालाई शास्त्रीय वा क्लासिकल धारा पनि भनिन्छ । माध्यमिक काललाई तोड्दै नेपाली कवितालाई आधुनिक कालतर्फ निम्त्याउने मुख्य श्रेय कवि लेखनाथ पौड्याललाई प्राप्त छ र उनी नेपाली परिष्कारवादी कविताधाराका प्रवर्तक एवम् कन्द्रीय प्रतिभा हुन् । माध्यमिक कालका उत्तरार्द्धतिर **माधवी** पत्रिका (वि.सं. १९६५) ले अंगालेको हलन्तबहिष्कारमा आधारित लेख्य व्याकरणको स्वीकार गर्दै र अति ˘f[ङ्गारिकता विरूद्ध नैतिक एवम् धार्मिक-आध्यात्मिक चेतको पुनःर्स्थापनाका प्रवृत्तिप्रति सहमति जनाउँदै कवि लेखनाथ पौड्यालले नयाँ पाराका कविता लेख्न थालेका हुन् । यस अवधिमा कवि पौड्यालले

[27] ऐजन, पृ. ११३, ११४, ११५, १११६ ।

कविताका विषयगत र परिष्कारका साथै भाषाशैली र शिल्प-अलङ्कार एवम् कथनपद्धति र समष्टि संरचनाका साथै छन्द र भावविधानलाई पनि परिपाक र परिष्कार प्रदान गरी उनले नवीन कविता सौन्दर्यलाई निम्त्याउन र कवित्वको स्तरीकरणसमेत गर्न चाहेका थिए ।

लेख्य व्याकरणका अनुशासनमा रही कविता लेख्ने र कविताका भाव, लय, भाषाशैली र शिल्प-संरचनामा संयमका साथै सन्तुलन एवम् परिष्कार-परिमार्जन चाहने परिप्रेक्षमा नै मुख्यतः यस धारालाई परिष्कारवादी भनिएको हो । यस धाराले अङ्गालेको सामाजिक परिष्कार वा सुधार, परिवर्तनको चेतना र अझ आत्मिक स्तरमा आध्यात्मिक परिष्कारका सन्दर्भमा पनि यसलाई परिष्कारवादी धारा भन्न सकिन्छ । लेखनाथ पौड्यालका कविताकालका प्रसङ्गमा परिष्कारवादी कविता-आदर्शहरू मुख्यतः साहित्यशास्त्र र साहित्यसिर्जनाबाट प्रेरित छन् । कविताका परिष्कृत सौन्दर्यको प्राप्तिका दृष्टिले यो परिष्कारवादी कित्ता समग्र नेपाली कविताकै एक उच्च प्राप्ति हुन आएको छ । यस प्राप्ति शिखरलाई केवल उत्तरवर्ती स्वच्छन्दतावादी कविताकित्ताले मात्र आफ्ना किसिमले उछिन्न सकेको छ । परिष्कारवादी धाराका प्रवर्तक तथा केन्द्रीय प्रतिभा लेखनाथ परिस्कृत शैली र अलङ्कारशिल्प एवम् वर्णमात्रिक छन्दमाधुर्यका साथै प्रकृतिको वस्तुसौन्दर्य र युगीन आध्यात्मिक चेतका दृष्टिले अत्यन्त शक्तिशाली रहेका छन् । पाश्चात्य प्रभाव परेका परिष्कारवादी प्रबल बौद्धिक कविका रूपमा वालकृष्ण समको स्थान पनि महफ्वपूर्ण रहको छ । यस धाराका सोमनाथले देवकोटाको **शाकुन्तल** (२००२) भन्दा पछि नै भए पनि **आदर्शराधव** जस्तो उत्कृष्ट शास्त्रीय महाकाव्य(वि.सं. २००५) दिएका छन् भने कवि लेखनाथले उत्कृष्ट परिष्कारवादी प्रकृतिकाव्य **ऋतुविचार** (वि.सं. १९९१ परिवर्द्धित तथा परिमार्जित) का साथै महाकाव्यसमकक्ष उत्कृष्ट कृति **तरूण-तपसी** (वि.सं. २०१०) दिएको पाइन्छ अनि कवि वालकृष्ण समले गद्यकवितामा वैशिष्ट्य प्राप्त गरी निरीश्वर भौतिक-अध्यात्मको चिन्तनलाई अंगाली **आगो र पानी** (वि.सं. २०११) र **चिसो चुल्हो**(वि.सं. २०१५) जस्ता खण्डकाव्य र महाकाव्यसमेत दिएका छन् ।[28]

### 3.5.3 स्वच्छन्दतावादी-प्रगतिवादी धाराको संक्षिप्त चिनारी

[28] ऐजन, पृ. ११८, ११९, १२१

वि.सं. १९९१-९२ तिर प्रकट भएको आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराले आफ्नो प्रथम चरणस्वरूप १९९१-२००३ सालको अवधिलाई पार गरी वि.सं. २००४-१६ का अवधिमा दोस्रो चरणमा प्रवेश गर्दै व्यङग्यविद्रोह र क्रान्तिचेतनाको तीव्रतालाई पनि अँगाल्न पुगेको पाइन्छ । २००७ सालपछिको दशकका राजनैतिक सन्दर्भमा नेपाली कवितामा प्रगतिवादको आफ्नै अलग प्रखरता देखा पर्दछ तर त्यसमा कलात्मक उत्कृष्टता चाहिँ अपेक्षाकृत कम देखा पर्दछ ।

आधुनिक नेपाली कविताको यो स्वच्छन्दतावादी धारा मुख्यतः बेलायतको ईसवीय उन्नाइसौँ शताब्दीको पूर्वार्द्धको अङ्ग्रेजी कविताको रोमान्टिक धाराबाट प्रभावित रहेको छ र यही रोमान्टिक धाराबाट समेत प्रेरित कवि रवीन्द्रनाथ ठाकुरको बङ्गला-स्वच्छन्दतावाद र हिन्दी कविताको छायावाद-रहस्यवादबाट पनि आधुनिक शिक्षाका क्रममा नेपाली स्वच्छन्दतावादी धाराका युवा कविहरू प्रभावित हुन पुगेका हुन् । नेपाली कवितामा स्वच्छन्दतावादलाई निम्त्याउनमा **शारदा** पत्रिकाको महफ्वपूर्ण योगदान छ र स्वच्छन्दतावादका सह-प्रवर्तकका रूपमा कवि लक्ष्मीप्रसाद देवकोटा र कवि सिद्धिचरण श्रेष्ठको भूमिका रहेको छ । यस स्वच्छन्दतावादी धारामा सम्मिलित हुने प्रथम पुस्ताका अरू मुख्य कविहरू हुन् - युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित, गोपालसिंह नेपाली गोमा, प्रेमराजेश्वरी आदि ।

आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका महफ्वपूर्ण प्रवृत्तिगत विशेषताहरू हुन्-प्रबल प्रकृतिप्रेम, मानवतावाद, आस्तिक र आध्यात्मिक चेतना र क्रान्तिचेत, अतितप्रतिको मोह र भविष्यप्रतिको स्वप्निल परिकल्पना तथा वर्तमानसँगका असन्तुष्टि एवम् वेदनाका साथै करूणा र व्यङग्यचेतलाई पनि स्वच्छन्दतावादले अंगाल्न सक्छ । स्वच्छन्दतावाद यान्त्रिकता, जडता र बन्धनका विरूद्ध मुक्ति र स्वच्छन्दताको चाहनाको उपज हो । प्रखर देशभक्ति एवम् राष्ट्रिय चेत पनि स्वच्छन्दतावादी धारामा पर्याप्त भेटिने गर्दछ ।

स्वच्छन्दतावादी कविहरूमध्ये प्रगतिवादी प्रवृत्तिलाई समेत पर्याप्त मात्रामा अँगाल्ने समकालीन र उत्तरवर्ती प्रमुख कविप्रतिभाहरू हुन् - लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, धर्मराज थापा, विजय मल्ल, भूपी शेरचन, कुलमणि देवकोटा, आदि । यस स्वच्छन्दतावादी-प्रगतिवादी धाराले परम्परागत

वर्णमात्रिक छन्दमा आफ्ना पाराले नव माधुर्यको सञ्चार गर्दै मात्रिक छन्दमा उत्कृष्ट कविता-सौन्दर्य सिर्जेको छ र लोकछन्दलाई गरिमा-शिखरतर्फ उचाल्दै गद्यकविताको कलात्मक प्रयोग र समुन्नयन समेत गरेको छ । स्वच्छन्दतावादी-प्रगतिवादी धाराका केन्द्रीय प्रतिभा देवकोटाले कविताका लघु, मध्यम र वृहत(फुटकर कविता, खण्डकाव्य र महाकाव्य) तीनवटै उपविधामा र लयविधानका वर्णमात्रिक, मात्रिक, लोकलयात्मक एवम् गद्यकवितात्मक चारै थरी प्रकृयामा वैशिष्ट्य देखाई आफ्नो तीब्र कल्पनाशक्ति र आशुकवित्व वेगमा स्वच्छन्दतावादी प्रायः सबै प्रवृत्तिलाई र प्रगतिवादी ब्यङ्ग्यविद्रोह एवम् क्रान्तिको चेतलाई अभिव्यक्ति दिएका छन् । त्यसैगरी स्वच्छन्दतावाद र प्रगतिवादका साँधमा लोकछन्द र मात्रिक छन्द हुँदै गद्यकविताको परिष्कृत प्राप्ति गर्न पुगेका कवि भूपीले आफ्ना मध्यावस्थाका उत्कृष्ट फुटकर कविताहरूमा खास गरी नेपाली प्रकृति, नेपाली सामाजिक-राजनैतिक एवम् आर्थिक जीवनका विसङ्गती तथा मूल्य-विचलनप्रति कलात्मक ब्यङ्ग्यचेतनाको परिपक्वता देखाएका छन् । मोटामोटी देवकोटादेखि भूपीसम्मका पूर्वोक्त कविहरूबाट यस कविताधाराका आधारभूत प्रवृत्तिहरूको सेरोफेरो प्रकट हुन आउँछ ।[29]

### 3.5.4 प्रयोगवादी धाराको संक्षिप्त चिनारी

महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान (वि.सं. २०१६) आधुनिक नेपाली कवितायात्राका पूर्वार्द्धको समाप्तिको सूचक वर्ष रह्यो भने **प्रगति**(२०१०) देखि **इन्द्रेनी**(२०१२) सम्मका पत्रिकाका प्रयोगधर्मी कविताका माध्यमबाट चियाइरहेको कवि मोहन कोइरालाको प्रयोगधर्मी कवित्वले **रूपरेखा** पत्रिका (२०१७) को **घाइते युग** कविताका माध्यमबाट उत्तरार्द्ध यात्राका साथै त्यसको प्रथम प्रहरस्वरूप प्रयोगवादी धारालाई आमन्त्रित गऱ्यो । यस प्रयोगवादी कवितालेखनले प्रायः ईश्वररहित र विकासवादी जीवनशास्त्रीय पृष्ठभूमिमा मानवजीवनलाई यौनवासनाको आँखाले हेर्ने गर्दछ र जीवनलाई प्रायः बीभत्स, विद्रूप, विसँगत, व्यर्थ, निस्सार र शून्य पनि देख्छ । प्रयोगवादी नेपाली कवितामा कविताकृतिको सिङ्गो संरचना प्रायः अस्तव्यस्त र खजमजपूर्ण रहे पनि अनेक सुन्दर विम्ब-प्रतीक र सङ्केतहरूको उपस्थितिचाहिँ फेला पर्दछ । भाषालाई अवचेतन प्रवाहका रम्य वेगमा भाँचेर र कपेर गद्यकविता सङ्गीतको नयाँ बान्की पनि यस धाराले नदेखाएको होइन ।

---

[29] ऐजन, पृ. १२१, १२२, १२३, १२५

**नयाँ कविता** पनि त्यतिखेर भनिएको यस प्रयोगवादी कविता धाराका केन्द्रीय कवि मोहन कोइराला हुन् भने यिनको कवित्व २०३० पछिका दशकमा केही खारिई सम्प्रेषणतर्फ बढी सचेत हुन खाजेको पाइन्छ । यस धाराका अन्य प्रमुख कविहरू हुन् - द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, जगदीशशम्शेर राणा, तुलसी दिवस, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुन्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्नशम्शेर थापा, कृष्णप्रसाद श्रेष्ठ, आदि ।

नेपाली प्रयोगवादी कविताधाराअन्तर्गत **लामो कविता** का खण्डकाव्यनिकट अनेक प्रयोगका साथै **लामो काव्य** का माध्यमबाट महाकाव्यात्मक विस्तारतर्फ पनि चासो राखिएको पाइन्छ । यस क्रममा मोहन कोइरालाका **सूर्यदान** (२०२२), **लेक** (२०२३), **पलङ् नं. २१** (२०२९), **नुन शिखरहरू** (२०३१), **नदी किनाराका माझी** (२०३८) अन्तर्गतका **गङ्गाप्रवास** र अन्य लामा कविताहरू तथा **ऋतुनिमन्त्रण** र **गरलपान**(२०४०) र **एउटा पपलरको पात** (२०४७, तीन लामा कविताको संगालो) जस्ता लामा कविताको अन्तर्विकासक्रमले प्रयोगवादी कविता धारालाई विस्तृत र उचाइका साथै ईश्वरवल्लभका **मेरी आमाले आत्महत्या गरेको देश** (२०२८), **एउटा सहरको किनारामा** (२०२९-३०), **अग्निद्वीप** (२०३०) र **अग्नी म महिमा गर्छु** (२०३५ तिर) जस्ता लामा कविताले प्रयोगवादी धारामा खण्डकाव्यनिकट वैविध्य थपेका छन् ।

यस प्रयोगवादी धाराको मुख्य अवधिपछि पनि समसामयिक विगत डेढ दशकका समयमा खासगरी मोहन कोइराला र ईश्वरबल्लभका कविताकृतिहरूले निरन्तरता दिइरहेकै छन् ।[30]

### 3.5.5 समसामयिक धाराको संक्षिप्त चिनारी

नेपाली प्रयोगवादी कविताधारा एक दशक बित्दा नबित्दै राल्फा, अकविता, भोको पिँढी, मन्त्र, योङ्ग, राइटर्स फ्रन्ट, बुट पालिस, अमलेख, आदि अभियानका नयाँ चहलपहल नेपाली कवितापरिप्रेक्षमा देखा पर्न थाले । गोजीका (लघु पत्रिका) आन्दोलन, हवाईपत्र र मिनी-मुक्तक तथा लघु कविताका प्रयासबाट प्रयोगवादी क्लिष्टतालाई छिचोल्दै सम्प्रेष्यता र समसामयिक यथार्थबोधप्रति बढ्दो रुचिले गर्दा धारागत सङ्क्रमणको आभास क्रमशः बढ्न

[30] ऐजन, १२७, १२८, १२९

थाल्यो । यस सन्दर्भमा प्रयोगवादी र समसामयिक धाराका दोसाँधमा पनि अनेक युवा प्रतिभाहरू प्रकट भएका र क्रमशः समसामयिक धाराका निकटतामा हुर्किएको पाइन्छ । यस्ता प्रमुख कविहरू हुन् :- शैलेन्द्र साकार, जनार्दन जोशी, रमेश श्रेष्ठ, भुवन ढुङ्गाना, मञ्जु काँचुली, कविताराम, हरि अधिकारी, आदि ।

२०३० का दशकका सुरुतिर नवलेखन र युवालेखन पनि भनिएको र आधुनिक नेपाली कविताको नवप्रगतिवादी र नवयथार्थवादी पुनःस्थापना पनि भन्न सकिने समसामयिक धारा (२०३०-हालसम्म) का मुख्य प्रवृत्तिगत पहिचान हुन्- सम्प्रेषणीयताको प्रत्यावर्तन, लघु(मुक्तक) कविताप्रति विशेष आकर्षण, समसामयिक विकासोन्मुख नेपाली समाजका (२०४६ सालको जन-आन्दोलनभन्दा अघिका वा पछिका ) सामाजिक-राजनैतिक एवम् आर्थिक र अन्य क्षेत्रमा देखा परेका विसङ्गतिका टड्कारा सन्दर्भ र समस्याप्रतिको तीब्र संवेदनशीलता र जागरूकता, युगीन-वैयक्तिक मानवीय अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय असङ्गति र अर्न्तविद्रोह एवम् मूल्य विचलनप्रतिको युवासुलभ आक्रोशको प्रखरता, अन्तर्विद्रोह र आक्रामकता, प्राकृतिक र ग्रामीण परिवेशभन्दा सहरबजारको गन्जागोल परिवेशप्रति बढी जागरुकता, दुःस्वप्न र स्वप्नाघात, अस्तित्ववोध र अस्मिता, खस्रो-खरो र सहज कथन तथा कठोर-कोमल दोहोरो भाषाशैलीप्रति झुकाव, वाग्वैदग्ध्य तथा व्यङ्ग्य, वर्तमान भोगाइका यथार्थ जीवनसन्दर्भप्रति संवेदनशील, सटीक-नवीन विम्व-प्रतीकको पर्याप्त उपयोग एवम् सम्प्रेष्य तथा धारिलो कथन पद्धति र संरचनाको खोज आदि ।

नेपालमा २०४६ सालको जन-आन्दोलनको सफलतापूर्वका समय सन्दर्भ (२०३०-हालसम्म) मा समसामयिक धाराको कविताले तत्कालीन दलविहीन (दल प्रतिबन्धित) पञ्चायती राज्यव्यवस्थाका शासन-राजनीतिका एवम् विकास र आर्थिक क्रियाकलापका विसङ्गति-विचलन एवम् नैतिक साँस्कृतिक मूल्यस्खलनप्रति व्यङ्ग्य-विद्रोहको र नागरिक अधिकार एवम् मानवअधिकारको पुनःस्थापनाको अन्तर्भाव एवम् राष्ट्रियता-देशभक्तिको स्वरलाई व्यङ्ग्य र अन्तर्विद्रोहका कलामार्फत व्यक्त गर्‍यो भने बहुदलीय प्रजातान्त्रिक पुनः स्थापनापछिका विगत वर्षहरूमा प्रथमतः सहिद-स्मृति र राष्ट्रिय नव निर्माणका स्वप्नका साथै मुक्तिकामनाका स्वरहरू उरालेको पाइन्छ ।

समसामयिक धाराका कतिपय कविका कृतिमा युगीन समाजसञ्चेतना र त्यसका व्यङ्ग्य-विद्रोह तथा क्रान्तिका रागमा शाश्वतिक सञ्चेतना पाउन सकिन्छ । यो धारा अझै

आफ्ना सम्भाव्य उचाईतर्फ यात्रारत, प्रयासरत र चालू छ । जे होस्, यो धारा पूर्ववर्ती प्रयोगवादी धाराका दाँजामा त्यसको पनि पूर्ववर्ती प्रगतिवादी(स्वच्छन्दतावादी) धाराका शिखर प्रतिभा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपी शेरचन आदिको गद्यकवितात्मक प्रगतिवादी संचेतनामार्फतको आंशिक प्रत्यावर्तन हो । यस समसामयिक धाराका विशेष चर्चित कविहरू हुन् : मीनबहादुर विष्ट, विनोद अश्रूमाली, विजय बजिमय, तोया गुरूङ्ग, अनिता तुलाधर, दिनेश अधिकारी, विमल कोइराला, अशेष मल्ल, विष्णु घिमिरे, जीवन अर्याल, सरूभक्त श्रेष्ठ, शिव अधिकारी, नरेन्द्रराज पौड्याल, गोविन्द गिरी प्रेरणा, कृष्ण प्रधान, गोपाल पराजुली, लव गाउँले, शङ्कर थपलिया, हरिहर अधिकारी, काजी शेरचन, डा.कृष्णप्रसाद दाहाल, विनोद गौचन, मोहन दुवाल, विक्रम सुब्बा, धीरेन्द्र मल्ल, चन्द्रमणि प्रसाइँ, आदि ।

समसामयिक धाराकै समयावधिमा गीतिकवित्वका दृष्टिले कवयित्री चाँदनी शाहका गीतहरू उल्लेख्य रहेका छन् । गजलगीतको कवित्व जी शाहका गीतिरचनाले प्रकट गरेका छन् । गीतिकवित्वका दृष्टिले समसामयिक धाराका समयावधिमा राजेन्द्र थापा, राजेन्द्र रिजाल, कृष्णहरि बराल, विश्वम्भर प्याकुरेल, भीम खरेल, प्रेमप्रकाश मल्ल, प्रल्हाद पोखरेल, शम्भुकुमार मिलन आदि पनि उलेख्य देखा पर्दछन् । यस धाराका कविहरूले २०४६ सालको सफल जनआन्दालेन र सन् १९९० का दशकमा युरोपमा देखापरेको नाटकीय परिवर्तनलाई सृजनात्मक उत्प्रेरणाका रूपमा ग्रहण गरेका छन् । यो जमात हालका एक-दुई वर्षमा मुलुकमा बढ्दै गएको नैतिक मूल्यको विचलन, राजनीतिमा देखापरेको अपराधीकरण, राजनीतिक लुछाचुँडी, विहारी शैलीको राजनैतिक प्रतिस्पर्धा आदिबाट आक्रोशित भई विद्रोही मुद्रामा खडा भएको छ ।

यस समसामयिक धाराका कालमा गद्यकवितासँगै छन्दोबद्ध कविता, गीति कविता र गजल-कविताको सह-अस्तित्व देखा पर्दछ । आधुनिक नेपाली कविताको समसामयिक धाराको अद्यावधिक संक्षिप्त चिनारीको रेखाङ्कन अहिले यत्तिकै मात्र गर्न सकिन्छ । समसामयिक धाराका अनेक प्रतिभाशाली युवा कविहरूमध्ये दिनेश अधिकारी, कृष्णभूषण बल र फणीन्द्र नेपाल बढी निजत्वका साथ फक्रिँदै छन् ।[31]

---

[31] ऐजन, १३१, १३२, १३३, १३५, १३६

## 3.6 निष्कर्ष

साहित्यका विविध विधाहरूमध्ये कविता विधा अनुभूतिमूलक एक सिर्जनात्मक रचना हो । कविता भाषाको माध्यमबाट प्रस्तुत गरिने सिर्जनात्मक अभिव्यक्ति हो । कविको आफ्ना अनुभूतिलाई भावनाले खेलाएर कलात्मक तरिकाले लिपिबद्ध गरिएको लयात्मक अभिव्यक्ति कविता हो । कविताका अनेक प्रकारका परिभाषा र सैद्धान्तिक मान्यताहरू रहेका छन् । कविता विधाको आधुनिक सैद्धान्तिक मान्यता अनुसार कवितामा विभिन्न तफ्वहरू रहेका छन् । कविता अनेक अवयव वा अङ्गहरूको मेलबाट निर्मित एउटा संरचनात्मक विधा हो । नेपाली भाषामा साहित्यले आँकुरो हालेको पहिलो काव्यरूप पद्य हो । अभिव्यक्तिले कलात्मक वान्कीमा अनुहारिने पहिलो अवसर पद्यमा पाएको हुनाले कविता नै नेपाली साहित्यको जेठो विधा हो भन्ने मानिएको छ । नेपाली साहित्यमा कविताको परम्परा लोक-साहित्यिक पृष्ठभूमिबाट उठान भएको देखिन्छ । संवत् १८२६ सालतिर सुवानन्द दासद्वारा लेख्य नेपाली कविताको थालनी भएको हो । कविताको ऐतिहासिक परम्परालाई विभिन्न चरण र उपचरणहरूमा विभाजन गरिएको छ ।

नेपाली कविताको प्राथमिक कालको थालनीमा वीर भावना र राष्ट्रवादमा आधारित कविता लेखिए भने वि.सं. १८७२ को सुगौली सन्धीपछि नेपालीको वीरता र जोश शिथिल भयो । वि.सं. १९४० मा मोतिराम भट्टको उदय भएपछि अनुवाद परम्पराबाट मौलिक लेखनतर्फ पाइला चाल्दै गएको नेपाली साहित्य मुद्रण तथा प्रकाशनको नयाँ चरणमा प्रवेश गऱ्यो । यस पछिको समयलाई माध्यमिक काल भनिएको हो । माध्यमिककालीन कविहरू वीरवन्दना र भक्तिमार्गलाई छोडी ˘f[ङ्गारिकतातर्फ अघि बढेका देखिन्छन् । यस कालका उत्तरार्द्धतिरका कवितामा सौन्दर्य चेतनाको तीब्रता र शिल्पगत सचेतताले परिष्कार एवम् परिमार्जन देखा पऱ्यो । यसरी नेपाली कविता आधुनिक चरणमा प्रवेश गऱ्यो । वि.सं. १९७५ सालदेखि आरम्भ भएको आधुनिककालीन सीमामा लेखनाथ पौड्याल रहेका छन् । नेपाली कविहरूले स्वच्छन्द शैलीमा भाव अभिव्यक्त गरेर संयुक्त रूपमा आधुनिक चेतना प्रस्तुत गरेपछि कवितामा आधुनिकता आएको हो ।

यसरी नेपाली कविता विभिन्न धारा तथा प्रवृत्तिहरूमार्फत् प्रवाहित रहँदा छन्दबन्धनबाट मुक्त हुँदै गयो । भाषाशैलीका दृष्टिले पनि कवितामा विभिन्न प्रयोगहरू भए

र अनेक मोड-उपमोड देखा परे । आधुनिक कालमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा, प्रयोगवादी धारा र समसामयिक धारा मुख्य रूपमा रहेका छन् ।

# अध्याय-चार

# कवि मोहन दुवालको काव्यिक यात्राको अध्ययन

## 4.1 परिचय

बाल्यकालदेखि नै गीत-सङ्गीत, साहित्य, खेलकुद आदिमा विशेष रुचि राख्ने मोहन दुवाल विद्यार्थी जीवनदेखि नै साहित्यानुरागी स्वभावका थिए । कवि दुवाललाई साहित्य सिर्जनामा हौसला र प्रेरणा प्रदान गर्ने आदिथलो उनको घरपरिवार नै थियो । दुवालले आफ्ना पिता गणेशबहादुर दुवाल लगायत दाजुहरू हरिप्रसाद दुवाल, कृष्णप्रसाद दुवाल र देवेन्द्रप्रसाद दुवालबाट प्रेरणा प्राप्त गरी साहित्य लेखनलाई अगाडि बढाएको देखिन्छ । वैवाहिक बन्धनमा बाँधिनु अघिदेखि सुरू भएको दुवालको लेखनी कार्य विवाहपश्चात पनि कुनै अवरोधबिना अगाडि बढेको पाइन्छ । श्रीमती भारती श्रेष्ठले यथासक्य सल्लाह र सहयोग दिनुका साथै घरायसी झन्झटबाट मुक्त गरिदिएपछि दुवालको सिर्जनामा झन उपयुक्त वातावरण मिलेको देखिन्छ । छोरी सिर्जना दुवालले पनि पितालाई आवश्यक सहयोग पुऱ्याई आफूले पनि साहित्य लेखनमा कलम चलाएको थाहा हुन्छ । यसरी अनुकूल पारिवारिक वातावरण पाएकाले दुवालको सिर्जनात्मक कलम बीनाविश्राम अगाडि बढेको पाइन्छ .[32]

यतिमात्र नभएर मोहन दुवालका पिता गणेशबहादुर दुवाल सामाजिक कार्यकर्ता, राजनीतिक सोचाइ भएका व्यक्ति, व्यापारी तथा अध्ययनशील व्यक्ति समेत भएका कारण विभिन्न बौद्धिक व्यक्तिहरूसँग उनको सान्निध्य थियो । ती समाजसेवी, साहित्यकार तथा राजनीतिज्ञहरूको बाक्लो आवत्‌जावत्‌ भएका कारण पनि मोहन दुवाल सानै उमेरदेखि बौद्धिकवर्गको सङ्गतमा परेका थिए । समाजसेवी तुलसी मेहर श्रेष्ठ आफ्ना पिताका अत्यन्तै मिल्ने साथी हुनाले बारम्बार घरमा आइरहन्थे भने साहित्यकार सिद्धिचरण श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, आदिलाई पनि घरमा देखेपछि दुवाललाई थप प्रेरणा मिलेको पाइन्छ । घरमा आएका साहित्यकारहरूको कुरा र कार्य नजिकैबाट हेर्न पाएका दुवाल त्यही क्षेत्रमा अगाडि बढ्न थाले । यसरी सिर्जनात्मक कार्यमा अगाडि बढ्नुको प्रेरक तफ्वहरू आन्तरिक र बाह्य गरी

[32] शोधनायकबाट प्राप्त जानकारी ।

दुई किसिमका देखिन्छन् । सामाजिक कार्यहरूमा सरिक हुनु, साहित्य सिर्जनामा आफूलाई समर्पित गराउनु, अझ राम्रो काम गर्ने भावना मनमा बोकेर अगाडि बढ्न सक्नु जस्ता कार्यको प्रेरणा आफ्नै घर-परिवार हो भनी दुवाल स्वीकार्दछन् । लेखन, प्रकाशन तथा सम्पादन कार्यको प्रेरकका रूपमा उनी दुर्गालाल श्रेष्ठ, सिद्धिचरण श्रेष्ठ, पारिजात, तुलसी मेहर जस्ता व्यक्तिहरूलाई मान्दछन् ।

यसप्रकार विभिन्न व्यक्तिहरूबाट प्रेरणा प्राप्त गर्दै, विभिन्न घुम्ती र मोडहरू छिचोल्दै अगाडि बढेका दुवाल साहित्यका बहुमुखी लेखनका दोभान हुन् । उनको काव्ययात्रा विभिन्न प्रवृत्ति र मोडहरू पार गर्दै निरन्तर गतिशील रहेको छ । उनले भोगेका कटु यथार्थ र अनुभूति एवम् राजनीतिक, सामाजिक, आर्थिक कारणबाट परेको प्रभावलाई आफ्ना कृतिहरूमा अभिव्यक्ति दिएका छन् । उनको साढे चार दशकभन्दा बढीको समग्र काव्ययात्रालाई पृष्ठभूमि, प्रथम, द्वितीय र तृतीय गरी चार चरणमा राखेर निम्नानुसार प्रस्तुत गरिएको छ ।

### 4.2 पृष्ठभूमि चरण (प्रारम्भ-२०२०)

कवि मोहन दुवालले विद्यालयमा कक्षा ६/७ मा पढ्दादेखि नै कविता लेख्न सुरू गरेका हुन् । उनी कविताका अनुरागी भएकै कारणले आफूलाई मन लाग्नासाथ कविता कोरिहाल्थे र साथीभाइहरूलाई सुनाइहाल्थे । कविता नबुझे पनि निरन्तर पढिरहने बानीले उनमा कविताप्रति मोह बढ्दै गयो । जुनसुकै विषय वा घटनामा आधारित भएर कविता लेख्ने र साथीहरूमाझ तुरुन्तै सुनाइहाल्ने कारणले उनी सानै छँदादेखि नै साथीहरूमाझ **कवि** का रूपमा परिचित हुँदै गए । उनी नेवारी भाषामा र नेपाली भाषामा कविता लेख्ने गर्दथे । समय-समयमा हुने गरेका विभिन्न कविगोष्ठीमा गएर उनी कविता सुनाउने गर्दथे । यसरी कविता सुनाउन पाउँदा गौरवको अनुभव गर्दथे । उनले करिव १२ वर्ष देखि १५ वर्षसम्मको उमेरमा धेरै कविताहरू कोरेका थिए । २०२१ सालतिर नेपाल युवक सङ्गठनको आयोजनामा भएको अञ्चल स्तरीय कविता प्रतियोगितामा उनले तृतीय स्थान हासिल गरेका थिए र रू. ३००।- नगद पुरस्कार प्राप्त गरेका थिए । कवि भवानी घिमिरे र

वासुशशी मुल्याङ्कन समितिमा रहेर उक्त कवि गोष्ठीमा उनलाई कविको रूपमा पुरस्कृत गर्दै कवि वासुशशीले मानवीय संवेदना व्याप्त कविताको रूपमा मूल्याङ्कन गरेका थिए ।

कविता लेखिरहने र अरूहरूलाई सुनाउन पाउँदा गौरव गर्ने उनको बानीले गर्दा साहित्य उनको सबैभन्दा मनपर्ने विषय बन्दै गयो । हस्तलिखित पत्रिका निकाल्ने, गोष्ठी गर्ने र साथीहरूको समूह बनाउने क्रमले उनमा साहित्य र कविताप्रति लगाव बढ्दै गयो । घरमा साहित्यकारहरू आइरहने, साहित्यिक पत्र-पत्रिकाहरू उपलब्ध भइरहने कारणले दुवालमा साहित्यप्रतिको चिन्तन बढ्दै गयो । हुनत बुबा गणेशबहादुर र दाजुहरूमा हरि, कृष्ण, देवेन्द्र, सबैजसोले कविता कोर्ने गरेको र साहित्यमा मन दिने परिवार भएकै कारणले उनमा पनि साहित्यिक क्षेत्रमा आफ्नो दृष्टि-मर्म टाँसिदै गएको हो । घरमा आइरहने त्यसताकाका साहित्यकारहरूमध्ये सिद्धिचरण श्रेष्ठ, भवानी घिमिरे र दुर्गालाल श्रेष्ठले उनमा विशेष प्रभाव छाडेको बुझिन्छ । अझ उनीहरूको कविताले दुवाललाई विशेष प्रभाव पारेको प्रसङ्ग विर्सिनुसक्नु थियो । कवि सिद्धिचरण श्रेष्ठको अड्की-अड्की कविता पढ्ने बानी, भवानी घिमिरेको जोशिलो स्वरमा फुर्तिलो पाराले वाचन गर्ने कला र दुर्गालाल श्रेष्ठको आँखा चिम्ली-चिम्ली लयात्मक कविता पढ्ने जाँगरले कविताप्रति उनको मोह थपिँदै गयो । यसैताका उनले समाजपरक सरल कविता पनि लेखे र यसैगरी क्लिष्ट कविता लेख्ने प्रयास पनि गरे । सिद्धिचरण श्रेष्ठ, भवानी घिमिरे, दुर्गालाल, भीमनिधिका सरल कविताहरूबाट कविता सिक्दै र लेख्दै आएका दुवालले त्यसताका विस्तारै लक्ष्मीप्रसाद देवकोटा, भूपी शेरचन, गोपालप्रसाद रिमालका कविताहरू पढ्दै गए । पछि पारिजात, द्वारीका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, मोहन कोइरालाका क्लिष्ट कविताहरू पढ्न थालेपछि सकेसम्म अरूले नबुझ्ने खालका क्लिष्ट कविताहरू लेख्ने र अरूहरूलाई सुनाउने रहर उनमा बढ्दै गयो । तर धेरै समयसम्म उनमा क्लिष्ट कविताप्रतिको मोह रहेन, परन्तु कविता यात्रालाई भने निरन्तरता दिइनै रहे ।[33]

## 4.3 प्रथम चरण (वि.सं. २०२१-२०२३)

कवि दुवालको कवितायात्रा अगाडि बढ्दै जाँदा वि.सं. २०२१ सालमा **नयाँ संसार** पत्रिकामा **मेरो सपना** नामक कविता प्रकाशित हुन पुग्यो । आफ्नो कविता छापामा आएपछि

[33] शोध नायकबाट प्राप्त जानकारी ।

उनी निकै खुसी भए । पछि **सिद्धिदास महान** नेपाल भाषाको पुस्तक संकलनका रूपमा कृष्ण प्रसाद दुवालले सम्पादित गरी निकालेको पुस्तकमा पनि उनको **झिगु जीवन** नामक नेपाल भाषाको कविता प्रकाशित भयो । यसैगरी हस्तलिखित पत्रिकामा पनि उनका केही कविताहरू प्रकाशित भएपछि उनमा किताव निकाल्ने रहर जागेर आएको थियो । यसैताका उनका निकै मिल्ने साथी के.जी. पलाञ्चोकेलाई यो रहर उनले सुनाए । उनले प्रकाशक भइदिने विचार प्रकट गरे, यस समयमा कविताहरू धेरै पत्र-पत्रिकामा प्रकाशित भएनन् । बरू कवितावाचन गर्ने रहर बोकेर उनी ठाउँ-ठाउँमा भएका कवि-गोष्ठीहरूमा धाए । काठमाडौँका विभिन्न बहालहरूमा भएका कवि-गोष्ठीहरूमा, भक्तपुर, ठिमिका विभिन्न ठाउँहरूमा भएका सम्मेलनहरूमा, बनेपामा दुवाल स्वयम्ले गरेका गोष्ठी-सम्मेलनहरूमा, विद्यालयमा हुने कवि-गोष्ठीहरूमा निकै जमेर उनले भाग लिने गरेका थिए ।

विभिन्न सम्मेलनहरूमा वाचन गरिएका त्यसताकाका उनका कविताहरू सामाजिक विसङ्गतिप्रतिको विद्रोह र समाजमा बढ्दै गएको अन्याय, अत्याचार, शोषण आदिको अन्त्य हुनुपर्ने जस्ता भावनाले ओतप्रोत भएका थिए । जब कवि दुवाल किशोरावस्था पार गरेर युवावस्थामा पाइला टेक्दै थिए, त्यसबेला नेपालमा तीसबर्षे तानाशाही पञ्चायती व्यवस्थाले चरमोत्कर्षमा पुगेर आफ्नो ताण्डवनृत्य प्रस्तुत गरिरहेको थियो । जतातत‍ै अन्याय र अत्याचारले राज्य गरिरहेको थियो । शासकहरू भ्रष्ट भइरहेका थिए ।[34] सामाजिक बनोट कुरूप र विकृत भएको थियो । कुनै पनि असल नागरिकलाई देश र समाजको यस्तो अवस्था हुनु पक्कै मन पर्दैन । दुवाल पनि यस अवस्थाको जमेर विरोध गर्दै थिए । आफ्ना सिर्जनामा पनि उनले देशको त्यस्तो अवस्थाको चित्रण गरेका थिए ।

### 4.4 द्वितीय चरण (२०२४-२०४६)

कवि दुवालको काव्ययात्राको द्वितीय चरण २०२४ देखि २०४६ सम्म रहेको छ । यस अवधिमा उनी साहित्येतर क्षेत्रमा पनि ध्यान दिँदै आफ्नो जीवनको मुख्य पाटो साहित्य साधनालाई निरन्तरता दिँदै पुस्तक प्रकाशित गर्ने कार्यमा तल्लीन भएर लागेका देखिन्छन् । वि.सं. २०२३ सालतिर नै पुस्तक निकाल्ने जाँगर चलाएका कवि दुवालले आफूले पुरस्कारस्वरूप प्राप्त गरेको रू. ३००।- र केही रकम के.जी. पलाञ्चोकेले राखेर के.जी.

[34] शेषराज सिवाकोटी, **सिर्जना र साधनाका दोभान मोहन दुवाल** (काठमाडौँ, ज्ञानुगुन साहित्य प्रतिष्ठान, २०५८), पृ १०७/१०८ ।

पलाञ्चोकेको प्रकाशनमा नेपाल भाषाको कवितासङ्ग्रह **चुलिजाः गु स्वाँ** (२०२३) प्रकाशित गरे । यस क्षेत्रमा कविता सङ्ग्रह प्रकाशित भएपछि कविको रूपमा दर्ता भएजस्तो कवि दुवाललाई लागेको थियो । यस अवस्थामा एउटै पुस्तक नेवारी भाषामा प्रकाशित भयो, तर पनि उनी निकै सक्रियताका साथ साहित्यिक कृयाकलापमा, नेपाल भाषा आन्दोलनमा लागिरहे । रेडियो नेपालबाट नेपाल भाषामा सञ्चालित **जीवन दबु** कार्यक्रम स्थगित गरिदिए पछि नेवारहरूले साङ्गठनिक रूपमा देशव्यापी उक्त कार्यको विरोध स्वरूप साहित्यिक/भाषिक कार्यक्रमहरू आयोजना गरे । बनेपामा पनि वर्षभरि जसो नै हप्ता-हप्तामा साहित्यिक कार्यक्रमहरू गरिन्थे, उक्त कार्यक्रमको नेतृत्व कवि दुवालले नै गर्दथे । साहित्य मन परेर साहित्यिक गोष्ठी-सङ्गोष्ठीहरूमा धाउने, आफ्नै नेतृत्वमा साहित्यिक कार्यक्रमहरू गर्ने लत दुवालमा बढ्दै गयो । कृति प्रकाशनमा जोड दिनुभन्दा यस्तै माथि उल्लेख गरिएका गतिविधिहरूमा कवि दुवाल सक्रिय भएर लागे । यसै क्रममा हस्तलिखित पत्र-पत्रिका निकाल्न प्रेरणा दिने कार्य गर्न उनी लागिपरे । साहित्यिक पत्रिकाको सम्पादक हुने रहर उनमा चढ्दै गयो ।[35] मित्र राजभाइ प्रधानसँग यसबारे सरसल्लाह गरेर वि.सं. २०२७ सालमा नै बनेपाबाट दुवाल र राजभाइको सम्पादनमा **विगुल** नामक प्रगतिशील सामयिक सङ्कलनको प्रकाशन भयो । **विगुल** २०२८ सालमा पनि प्रकाशित भयो । यो पत्रिका देशभरका प्रगतिशील पाठकहरूका माझमा निकै चर्चामा आयो । वर्षको एउटा भएपनि स्तरीय पत्रिका निकाल्ने योजना अनुसार प्रकाशित **विगुल** को तेस्रो अङ्क २०२९ मा प्रेसबाट बाहिर निकाल्न नसकिएको तीतो अनुभव दुवालले अझै विर्सन सक्नु भएको छैन । निरङ्कुश पञ्चायती प्रशासनको कुदृष्टिबाट उहाँहरू बच्न सक्नु भएन । त्यसताका निकै सक्रिय दुवाल र उनका साथीहरूको गतिविधि प्रशासनलाई पटक्कै मन नपरेकै कारणले **विगुल** को तेस्रो अङ्क २०२९ सालमा प्रेसबाट नै सबै कपीहरू जफत गरी प्रशासनले लग्यो । दुवालहरूमाथिको यो हमला निकै प्रतिशोधात्मक पञ्चायती शासकहरूको हमला थियो । यसैताका उनीहरूले बनेपामा प्रगतिशील साहित्य सम्मेलनको आयोजना गरे । २०३० सालतिर नै हो आयोजनास्थल बनेपास्थित तीनधारामा प्रहरीहरूको तैनाथ गराइयो । दुवाल साथीहरूले भनेकै कारण घरैमा थिए । प्रहरीले मञ्च कब्जा गरी तुल लगायत सबै सामग्रीहरू जफत गरी लगे । दुवाल घरैमा लुकेको कारणले प्रहरीले पक्राउ गर्न सकेन । मित्र श्री जवाहर श्रेष्ठ र हरिकृष्ण श्रेष्ठलाई पक्रेर लगे । दुवाललाई भूमिगत बस्न सबै

[35] शोध नायकबाट प्राप्त जानकारी ।

साथीहरूले भनेको हुनाले उनी रातको समय पारेर एकजना साथीको सहारामा काठमाडौँमा भागे । काठमाडौँमा उनका मित्र अमरलाल श्रेष्ठले आफ्नै कोठमा राखे, पछि किशोर श्रेष्ठले उनलाई सुरक्षित ढङ्गले लुकाए । यसैताका लुकेर मात्र बस्न मन नपरेकाले **कृति** साहित्यिक पत्रिका निकाल्ने योजना उनले बनाए । किशोर श्रेष्ठकै सम्पादनमा उक्त **कृति** पत्रिका निकाल्ने योजनाको टुङ्गो लाग्यो । प्रेसको खोजी गरी त्रैमासिक दर्ता गर्ने योजना उनीहरूले बनाए । **कृति** मा एकजना साहित्यकारको विस्तृत परिचय सहितको समग्र पक्षको परिचय गराउने लक्ष्य उनीहरूको थियो । सबैभन्दा पहिलो अङ्क **सिद्धिचरण विशेष** निकाल्ने योजना उनीहरूले बनाए । केही लेख रचना पनि सङ्कलन गरी तयारीका साथ अगाडि बढ्ने क्रममा नै प्रेसमा केही रकम र सामग्री पनि जिम्मा दिने काम उनीहरूले गरे । तर पत्रिका दर्ता गर्ने कुरामा सहमति दिएनन् अर्थात त्यसताका सेन्सरसिप निकै कडा थियो ।[36] एउटै अङ्क मात्र निकाल्दा बदनाम हुने डरले उक्त अङ्क पनि निकाल्ने कवि दुवाल लगायतकाहरूको जाँगर चलेन । कवि दुवाल त्यसताका साहित्यिक यात्राको क्रममा निकै कठिनपूर्ण सङ्घर्षका जँघारहरू तर्दै अगाडि बढिरहे । पञ्चायती शासकले **विगुल** फुक्न दिएन, राँको साहित्यिक सम्मेलन गर्न दिएन र काठमाडौँमा रहेर **कृति** छाप्ने अवसर पनि दुवालले प्राप्त गरेनन् । तर पनि साहित्यिक यात्रा मन परेकै कारणले साहित्यिक पथमा पछि-पछि कुदिरहे ।

पनौतीका मित्र लक्ष्मण सुन्दर सैँजुसँग रमेर **रोशी** सामयिक सङ्कलनका धुनमा कवि दुवालले साहित्य गुञ्जाइरहे । यसैगरी धुलिखेलका उनका साथीहरू दिलसुन्दर श्रेष्ठ र सुवास श्रेष्ठसँगसँगै लागेर **वेदना** त्रैमासिक मार्फत साहित्यिक वेदना पोखिरहे । २०४२ माघदेखि २०४३ पुषसम्ममा **उत्साह** साहित्यिक मासिकका १२ वटा अङ्कहरूमा पारिजात, खगेन्द्र सङ्ग्रौला, रमेश विकल, आनन्ददेव भट्टसँग सम्पादक मण्डलमा रहेर आफ्नो साहित्यिक जाँगरमा उत्साह थप्ने काम दुवालले गरिरहे । त्यसताका अर्थात् २०३६ सालदेखि महेन्द्र मा.वि. साँगामा प्र.अ. भई सेवा पुऱ्याइरहेका थिए । २०३९-२०४० मा **भञ्ज्याङ्ग** (वार्षिक मुखपत्र) मार्फत् साहित्यिक उर्जा फुकाइरहने काम उनले गरे । त्यसैगरी काभ्रे बहुमुखी क्याम्पसको **भुजङ्ग** (वार्षिक पत्र) लाई साथ दिने वातावरणमा रम्न दिएर उनले भुजङ्ग प्रकाशनमार्फत् साहित्यिक कृयाकलापहरू गरिरहे । थुप्रै साहित्यिक संघ-संस्था, थुप्रै

[36] शोध नायकबाट प्राप्त जानकारी ।

साहित्यिक पत्र पत्रिकामा साथ दिँदै र गर्न मन गर्नेलाई सहारा दिँदै कवि दुवाल साहित्यिक आन्दोलनमा निरन्तर लागिरहे ।[37]

## 4.5 तृतीय (२०४७ - हालसम्म)

२०४६ को सफल जनआन्दोलनपूर्व कवि दुवाल समाज र राष्ट्रका खराब प्रवृत्ति, राजनैतिक अस्वस्थता, निरङ्कुश पञ्चायती बर्बरता आदिको विरोध गर्दा कवितामा बढीभन्दा बढी विम्ब र प्रतीकहरू खेलाउने गर्दथे । देशमा प्रजातन्त्र प्राप्त भएपछि भने समाजको यथार्थ विषयलाई उठान गर्दा थोरै विम्ब र प्रतीकको प्रयोग गरी सबैले बुझ्ने भाषामा सिधै कवितामार्फत व्यक्त गर्न थाले । वर्तमान अवस्थासम्म आइपुग्दा उनी विभिन्न रचनाका माध्यमबाट प्रजातन्त्रमा मौलाएको स्वार्थी प्रवृत्ति, राजनीतिक भ्रष्टता, सामाजिक कुरुपता, अन्याय, अत्याचार आदिको खरोरुपमा विरोध गर्दै आएका छन् ।

कवि दुवालको २०४४ सालमा मात्र **वेदना** मा प्रकाशित लेख रचनाहरू सङ्कलन गरी (१) आलोचना र परिचय पुस्तक जनमत प्रकाशनबाट प्रकाशित भयो । जनमत प्रकाशित अन्य नेपाली भाषामा (२) सिर्जनाका फूलहरू (मुक्तक सङ्ग्रह) २०४६ साउनमा प्रकाशित भयो । त्यसपछि २०४७ कात्तिकमा (३) सचेतका धुनहरू गद्य कविता सङ्ग्रह प्रकाशित भयो । (४) गर्भका रहस्यहरू (२०४८) लेखसङ्ग्रह,(५) गरिमामय व्यक्तित्व केदारनाथ प्रधान (२०५१) जीवनीपरक निबन्ध प्रकाशित हुन पुगे । त्यसैगरी (६) संरचनाका मूलहरू (मुक्तक सङ्ग्रह) २०५२,वैशाख (७) क्रमशः सन्दर्भहरू २०५२ साउन (लेख सङ्ग्रह) (८) साहित्यिक चिन्तनहरू (२०५२, भाद्र) लेख/निबन्ध सङ्ग्रह, (९) मानवीय संवेदनाहरू( २०५५, चैत्र) कविता सङ्ग्रह, (१०) प्रतिविम्वित विम्वहरू (२०४६ चैत्र) व्यक्ति वृत सङ्ग्रह (११) जः=जीवन, जीवन=जः(२०५९, अषाढ) कविता सङ्ग्रह (नेपाल भाषामा), (१२) सम्भावनाका मनहरू (२०५९, कात्तिक), मुक्तक सङ्ग्रह, (१३) क्रान्त कविताका अक्षरहरू (२०६२, असोज) गद्य कवितासङ्ग्रह, (१४) वैचारिक अनुभूतिहरू(२०६४, भाद्र) अन्तर्वार्ता सङ्ग्रह, (१५) चीनको बाटो हुँदै उत्तर कोरियाको यात्रा (२०६५) नियात्रा, (१६)

[37] शोधनायकबाट प्राप्त जानकारी ।

जनमत के भन्छ ?(२०६५, चैत्र) सम्पादकीय, (१७) सिक्किम पुग्दाका कुराहरू (२०६६, चैत्र) नियात्रा जस्ता दर्जनौं कृतिहरू कवि दुवालका प्रकाशित भइसकेका छन् ।[38]

यसबाहेक अनामणि प्रकाशन, नाला काभ्रेबाट **भारतीका उत्सर्गहरू** कविताङ्ग्रह (२०६२) प्रकाशित भइसकेको छ । अहिले पनि २०६८ चैत्रमा दुईवटा कवितासङ्ग्रहहरू (१) **राख्नु हुँदैन वस्तीका बाघहरू** र (२) **मनको मझेरीमा बल्झिरहेका प्रश्नहरू** प्रकाशोन्मुख अवस्थामा छन् । थुप्रै कविताहरू पत्र-पत्रिकामा प्रकाशित छन् । जनमत साहित्यिक मासिकका प्रधान सम्पादक समेत रहेका कारणले थुप्रै कविलेखकहरूसँग परिचय हुनु, थुप्रै साहित्यिक गोष्ठी-सङ्गोष्ठीमा धाउन पाउनु र जनमतमार्फत् थुप्रै खालका कार्यक्रमहरू गर्न पाउनुले कवि दुवाल साहित्यिक पथमा जाँगर चलाएर लाग्न पाएका छन् । हालसम्म कविका रूपमा, साहित्यिक पत्रकारका रूपमा, साहित्यकारका रूपमा थुप्रै सँघ-संस्थाहरूबाट पुरस्कृत हुने र सम्मानित हुने अवसर कवि दुवाललाई प्राप्त भएको छ । कवि दुवाललाई उनको काव्यकारिताको सम्मान गर्दै प्रदान गरिएका सम्मान/पुरस्कार ७० वटा जति छन् । उनी हाल २० वटा जति संस्थामा आजीवन सदस्य रहेका छन् । त्यसैगरी २४ वटा जति साहित्यिक पत्रिका/संघ-संस्थामा सल्लाहकारका रूपमा रहेका छन् । त्यसैगरी २४ वटा पुस्तक/पत्रिकाहरूको सम्पादन गरेका छन् । उनका हालसम्म १९ वटा पुस्तक प्रकाशित भइसकेका छन् भने २० वटा कृति प्रकाशोन्मुख अवस्थामा छन् । कवि दुवालले सम्पादन गरेका १२ वटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । उनी करिब १४ वटा जति शैक्षिक/सामाजिक /साहित्यिक सँघ संस्थामा नेतृत्वदायी भूमिका खेल्दै रहेका छन् ।[39]

## 4.6 निष्कर्ष

कवि दुवालका केही कवितामा जीवनजगत्का वस्तुस्थितिलाई पुनः निरीक्षण गरी प्रस्तुत गरिएकाले काव्ययात्रा थालनी गर्दादेखिका विद्रोही प्रवृत्ति देखा परेका छन् । उनका उत्तरवर्ती कविताहरूमा बौद्धिक र दार्शनिक दृष्टिले समेत युगलाई नियालिएको छ । कवि दुवालको काव्ययात्रा उपर्युक्त चार चरणमा विकसित हुँदै निरन्तर रूपमा प्रवाहित छ । पृष्ठभूमि चरणमा उनले कविता लेख्न प्रारम्भ गरेदेखि पत्र-पत्रिकामा नआएसम्मको अवस्थाको चित्रण गरिएको छ । त्यसताका उनले विद्यालयमा, विभिन्न सभा-सम्मेलनमा

[38] विष्णु प्र. पौडेल, **मोहन दुवालका पाइलै पाइला** ( काभ्रे, जुनकीरी साहित्यिक अभियान, २०६८) पृ. १७ ।
[39] शोधनायकबाट प्राप्त जानकारी ।

आफ्ना सिर्जनाहरू प्रस्तुत गर्ने काम गरे । त्यस्तै प्रथम चरणअन्तर्गत पत्र-पत्रिकामा प्रकाशित भएदेखि पुस्तकको रूपमा नआएसम्मको अवस्थाको चित्रण गरिएको छ । त्यस बखत धेरै कविताहरू पत्रिकाहरूमा प्रकाशित भएनन्, जब पत्रिकामा प्रकाशित हुन् थाले, पुस्तकको रूपमा पनि प्रकाशित भइहालेको कारणले यो अवधि छोटो देखिन गएको छ । पत्रिकामा र पुस्तकको रूपमा सँगसँगै प्रकाशित भएकाले दोस्रो र तेस्रो चरणमा नै सबै विषयवस्तु समेटिएका छन् । दोस्रो चरणमा आइपुग्दा उनी कविता लेख्ने र प्रकाशित गर्ने प्रयासमा संलग्न भए । शिक्षण पेसामा संलग्न भएर पनि साहित्यलाई निरन्तरता दिइरहेको अवस्था र २०४६ भन्दा अगाडिको अवस्थामा कवि दुवाल कसरी साहित्य सेवामा अगाडि बढे भन्ने विषय द्वितीय चरण अन्तर्गत आएका छन् । तृतीय चरणमा कवि दुवाल सशक्तरूपमा लेखन र प्रकाशनतर्फ लागेको अवस्थाको चित्रण गरिएको छ । यस चरणमा कवि दुवालका प्रायः सबै रचनाहरू प्रकाशित भए । वर्तमान समयसम्म आइपुग्दा उनी क्रान्ति एवम् विशुद्ध समाज निर्माणका खातिर विद्रोहको अगुवाइ गर्दै मानवको समृद्धिका निम्ति कविता सिर्जना गरिरहेका छन् । समाजमा हिंस्रक बाघ, ब्वाँसा र गिद्धहरूको संख्या बढ्दै गएको र त्यस्ता रक्त पिपासुहरूको अन्त्य नगरेसम्म शान्त समाजको निर्माण गर्न नसकिने कुरामा जोड दिँदै सबै सचेत, मुक्तिकामी मानिसहरूलाई युगलाई नयाँ आँखाले हेर्न उनका गणतान्त्रिक आन्दोलनको पृष्ठभूमिमा लेखिएका कविताहरूले आह्वान् गरेका छन् ।

## अध्याय पाँच

# मानवीय संवेदनाहरू कविता सङ्ग्रहको अध्ययन

### ५.१ परिचय

मोहन दुवाल नेपाली साहित्यका क्षेत्रमा विगत चार दशकदेखि निरन्तर रूपमा सेवारत साहित्यिक स्रष्टा हुन् । घर-परिवारको वातावरणले साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा मिलेपछि उनको लेखनी कला विकसित हुँदै गएको देखिन्छ । वि.सं. २०२३ सालमा नेपाल भाषाको कविता सङ्ग्रह **चुलिजाः गु स्वाँ** लिएर देखापरेदेखि हालसम्मको अवस्थालाई मध्यनजर गर्दा दुवाल नेपाली साहित्यका धेरै विधाहरूमा हात हालेर सफलता प्राप्त गर्ने साहित्यकारका सूचीमा पर्दछन् । उनले कविताका अलवा निबन्ध सङ्ग्रह, मुक्तक सङ्ग्रह, समालोचना, आदि क्षेत्रमा कलम चलाएको देखिन्छ । उनका हालसम्म प्रकाशित विभिन्न कृतिहरूमध्ये. २०५५ सालमा प्रकाशित भएको कविता सङ्ग्रह **मानवीय संवेदनाहरू** एक

महफ्वपूर्ण कृति हो । यस सङ्ग्रहभित्रका प्रत्येक कविताहरूमा वरिष्ठ कलाकारहरूले आफ्नो कला प्रस्तुत गरेका छन् । कलाकारहरू क्रमशः के.के. कर्माचार्यले मानवीय संवेदनाका हरफहरूमा, रमेश विष्टले मान्छे भित्रका कविताहरूमा, सुन्दर श्रेष्ठले प्रकृति गर्भका उच्छ्वासहरूमा, ज्ञानेश्वर उदय पाल्पालीले माया-प्रेमका प्रसङ्गहरूमा र बिम्ब-प्रतिबिम्बका रेखाङ्कनहरूमा, शान्त राईले परिवेशभित्रका सन्दर्भहरूमा आ-आफ्ना कला-अनुभूति पोखेर कवितामा सुन्दरता थप्ने काम गरेका छन् । २०४१ सालदेखि व्यक्त भएका अभिव्यक्तिहरू **मानवीय संवेदनाहरू** को नामले कविताको सङ्गालो प्रस्तुत हुन आएको यस सङ्गालोमा सङ्ग्रहित अभिव्यक्तिहरू मानवीय संवेदनाका हरफहरू, मान्छेभित्रका कविताहरू, प्रकृति-गर्भका उच्छ्वासहरू, माया-प्रेमका प्रसङ्गहरू, बिम्ब/प्रतिबिम्बका रेखाङ्कनहरू र परिवेशभित्रका सन्दर्भहरू गरी छ उपशीर्षकमा वर्गीकरण गरी प्रस्तुत गरिएका छन् ।

) **मानवीय संवेदनाका हरफहरू**

यस उपशीर्षक खण्डमा २०४१ देखि २०५४ सालसम्मका १८ वटा कविताहरू परेका छन् । उनी यस खण्डमा मानवताको खोजीमा लागिपरेका छन् । त्यो बेलाको स्थितिको पृष्ठभूमिमा मानिसमा मानवता नभएको देखिएको पीडा-बोधले आक्रान्त भएको उनको भावनापूर्ण विचारले एकातिर मानव-अधिकारका विरोधीलाई चेतावनी दिएको छ भने, अर्कोतिर मानिसलाई जीवनको एवम् जीउनुको अधिकारको यथार्थ अर्थ बुझी त्यसको संरक्षण तथा संवर्द्धनमा दृढताका साथ अगाडि बढ्न प्रेरित गर्दछन् र त्यही अनुसारका भावनात्मक विचारहरू यस खण्डमा व्यक्तिएका छन् ।

) **मान्छेभित्रका कविताहरू**

यस खण्डमा २०५१ देखि २०५४ सालसम्मका १७ वटा कविताहरू परेका छन् । यस खण्डमा उनी मान्छेमा चेतना खोजिरहेका छन् । मानिसमा मानिसको चेतना नभएको पीडाबोधले पीडित उनको भावनाले एकातिर यो अचेतावस्था छर्लङ्ग्याएको छ भने अर्कोतिर यो चेतनालाई उघार्न  आव्हान् गरिरहेको छ । यस उपशीर्षक अन्तर्गत रहेका कविताहरूले यिनै र यस्तै व्यङ्ग्यात्मक विचारहरू पाठकसमक्ष पस्केका छन् ।

) **प्रकृति-गर्भका उच्छ्वासहरू**

यस खण्डमा २०४६ सालदेखि २०५४ सालसम्मका १५ वटा कविताहरू परेका छन् । यस उपशीर्षक खण्डमा उनी यस्तै प्रकृतिको प्रतिच्छाया मानिसमा देख्न खोजिरहेका छन् । प्रकृतिमा देखिए जत्तिको मानवोचित चेत मानिसमा उद्बोधित भएको भए पनि कस्तो हुन्थ्यो भन्ने भावनाले मानिसको अगाडि एकातिर दृष्टान्तहरू प्रस्तुत गरेको छ भने, अर्कोतिर मानिसलाई मानिसमा हुनुपर्ने आफैँमा निहित चेतलाई उद्घाटित गर्न प्रेरित गरिरहेको छ ।

**) माया-प्रेमका प्रसङ्गहरू**

यस खण्डमा २०४७ देखि २०५३ सालसम्मका १० वटा अभिव्यक्तिहरू परेका छन् । यस खण्डमा उनको खोजी मान्छे-मान्छेमा माया र प्रेमको सम्बन्धको रहेको छ । मान्छे हौँ भन्नेहरूमा एक-आपसमा माया-प्रेम नभई आफूमा आफैँ सीमित भएको देख्दा उनको भावनाले एकातिर मान्छेले बाच्नुको अर्थ नबुझेको महसुस गर्छ भने अर्कोतिर धरतीका मानिसहरूमा पीडा र कपट नहुने हो भने माया र प्रेमका कुराहरू मान्छेका विश्वासभित्र फुल्ने उच्छ्वासहरू हुन् भन्ने उद्घोष गर्छ भन्ने जस्ता भावना रहेका कविताहरू यस खण्डमा रहेका छन् ।

**) बिम्ब/प्रतिबिम्बका रेखाङ्कनहरू**

यस खण्डमा २०४८ सालदेखि २०५४ साल सम्मका १० वटा कविताहरू परेका छन् । यस उपशीर्षक खण्डमा उनी मानिसमा मानिसकै रूप खोज्नमा व्यस्त छन् । मानिसहरूको संसारमा मानिस-मानिसजस्तो नभएको भेटिएपछि उनको भावनाले प्रत्येक बिम्ब/प्रतिबिम्बमा एकातिर बाध्यता, विवशता र छेकबारका रेखाङ्कनको अनुभव गर्दछ भने अर्कोतिर चर्को स्वरले हिम्मत बाँधेर सङ्कुचितता पन्छाई अगाडि बढ्न आह्वान् गरिएका कविताहरू यस खण्डमा रहेका छन् ।

**) परिवेशभित्रका सन्दर्भहरू**

यस खण्डमा २०४७ सालदेखि २०५४ सालसम्मका २१ वटा अभिव्यक्तिहरू परेका छन् । यस खण्डमा उनी मानिसहरूमा मानवोचित भावनाको उदय भएको हेर्ने अभिलाषा राख्दछन् । यस खण्डका कविताहरूले एकातिर मानिसको स्वरूपलाई नियाल्न र सोच्न आग्रह गर्दछन् भने अर्कोतिर त्यसबाट मुक्ति पाउन अठोट गर्नतिर उत्प्रेरित गर्दछन् ।

समग्रमा यस सङ्ग्रहमा सङ्ग्रहित ९१ वटा कविताहरूले देशको इतिहासको निवर्तमान आठ वर्षको कालखण्डलाई समेटेका छन् । समाजको कल्याणहेतु विचार संवाहन गर्ने क्रिया गरेर समाजमा देखिएका असजिला, अप्ठ्यारा, गाह्रा-साङ्ग्रा, उकाला-ओह्रालाहरू सम्याउन पाइने बाटो सुझाउने कामको निर्वाह गरेका छन् ।

कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** कवितासङ्ग्रह अन्तर्गत रहेका ९१ वटा कविताहरूको कविता तत्त्वका आधारमा यहाँ क्रमैसँग समीक्षा गरिएको छ :-

## 5.2 मानवीय संवेदनाका हरफहरू

### ) स्वभाव

कवि मोहन **दुवालद्वा**रा रचित **मानवीय संवेदनाहरू** शीर्षक कविता सङ्ग्रहको ६ वटा उपशीर्षकहरूमध्ये पहिलो उपशीर्षक **मानववीय संवेदनाका हरफहरू** अन्तर्गतका १८ वटा कविताहरूमध्ये पहिलो कविता हो - **स्वभाव** । प्रस्तुत कविता वि.सं. २०४९ चैत्रमा **फुल्चोकी** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले वर्तमान मान्छेमा मानवीय स्वभाव विस्तारै हराउँदै गएको र ऊ हिंस्रक जनावर बाघजस्तो बन्दै गएको तीतो यथार्थ प्रस्तुत गरेका छन् । हिँस्रक जनावरको स्वभाव राखेर मानिस कहिल्यै मानिस हुन सक्दैन, अतः मानिस संसारलाई न्यानोपन दिने घाम जस्तो बन्न सक्नु पर्छ भन्ने विचार कविले कवितामा व्यक्त गरेका छन् । मानिसले आफ्नो बाँदरे स्वभावमा परिवर्तन ल्याई प्रगतिमा लागेको खियालाई हटाउनु पर्छ । कवि इतिहासलाई साक्षी राखेर भन्छन्, अरूको प्रगतिमा जल्नेहरू, अरूको दुर्गति चाहने आफैं पछारिन पुगेका छन् । मानिसका बाहिर देखिएका चर्मचक्षुले सत्य -असत्य छुट्याउन सक्नु पर्छ, अन्यथा तिनीहरू तिरस्कारको संसार बोक्न बाध्य हुन्छन् । यस कवितामा कविले वर्तमान समाजले धेरै नकच्चराहरूलाई चिन्न नसक्दा समाजले दुर्गती भोग्नु परेकोमा चिन्ता व्यक्त गर्दै धैर्य गरेमा एक दिन पक्कै रमाइलो संसार देख्न सकिने आशावादी विचार व्यक्त गरेका छन् । तृतीय पुरुष ढाँचामा लेखिएको प्रस्तुत गद्य कविता प्रतीक-अलङ्कार आदिको प्रयोगले अत्यन्त ओजपूर्ण र सफल देखिन्छ । यो कवितामा ६ ओटा हरफहरू रहेका छन् र प्रत्येक हरफमा ६-६ वटा पङ्क्तिहरू रहेका छन् । भावका दृष्टिले पनि यो कविता परिवर्तन र सुधारको पक्षमा उभिएकाले अत्यन्त मार्मिक तथा हृदयस्पर्शी छ ।

) **समय-सन्दर्भ**

प्रस्तुत कविता कवि दुवालद्वारा रतिच **मानवीय संवेदनाहरू** शीर्षक कविता सङ्ग्रहको पहिलो उपशीर्षक अन्तर्गतको दोस्रो कविता हो । यो कविता **शब्दसङ्ग्राम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समयको उपादेयतामाथि प्रकाश पारेका छन् । समय पानीको छालझैँ सधैँ बगिरहन्छ । समय गतिशील छ, समयको गतिशीलतालाई वर्तमान मान्छेले बुझ्न सकेको छैन, त्यसैले त ऊ गतिहीन जीवन बाँचिरहेछ । जसरी समय विभिन्न अप्ठ्याराहरू छिचोल्दै अगाडि बढिरहन्छ, मानिसले पनि समयबाट पाठ सिक्दै जीवनका उकाली ओरालीमा आफूलाई लम्काउन जान्नु पर्छ भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् । समयको गतिशीलतासँगै जीवनलाई डोऱ्याउने मानिस कसैको तर्साइबाट जीवन भुल्दैन, निरन्तर सदासयता र आत्मविश्वासलाई काखी च्यापेर जीवन भोगाइका अनुभव संगाल्दै कठिन यात्रामा पनि रमाउँदै अगाडि बढिरहन्छ भन्ने भाव कविले यस कवितामा प्रस्तुत गरेका छन् । तृतीय पुरुष ढाँचामा लेखिएको प्रस्तुत कवितामा पानीलाई समयको प्रतीकको रूपमा चित्रण गरिएको छ । प्रतिकात्मक भावधाराले सजिएको यस कविता छब्बिस पङ्क्ति मिलेर एकै अनुच्छेदका एकै प्रवाहमा पूरा भएको छ ।

) **स्वतन्त्रता**

प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । यो कविता २०५१ आषाढमा **गोरखापत्रमा** प्रकाशित भएको हो । यस कवितामा कविले स्वतन्त्रताको नाममा भएको छाडापनको विरोध गरेका छन् । साँघुरा विचार विरूद्ध उन्मुक्तता खोज्नुलाई कविले स्वतन्त्रताको गीत गाउनु हो भनेका छन् । कवितामा स्वतन्त्रताको  हिमायती मान्छे आज त्यही स्वतन्त्रतामा बाधा अड्चन सिर्जना गर्ने बन्दै गएको विचार व्यक्त गरिएको छ । कविले स्वतन्त्रताका पक्षपाती र विरोधी आजका मान्छेलाई ब्यङ्ग्य गर्दै भनेका छन्, धरतीलाई सुन्दर बनाउन शीतको थोपा बन्न सिक, आकाशगङ्गाका ताराह**रू** जस्तै चमचम चम्कन सिक, मान्छेका वस्तीमा सत्यका फूलह**रू** फुल्न जान, साँधुरोपनलाई च्यातेर महानता आत्मसात गर, फराकिलो संस्कारमा जिउन जान, लाटोकोसेरोको आँखाहरूलाई तिरस्कार गर, जूनकीरीका भावनाह**रू** सँगाल । विभिन्न प्रतीकहरूको प्रयोग, अलङ्कारको

समायोजनले गर्दा यो गद्य कविता कलात्मक र सफल देखिन्छ । यो कवितामा चार वटा हरफहरू रहेका छन् र प्रत्येक हरफमा आठ-आठवटा पङ्क्तिहरू रहेका छन् ।

### ) कौतुहलता

प्रस्तुत कविता **मानवीय संवेदनहरू** कविता सङ्ग्रहमा सङ्ग्रहित ६ वटा उपशीर्षकहरूमध्ये पहिलो उपशीर्षक अन्तर्गतको चौथो कविता हो । यो कविता २०५१ आषाढमा **मङ्गल** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानव मनमा परिवेशअनुसार विभिन्न प्रकारका कौतुहलता जन्मने गर्दछन् र तिनै कौतुहलता वा जिज्ञासाबाट उसले नयाँ कुरा सिर्जना गर्न सक्छ भने भाव व्यक्त गरेका छन् । मानिस धर्तिमा सन्नाटा छाउँदा, आकाशमा ताराह**रू** चम्कँदा, नदीहरू पर्वत-˘f[ङ्खला नाघेर बगिरहँदा जिज्ञासु बनेर आफैसँग प्रश्न गर्छ, जीवन के हो ? जीवन के का लागि हो ? यी र यस्तै प्रश्नको उत्तर खोज्दै अगाडि बढ्दा मानिस नयाँ सिर्जनातर्फ उन्मुख भयो । जसले यस्ता जिज्ञासाहरू जन्माएनन्, कौतुहलताहरू मनमा रोपेनन्, उनीहरू जीवनमा असफल बने, जीवन बुझ्न सकेनन् भन्ने जस्ता गहन भाव कवि दुवालले कवितामा समेटेका छन् । विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले यो कविता सुन्दर, कलात्मक बनेको छ । अनुप्रास विहीन प्रस्तुत कवितामा जम्मा तीनवटा हरफहरू रहेका छन् । हरफहरूमा पङ्क्तिको एकरूपता पाइँदैन ।

### ) उन्मुक्तता

यो कविता पहिलो उपशीर्षक अन्तर्गतको पाचौं कविता हो । प्रस्तुत कविता २०५१ श्रावण २१ मा **समीक्षा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समाजमा मौलाउँदै गएको अन्याय, अत्याचार, दरिद्रता, पीडाप्रद व्यथा, कैदीको जस्तो दास जीवन, नृशंस बेइमानीहरूका क्रुद्ध जाल आदिको बयान गर्दै त्यसबाट उन्मुक्तिको अपेक्षा गरेकाले यस कविताको शीर्षक सार्थक छ । कविताको शीर्षक र विषयवस्तुका बीच तादात्म्य पाइन्छ । मानवीय स्वतन्त्रता कैद हुँदा उत्पन्न पीडाप्रद व्यथाहरू, अन्यायलाई काँधमा चढाउँदा अभिशाप बोकेजस्तो लाग्नु स्वाभिमानी व्यक्तिहरूका लागि अस्वाभाविक होइन । समाजमा स्यालको निरीह रुवाइ भोग्नेहरू प्रशस्तै छन् । समाजमा बेइमानीहरू बढ्दै गएकाले

स्वाभिमानीहरूको जीवन जतातत‍ैबाट कैदमा परेको छ , स्वतन्त्रता टाढाको वस्तु बन्न पुगेको छ । तर कवि दुवाल कवितामा व्यक्त गर्छन्, गुलियो वचनले दास जीवन स्वीकार्य छैन, पलायनलाई काँधमा झुन्ड्याएर होइन, साहसलाई मैनवत्ती जस्तै मन-मनमा बालेर परिवेशलाई उज्यालो पार्न कम्बर कस्नुपर्छ । हिंस्रकहरू मानवताको अर्थ बुझ्दैनन्, जसरी जङ्गलमा सेता खरायाह**रू** मनमा त्रास बोकेर हैरन भई भाग्दैछन्, त्यसैगरी समाजका न्यायप्रेमी, शान्तिकामी व्यक्तिहरू पनि खरायाहरूलेझैं शान्त मन बोकेर नृशंस बेइमानीहरूका क्रुद्ध जालबाट बँच्दै विचारलाई सत्यमा ढाल्दै नृशंस ढङ्ग र बेथिति चालामालाबाट उन्मुक्ति खोज्दै अगाडि बढिरहनु पर्दछ । सुन्दर बिम्ब, र प्रतीकहरूको प्रयोगले कविता कलात्मक बन्न पुगेको छ । प्रथम पुरुष एकवचनको कथनढाँचामा रचित यस कवितामा सरल भाषा र कोमल पदविन्यासद्वारा स्वाभिमानी र मुक्तिकामी गरिब नेपालीहरूले भोग्नुपरेको पीडा अत्यन्त मार्मिक रूपमा गद्य लयमा व्यक्त गरिएको छ । दुईवटा अनुच्छेदमा बाँधिएको यो कविता आयामको हिसाबले मझौला रहेको छ । अनुच्छेदको पङ्क्तिमा विचलन रहेको यस कविताको भाव समसामयिक परिवेशमा अझ सफल एवम् सार्थक देखिन्छ ।

**) दृढता**

यो कविता पहिलो उपशीर्षक अन्तर्गतको छैटौं कविता हो । प्रस्तुत कविता २०५१ आश्विनमा **भञ्ज्याङ** पत्रिकामा प्रकाशित भएको हो । प्रत्येक मानिसमा दृढता किन आवश्यक पर्छ भन्ने भाव व्यक्त गर्न आएको यस कवितामा समृद्धिका निम्ति, घामझैं चम्किनका निम्ति, निर्माणका निम्ति समस्यालाई अप्ठ्यारोको रूपमा नहेर्नका लागि, 'जून' हँसाउनका निम्ति दृढता नै आवश्यक पर्छ भन्ने विषयलाई व्यक्त गर्न सफल देखिएकाले कविताको शीर्षक सार्थक देखिन्छ ।

यस कवितामा कविले हाम्रा बीचमा धेरै सम्भावनाह**रू** छन् केवल हामीमा दृष्टि-बिन्दुका आँखाहरूको अभाव छ, अतः समृद्धिलाई आत्मसात गरेर सम्भावनाका ढोकाह**रू** खोल्दै अगाडि बढेमा विकास धामझैं चम्किन पुग्दछ भन्ने भाव व्यक्त गरेका छन् । समाजका प्रत्येक मानिसले आफ्नो जिम्मेवारी बुझेमा राष्ट्रलाई उज्यालो बनाउन धेरै समय लाग्दैन । राष्ट्रनिर्माणको महान् यात्रामा अगाडि बढ्दै आइपर्ने समस्याबाट विचलित नभई समस्या सँगैसँगै समाधान पनि छ भन्ने दृढ विश्वासका साथ अगाडि लम्किरहे मुक्ति

अवस्यम्भावी छ भन्ने विचार पनि कविले कवितामा व्यक्त गरेका छन् । आफ्नो जिम्मेवारीबाट पन्छिने अल्छी, अकर्मण्य र कामचोर प्रवृत्तिका मानिसहरूप्रति ब्यङ्ग्य गरिएको यस कवितामा कविले इमानदारीपन र दृढ सङ्कल्प भए संसारमा असम्भव भन्ने कुरा केही नभएको भाव व्यक्त गरेका छन् ।

यस कवितामा धाम, जून जस्ता प्रतीकहरूको प्रयोगले कविता सरस, हृदयस्पर्शी र गहन बनेको छ । यस कवितामा चारवटा अनुच्छेदहरू रहेका छन्, प्रत्येक अनुच्छेदमा चार-चारवटा पङ्क्तिहरू रहेका छन् । सारै सरल र खँदिलो भाषा तथा थोरैमा धेरै व्यक्त गर्न सक्ने कविको प्रतिभा यस कवितामा देख्न सकिन्छ ।

**) जीवन्तता**

प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको सातौं कविता हो । यो कविता २०५१ आश्विनमा **नौलो कोसेली** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मृत्युवोध गर्ने मानिसले बाँच्न जानेको हुन्छ र उसले जीवनमा समाज र राष्ट्रका निम्ति केही गर्दछ भन्ने भाव व्यक्त गरेका छन् । जीवनलाई बुझेको मानिस शकुनिको पासाजस्तो राजनीतिको नशा पिउँदैन, दुर्वासाको बोलीजस्तो धर्मको उन्माद आँखामा राख्दैन साथै मनभित्रका फोहोरहरू पखालेर बाँच्नका निम्ति मर्न सिक्दछ भन्ने जस्ता भावहरू कवितामा पोखिएकाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

आज हामी मुकदर्शक बनेर सुन्दर मुलुक कुरूप बन्दै गएको हेरिहेका छौं । हामीहरू राजनीतिको दुषित नशा पिएर एक आपसमा विभाजित भएका छौं, आपसमा विश्वास साँच्न सकेका छैनौं र मनलाई फोहोर बनाएर बाँचिरहेका छौं । यसरी बाँच्नु त पशुको बचाइ हो, त्यसैले कवि कवितामा भन्दछन्, बाँच्नु छ भने मर्न सिक साथीहरू ...............।

जीवन बुझ्नलाई सृष्टि र निर्माणमा जुट्नु पर्छ, आफ्नो लागि होइन, अर्काको निम्ति बाँच्नु पर्दछ, समाजबाट युद्ध, हत्या, अपराध, बलात्कार जस्ता असङ्ख्य कुकृत्यको अन्त्यका लागि चन्द्रमा जस्तो बन्न सिक्नु पर्दछ, जसले अँध्यारोमा प्रकाश फिँजाएर सम्पूर्ण प्राणीलाई उज्यालो र शीतलता प्रदान गरिहरको हुन्छ भन्ने जस्ता गहन भावहरू व्यक्त गर्दै कविले सार्थक जीवनबोध गरी अगाडि बढ्न सबैलाई आह्वान् गरेका छन् ।

प्रथम र द्वितीय पुरुष ढाँचामा रचिएको यस कवितामा विभिन्न बिम्बहरूको प्रयोग गरिएको छ, बिम्ब र अलङ्कारको प्रयोगले कविता सरस बन्न पुगेको छ । चार अनुच्छेदमा विभक्त प्रस्तुत कवितामा पङ्क्तिहरूको भने एकरूपता पाइँदैन । समग्रमा यस कविताको भावपक्ष गहन र हृदयस्पर्शी रहेको बोध हुन्छ ।

**) युग/हेराइ**

प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको आठौं कविता हो । यो कविता २०४८ श्रावणमा **सङ्गम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा मानिसले आफ्नो हेराइ /दृष्टिकोणलाई सूर्यको किरणजस्तो बनाउनुपर्छ, बादलको कुरूपता जस्तो बनाउनु हुँदैन भन्ने प्रतीकात्मक वर्णन गरिएको छ । प्रथम पुरुषीय ढाँचामा लेखिएको यस कवितामा कविले मानवको वस्तीमा मानवताको स्पर्श खोजिरहेका छन् । वर्तमान मान्छे विवेकसून्य बन्दै गएकामा कवि दुःखी देखिन्छन्, उनी जतातत्तैबाट आगोझैं पोल्ने अपराधलाई आँखामा सजाउन बाध्य छन् । यस्तो अवस्थाबाट बिरक्त बन्न पुगेका कवि फूलहरूको मायाँ पाउँदा, पातपातमा शीतका थोपा टल्केको देख्दा हर्षविभोर हुन्छन् कवितामा । कविले कवितामा पोखेका छन्, समाजमा बादलले आफ्नो राज्य जमाउँदा सूर्यले आफ्ना तीक्ष्ण किरण छाडेर संसारलाई आलोकित पार्न जुर्मुराउनु पर्छ । समाजमा बादलमात्र रहेनछन्, सूर्यको किरण पनि रहेछ, जसले समाजमा रहेका बादलरूपी कुरुपतालाई चिर्दै संसारलाई उज्यालो बनाउन प्रयास गरिरहेका छन् भन्ने जस्ता गहन भावहरू कवितामा समेटिएका छन् । छोटो आयाममा गठित प्रस्तुत कवितामा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग रहेको पाइन्छ । आगोलाई अपराधको प्रतीक, गधा, लाटोकोसेरो अँध्यारोको प्रतीक र फूल, शीतका थोपालाई उज्यालोका प्रतीकका रूपमा कविले प्रस्तुत गरेका छन् । तीन अनुच्छेदमा विभक्त यस लघु आयामको कविताका प्रत्येक अनुच्छेदमा पाँच पङ्क्तिहरू रहेका छन् ।

**) मानवता/खोजी**

कवि दुवालद्वारा रचित प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको नवौं कविता हो । यो कविता २०४८ कार्त्तिकमा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समाजमा रहेका विभिन्न खालका मानिसहरूमध्ये सधैं उज्यालोको खोजी गर्नेहरू नै सुन्दर हुन् र उनीहरू नै समाजका परिवर्तनकामी र मानवतावादी हुन् भन्ने भाव व्यक्त गरेका छन् । कविता प्रथम पुरुष (म) अथवा समाजका परिवर्तन चाहने व्यक्तिहरूले द्वितीय

पुरुष (तिमी) अथवा परिवर्तनलाई आत्मसात गर्न नचाहने व्यक्तिहरूलाई सम्बोधन गरी दानवताको अन्त्य र मानवताको खोजी गर्ने कार्यमा अगाडि बढेकाले कविताको शीर्षक सार्थक देखिन्छ । यस कवितामा मानिसको अमानवीय वा पाशविक प्रवृत्तिमाथि ब्यङ्ग्य गरिएको छ । कविले समाजका स्वार्थी र उज्यालो नचाहने व्यक्तिहरूले नै राष्ट्रलाई अधोगतितिर धकेलेका हुन् । दानवता, कुरूपता, छल र भ्रमलाई आत्मसात गर्ने व्यक्तिहरू नै विकास र उन्नतिका बाधक हुन् भनी कवितामा आफ्ना विचार प्रस्तुत गरेका छन् ।

त्यसैगरी हरेक वस्तीमा सुन्दर फूलहरू फुलाएर असुन्दर बस्तीहरूमा सुन्दरताका बीउहरू हुर्काउने कविको रहर कवितामा झल्किएको छ । समाजका स्वार्थी प्रवृत्तिका मानिसहरूमा स्वच्छन्दता खोजी गर्नु, मानवता छाम्न खोज्नु, उज्यालोको खोजी गर्नु सबै व्यर्थ रहेछ भन्दै कविले समाज कुरूप बन्दै गए पनि, मानवतावादी व्यक्तिभित्रको मानवता आँसुले भिजे पनि उज्यालोको खोजी गर्न, अँध्यारोका विरूद्ध धावा बोल्न र बल्दै गरेको प्रकाश बोकेर मानवता खोजी गर्न बिना विश्राम लगिरहनु पर्दछ भन्ने सच्चा मानवतावादी विचार व्यक्त गरेका छन् । विभिन्न प्रतीक र बिम्बहरूको समुचित प्रयोगले यो कविता सरस र आलङ्कारिक बन्न गएको छ । तीन अनुच्छेदमा विभक्त मझौला आयामको यस कविताका प्रत्येक अनुच्छेदमा आठ -आठवटा पङ्क्ति सजिएका छन् ।

### ) उज्यालो खोजी

यो कविता पहिलो उपशीर्षक अन्तर्गतको दसौं कविता हो । प्रस्तुत कविता २०५१ कार्तिक-मार्गमा **झङ्कार** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा उज्यालो बाड्न कञ्जुस्याइँ गर्नु हुँदैन, उज्यालो बाँड्दा कहिल्यै आफूलाई नोक्सानी नहुने भाव व्यक्त भएको छ । मानिसले आफूलाई सधैं परोपकारमा समाहित गराउनु पर्छ, मान्छेको पीडा र व्यथा मानिसले नै बुझ्न सकेन भने कस्ले वुझ्छ ? भन्ने भाव कवितामा कविले पोखेका छन् । संसारका सम्पूर्ण प्राणीहरूमध्ये सुन्दर प्राणी मानिसले संसारमा चेतनाको चिराक सल्काएन भने, समुन्नतिको दीप बालेन भने ऊ मानव हुनुको के अर्थ ? भनी कविले कवितामा आफ्ना विचार प्रस्तुत गरेका छन् । उज्यालोको खोजी गर्दा, संसारलाई आलोकमय बनाउने यात्रमा लम्कँदा अप्ठ्याराहरूसँग जुध्नु त अवस्य पर्छ तथापि त्यसबाट विचलित नभै निरन्तर अगाडि बढेमा उज्यालो संसार भेट्टाउन सकिने विचार कविले कवितामा व्यक्त गरेका छन् ।

"फूलको माया गर्दा

काँढाको चोट सहनु पर्छ

हिमाल चढ्दै जाँदा हिउँको सङ्केत वुभ्नुपर्छ

प्रिय मान्छेहरू !

उज्यालोको खोजी गर्दा हामी भयभीत हुनुहुँदैन ।"[40]

प्रस्तुत कविता कविको जीवनसँग समानान्तर देखिएको छ । लघु आयामको यो कवितामा विचार तथा भावनाको कोमलता प्रकट भएको छ । विभिन्न बिम्बहरूको प्रयोगले कविता गहन र सुन्दर बनेको छ । कविताको भाषाशैली सरल, सरस र बोधगम्य रहेको छ । चार अनुच्छेदमा विभक्त गरिएको यस कविताका प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

) **चिन्तनहरू**

यो कविता पहिलो उपशीर्षक अन्तर्गतको एघारौं कविता हो । प्रस्तुत कविता २०५१ फागुनमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले धर्तिमा राम्रा र नराम्रा चिन्तनहरू विद्यमान रहेको भावना व्यक्त गर्दै बादलको गर्जन, दानवतारूपी बम, बारूद र गोली, सर्पका विषालु आँखा, सभ्रान्तहरूको अशान्त मन, ढाडे विरालोको सम्राट बन्ने रहर आदि नराम्रा चिन्तनहरूका प्रतिबिम्ब हुन भनी प्रकट गरेका छन् भने परेवाका शान्त मन, विशाल आकाशको हेराइ, खरायाहरूको मन आदिलाई राम्रा चिन्तनहरूको प्रतिबिम्बको रूपमा कविले मुखरित गरेका छन् । यसरी चिन्तन र नियतिको सेरोफेरोमा कविताको विषयवस्तु अघि बढेकाले प्रस्तुत कविताको शीर्षक सार्थक देखिन्छ । समाजमा राम्रा र नराम्रा चिन्तनका बीचमा सधैं द्वन्द्व भइरहने र नराम्रा चिन्तनले आफ्नो सम्राज्य फैलाउँदा राम्रा चिन्तनहरू निरीह बन्नुपर्ने जस्ता विषयवस्तुलाई कविताले समेटेको छ । त्यसैगरी समाजमा कुरूपता हुर्काउन चाहनेहरू खरानीको धुलोभैं हावामा उडेर जान्छन् भन्ने भाव पनि कवितामा व्यक्त भएको छ । समाजमा बादलको गर्जन नचाहने मानिसहरू पनि छन्, एकतिर नयाँ विश्वको सिर्जनामा प्रयासरत मानिसह**रू** किन बादलको राज्य मन

[40] मोहन दुवाल, **मानवीय संवेदनाहरु,** कविता सँग्रह (बनेपा, जनमत प्रकाशन, २०५५), पृ. ४० ।

पराउँथे  भन्ने भाव व्यक्त भएको छ भने अर्कोतिर गोली पड्काएर राज्य  गर्न पल्केकाहरू परेवाको शान्त मन किन बुझ्थे र ! चुल्होमा सम्राट बन्न चाहने ढाडे बिरालाहरू सास खुम्चाएर दुलोभित्र लुकेर बसेका निरीह मुसाहरूका पीडा बुझ्ने नियत नै किन राख्थे र !भन्ने जस्ता भावहरू कवितामा समेटिएका छन् । कविताले आफ्नो नियतलाई अँध्यारोमा लुकाउन पनि सकिन्छ, उज्यालोमा फुकाउन पनि सकिन्छ भन्दै नियतिलाई चिन्तनहरूसँग हुर्काएर बाँच्न सिक्नु पर्ने सन्देश दिएको छ । जसरी जङ्गलमा सिंहहरूले खरायाहरूको मन बुझ्न सकेका छैनन्, धार्तीमा पनि सिंह  र खरायोको अवस्था विद्यमान रहेको विचार कविले यस कवितामा व्यक्त गरेका छन् ।

आकाशका तारा, समुद्र, फूल , पत्थर, भूकम्प-धड्कन, हावा, रूख, आकाश, बादल, दानव, परेवा, सर्प,, ढाडे विरालो, मुसा, सिंह, खरायो, आदि जस्ता विभिन्न बिम्ब र प्रतीकको प्रयोगले यो कविता अत्यन्त सफल र ओजपूर्ण देखिन्छ । यो कविता सात अनुच्छेदमा विभक्त रहेको छ साथै छ अनुच्छेदमा पाँच-पाँच पङ्क्तिहरू रहेका छन् भने एउटामा छ पङ्क्ति र एउटामा सोह्र पङ्क्ति रहेका छन् ।

**) सोचाइमा जीवन**

प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको बाह्रौं कविता हो । यो कविता २०५१ कार्तिक-माघमा **रत्नश्री** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा जीवनका आयामहरू सोचाइका आधारमा निर्माण हुने र जीवनलाई कतातिर डोराउने भन्ने कुरा सोचाइमा नै निर्भर रहन्छ भन्ने भाव प्रतीकात्मक रूपमा  प्रस्तुत गरिएको छ । यसरी सोचाइ र जीवनलाई सँगसँगै लिएर कविता अगाडि बढेकोले यसमा शीर्षकीय सार्थकता रहेको छ ।

जीवनलाई जूनकीरीझैं आफैंमा प्रकाश फिँजाएर गौरव देखाउने बनाउनु पर्दछ । जीवनमा अप्ठ्यारा, सप्ठ्यारा आउन सक्छन् तर अप्ठ्यारालाई समाधान गर्दै जीवनलाई अगाडि बढाउनु पर्दछ । मनभित्रका यावत् भ्रमहरू निवारण गर्नु, तिनै भ्रमहरूलाई मायामा रूपान्तरण गर्नु सोचाइकै रूप हो भन्ने भाव कवितामा प्रकट भएको छ । सोचाइकै कारण सुकिसकेका झ्याङहरूमा पनि मादकता सुँघ्न सकिन्छ, सोचाइकै कारण आफैंलाई आफैंभित्र छल्न सकिन्छ र सोचाइमा जीवन सुन्दर सङ्गीतमा मीठो स्वरझैं गुन्जिरहन्छ भन्ने सुन्दर र मर्मरस्पर्शी विचार कवितामा प्रकट भएका छन् । यसरी सोचाइबाटनै जीवनलाई रूपान्तरण

गर्न सकिने भएकाले सकारात्मक सोचाइ बनाइ समाजलाई गति प्रदान गर्न यस कविताले आह्वान् गरेको छ ।

कुनै-कुनै पङ्क्तिमा अन्त्यानुप्रासको प्रयोग गरिएको यो कविता लघु आयामको भए पनि भावको दृष्टिले गहन रहेको छ । पाँच अनुच्छेदमा बाँडिएको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

## ) चेतना/प्रसङ्ग

प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको तेह्रौँ कविता हो । यो कविता २०५३ श्रावण २९ मा **दृष्टि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा फरक-फरक मानिसहरूको बसोबास भएको समाजमा फरक-फरक  चेतना विद्यमान हुन्छन् भन्ने प्रतीकात्मक भाव वर्णन गरिएको छ । मानवीय चेतनामा कोइलीको सङ्गीतमय धुन जसरी सजिन्छ, त्यसैगरी भ्याउँकिरीको व्यथा पनि समेटिएको हुनु पर्दछ । कवि दुवाल लेख्छन् समाजका दीनहीनहरूको चेतना र सम्पन्न वर्गहरूको चेतना फरक हुन सक्दछ । काले कामीको आँखामा र बाबुसाहेवको ओठमा फरक-फरक चेतनाको तरङ्ग देख्न सकिन्छ । सधैं अँध्यारो परिवेशलाई ग्रहण गरेर बाँच्न विवश मान्छेहरूमा र उज्यालो संसारमा रमाइरहने मान्छेहरूका बीचमा चेतनाको अवस्था समान हुँदैन ।रूनेहरूका आँखामा र हाँस्नेहरूका मनमा, उन्माद बेथितिको साम्राज्य बोक्नेहरूमा, आतङ्कलाई आत्मसात गर्नेहरूमा, प्रकाश चाहनेहरूमा सबैमा फरक-फरक चेतनाका ˘ृङ्खला भेट्टाउन सकिन्छ । यसरी तीन अनुच्छेदमा विभक्त लघु आयामको यस कवितामा कविले चेतना अवस्थाको वर्णन गरेका छन् । सुन्दर बिम्ब र अलङ्कारको प्रयोग गरिएको यस कविताका प्रत्येक अनुच्छेदमा नौ-नौ पङ्क्तिहरू रहेका छन् ।

## ) मनकै तरङ्ग

कवि दुवालद्वारा रचित प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तर्गतको चौधौं कविता हो । यो कविता २०५३ श्रावणमा **प्रदीपिका** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा असल र खराव प्रवृत्तिका मानिसहरूका बीचमा देखिएका असमान क्रियाकलापहरूको ˘f[ङ्खलालाई क्रमवद्ध पस्किने काम भएको छ । कवि दुवाल समाजमा फूल फुलाउन चाहन्छन्, सुख बाँड्न चाहन्छन् तर फूलको साटो काँडा रोप्न खोज्ने, सुखको साटो दुःख

हुर्काउन चाहने मान्छे देख्दा कविको मनमा विभिन्न तरङ्गहरू तरङ्गित हुन्छन् । यसरी खराब प्रवृत्तिका मानिसको व्यवहारबाट कवि र उनीजस्तै असल प्रवृत्तिका मानिसहरूका मनमा विचारका ज्वारभाँटा उर्लन थाल्ने भावलहरीबाट कविता अगाडि बढेकाले कविताको शीर्षक सार्थक रहेको छ ।

कवि निर्माण चाहन्छन्, सौन्दर्य चाहन्छन्, सद्भावना छर्कन चाहन्छन्, चोखो इतिहास रच्न चाहन्छन्,निर्वाण हुर्काउन चाहन्छन्, सिर्जनाका मुनाहरू सुमसुम्याउन चाहन्छन्, उज्यालो बाँड्न चाहन्छन्, शान्ति रोप्न चाहन्छन, तर निर्माणको साटो भत्काउन चाहनेहरू, सौन्दर्यको साटो दुर्गन्ध फर्काउनेहरू, सद्भावनाको साटो कुभावना हुर्काउनेहरू, चोखो इतिहासको साटो कुरूप-ध्वंस कल्पिनेहरू, सिर्जनाको साटो प्रदूषणको बूँद फुकिरहनेहरू आदि देख्दा कवि तरङ्गित हुन्छन् । यसरी कवि आफ्नो चोखो इतिहास रच्ने रहरलाई पूरा गर्न निरन्तर लम्किरहेको भाव कवितामा प्रस्तुत भएको छ । प्रथम र तृतीय पुरुष एकवचन कथनपद्धतिमा आधारित यस कवितामा आकर्षक नवीन बिम्बहरूको प्रयोग रहेको छ,साथै अन्त्यानुप्रासको प्रयोगले कविता सरस बन्न पुगेको छ । पाँच अनुच्छेदमा विभक्त यस कविताको प्रत्येक अनुच्छेदमा सात-सातवटा पङ्क्तिहरू रहेका छन् र कविताको आयाम मझौला खालको रहेको छ ।

**) बिरामी मन**

कवि मोहन दुवालद्वारा रचित प्रस्तुत कविता पहिलो उपशीर्षक अन्तगर्तको पन्ध्रौँ कविता हो । यो कविता २०५३ **कार्तिकमा** प्रकाशित भएको हो । यस कवितामा कविले देशमा बढ्दै गएको फोहोरीपन, सन्त्रास, अविश्वास, बेथिति, अभिशाप, भय, आतङ्क आदिले सिङ्गो देश नै आक्रान्त बनेको र त्यसबाट आफू बेचैन भएको प्रसङ्ग उक्काएका छन् । कविको मन यस्तो अवस्थाबाट विरामी परेको र यस्तै भावनामा कविताको विषयवस्तु अगाडि बढेकाले यस कवितामा शीर्षकीय सार्थकता रहेको छ ।

देशमा बढ्दै गएको फोहोरी खेल, अशान्ति, सन्त्रास आदिबाट कवि बेथित बनेको प्रसङ्ग कवितामा वर्णन गरिएको छ । वर्तमान अवस्थामा मानिस-मानिसको बीचमा तँछाड-मछाड चलेको छ, सबैतिर अपसगुन बढेको छ, मानिसहरूका हातमा काई जमेका छन्, सबै उल्टो घुमिरहेका छन् तर यस्तो अवस्थामा पनि मन फुर्काउनु पर्ने, रोबोटलेझैं मर्की फर्की दिनुपर्ने बाध्यताले कवि बिरामी परेको चित्र कवितामा प्रतिबिम्बित छ । समाजमा सबैतिर

फोहोरी खेल खेल्नेहरूको साम्राज्य बढेको छ, भय, आतङ्कले मान्छेको मन चर्केको छ, हामी सबै बुख्याचा जस्ता बनेका छौं, सबैले रोगी मनस्थिति पालेका छौं । अतः यस्तो अवस्थाबाट कवि बेचैंन बनेका छन् साथै समाजका सचेत र परिवर्तनकामी मानिसहरू पनि कवि जस्तै वेथित बनेका छन् भन्ने जस्ता भावहरू कविताको केन्द्रीय पक्ष रहेको छ ।विभिन्न बिम्ब र उपमाहरू**रू**को प्रयोगले कविता सरस बनको छ । आलङ्कारिक शब्दचयन रहेको प्रस्तुत कविता तीन अनुच्छदेमा विभक्त रहेको छ । लघु आयाममा गठित यस कवितामा तीन अनुच्छेद रहेका छन्, प्रत्येक अनुच्छेदमा नौ-नौवटा पङ्क्तिहरू रहेका छन्

### ⟩ दृष्टिकोण

यो कविता पहिलो उपशीर्षक अन्तर्गतको सोह्रौं कविता हो । प्रस्तुत कविता २०५३ आश्विन २२ मा **नयाँ करेन्ट** पत्रिकामा प्रकाशित भएको हो । कवि दुवालद्वारा रचित प्रस्तुत कवितामा समाजमा केही गर्न नरुचाउनेह**रू**/नचाहनेह**रू** दृष्टिदोषमा बाँचिरहेका छन् भन्ने विषय समेटिएको छ । कायरतापूर्ण जीवन बाँच्ने, कर्मक्षेत्रमा नउत्रने, आफूलाई कमजोर सावित गर्ने व्यक्तिहरू, जसले जीवन बुझ्न सकेका छैनन्, मान्छे भई बाँच्न जानेका छैनन् । मान्छे भएर बाँच्न त्यति सहज छैन । जीवनमा गति थप्नु पर्छ, आफूमा हैसियत बढाउनु पर्छ , मनमा प्रेम पाल्नु पर्छ, शङ्का-उपशङ्का ढाल्नु पर्छ, आफ्नो कुरूपतालाई पन्छाउनु पर्छ अनि जीवनका उकाली-ओराली हिड्न सिक्नु पर्छ, तब मान्छे-मान्छे बन्न सक्छ । तर केही त्यस्ता मानिसहरू, जस्ले अरूलाई दोष दिएर आफू पन्छन खोज्छन्, आल्छ्याइँ, अकर्मण्यता र उदासिनतालाई काखी च्यापेर समाज र राष्ट्रका लागि केही गर्न चाहँदैनन्, उनीहरू दृष्टिदोषमा अल्मलिएका छन् भन्ने गहन भाव कवितामा कविले पस्किएका छन् । प्रथम र द्वितीय पुरुष ढाँचामा गठन गरिएको यस कविता उपमा अलङ्कारको कलात्मक बान्की, सरस, सरल र खँदिलो भाषाशैलीले सन्देशमूलक बन्न पुगेको छ । पाँच अनुच्छेदमा विभक्त प्रस्तुत कविताका प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

### ⟩ अचेतन मन

कवि दुवालद्वारा रचित प्रस्तुत कविता **मानवीय संवेदनाहरू** काव्यकृतिको पहिलो उपशीर्षक अन्तर्गतको सत्रौं कविता हो । यो कविता २०५३ बैशाख-आषाढमा **कविता** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले धर्मका नाममा हुने गरेको द्वन्द्वलाई मूल विषयवस्तु बनाएका छन् । मानिसका विभिन्न मनहरूमध्ये जब उसमा अचेतन मनले

शासन गर्न थाल्छ, तब उसबाट आधारहीन नकारात्मक व्यवहारहरू प्रस्तुत हुन थाल्दछन् । मानिसमा विद्यमान अचेतन मनस्थिति र त्यसबाट उत्पन्न क्रियाकलापहरूको सेरोफेरोमा कविता अनुबन्धित भएकाले यसको शीर्षक सार्थक रहेको छ । जब मानिसको विचारमा खिया लाग्छ, तब मन्दिर र मस्जित लगाइँ लड्न थाल्छन् । धर्मान्धहरूका आँखामा युद्धका रथहरू हुइँकिन थाल्छन् भन्ने भाव व्यक्त गर्दै कवि भन्छन्,

> "कृष्णको नाममा अपराधको खेती सोचिरहेछ,
> रामको नाममा सत्य बलात्कार भोगिरहेछ"[41]

प्रस्तुत कवितामा कविले अचेतन मनकै कारण मानिस ढुङ्गा-ढुङ्गामा ईश्वरको सत्ता खोजिरहेको हुन्छ, आफ्नो बुद्धि र बर्कतलाई असमर्थतामा ढालेर भ्रमको पक्षपोषण गर्न मानिस तल्लीन छ भन्ने भाव व्यक्त गरेका छन् । बर्तमान मानिस विज्ञानको सत्यलाई विश्वास नगरेर काल्पनिक तथ्यमा जीवन खोजिरहेछ । सत्यमाथि बर्को ओढाएर प्रगतिमा काँढा तेर्स्याइरहेको छ । चेतनाको घुम्टो उघार्न मान्छेले सकेको छैन । अचेतन मनले राज्य गर्दा मानिस भ्रम पालेर बाँचिरहेको छ, अतः चेतना नै विकास हो, आशा नै प्रगति हो, विज्ञान सत्य हो भन्ने जस्ता भावनालाई यस कविताले जोड दिएको पाइन्छ । कवितामा अचेतन मनलाई चेतन मनले परास्त गरेमा शान्त, सुन्दर र समुन्नत समाजको निर्माण हुन्छ भन्ने भाव पनि आएका छन् । विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको प्रस्तुत कविता सरस, सरल र सम्प्रेष्य छ । तीन अनुच्छेदमा विभक्त यस कविताका प्रत्येक अनुच्छेदमा फरक-फरक पङ्क्तिहरू रहेका छन्, पङ्क्तिहरूमा एकरूपता भने छैन ।

) **थाहा छैन**...............

कवि दुवालद्वारा रचित प्रस्तुत कविता **मानवीय संवेदनाहरू** काव्यकृतिको पहिलो उपशीर्षक अन्तर्गतको अठारौं वा अन्तिम कविता हो । यो कविता २०५४ फागुनमा **मनोभावना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले आफू जुन अवस्थामा रहेर भए पनि असल गोरेटो खन्नबाट पछाडि हट्नु हुन्न भन्ने भाव व्यक्त गरेका छन् । नैतिकतालाई आत्मसात गर्दा, अभावका खाडलहरू पुर्न खोज्दा, प्रकाशलाई उघार्दा, दास मानसिकता त्यागदा, स्वाभीमानलाई भाँचिन नदिँदा व्यक्तिगत रूपमा आफू र आफ्नो परिवारलाई केही घाटा त अवश्य होला तर आफ्नो फाइदाका लागि सिर्जना भाँच्न दिनु

---

[41] ऐजन, पृ. ५३ ।

हुँदैन, ज्योतिहीन आँखाको उघ्राइजस्तो जीवन बनाउनु हुन्न भन्ने जस्ता गहन भाव कवितामा प्रकट भएका छन् ।

आफ्ना निजी स्वार्थभन्दा माथि उठेर समाज र राष्ट्रका लागि काम गर्दा जस्तोसुकै अवस्थाको पनि सामना गर्नु पर्दछ, आफ्नो व्यक्तिगत अवस्थालाई जसले जसरी मूल्याङ्न गरे पनि महान् यात्राका सुन्दर खुट्किलामा पाइला टेक्दै अगाडि बढिरहनु पर्दछ भन्ने सन्देश यस कविताले दिएको छ । कुनै-कुनै पङ्क्तिमा अनुप्रासको प्रयोग गरिएको यस कविता मझौला आयामको रहेको छ । यसमा प्रयुक्त बिम्ब र प्रतीकको प्रयोगले कविता सरस बनेको छ । पाँच अनुच्छेदमा विभक्त यस कविताका प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

### ५.३. मान्छेभित्रका कविताहरू

### ) कैदी मान्छे

प्रस्तुत कविता कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिका ६ वटा उपशीर्षकहरूमध्ये दोस्रो उपशीर्षक **मान्छेभित्रका कविताहरू** अन्तर्गत रहेका १७ वटा कविताहरूमध्ये पहिलो कविता हो । यो कविता २०५१ मार्ग-पौषमा **जनमत** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मान्छेलाई विभिन्न कोणबाट नियाल्दै मान्छेको सूक्ष्म विश्लेषण गरेका छन् । मान्छेह**रू** मर्यादाभित्र, नियतिभित्र, अँध्यारो परिवेशभित्र, शोषण, उत्पीडन र अन्यायभित्र कैद भएर बाँचेको चर्चा कविले यस कवितामा गरेकाले प्रस्तुत कवितामा शीर्षकीय सार्थकता झल्केको छ । कविले हरेक मान्छेभित्र अर्को अदृश्य मान्छे रहेको चर्चा कवितामा गरेका छन् । समाजमा रहेका फरक-फरक मानिसहरूको व्यवहार पनि फरक-फरक हुन्छ । अन्याय-अत्याचार गर्ने पनि मान्छे, त्यसको बिरूद्धमा लड्ने पनि मानिस नै हुन् । मानिस भित्रको मानिस नियति भोग्दै मुक्तिको खोजीमा निरन्तर लागिरहन्छ । कवितामा जीवनका अनेकौं भोगाइहरू हुन्छन्, जसलाई आत्मसात गर्न जान्नु पर्दछ । मानिस मृत्युबाट पराजित छ, मृत्युदेखि डराउँछ, जसले गर्दा मृत्युका आवरणमा मानिस कैद छ भन्ने जस्ता गहन भाव कविले व्यक्त गरेका छन् ।

विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले कविता रसिक बनेको छ । मझौला आयाममा अनुबन्धित प्रस्तुत कवितामा पाँच अनुच्छेद रहेका छन् । अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता भने छैन ।

### ) सृष्टि /दृष्टि

कवि दुवालद्वारा रचित यो कविता दोस्रो उपशीर्षक अन्तर्गतको दोस्रो कविता हो । प्रस्तुत कविता २०५१ भाद्र-कार्तिकमा **पराग** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले धर्मका नाममा हुने गरेका अमानवीय व्यवहारप्रति शब्दका तीखा ब्यङ्ग्यवाण प्रहार गरेका छन् । विश्वका हरेक जसो मुलुकमा धर्मका नाममा अन्धविश्वास बढेको प्रसङ्ग कोट्याउँदै कविले भनेका छन् चाहे इस्लाममा होस्, चाहे कुरानमा, मानिसमा अधर्मको चिन्तन बढेपछि मानवीयता मानिसबाट हराउन सक्छ । बङ्गलादेशकी तसलिमा नसरिनले 'लज्जा' उपन्यासमार्फत मुस्लिम धर्मको नाममा भएको विकृतिको भण्डाफोर गरेबापत

उनलाई कार्यवाही गर्न त्यहाँको सरकारले 'फतवा' जारी गरेको प्रसङ्ग कविले कवितामा उद्धृत गर्दै धर्मका आडमा मानिसले समाजमा फैलाउँदै आएका विकृति, विसङ्गतिप्रति चोटिलो प्रहार गरेका छन् । मानिस आधारहीन विषयका पछाडि कुदिरहेको छ, मान्छेकै विश्वास नभएको मान्छेसङ्ग दृष्टि पुऱ्याइरहेको छ र पुरातनवादी विचारलाई अङ्गालिरहेको छ । जसले गर्दा हाम्रो समाज कुहिरोको कागजस्तै अँध्यारोमा रूमल्लिरहेको छ । अन्धविश्वासकै कारण मानिसले हिंसा गरेर शान्तिको खोजी गरिरहेको छ, प्रजातन्त्रको नाममा बलात्कार रोपिरहेको छ र सुरचनालाई कुरचना बनाइरहेको छ भनी कविले कवितामा प्रजातन्त्रमा देखिएको विकृतिप्रति छेडछाड गरेका छन् । कवितामा आकर्षक नवीन बिम्बहरू र आलङ्कारिक शब्दहरूको कलात्मक बान्कीमा गद्य सङ्गीतको कर्णप्रियता पाइन्छ । सारै सरल र खँदिलो भाषा तथा थोरैमा धेरै व्यक्त गर्न सक्ने कविको वैशिष्ट्य यस कवितामा देख्न सकिन्छ । तीन अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

## ) मान्छे/कविताहरू

कवि मोहन दुवालद्वारा रचित प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । यो कविता २०५० जेष्ठमा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा मानिसका विभिन्न अवस्था र उक्त अवस्थाको मानवीय स्वभाव वर्णन गरिएको छ । कवितामा मानिसका चार अवस्थालाई मान्छेः एक, मान्छेःदुई, मान्छेःतीन र मान्छेः चार गरी वर्णन गरिएकाले यसमा शीर्षकको सार्थकता रहेको छ ।

मान्छे एकमा कविले बाल्यावस्थाको मानिसको चर्चा गर्ने क्रममा आमाको काखको न्यानो माया र दूधको धाराको मीठो स्वादसँग सबैको माया बटुलेर कपटरहीत, स्वार्थरहीत, निस्कलङ्कित र सरल स्वभावको मान्छेको चर्चा गरेका छन् । त्यसैगरी मान्छे दुईमा कविले उमेरसँगै अब मानिसले माया पाउनका लागि मान्छेकै भाखा बोक्नुपर्छ भनेका छन् तर मानिस यो अवस्थामा हुर्किनुको साटो सुक्दै र झर्दै गएको प्रति कविको चिन्ता रहेको छ । मान्छे : तीनमा जीवनरूपी रथ अगाडि बढ्दै जाँदा अब मानिस बुझिनसक्नु बनेको छ, ऊ सुनगाभा फुलाउनुको साटो कुरूपता रोप्तै हिँडेको छ, अविश्वासमा आफैँलाई छाम्दै हिंड्न थालेको छ भनी चर्चा गरिएको छ । त्यस्तै मान्छेः चारमा मानिस निःस्वार्थतामा बाँच्नु पर्दछ,

प्रकाशझैं जाज्वल्यमान बन्नुपर्छ, गोमन साँपझैं विष बाँड्दै हिड्नु हुँदैन भन्ने जस्ता गहन र मार्मिक भाव व्यक्त गरिएको छ । कवि कवितामा लेख्छन्,

"मान्छे त्यसैले दुर्गतिको नाम पनि हो

मान्छे त्यसैले सद्गतिको स्वर्णिम घाम पनि हो ।"[42]

चार अनुच्छेदमा विभक्त प्रस्तुत कवितामा बिम्ब र कतैकतै उपमा आलङ्कारको प्रयोग गरिएको छ, जसले गर्दा कविता प्रतीकात्मक र सरस बनेको छ । कवितामा पङ्क्तिहरूको एकरूपता भने छैन । कविता मझौला आयाममा बाँधिएको छ ।

### ) चेतना खोजिरहेछु .......

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको चौथो कविता हो । यो कविता २०५३ वैशाख-आषाढमा **कर्मसुधा** पत्रिकामा प्रकाशित भएको हो । कवितामा चेतनाशून्य समाजमा हत्या, आतङ्क, बलात्कार आदिले शासन गरिरहँदा त्यस्तो समाजमा चेतनाको चिराक सल्काएर मान्छेको अस्मिता खोज्न र बुद्धत्व रोप्न साथै **चेतना** भएर मान्छे बाँच्न मान्छेमा चेतनाको खोजि गर्नुपर्छ भन्ने सिलसिलामा कविताको कथावस्तु केन्द्रित रहेकाले कविताको शीर्षक सार्थक रहेको देखिन्छ ।

वर्तमान मानिसमा चेतनाको अभाव भएकै कारणले ऊ समाजमा हत्या र अनास्थाका फूलहरू रोप्दै छ । मनमा कुनियत बोकेर आजको मान्छे कुदिरहेको छ, मानिसकै बस्तीमा सच्चा मानिस भेट्टाउन गाह्रो भैसकेको छ । स्वर्णिम इतिहासलाई कुरूप बनाउने मानिसहरू बढ्दै छन्, समाजका सचेत र परिवर्तनकामी मानिसहरू प्रकाशको खोजिमा भौंतारिरहेका छन्, मानिसमा चेतनाको खोजी गरेर बाँचिरहेछन् भन्ने जस्ता गहन भाव कवितामा वर्णित छन् ।

प्रथम र तृतीय कथनपद्धतिमा गठित प्रस्तुत कविता प्रतीकात्मक रहेको छ । आलङ्कारिक शब्दचयनले कविता गहन बन्न पुगेको छ । लघु आयाम भएको यस कवितामा पाँच अनुच्छेद रहेका छन् भने प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता छैन ।

### ) अल्झिएका मान्छेहरू

[42] ऐजन, पृ. ६४ ।

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको पाचौं कविता हो । यो कविता २०५२ फाल्गुण १ मा **युगसंवाद** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले आजको मान्छे प्रकृतिको घामछायाँमा मुस्कुराउन नसकेर आफूलाई जीवन्त बनाउन नसक्दा कुरूपताको भास-भासमा डुब्दै गएको वास्तविकता पस्केका छन् । मानिस भूल र भ्रममा अल्झँदै जीवनयात्रामा अलमलिएका छन् भन्ने जस्ता भावनामा कविताको विषयवस्तु केन्द्रित रहेकाले यस कविताको शीर्षक सार्थक रहेको छ ।

वर्तमान मानिसहरू आफ्नो प्यारो धर्तिलाई कुरूप पार्ने यात्रामा लम्किरहेका छन् । उदास, उराठ र उमङ्गशून्य विचार हुर्काउँदै छन्, मन-मनमा कलुषित पालेर बाँचेका छन् भन्ने जस्ता गहन भाव प्रस्तुत गरिएको यस कवितामा वाहियात विचारलाई त्यागेर उच्च भावको शिखर चढ्न सबैलाई आह्वान् गरिएको छ । तृतीय पुरुष ढाँचामा गठित यस कवितामा समुचित बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । लघु आयाममा सीमित यस कवितामा चार अनुच्छेद रहेका छन् भने प्रत्येक अनुच्छेदमा ६-६ वटा पङक्तिहरू रहेका छन् ।

**) मान्छेको खोजी**

यो कविता कवि दुवालको **मानवीय संवेदनाहरू** काव्यकृति अन्तर्गत दोस्रो उपशीर्षकको छैटौं कविता हो । प्रस्तुत कविता २०५३ जेष्ठ १२ मा **लोकपत्र** दैनिक पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा विश्वमा जहाँ पनि सच्चा, इमान्दार र देशभक्त व्यक्तिहरू हराउँदै गएको प्रसङ्ग उल्लेख गर्दै हैटी, अमेरिका, सोमालिया, केन्या, बोस्निया, इथोपिया जस्ता मुलुकमा सच्चा मानिसको खोजी भैरहेको प्रसङ्ग कवितामा वर्णित भएकाले यसको शीर्षक सार्थक रहेको छ ।

आज मान्छे, मान्छे बन्न नसक्दा शान्ति अपहरण भएको छ र हामी त्रासमा बाँच्न विवश छौं । मान्छेकै बस्तीमा आज मान्छेको खोजी गर्नु पर्ने बिडम्बना हामीसँग छ । मानिसकै बस्तीमा मानिस नै बलात्कृत भएका छन् । मानिसहरू दरिद्र चिन्तन बोकेर पीडित बनेका छन् । विश्वका सुडान, अफगानिस्तान, एल साल्भाडोर, होन्डुरस जहाँ पनि मानिसहरू कुकर्म गर्न उद्यत छन् । मानिस, मानिससँगै झस्किनु पर्ने अवस्था छ । विश्वमा विद्यमान यस्तो अवस्थावाट मुक्ति पाउन मान्छे भई बाचौं र सच्चा मान्छेको खोजी गरौं

भन्ने जस्ता भावनाले कविता सजिएको छ । कवितामा बिम्ब, प्रतीकको समुचित प्रयोग गरिएकाले कलात्मकता थपिएको छ । कविताले विश्वपरिवेशलाई नियालेर शान्तिघोष गर्न खोजेको प्रतीत हुन्छ । लघु आयामको यस कवितामा तीनवटा अनुच्छेदहरू रहेका छन् र प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको सङ्ख्या फरक-फरक रहेको छ ।

### ) भोग्नुपर्छ

यो कविता दोस्रो उपशीर्षक अन्तर्गतको सातौं कविता हो । प्रस्तुत कविता २०५३ मा **दायित्व** पत्रिकामा प्रकाशित भएको हो । कविले मानव भएर यस धर्तिमा जन्मेपछि असत्य-सत्य, अन्याय -न्याय, तिरस्कार-माया, स्वार्थ-समर्पण, रोदन-हाँसो सबै भोग्दै अगाडि बढ्नु पर्छ भन्ने सन्दर्भलाई कविताको केन्द्रीय पक्ष बनाएकाले यसको शीर्षक सार्थक रहेको छ । कवि दुवाल लेख्छन्, कुनै वस्तु वा शब्दको परिभाषा व्यक्तिअनुसार फरक-फरक हुँदो रहेछ, एउटाले राम्रो देखेको वस्तु अर्काको परिभाषामा नराम्रो बन्दो रहेछ, मान्छेको सोचाइ बुझिनसक्नु रहेछ । कवितामा कवि भन्छन् -

"घृणा-माया

दुःख -सुख

अँध्यारो-उज्यालो

नराम्रो-राम्रो

परिभाषाहरू पढ्न गाह्रो "[43]

प्रस्तुत कवितामा मानिस आफ्नो सार्वभौम गुण बुझ्न नसक्दा हैरान छ भन्ने भाव व्यक्त भएको छ । मानिसले जस्तोसुकै अवस्थालाई पनि आत्मसात गर्नु पर्छ, रम्न गाह्रो छ, रम्न सिक्नु पर्छ । भोग्न गाह्रो छ, भोग्न दिनुपर्छ । यही नै मान्छेको जीवन हो, धरतीमा आएपछि भोग्नुपर्छ भन्ने जस्ता भावलहरीमा कविता उनिएको छ ।

[43] ऐजन, पृ. ७२ ।

कुनैकुनै पङ्क्तिहरूमा अन्त्यानुप्रासको प्रयोग गरिएको प्रस्तुत कवितामा आलङ्कारिक शब्द चयनले उच्च कोटीको बन्न पुगेको छ । चार अनुच्छेदमा बाँडिएको लघु आयामको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

**) आइमाईहरू**

प्रस्तुत कविता कवि दुवालद्वारा रचित दोस्रो उपशीर्षकको आठौं कविता हो । यो कविता २०५४ मार्ग २६ मा **जनप्रतिष्ठा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा आइमाईहरू धरतीलाई प्रकाश छरेर प्रज्ज्वलित पार्ने जून हुन्, धरतीलाई सुगन्धित बनाउने सृष्टिका फूल हुन् भनी वर्णन गरिएकाले यसको शीर्षक सार्थक देखिन्छ ।

कविले नेपाली समाजमा हेपिएका, दबिएका र पछाडि पारिएका आइमाईहरूलाई सृष्टिका अग्नि-गर्भाहरू र हिमालभन्दा शीतलताका उच्छवासहरू भनी वर्णन गरेका छन् । कवि सृष्टिकर्ता आइमाईहरूलाई वृष्टिकर्ताको रूपमा पनि चित्रण गर्दछन् । कविले समानताका किनारा भई बग्न सक्ने आइमाईलाई रमणीय मायाका संवेदनाहरूको रुपमा मात्र होइन, सृष्टि, वृष्टि र दृष्टि सबै-सबैमा राखेर नियालिरहेका छन् ।

यस कवितामा जून, प्रकाश, फूल, हिमाल जस्ता बिम्ब र प्रतीकहरूको उचित प्रयोग गरेर कवितालाई उच्च कोटीको बनाइएको छ । चार अनुच्छेदमा विभक्त प्रस्तुत कविता लघु आयाममा बाँधिएको छ । कविताका प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता छैन ।

**) मान्छे व्यग्र छन्**

प्रस्तुत कविता कवि दुवालद्वारा रचित मानवीय संवेदनाहरू काव्यकृतिको ६ वटा उपशीर्षकहरूमध्ये दोस्रो उपशीर्षक **मान्छेभित्रका कविताहरू** अन्तर्गतको नवौं कविता हो । यो कविता २०५३ कार्तिक महिनामा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले वर्तमान मान्छेले आफैंलाई चिन्न नसक्दा आफैंसँग यक्ष-प्रश्नहरू तेर्स्याइरहेको छ । एकान्तमा आफूलाई आफैंले छाम्छ, अरूलाई हेर्छ तर उत्तर पाउन नसक्दा हैरान छ भन्ने जस्ता भाव व्यक्त गरेकाले कविताको शीर्षक सार्थक देखिन्छ ।

मानिस, मानिसद्वारा नै दुर्गति खेप्न बाध्य छ, मान्छेकै विरूद्धमा मान्छेहरू लागिरहेका छन्, मानिसमा आत्मविश्वासको कमी आएको छ, मानिस दिनप्रतिदिन दम्भी बन्दै गएको छ, अरूको ईर्ष्या गर्नमा मानिस तल्लीन देखिन्छ, मानिस, मानिसद्वारा नै भयभित छ भन्ने

जस्ता गहन भावहरू कवितामा कविले वर्णन गरेका छन् । मान्छेका मनमा विकृतिका डरलाग्दा घाउका खाटाहरू खोपिएका छन्, मान्छेभित्रको स्नेही बोलीवचन काँढाको झ्याङमा अल्झिएको छ, मान्छेभित्र झुल्ने शिष्ट र सौम्य व्यक्तित्व पलाँसको फूलझैं ओइलाइसक्यो तर मानिस आफैंलाई भुलिरहेछ, आफैंलाई चिन्न नसक्दा छट्पटाइरहेछ भन्ने जस्ता भावलहरीमा कविता अनुबन्धित छ । तृतीय पुरुष ढाँचामा रचिएको यस कवितामा बिम्ब र प्रतीक योजना समुचित रूपमा गरिएको छ । पाँच अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका अनुच्छेदमा फरक-फरक पङ्क्तिहरू रहेका छन् ।

## ) प्रेतझैं छ ऊ

यो कविता कवि दुवालद्वारा रचित दोस्रो उपशीर्षकअन्तर्गतको दसौं कविता हो । प्रस्तुत कविता २०५३ आश्विनमा **करेन्ट** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानिस आफ्नो स्वाभीमानलाई बन्धक राखेर सोर्स र फोर्सको पछाडि दगुर्दै छ, ऊ अस्तित्वहीन रोबोटझैं बन्दै गएको छ भन्ने जस्ता भावनाहरूलाई कवितामा समेटेकाले यसको शीर्षक सार्थक रहेको पाइन्छ ।

मानिस आफूमात्र अगाडि बढ्नमा व्यस्त छ, अरूलाई दुःख दिन पाउँदा ऊ मस्कन्छ र आफूभन्दा ठूलो कसैलाई देख्दैन । मानिस दुर्गन्ध र फोहोरलाई विचारमा समेट्दै छ, ऊ जति ठूलो भए पनि विचारमा गन्हाइरहेको छ । यिनै भावना पस्कँदै कवि कवितामा लेख्छन्-

"दुर्गन्ध र फोहोरसित

विचार साटासाट गर्नेहरू

महलमा बसे पनि

दरबारमा बसे पनि

गन्हाउँदो रहेछ

हो ऊ पनि भालुझैं गन्हाइरहेछ ।"[44]

---

[44] ऐजन, पृ. ७८ ।

यसरी प्रस्तुत कवितामा कविले प्रेतझैँ बनेको आजको मान्छेलाई अनुहारमा प्रकाश ल्याउन, मनको औडाहा फाल्न र संसारलाई प्रकाशमय बनाउन आह्वान् गरेका छन् । तृतीय पुरुष ढाँचामा रचित यस कविताका कुनै-कनै पङ्क्तिमा अन्त्यानुप्रासको प्रयोग भएको छ । नदी, रोबोट, आकाश, मुर्दा आदिजस्ता बिम्बहरूको प्रयोगले कविता उच्च, कलात्मक र सम्प्रेष्य बनेको छ । छ वटा अनुच्छेदमा विभक्त मझौला आयामको यस कविताका दुईवटा अनुच्छेदमा ६, ६ वटा पङ्क्तिहरू छन् भने चारवटा अनुच्छेदमा पाँच -पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

### ) घाम भोगिरहेछु

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको एघारौं कविता हो । यो कविता २०५३ कार्तिकमा **शिवपुरी सन्देश** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा सत्य, न्याय, मुक्ति, विश्वास, निश्चलता आदिलाई घामको प्रतिबिम्बको रूपमा चित्रण गर्दै सत्य र न्यायका पक्षपातीहरू घाम नै भोगिरहन्छन् र भोग्न चाहन्छन् भन्ने भावनामा कविता केन्द्रित रहेकाले यसमा शीर्षकीय सार्थकता रहेको पाइन्छ । समाजका सत्यवादी मानिसहरू सामन्तवादी कुसंस्कारको अन्त्य चाहन्छन्, सत्य र न्यायका पक्षपातीहरू समाजमा दुर्गन्ध फैलाउने असत्य, अन्याय र फोहोरी खेलमा रमाउन सक्दैनन् । समाजमा अँध्यारो निम्त्याउने कुहिरोको संख्या बढ्दै गए पनि, घामको प्रफुल्लता भत्किए पनि सत्यवादीहरू घाममा निर्वाण सुँघिरहेका हुन्छन् । असत्य, अन्याय र कुप्रवृत्तिले जरो गाड्दै गएको हाम्रो समाजमा सोझा सिधाहरूको अवस्था चिन्ताजनक बन्दै गएको छ, फूल भाँचिन थालेको छ, हिमालको मुस्कुराहटमा मलिनता देखिन थालेको छ, सबैतिर सन्नाटा छाएको छ, मेघको गर्जन बढ्दै गएको छ, तर पनि शान्तिकामीहरू न्याय, स्वतन्त्रता र सत्यका पक्षधरहरू सबै घामको प्रतीक्षामा छन्, घाममा जीवन छामिरहेछन् भन्ने भाव कविताले पस्केको छ । घाम, कुहिरो, हिमाल, फूल, मेघ, दिन, रात, जस्ता बिम्बहरूको प्रयोगले कविता आलङ्कारिक बन्न पुगेको छ । कुनै-कुनै पङ्क्तिहरूमा आद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ । मझौला आयाममा गठित प्रस्तुत कवितामा पाँच अनुच्छेद रहेका छन् र तीन अनुच्देछमा ६, ६ पङ्क्ति रहेका छन् । एउटामा पाँच पङ्क्ति र एउटामा चार पङ्क्तिहरू रहेका छन् ।

### ) युद्ध ध्वंस हो .............

यो कविता दोस्रो उपशीर्षक अन्तर्गतको बाह्रौं कविता  हो ।  प्रस्तुत कविता २०५४ मार्ग १२ मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । वर्तमान परिवेशमा मानिसहरू आँखामा तिरस्कार र हिंसाका दृश्य सँगालेर युद्धका दुन्दुभी बजाउँदै छन् । युद्धका कथाहरू रच्दै ध्वंसलाई निम्त्याउँदै छन् भनी युद्धपिपासुहरूप्रति ब्यङ्ग्यबाण प्रहार गर्दै कविताको विषयवस्तु अगाडि बढेकाले यसको शीर्षक सार्थक देखिन्छ ।

सोझा, निरीह र निहत्था मानिसहरूको आँसुको मूल्य छैन, मानवीय विवेकमा अहङ्कार बढेको छ, मानिस-मानिसबीचमा साँध सिमाना बाँधिएको छ र सिङ्गो युग नै सन्त्रासमा आँसु खसाल्दै छ भनी कविले वर्णन गरेका छन् । समाजमा उज्यालो चाहनेहरू स्वतन्त्रताको खोजीमा छन् तर तुवाँलोले वस्तीलाई ढाक्दै छ, हिंसाप्रेमीहरू सोझा, सिधालाई गोली ताकेर बहादुरीताको खोल ओढ्न व्यस्त छन्, विध्वंश मच्चाउनेहरूका लागि निर्माण एकादेशको कथा भएको छ भन्ने जस्ता भावनाले कविता ओतप्रोत छ । देशमा युद्धको हुङ्कार मच्चिँदा केटाकेटीहरू पनि युद्धकै खेल खेल्न थालेका छन्, समाजमा जताततै तनाव बढेको छ, तर शान्ति र अहिंसाको साटो युद्ध र हिंसा चाहनेहरू इतिहासमा पतन भएरै छाड्छन् भन्नेजस्ता भावनालाई कविले उतारेका छन् । त्यसैगरी युद्ध कहिल्यै सत् हुन सक्तैन, मानवरूपी भक्षहरू कहिल्यै फूलहरूका शान्त मन बुझ्दैनन्, उनीहरू आँखा र मनमा छल, प्रपञ्च र घृणा मात्र रोप्दछन् । युद्धलाई नै आफ्नो आभीष्ट ठान्नेहरू सोचाइमा विष हुर्काउने गर्छन्, अरूमाथि विश्वास गर्न सक्तैनन् भन्ने भनाइ पनि कवितामा वर्णित छ ।

युद्ध मानिसको कालो चिन्तनको विरूद्ध रचिनु पर्ने, तर मान्छेकै विरूद्धमा रचिँदै छ । शान्तिलाई अपहरण गरेर मानिस युद्धको राँको सल्काउँदै छ, युद्ध अभिशाप हो, कलङ्क हो भन्ने बुझाइ युद्धपिपासुहरूमा आउन सकेको छैन । त्यसैले राष्ट्रलाई विध्वंशतिर लैजाने युद्धलाई आत्मसात नगर्न आग्रह गर्दै कवि भन्छन्,

> "युद्ध सम्राट हो-उनीहरू चुल्होमा दाउरा थप्दै छन्
>
> युद्ध  विध्वंश हो-उनीहरू ध्वंस बाल्दै छन्
>
> त्यसैले म गुन्छु-
>
> युद्ध मान्छे हुनै सक्दैन !

मान्छे युद्ध हुनै सक्दैन !"[45]

लामो आयाममा अनुबन्धित प्रस्तुत कवितामा बिम्ब र प्रतीकको समुचित प्रयोग पाइन्छ । आलङ्कारिक शब्द चयनले कविता सहज एवम् सम्प्रेष्य समेत बनेको छ । आठ अनुच्छेदमा विभाजित यस कवितामा पङ्क्तिहरूको एकरूपता भने छैन ।

### ) मान्छेको अर्थ

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको तेह्रौं कविता हो । यो कविता २०५४ माघ २३ मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानिसको परिभाषाको खोजी गरेका छन् । कवितामा मानवीय गुणहरूको खोजी गरिएको छ, ध्वंस गरेर निर्माण चाहनेहरूप्रति व्यङ्ग्य गर्दै उनीहरूलाई जीवनको अर्थ बोध गराउन खोजिएकाले कविताको विषयवस्तु र शीर्षकको बीचमा तालमेल पाइन्छ । कवितामा मानिसको रूप लिएर जन्म लिँदैमा मान्छे बन्न नसकिने वास्तविकतालाई जोड दिँदै साँच्चै मान्छे बन्न त सूर्यको किरण भएर बस्ती बस्तीमा छताछुल्ल पोखिन सक्नु पर्छ । वास्तविक मान्छे भेट्टाउन दीन दुःखीहरूको माझमा पुग्नु पर्दछ, उनीहरूको ढुकढुकी छाम्नु पर्छ भन्ने जस्ता भाव कविले प्रस्तुत गरेका छन् । समाजमा बुद्ध बनेर निर्वाण खोज्नेहरू, सूर्यकिरण भएर बस्तीमा पुग्नेहरू, निश्चलता नै जीवन हो भनी बुझ्नेहरू वास्तविक मान्छे हुन् भनी कविले वर्णन गरेका छन् ।

समाजमा दानवीयता रोप्ने, कुरूपता छर्कने, पशुको स्वर्ग कल्पिने जस्ता मानिसलाई कविले मानिसको परिभाषाभित्र राखेका छैनन् । तृतीय पुरुष कथन ढाँचा रहेको तथा सरल विम्बहरूको प्रयोगले कविता भाषिक रूपमा सहज, सरस र सम्प्रेष्य बनेको छ । सात अनुच्छेदमा विभक्त मझौला आयामको यस कविताका प्रत्येक अनुच्छेदका पङ्क्तिहरूमा एकरूपता छैन ।

### ) अप्ठ्यारो मन

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको चौधौं कविता हो । यो कविता २०५४ मा **कविता क्यालेण्डर** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समाजका स्वार्थी, घमण्डी, ईर्ष्यालु, कपटी र कुरूपता हुर्काउने मानिसलाई व्यङ्ग्य गरेका छन् । समाज

[45] ऐजन, पृ. ८४ ।

र राष्ट्रप्रति कुनै चासो नदेखाउने र आफैंलाई सबथोक ठानेर सीमित घेराभित्र रमाउने मानिसलाई कविले अप्ठ्यारो मन भएका व्यक्तिका रूपमा उभ्याएकाले यस कविताको शीर्षक र विषयवस्तुको बीचमा तादात्म्यता रहेको छ ।

समाजका स्वार्थी प्रवृत्तिका मानिसलाई देशको बारेमा कुनै चिन्ता हुँदैन । त्यस्ता मानिसहरू आँखामा ईर्ष्या पालेर बस्दछन् , मनमा अभिमान हुर्काउने र आफूलाई नै सबथोक ठान्ने गर्दछन् । देश भत्कियोस वा बनोस्, घाम लागोस् वा अस्ताओस् कुनै चासो नराख्ने केबल आफ्नो भलाइको लागि मात्र चिन्तन गर्ने मानिसहरू अरूले तपाइँ भनोस वा नभनोस् आफैं मपाइँत्वको माला जपेर बाँचिरहेका हुन्छन् भनी कवि कवितामा यसरी लेख्छन् ।

"बुद्ध जन्मियून् वा गान्धी

सृष्टि हाँसोस् वा नासियोस्

हत्केलामा स्वार्थ अँगालेको छु

खुट्टामा कपट सँगालेको छु

म त यसरी ममा नै 'सम्राट' भई नाचेको छु"[46]

यसरी केही मुक्तकीय ढाँचालाई ग्रहण गरेको यस कविताले समाजका स्वार्थी प्रवृत्तिका व्यक्तिहरूलाई व्यङ्ग्यवाण प्रहार गरी सुधारको अपेक्षा गरेको छ । नवीन बिम्ब र अलङ्कारको कलात्मक बान्कीले यस कवितामा गद्य सङ्गीतको कर्णप्रियता पाइन्छ । यस कवितामा सरल शब्दावली प्रयोग गरिएका छन् । एउटै अनुच्छेदमा बाँधिएको लघु आयामको यस कवितामा कविले भावपक्षलाई गहन र हृदयस्पर्शी बनाएका छन् ।

[46] ऐजन, पृ. ८८ ।

) **सन्ध्याहरू**

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको पन्ध्रौं कविता हो । यो कविता २०५२ कार्तिकमा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । कविले यस कवितामा नेपाली समाजमा अन्याय, शोषण, दमन सहन वाध्य बनेका महिलाहरूलाई सन्ध्याको प्रतीक मानेका छन् । नेपाली महिलाहरूमाथि गरिने हिंसा, बलात्कार आदिको विरोध यस कवितामा टड्कारो रूपमा प्रस्तुत भएको छ । विशाल मन बोकेका र धर्तीमा सिर्जना रोप्ने महिलाहरू निशाचरहरूका लागि भोगविलासका साधन बनेका छन् । आफ्नै श्रीमान्सँग पनि पीडा खप्न विवश महिलाहरू चुलो चौकोमा सीमित बनेर धुवाँसँगै रूने गर्दछन् । कतिपय महिलाहरू विवाहमा दाइजो नल्याएको निहुँमा अन्याय खप्न बाध्य छन् । अपराधीहरूका आपराधिक क्रियाकलापका सिकार बनेका महिलाहरू शारीरिक यातनाका साथै मानसिक यातनाका पनि सिकार बनेका उदाहरणहरू प्रशस्तै छन् र महिलाहरूमाथि हुने गरेका यस्ता यावत् प्रकारका शोषणहरूको अन्त्यको चाहना कविले कवितामा व्यक्त गरेका छन् ।

कवितामा महिलाहरू धरतीभन्दा विशाल छन् भन्दै उनीहरूको मन दुखाउनेहरू अन्ततः पलाँसको फूल झरेझैं अवश्य एकदिन झर्छन् भनी भनिएको छ । एकै अनुच्छेदको एकै प्रवाहमा पूरा भएको लघु आयामको यस कवितामा एकतीसवटा पङ्क्तिहरू सजिएका छन् । प्रतीकयोजनालाई सफलतासाथ प्रयोग गरिएको यस कवितामा रूपक अलङ्कारको प्रयोग पनि गरिएको छ । कविताको भाषाशैली सरल, सहज र कलात्मक रहेको छ ।

) **मान्छे छामिरहेछु**

यो कविता दोस्रो उपशीर्षक अन्तर्गतको सोह्रौं कविता हो । प्रस्तुत कविता २०५४ मार्ग ५ मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मान्छेको कर्मलाई नियालेर त्यही कर्मका आधारमा उसलाई छामिरहेका छन् । मान्छेलाई मान्छेकै आँखामा खोजिरहेका छन् त्यसैले यस कवितामा विषयवस्तु र शीर्षककोबीच तादात्म्य सम्बन्ध रहेको छ । हरेक वस्तीमा मानिसहरू आ-आफ्नै कथा, व्यथा सँगालेर बाँचिरहेका छन, मानिस-मानिसबीचको जीवन भोगाइ फरक-फरक छ । आज मान्छेको कष्ट मान्छेले नै बुझ्न नसक्दा वर्तमान अवस्था दर्दनाक बनेको छ । सृष्टिको व्यय खोज्ने पनि मान्छे,

सृष्टिमा भ्रम खोप्ने पनि मान्छे नै हो, त्यसैले मान्छे कहिलेकाहीं मान्छे हुन नसकेर पराजय भोग्छन् भन्ने जस्ता गहन भाव कवितामा कविले समेटेका छन् ।

कविले यस कवितामा आजका मानिसहरू सत्य, न्याय र नैतिकताका कुराहरू बिर्सेर आफैंलाई भुलिरहेका छन्, समाज उकुसमुकुस बन्दै गइरहेको छ, यस्तो बीचमा कवि यसरी मान्छेको खोजी गर्छन्, कवितामा-

"मान्छेहरू त आजभोलि

अर्कालाई हेर्छन् तर आफूलाई हेर्न भुल्छन्

उकुसमुकुस, उबडखाबड

मान्छेको जीवन

म गधा चढेर

मान्छे कल्पिरहेछु

म कुकुरको भीडमा

मान्छे छामिरहेछु ............."[47]

यसरी प्रस्तुत कवितामा कविले समाजमा रहेका मानिसहरूको वास्तविक चित्र उतारेका छन् । कविले घातप्रतिघात गर्दै, षड्यन्त्र र अविश्वासमा हुर्कन चाहने मान्छेहरूलाई छामिरहेका छन् । छाम्दै जाँदा कविले समाजमा बुद्ध पनि भेट्टाए, सद्धाम पनि भेट्टाए । इदि अमिन, बोकासा, आङसाङ सुकी, मदर टेरेसा आदि सबैलाई उनले समाजमै भेट्टाए । त्यसैले कवि भन्छन्, मान्छे सद्बुद्धिको पोको पनि हो, ध्वंसको भान्छे पनि हो ।

प्रस्तुत कवितामा कविले मानिसका विभिन्न रूपहरू छामिसकेर मान्छेलाई प्रगतिमुखी भएर, विकासमुखी भएर बाँच्न आग्रह गरेका छन् । लामो आयाममा गठित यस कविता बिम्ब विधान र प्रतीक योजनाले उच्च, कलात्मक र सरस बनेको छ । ठाउँ-ठाउँमा उपमा अलङ्कारको प्रयोगले कविता झन पाठकलाई प्रभाव छोड्न सफल देखिन्छ । तेह्र अनुच्छेदमा विभक्त यस कवितामा पनि पङ्क्तिहरूको तालमेल पाइँदैन ।

---

[47] ऐजन, पृ. ९३ ।

) **मान्छे सोचिरहेछु**

प्रस्तुत कविता दोस्रो उपशीर्षक अन्तर्गतको सत्रौं वा अन्तिम कविता हो । यो कविता २०५४ मघ २ मा **समदृष्टि** पत्रिकामा प्रकाशित भएको हो । कवितामा एकातिर मानिसमा, मानिसको चेतना नभएको पीडा वोधले कविको भावना छर्लङ्गिएको छ भने अर्कोतिर यो चेतनालाई उघार्न आह्वान् पनि गरिएको पाइन्छ । यसरी कविले यस कवितामा मानिस कस्तो हुनु पर्ने, कस्तो भइरहेछ भन्ने सन्दर्भलाई पस्कन खोजेका छन् अतः कविताको विषयवस्तु र शीर्षकको बीचमा तादात्म्यता रहेको छ ।

कवि आकाशको निश्चलता र विशालतालाई हेर्दै मानिसको जीवनसँग तुलना गर्दैछन् । मानिसले जीवन बुझ्न आकाशसँग सोध्नु पर्दछ । निश्चलता र विशालता नै जीवन हो । राष्ट्रमा प्रकाश फिँजाएर बाँच्न सिक्नुपर्दछ । प्रकाश नै सत्य र न्याय हो । आकाश र धर्तीलाई बुझ्न सके जीवन बुझ्न सकिन्छ भन्ने जस्ता भावनालाई कविले कविताको विषयगत परिधिभित्र राखेका छन् । कविता आयामको हिसाबले लघु भए पनि भावको हिसाबले गहन र व्यापक छ । कवितामा आकाश, प्रकाश जस्ता बिम्बहरूको प्रयोग समुचित रूपमा गरिएको छ । प्रतीकात्मक शब्दचयनले कविता मार्मिक र चोटिलो बन्न पुगेको छ । एउटै अनुच्छेदमा अनुबन्धित प्रस्तुत कविता सरल भाषाशैली र सरस प्रस्तुतिले रुचिपूर्ण बनेको छ ।

## ५.४. प्रकृति-गर्भका उच्छ्वासहरू

) **सूर्य-चेत**

प्रस्तुत कविता कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको छ वटा उपशीर्षकहरूमध्ये तेस्रो उपशीर्षक **प्रकृति-गर्भका उच्छ्वासहरू** अन्तर्गत रहेका १५ वटा कविताहरूमध्ये पहिलो कविता हो । यो कविता २०५१ वैशाख-आषाढमा **बन्दना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले सूर्य- चेत मानिसमा कहिल्यै आउन नसकेको प्रति चिन्ता प्रकट गर्दै त्यस्तो चेत मान्छेमा पलायो भने अवस्य संसारलाई आलोकमय बनाउन सकिन्छ भन्ने भाव पस्केकाले शीर्षकीय रूपमा कविता सार्थक रहेको छ । कविले जसरी सूर्यका किरणहरू मायाका आभाहरू छर्कर धरतीमा मुस्कुराउने गर्छन्, ऊ

कहिल्यै आफ्नो कुरा आफैंले भन्दैन, विना स्वार्थ अँध्यारो मासेर उज्यालो दिन, धर्तीका सबै प्राणीलाई शान्ति र सुखका अनुभूति प्रदान गर्न लागिरहन्छ, त्यसैगरी मानिसले पनि उज्यालोको खोजी गर्नु पर्छ, ज्योति खोज्न नसक्नु उसको मूर्दा बानी हो । मानिस समाजमा बढ्दै गएको षड्यन्त्र, हत्या, लुट, बलात्कार आदिलाई चुपचाप सहन्छ, यस्तो बानीले परिवेशमा खिया लाग्न सक्छ । अतः सूर्य-चेत मनमा साँचेर अगाडि बढ्नु पर्छ, संसारलाई आलोकित पार्नुपर्छ भन्ने गहन र मार्मिक भावहरूलाई कविले यस कवितामा समेटेका छन् ।

लघु आयाममा संरचित प्रस्तुत कविता उचित बिम्ब विधान र प्रतीक योजनाले सिंगारिएको छ । आलङ्कारिक शब्दचयन रहेको प्रस्तुत कविता अनुप्रास विहीन छ । एउटै अनुच्छेदमा गठित यस कवितामा भाषिक सरलता भएर पनि गम्भीरता, कलात्मकता र उच्च बौद्धिकता रहेको पाइन्छ ।

**) यात्राक्रम**

यो कविता तेस्रो उपशीर्षकअन्तर्गतको दोस्रो कविता हो । प्रस्तुत कविता २०५१ जेष्ठमा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानवीय जीवनका बिभिन्न क्रमलाई यात्राक्रमको संज्ञा दिएर सुख-दुख, हर्ष-विस्मात, उकाली -ओराली जस्ता जीवनका भोगाइलाई आत्मसात् गर्दै जीवनरूपी रथ अगाडि बढेको हुन्छ भनी यस कवितामा वर्णन गरेकाले कविताको शीर्षक सार्थक रहेको छ । जसरी पहाडको मुन्तिर मनमा अग्निज्वाला दन्काउँदै, मनमा सन्त्रास पालेर हुटिट्याउँहरूले जीन्दगी भोगिरहेका छन्, काकाकुलहरू पीडालाई छातीमा टाँसेर घाममा आँखाहरू चम्काइरहेका छन् त्यसैगरी मानिस पनि जीवनमा आइपर्ने हरेक अवस्थाको सामना गरेर बाँचिरहेको छ । मानिस-मानिसको बीचमा जीवनको भोगाइ भिन्न-भिन्न रहेको हुन्छ । कोही ऐस-आरामको जीवन भोगिरहेछन् भने कोही सङ्कटलाई गुनेर रोइरहेछन् भन्ने जस्ता जीवनका भोगाइहरूको यथार्थ चित्रण कविले यस कवितामा गरेका छन् । कविले यस कवितामा हुटिट्याउँ, काकाकुल, मौरी जस्ता प्रतीकको प्रयोग गरेर मानव जीवनको जीवनक्रमलाई प्रस्ट पारेका छन् । प्रतीकात्मक शब्दहरूको समुचित प्रयोग, अन्त्यानुप्रासको मुक्त साङ्गीतिक रम्यता, आलङ्कारिक शब्दहरूको साजसज्जा आदिले कविता उच्च र कलात्मक बनेको छ । मानवीय जीवनसँग सम्वन्धित यस कविताको भावपक्ष गहन, हृदयस्पर्शी र सम्प्रेष्य रहेको छ ।

) **हावा**

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । प्रस्तुत कविता २०४६ पौषमा **रत्नश्री** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले प्रकृतिको प्रतिच्छाया मानिसमा देख्न खोजिरहेका छन् । प्रकृतिमा देखिए जतिको मानवोचित  चेत मानिसमा उद्बोधित भएको भए पनि कस्तो हुन्थ्यो ! भन्ने भावनाले कविता सिंगारिएको छ । कवितामा कविले प्राकृतिक वस्तु 'हावा' को वर्णन गर्दै मानिसमा हुनुपर्ने मानवीय स्वभावको चित्रण गर्न खोजेकाले कविताको शीर्षक सार्थक रहेको छ ।

हावा आफू अणु-अणुमा विभाजित भएर निरन्तर आफ्नो कर्तव्यमा यात्रा गरिरहन्छ । उसँग विश्वास छ, ऊ सबैतिर तल-माथि गर्दै सबै-सबैलाई आफ्नोपन बाँड्दै बहँदै छ, ऊ आकाशजस्तै विशाल र निश्चल बन्ने सपना साँच्दै छ, जीवनलाई जीवन्त बनाउने लडाइँमा ऊ लड्दै छ । तर मानिस प्रकृतिजन्य वस्तु जस्तो बन्न कहिल्यै सकेन, न ऊ आकाशजस्तै विशाल बन्न सक्यो, न हावा जस्तै पवित्र बनेर वहन नै सक्यो, न आकाश र हावासँग जीवन साटेर आफूलाई जीवन्त बनाउन सक्यो, त्यसैले मानिसले प्राकृतिक वस्तुसँग पाठ सिकेर मानवोचित चेत आफूमा विकसित गराउनु पर्छ भन्ने भावनालाई कविले कवितामा वर्णन गरेका छन् ।

प्रस्तुत कविता लघु आयाममा संरचित छ, एउटै अनुच्छेदमा टुङ्गिएको यस कवितामा पनि हावा, आकाश जस्ता बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । शैलीका दृष्टिले सरल शब्दहरूको प्रयोग गरिएको यस कविता भावका दृष्टिले गहन रहेको छ ।

) **आकाश**

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको चौथो कविता हो । प्रस्तुत कविता २०४७ कार्तिकमा **रत्नश्री** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले आकाशको महानताको चित्रण गर्दै त्यो महानता धरतीमा रहेका सम्पूर्ण मानव जातिमा आउनु पर्ने विचार व्यक्त गरेकाले कविताको विषयवस्तु र शीर्षकको विचमा तादात्म्यता रहेको पाइन्छ । आकाश, जसले सूर्यलाई आफ्नो छातीमा राखेको छ, ताराहरूलाई जीउभरि  छरेको छ, पूर्णेको रातमा ऊ नव दुलही जस्तै सिंगारिन्छ र आफ्नो सहनशीलता र महानताको परिचय दिन्छ । तर धरतीमा रहेका चेतनशीलको पगरी गुथेका मानिसहरू, जसमा महानता, सहनशीलता र सुन्दरताका गुणहरू पटक्कै भेट्न नसक्दा आकाशलाई सरम लाग्छ र

आकाश मानिसको सुन्दरताको खोजाइमा आफूलाई समर्पित बनाउँछ भन्ने भावनामा कविता संरचित छ । कवितामा कविले आकाश र मानिसको तुलना गर्दै मानिसमा ह्रास हुँदै गएको मानवीय स्वभावप्रति व्यङ्ग्य गरेका छन् ।

लघु आयाममा गठित प्रस्तुत कवितामा पनि सूर्य, तारा, आकाश, पूर्णेको रात, बेहुली, धरती जस्ता बिम्ब, प्रतीक र उपमा अलङ्कारको प्रयोग गरिएको छ, जसले कविता सरस र बोधगम्य बनेको छ । एउटै अनुच्छेदमा अनुबन्धित यस कवितामा जम्मा बाह्रवटा पङ्क्तिहरू रहेका छन् ।

**) नयाँ वर्ष /कविता**

प्रस्तुत कविता तेस्रो उपशीर्षक अन्तर्गत रहेको पाचौं कविता हो । यो कविता २०४८ वैशाखमा **रत्नश्री** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले नयाँ वर्षलाई चार खण्डमा विभाजन गरी प्रत्येक खण्डले मानिसको व्यवहारप्रति व्यङ्ग्य गरेकाले कविताको शीर्षक विषयवस्तुसँग नजिक रहेको छ । कविले नयाँ वर्षः एक कवितामा नयाँ वर्ष जसरी फूलका गुच्छा लिएर, परिवर्तनको पोको बोकेर आउनुपर्थ्यो त्यसरी नआएको विचार व्यक्त गर्दै नयाँ वर्षले मानिसको चेतनामा परिवर्तन ल्याउन नसकेको भावना प्रस्तुत गरेका छन् ।  त्यसैगरी नयाँ बर्ष दुई कवितामा प्रत्येक मानवको विचारमा इन्द्रेणीजस्तो बनेर, घाम बनेर शीतसँग रूझ्दै मानव वस्तीको अँध्यारो फाल्न नयाँ वर्षको आगमन हुनुपर्ने भाव व्यक्त भएको छ । त्यसैगरी नयाँ वर्ष तीन कवितामा समय सँगसँगै नयाँ वर्षले नयाँपन भित्र्याएको, नयाँ वर्षको आगमनसँगै मानिसले आफ्नो जीवन बुझेका, भविष्यलाई समयमा ढाल्न खोजेका प्रसङ्ग वर्णन गरिएको छ । नयाँ वर्ष चार कवितामा भने कविले समयले काँचुली फेरेको अवस्थामा नयाँ वर्ष कसरी प्रवेश गर्छ भन्ने प्रसङ्ग कोट्याएका छन् । अब नयाँ बर्ष सँगसँगै मानिस समानताको गीत गाउन थालेको छ, मानिसले आफूलाई बुझ्न थालेका छन्, मानिस स्वाभीमानमा फुर्किन थालेका छन् र मानवताका लागि मुक्ति बोकेर झुल्किन थालेका छन् भनी कविले नयाँ वर्ष सँगै मानिसको विचार र व्यवहारमा आएको परिवर्तनका चित्र कवितामा उतारेका छन् ।

यसरी मझौला आयाम बोकेको यस कवितामा पनि उपमा अलङ्कारको प्रयोग गरिएको छ । विभिन्न प्रतीक, बिम्बको प्रयोग गरिएको प्रस्तुत कविता प्रथम पुरुष कथन

ढाँचामा गठन गरिएको छ । चार अनुच्छेदमा विभक्त यस कविताका दुईवटा अनुच्छेदमा ६, ६ वटा र दुईवटा अनुच्छेदमा सात-सातवटा पङ्क्तिहरू रहेका छन् ।

### ) अँध्यारो /उज्यालो

प्रस्तुत कविता कवि दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिको ६ वटा उपशीर्षकहरूमध्ये तेस्रो उपशीर्षकको छैटौं कविता हो । यो कविता २०४८ मा **सङ्गम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानवेतर प्राणीहरू पनि अँध्यारोमा मन दुखाउने गर्छन् र उज्यालोमा रमाउने गर्छन् भन्ने गहन भाव पस्केकाले यस कविताको विषयवस्तु र शीर्षकको बीचमा तादात्म्य सम्बन्ध रहेको छ ।

उज्यालो परिवेश र नितान्त आफ्नै संसारमा पन्छीहरू मनलाई हावामा सजाएर सुन्दरतालाई खोज्दै विचरण गर्ने गर्छन् । सृष्टिको नियम नै हो, अँध्यारो-उज्यालो, सुख, दुःख, हर्ष-विस्मात्, उकालो-ओरालो आदि सबै-सबै जीवनका भोगाइमा प्रवेश गर्छन् । यही नियती जब चराहरूले भोग्छन् वा जब जीवन अँध्यारोमा प्रवेश गर्छ, तब मनहरू पनि अँध्यारो पार्दै विरहका स्वरहरू चुच्चोमा उनेर अँध्यारोको कुरूपता फाल्नको लागि उज्यालोको खोजी गर्न दौडन्छन् । चराहरू उज्यालोको सम्भावना मनमा साँचेर जीवनवादी बने जस्तै धर्तीमा समय-समयमा देखिने कुरूपता र दुर्गन्धलाई फाल्नको लागि दृढ विश्वास र आशावादी चिन्तनका साथ जीवनलाई सार्थकताको फराकिलो राजमार्गमा मानिसले पनि आफूलाई हिँडाउनुपर्छ भन्ने सन्देश कविताले पस्केको छ ।

सार्थक बिम्ब विधान, प्रतीक योजना र आलङ्कारिक शब्द चयनले कविताको कलात्मक उच्चतामा ईँटा थपिएको छ । लघु आयाममा संरचित यस कवितामा चौधवटा पङ्क्तिहरू रहेको एउटा मात्र अनुच्छेद छ ।

### ) रूख

प्रस्तुत कविता **मानवीय संवेदनाहरू** काव्यकृतिको तेस्रो उपशीर्षक अन्तर्गत रहेको सातौं कविता हो । यो कविता २०४८ भाद्र १५ मा **गोरखापत्रमा** प्रकाशित भएको हो । यस कवितामा कविले प्रकृतिजन्य वस्तु रूखलाई कविताको विषयवस्तु बनाइ कहिल्यै नथाक्ने, आँधी-हुरी, घाम-पानी आदिसँग मितेरी लगाउँदै सधैं आफ्नो स्थानमा ठिङ्ग उभिएर आफ्नो स्वाभीमानलाई जीवन्त राख्ने रूखजस्तै मानिसले पनि आफूलाई रूपान्तरण गर्दै

महानता, सुन्दरता र समर्पणको भावनालाई मुटुमा सजाउनु पर्छ भन्ने भावना पोखेका छन् । प्राकृतिक वस्तु रूख र त्यसबाट मानिसले सिक्नु पर्ने पाठको सेरोफेरोमा कविताको कथावस्तु केन्द्रित रहेकाले यसको शीर्षक सार्थक देखिन्छ । रूख, जसले जीवनमा कहिल्यै थाक्न जानेन, उसले कसैलाई कहिल्यै आफ्नो दुःख पोखेन, उसलाई बुख्याचा जस्तो जीवन मन पर्दैन, ऊ बेलाबेलामा विद्रोह पनि बोल्ने गर्छ, षड्यन्त्रको विरूद्ध हुङ्कार फुक्न पनि उसले जानेको छ ।

समाजमा बस्ने स्वाभीमानी मानिसले पनि रूख जस्तै समर्पणलाई आत्मसात गर्ने महानता सिक्नुपर्छ, सहाराकै लागि कसैलाई आश्रय दिनु सुन्दरता हो भन्ने बुझ्नुपर्छ, जीवनको शाश्वतता बुझेर महान् भावना मनमा साँच्नुपर्छ भन्ने जस्ता गहन विचार कवितामा उतार्दै कवि लेख्छन्-

"महानता हो समर्पणलाई मुटुमा राख्न सिक्नु-सिकिरहेको छु

सुन्दरता हो कसैलाई सहाराकै लागि अश्रय दिनु, दिइरहेछु

महान भावना मनमा साँचिरहेछु- जीवनका गीत गुनगुनाइरहेछु

जसले जेसुकै भनून म यस्तै ठिङ्ग उभेर स्वाभीमानी कहर पिइरहेछु"[48]

प्रस्तुत कवितामा कविले बुख्याचा, चन्द्रमा, तारा, यन्त्रमानव, घाम आदि जस्ता बिम्ब विधान र प्रतीक योजना समुचित रूपमा गरेका छन् । प्रथम पुरुष ढाँचामा संरचित यस कवितामा जम्मा पाँच अुनच्छेदहरू रहेका छन् भने प्रत्येक अनुच्छेदमा चार-चारवटा पङ्क्तिहरू रहेका छन् । कविता लघु आयामको भए पनि यसले ग्रहण गरेको भाव भने व्यापक र मार्मिक रहेको देखिन्छ ।

### ) नदी र काग

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको आठौं कविता हो । प्रस्तुत कविता २०४८ आषाढमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानवेतर प्राणी काग र प्राकृतिक वस्तु नदीलाई कविताको विषय बनाएर अविरल आफ्नो गतिमा बगिरहने

[48] ऐ., पृ. १०८ ।

नदीलाई हेरेर कागले आफ्नो मनमा उब्जाएको विचारको ज्वारभाटालाई प्रस्तुत गर्दै मानिसमा पनि विभिन्न अवस्थामा विभिन्न सोचाइहरू विकसित हुँदै जान्छन् भन्ने भावना पस्केकाले प्रस्तुत कविताको शीर्षक विषयवस्तुसँग तादात्म्य राख्न सफल छ ।

जसरी समाजमा कमजोर वर्गहरू उच्च वर्गहरूबाट सधैं प्रताडित छन्, त्यसैगरी मानवेतर प्राणी काग पनि गिद्धका तिर्खालु मुखहरू हेरेर भयभित भएर बाँचिरहेको हुन्छ । ठूला भनिएकाहरूले कमजोरहरूमाथि गर्ने अत्याचार मानवेतर प्राणीहरूमा पनि हुँदोरहेछ भन्ने दृष्टान्त कविले यस कवितामा पस्केका छन् । चाहे बालुवाका कणहरू घामदेखि झस्किरहेको अवस्था होस्, चाहे रूख-ढुङ्गा र माटाका ढिस्काहरू बाढी पैरोबाट तर्सनु पर्ने अवस्था नै किन नहोस्, यी सबै-सबै ठुलाले सानामाथि गरेको अन्याय हो । समाजमा पनि यो अवस्था चलिरहेको छ तर मौसमले रूप फेरेझैं, नदीले पनि आफ्नो स्वभावमा परिवर्तन ल्याउनै पर्छ, समाज रूपान्तरिक हुनै पर्छ भन्ने भावनालाई कविले कविताको केन्द्रीय विषय बनाएका छन् ।

प्रस्तुत कविता नदी, काग, घाम, पानी, गिद्ध, रूख, हावा, ढुङ्गा, माटो आदि जस्ता बिम्ब र प्रतीक विधानले रसात्मक बनेको छ । मझौला आयाम ग्रहण गरेको यस कवितामा तीन अनुच्छेद रहेका छन् र प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता छैन ।

### ) सत्घाम

प्रस्तुत कविता तेस्रो उपशीर्षक अन्तर्गतको नवौं कविता हो । यो कविता २०५३ आश्विनमा **गोधूलि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले आफूमा रहेको प्रकाशलाई समान रूपमा बाड्नु सत्घामको स्वभाव हो भन्दै समाजमा विद्यमान असत्रूपी कुरूपतालाई चिरफार गर्ने र घामजस्तै उज्यालोमा रमाउने मानिसलाई सत्घामको संज्ञा दिएका छन् । जसरी सत्घामले विश्वासलाई मुहारमा सजाउँछ, न्यायलाई काँधमा चढाउँछ र आफ्नो शाश्वत नियम मानिसको मुटु-मुटुमा फुलाउँछ, त्यसैगरी समाजिक न्यायका पक्षपातीहरू पनि सौन्दर्यका उच्छ्वासहरू धरतीमा झुलाउन तल्लीन रहन्छन् भन्ने विचार कविले कवितामा प्रस्तुत गरेका छन् ।

कविले समाजमा उज्यालो छर्न नदिने मानिसहरू पर्खाल बनेर ठडिन सक्छन् । तर उनीहरू आफैं पछारिन पुग्छन् भन्ने भावनालाई कवितामा यसरी व्यक्त गरेका छन्-

"घामलाई छेक्न खोज्नेहरू

सियाँलमा पनि डढेका छन्

घामलाई अर्थहीन सम्झनेहरू

पर्खालमा पनि सडेका छन्"[49]

यसरी प्रस्तुत कवितामा घाम नै सत्य हो, न्याय हो, समानता हो, त्यसैले घाम सडकमा मात्र होइन, चोक, आँगन, र पिँढीमा पनि उदाउने गर्छ, विश्वासलाई काँधमा झुन्ड्याएर प्रीति आँखामा राखेर हुर्कने गर्छ भन्ने भावनालाई लाक्षणिक रूपमा कविले कवितामा पस्केका छन् ।

प्रस्तुत कविता विभिन्न बिम्ब र प्रतीक विधानले सजिएको छ । तृतीय पुरुष ढाँचामा संरचित यस कविताको आयाम भने लघु नै रहेको छ । चार अनुच्छेदमा विभक्त यस कविताका प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता भने छैन ।

### ) शरद्को साँझ

यो कविता कवि दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** काव्यकृतिको तेस्रो उपशीर्षक अन्तर्गतको दसौं कविता हो । प्रस्तुत कविता २०५४ भाद्र २३ मा **सौर्य** पत्रिकामा प्रकाशित भएको हो । कवितामा कविले समाजमा विद्यमान अँध्यारो परिवेशको चर्चा गरेर उज्यालोको परिकल्पना गरेका छन् । कविले शरद्को साँझलाई अँध्यारोको प्रतीकका रूपमा प्रस्तुत गरेर उज्यालोको खोजी गरेकाले कविताको शीर्षक **शरद्को साँझ** सार्थक रहेको देखिन्छ । जसरी रातको निष्पट्ट अँध्यारोलाई चिरेर धर्तीमा उज्यालो छर्ने काम सूर्यले गर्दछ, त्यसैगरी समाजमा रहेका असत्य, अन्याय आदि अँध्यारोको स्वरूपलाई चिरफार गरेर उज्यालो संसार निर्माणमा सबै जुट्नु पर्ने सल्लाह कविले कवितामा दिएका छन् ।

कविले शरद्को साँझलाई तेजस्वी रूप लिएर आउन पनि आग्रह गरेका छन् । सधैँ अँध्यारोमा रमाउनेहरूप्रति कविले चोटिलो प्रहार गर्दै भनेका छन्- शरद्को साँझमा पनि कहिल्यै भुल्न नसकिने लावण्य भए जस्तै, तेजस्वी अस्मिता रहे जस्तै मानिस पनि अँध्यारोमा

---

[49] ऐजन, पृ. १११ ।

मात्र रमाउनु किमार्थ हुँदैन, उज्यालोको खोजीमा आफूलाई लगाउनु पर्दछ भन्ने जस्ता भावनाहरू कविले परोक्ष रूपमा कवितामा व्यक्त गरेका छन् ।

प्रथम र द्वितीय पुरुष कथनढाँचामा आधारित यस कवितामा नवीन आकर्षक बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । आलङ्कारिक शब्दहरूको उचित चयन र सरल भाषा शैलीको प्रस्तुतिमा गद्य सङ्गीतको मधुरताले कविता सुन्दर बन्न पुगेको छ । ६ अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका प्रत्येक अनुच्छेदमा चार-चारवटा पङ्क्तिहरू रहेका छन् ।

) **सृष्टि यस्तै हो**........

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको एघारौं कविता हो । प्रस्तुत कविता २०५३ जेष्ठ १० मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले सृष्टिको शाश्वततामाथि प्रकाश पार्दै घामको शाश्वतपन धर्तीमा अनवरत प्रकाश छोड्नु हो भन्दै मानिस पनि घामजस्तै उदाउन सक्नुपर्छ, जूनजस्तै खुल्न सक्नुपर्छ भन्ने भावनाको उद्घाटन गरेकाले यस कविताको शीर्षक सार्थक रहेको देखिन्छ । यो संसार सृष्टिभित्रै अनुबन्धित छ । सृष्टिले धर्तीमा गन्धे झार पनि उमारेको छ, परिवेशमा टलटल टल्केर आफ्नो अस्मिता सुरक्षित राख्ने शीतका थोपाहरू पनि पस्केको छ । चाहे गन्धे झार होस् चाहे शीतका थोपा, सबै सबै सृष्टिका उपहारप्रति घाम निसङ्कोच प्रवेश गर्दछ । सृष्टिका शाश्वतपन सृष्टिकै एउटा महत्त्वपूर्ण पक्ष मानिसमा पनि देखिनुलाई कवि अनौठो मान्दैनन् । मानिस अँध्यारोमा वा आफूलाई अहित हुने काममा सधैं मुख लुकाउने गर्छ, उज्यालोमा दृष्टि फैलाउँछ । जसरी उज्यालो र अँध्यारो कहिल्यै सँगै बस्न सक्तैनन्, त्यसैगरी समाजका राम्रा र नराम्रा विचार बोकेका मानिसहरू पनि सँगै रहन सक्तैनन् भन्ने भाव कविले कवितामा व्यक्त गरेका छन् ।

कवि दुवाल कवितामा लेख्छन्, हामी सचेत मानव सदैव घाम जस्तै उदाउनु पर्छ, जूनजस्तै खुल्नुपर्छ, सिर्जना फुलाउँदै, सृष्टि खुलाउँदै निरन्तर जीवनरथलाई अगाडि बढाउनु पर्छ । यस कवितामा कविले उचित बिम्बविधान गरेका छन्, कतैकतै अनुकरणात्मक शब्द चयन पनि गरेका छन्, भाषामा आलङ्कारिकता भेट्टाउन सकिन्छ । लघु आयाममा अनुबन्धित प्रस्तुत कविता प्रथम पुरुष ढाँचामा लेखिएको छ । छ अनुच्छेदमा विभाजित यस कविताका प्रत्येक अनुच्छेदमा चार-चारवटा पङ्क्तिहरू रहेका छन् ।

) **घाम आस्था हो**

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको बाह्रौं कविता हो । प्रस्तुत कविता २०५४ कार्तिकमा **मौसम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले घामलाई सत्य, आस्था, न्याय र उज्यालोको प्रतीकका रूपमा चित्रण गरेका छन् । घाम सधैं आफ्नै समयमा उदाउँछ, प्रकाश फिजाउँछ, मानिसका कुकृत्यका विरूद्धमा धरतीभरि फैलिदिन्छ, मान्छेका आङभरि खनिइदिन्छ तर बिडम्बना आज मानिस घामजस्तो बन्न सकेको छैन, घामको आस्था समेट्न सकेको छैन भन्ने जस्ता भावना कवितामा वर्णित भएकाले कविताको शीर्षक सार्थक रहेको छ । वर्तमान मानिस धर्तीका निम्ति बोझ साबित भैसक्यो, ऊ सत्य र न्यायको विरूद्धमा आफूलाई उभ्याउँदै छ । आज मानिसहरू झुटको खेती गर्नमा व्यस्त छन् । समाजका विकासप्रेमी, न्याय र सत्यका पक्षपातीहरू अब सुन्दर समाजको निर्माणको खातिर प्रचण्ड ताप बनेर प्रस्तुत हुनुपर्ने समय आइसकेको छ ।

मानिसमा बढ्दै गएको असत् र कुभावना देखेर वर्तमान समाज खुम्चिरहेको छ । असत्य, अन्याय र कालो संसार चाहनेहरू घामलाई चिन्न किन सक्थे र ! त्यसैले त आज मानिस हारिरहेको छ, समाजमा विकृति, विसङ्गतिहरूले डेरा जमाउँदैछन् । मानिस अँध्यारोमा बाँच्न विवश बनेको छ, प्रकाश मानवको वस्तीमा ओइलाउन थालेको छ, मान्छेमा देखिएको भ्रष्ट र नैतिकहीन चरित्रले अब घाम पनि अप्ठ्यारोमा परेको छ, त्यसैले कवि भन्छन्, समाजका सचेत मानिसहरू अब आगो भएर खनिनु पर्ने समय आएको छ, विकास, निर्माण र सुन्दर संसार निर्माणका लागि । यस कवितामा पनि कविले बिम्ब विधान र प्रतीक योजनालाई महफ्वपूर्ण स्थान दिएका छन् । शैलीगत मधुरता र चोटिला शब्दवाणहरू प्रयोग गरिएको प्रस्तुत कविता ब्यङ्ग्यको दृष्टिले पनि उच्च रहेको छ । तीन अनुच्छेदमा विभक्त यस कविताका प्रत्येक अनुच्छेदमा नौ-नौवटा पङ्क्तिहरू रहेका छन्, कविताको आयाम भने लघु नै रहेको छ ।

) **उन्मुक्तताका सम्राट**

प्रस्तुत कविता तेस्रो उपशीर्षक अन्तगर्तको तेह्रौं कविता हो । यो कविता २०५५ वैशाखमा **समष्टि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानवेतर प्राणी चरालाई उन्मुक्तताको द्योतकका रूपमा प्रस्तुत गरेका छन् । चराहरू नै उन्मुक्तताका सम्राट हुन् भन्दै कवि प्रकृति र प्रकृतिमा रम्ने प्राणीहरूको प्रतिच्छाया मानिसमा देख्न खोजिरहेका

छन् । प्रकृतिमा देखिए जत्तिको मानबोचित चेत मानिसमा उद्‌बोधित भए पनि कस्तो हुन्थ्यो ! भन्ने भावनाले मानिसको आगाडि एकातिर दृष्टान्तहरू प्रस्तुत गरेको छ भने, अर्कोतिर मानिसलाई मानिसमा हुनुपर्ने आफैंमा निहित चेतलाई उद्‌घाटित गर्न प्रेरित गरेको छ । यसरी कविताको अन्तर्वस्तुको सेरोफेरोभित्र शीर्षक रहेकाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

वर्तमान परिवेशमा मानिस दिन प्रतिदिन भ्रष्ट र नैतिकहीन बन्दै गएको छ । आज मानिस बुद्धको आँखामा हिंसा खोपिरहेको छ, निर्दोष प्राणीलाई मारेर बहादुरीताको मिथ्या कल्पना साँच्दै छ । विवेकशील भनिएको प्राणी मानिस आज विवेकशून्य बन्दै छ, निहत्था चराहरू आज मानिसका सिकार बनेका छन् । मानिसमा तृष्णाले डेरा जमाएको छ, ऊ पाखण्डी बन्दै गइरहेको छ, अरूलाई विष बाड्नमा मानिस व्यस्त छ, मानिसको अस्तित्व नै आज सङ्कटमा पर्दै गएको छ । कविले यस कवितामा आफ्नो माटो र देशप्रति गर्व नगर्नेहरू, शान्ति अपहरण गर्नेहरू, संसारलाई कुरूप बनाउनेहरू, हातमा ध्वंस रोज्नेहरू कहिल्यै मान्छे हुनै सक्तैनन् भन्ने विचार व्यक्त गर्दै मानिसले अब मानवेतर प्राणी चराबाट उन्मुक्तता र स्वच्छन्दताको पाठ सिक्नु पर्ने भाव व्यक्त गर्दै यसरी लेख्छन् :

> "चराहरू ! हामीलाई पनि 'उन्मुक्तता' सिकाइदेऊ ................
>
> चराहरू ! हामीलाई पनि 'मान्छे' हुन् सिकाइदेऊ .................."[50]

प्रथम र तृतीय पुरुष कथन ढाँचामा रचिएको यस कवितामा दृष्टान्त अलङ्कारको प्रयोग गरिएको पाइन्छ । कवितामा बिम्ब र प्रतीकहरूको पनि उचित व्यवस्था रहेको छ । अनुप्रासविहीन यस कविताको आयाम भने छोटो नै रहेको छ । चार अनुच्छेदमा बाँडिएको यस कविताको दुईवटा अनुच्छेदमा आठ-आठवटा र दुईवटा अनुच्छेदमा ६, ६ वटा पङ्क्तिहरूको प्रयोग गरिएको छ ।

### ) प्रकृति

यो कविता तेस्रो उपशीर्षक अन्तर्गतको चौधौं कविता हो । प्रस्तुत कविता २०५४ भाद्र १४ मा **गोरखापत्रमा** प्रकाशित भएको हो । यस कवितामा कविले प्रकृतिको शाश्वत् सुन्दरताको वर्णन गरेका छन् । प्रकृतिको सुन्दरताबाट मानिसले आफूमा मानवोचित

---

[50] ऐजन, पृ. १२० ।

चेतनाको विकास गराउनु पर्ने प्रसङ्ग उल्लेख गरेकाले यस कविताको शीर्षक र विषयवस्तुको बीचमा तादात्म्य सम्बन्ध रहेको छ । कविले कवितामा प्रकृतिको वक्षस्थलमा भएको सम्पूर्ण सुन्दरताको गुणगान गाएका छन् । कवि प्रकृतिको सुन्दरतालाई दिन, रात, सपनी, विपनी, सबै-सबै समयमा मुटुभित्र सजाउँछन् । कवि छङ्छङ् बहने खोलाहरूको विशालता र व्यापकता मान्छेमा छाम्न चाहन्छन्, मान्छेको आँखा झनझनाइदिने प्राकृतिक मनोहारिता मानिसमा देख्न चाहन्छन् तर मान्छेको मनमा अँध्यारो र आँखामा सैतान पो देख्छन् । कवि प्रकृतिमा फुलेको फूल जस्तो जीवनको कल्पना गर्छन् । शीतका थोपाहरूमा, घामका किरणहरूमा जीवन खोज्दछन् । माथिबाट तल हाम फाल्ने झरनाको जस्तो भद्रता, भव्यता र सुन्दरता कवि मानिसमा देख्न चाहन्छन् तर मानिसमा ध्वँस फुलेको पाउँदा, आफ्नै उन्नतिमा मानिस मख्ख परेको देख्दा, अर्काको उन्नतिमा षड्यन्त्र, डाह र ईर्ष्या गरेको देख्दा कवि व्यथित बन्न पुग्छन् ।

यसरी यस कवितामा कविले प्रकृतिसँग विशालताको पाठ सिक्न खोजेका छन्, उसको जस्तो लावण्य रुप मान्छेमा देख्न चाहेका छन् र हामी मानिस कतातिर भत्केका र चर्केका छौं प्रकृतिलाई बताइदिन आग्रह समेत गरेका छन् । प्रस्तुत कविता उचित विम्ब विधान र प्रतीक योजनाले उच्च र कलात्मक बनेको छ । मझौला आयाममा अनुबन्धित यस कवितामा उपमा अलङ्कारको समुचित प्रयोग पनि पाउन सकिन्छ । तीन अनुच्छेदमा विभक्त यस कवितामा पङ्क्तिहरूको एकरूपता देखिँदैन ।

**) माछा पानी**

प्रस्तुत कविता **मानवीय संवेदनाहरू** काव्यकृतिको ६ वटा उपशीर्षकहरूमध्ये तेस्रो उपशीर्षक अन्तर्गतको पन्ध्रौं वा अन्तिम कविता हो । यो कविता २०५४ आषाढ-श्रावणमा **साथी** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले अविराम आफ्नै गतिमा बगिरहने पानी र त्यहाँ आफ्नो डेरा जमाएर बस्ने माछाको बीचको सम्बन्ध र फरकलाई उजागर गर्ने काम गरेका छन् साथै त्यसबाट मानिसले सिक्नु पर्ने शिक्षालाई पनि प्रस्ट गर्ने काम गरेकाले कविताको शीर्षकले विषयवस्तुलाई समेटेको देखिन्छ ।

जसरी पानी अविरल आफ्नो गन्तव्य भेट्टाउन कुदिरहन्छ तर माछाहरू भने सधैं एकै स्थानमा पानीमाथि घुमेर जीवन खोजिरहेका हुन्छन् । पानीको शाश्वतता नै कहिल्यै रुक्न

नजान्नु हो । आफूलाई विश्वास गरेर सुन्दर गन्तव्यको यात्रामा  निरन्तर बगिरहनु उसको स्वभाव हो । समाजमा चेतनशील र विवेकशील प्राणी बन्न सफल भएको मानिसले भने कहिल्यै आफ्नो शाश्वतताको नियम बुझ्ेन, स्वाधीनताको गीत गाएन । मानिस सुन्दर गन्तव्यको खातिर पानीको रूप नियाल्दै चेतना मुटुमा पालेर अगाडि बढिरहनु पर्छ भन्ने जस्ता भावनालाई यस कविताले विषयको केन्द्रीय पक्ष बनाएको छ ।

यस कवितामा माछा, पानी जस्ता प्रतीक र बिम्बहरूको प्रयोग गरिएको छ । अनुप्रासविहीन यस कवितामा पाँच अनुच्छेदहरू रहेका छन् र प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

## ५.५. माया-प्रेमका प्रसङ्गहरू

### ) जीवन

प्रस्तुत कविता कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहका ६ वटा उपशीर्षकहरूमध्ये चौथो उपशीर्षक **माया-प्रेमका प्रसङ्गहरू** अन्तर्गत रहेका १० वटा कविताहरूमध्ये पहिलो कविता हो । यो कविता २०५४ फाल्गुण २६ मा **सत्य** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानिस आफूमा आफैं सीमित भएको प्रसङ्ग कोट्याउँदै मानव जीवनको सार्थकतामाथि प्रकाश पार्न खोजेका छन् । त्यसैले यस कविताको शीर्षक विषयवस्तुसँग नजिक रहेको छ ।

मानव जीवन फूल बनेर फक्रनु पर्छ, मुस्कुराउनु पर्छ, काँढा बनेर खिया पर्नु हुँदैन । जीवन भनेको वसन्तको फूलको कालीन मात्र होइन, शिशिरको तुसारो पनि हो भन्ने सबैले बुझ्नु पर्छ । मानिसले आफूलाई चिन्न नसक्दा चरित्रलाई बिगार्छ, अल्छी र अकर्मण्य बनेर समय गुजार्छ, तर कवि भन्छन्- मानिस जूनका किरणसँग मुस्कुराउनु पर्छ, समाजमा रहेका बादलसँग लड्नु पर्छ, धावा बोल्नु पर्छ र आफ्नो जीवन सफल र सार्थक बनाउनु पर्छ ।

प्रस्तुत कवितामा कविले जीवन के हो ? कसका लागि हो र जीवन कस्तो हुनु पर्छ भन्ने जस्ता गहन भावना पस्केका छन् । अन्त्यानुप्रासयुक्त यस कवितामा बिम्बविधान र प्रतीकहरूको उचित प्रयोग गरिएको छ । शैलीगत उच्चता रहेको यस कविता सम्प्रेष्य र

उत्कृष्ट रहेको छ । चार अनुच्छेदमा विभक्त यस मझौला आयामको कवितामा पङ्क्तिहरूको सामञ्जस्यता भने छैन ।

**) माया/सँघारमा**

प्रस्तुत कविता चौथो उपशीर्षक अन्तर्गतको दोस्रो कविता हो । यो कविता २०४९ श्रावण ६ मा **युगसंवाद** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले धर्तीमा उज्यालो ल्याउनेहरू र उज्यालोमा निर्माण खोज्नेहरूले नै मातृभूमिप्रतिको मायालाई संघारमा हुर्काएका हुन्छन् भन्ने भावना व्यक्त गरेकाले कविताको विषयवस्तु र शीर्षकको बीचमा तादात्म्य सम्बन्ध रहेको छ । सुताहा मनस्थिति बोक्नेहरू उज्यालोलाई कुरूप देख्छन्, पिशाचहरू उज्यालो छेक्न खोज्छन्, तर त्यस्ता सुकेनास विचार बोक्नेहरू पहेंलो पातझैं झर्दै जान्छन् भन्ने भाव कविले व्यक्त गरेका छन् । पाप-कर्मबाट टाढा रहेर सबैप्रति माया र प्रेमको उच्छ्वासहरू उमार्न सके साँच्चै संसार स्वर्ग बन्दछ । एक-आपसमा ईर्ष्या, द्वेष, घृणा, आदि नराखी सबै-सबैप्रति स्नेह दर्साउनु पर्छ । आपसी सद्भाव, समझदारी, माया, प्रेम, विश्वास आदिबाट संसारमा उज्यालो छर्न सकिन्छ भन्ने भावना व्यक्त गर्दै कवि कवितामा यसरी व्यक्त गर्छन् -

"मायालाई बुझ्नेहरू मायालाई संघार-संघारमा
सुगन्धित फूलझैं जहींतहीँ झुलाउने गर्छन् ।
माया खोज्नेहरू मायालाई स्पर्श-स्पर्शमा
आफ्नै विश्वासझैं मनमनमा फुर्काउने पो गर्छन्"[51]

प्रस्तुत कवितामा कविले बिम्बविधान र प्रतीक योजनालाई उच्च स्थानमा राखेका छन् । कवितामा विभिन्न ठाउँमा मानिसहरूले आपसमा गर्ने प्रेमलाई प्रस्तुत गर्दै आफ्नो समाज र देशप्रतिको माया उद्घाटन गर्न खोजेका छन् । दृष्टान्त अलङ्कारको प्रयोग गरिएको प्रस्तुत कविता मझौला आयाममा अनुबन्धित छ । यो कविता पैंतालीस पङ्क्ति मिलेर एकै अनुच्छेदको एकै प्रवाहमा पूर्ण भएको छ ।

**) प्रेमको परिभाषा**

[51] ऐजन, पृ. १२९ ।

यो कविता चौथो उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । प्रस्तुत कविता २०४९ कार्तिक मङ्सीरमा **रत्नश्री** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानिस-मानिसमा हुनुपर्ने सौहार्दपूर्ण प्रेमको सन्दर्भलाई वर्णन गरेका छन् । प्रेम आत्मीय हुनुपर्छ, प्रेम समर्पण हो, प्रेममा स्वार्थको गन्ध हुनु हुँदैन । सङ्कीर्ण भावनामा प्रेम अटाउन सक्तैन , विशालतामा रमाउने, एक अर्कामा जीवन खोज्ने सुरम्यता नै प्रेम हो भनी वास्तविक प्रेमको परिभाषा खोज्ने काम यस कविताले गरेकाले कविताको शीर्षक सार्थक रहेको छ ।

प्रस्तुत कवितामा आफूमा निहित नराम्रा विचारलाई फाल्नुनै प्रेम हो भनिएको छ । मानिसमा स्वार्थको गन्ध रह्यो भने प्रेममा कलङ्कको दाग लाग्न सक्छ । मानिसमा हुने लोभ पनि एउटा त्यस्तो डरलाग्दो जिजीविषा हो, जसको कारण आपसी प्रेम रसहीन हुँदै पलासको फूलझैं धरतीमा झरेर छिया-छिया पर्न सक्छ । यस कवितामा आफूले आफैंलाई छामेर आफूभित्र हुर्काएको रसदारमूल्यलाई सुन्दरभावनामा छचल्किन दिन सकियो भने प्रेम घाम बनेर उदाउन सक्छ भन्ने भाव व्यक्त भएको छ । कवि दुवाल सच्चा प्रेमको प्रसङ्ग प्रस्तुत गर्ने क्रममा कवितामा यसरी व्यक्त गर्छन् :

"प्रेमरूपी स्वभावलाई

सौन्दर्यमुखी फूलजस्तै

सुगन्ध-प्लावित जीवनझैं हुर्कन दिनुपर्छ

आँखामा मात्र होइन

प्रेमलाई त मन-मनमा पनि

सुरम्य भावनासँगै

आस्था र विश्वासमा

जहीँतहीँ रम्न दिनुपर्छ"[52]

यसरी कविले प्रेमलाई मन-मनमा, आँखा-आँखामा जहीँतहीँ उज्यालो घामझैं उदाउन र प्रकाश फिजाउन दिनु पर्छ भनेका छन् । प्रस्तुत कवितामा उपमा अलङ्कारको

[52] ऐजन, पृ. १३२ ।

प्रयोग गरिएको छ । बिम्ब र प्रतीकहरूको प्रचुर प्रयोगले कविता कलात्मक र मधुर बनेको छ । अनुप्रासविहीन मझौला आयामको यस कवितामा पाँच अनुच्छेदहरू रहेका छन् । प्रत्येक अनुच्छेदमा फरक-फरक सङ्ख्यामा पङ्क्तिहरू रहेका छन् ।

### मैनवत्ती/जीवन

यो कविता चौथो उपशीर्षक अन्तर्गतको चौथो कविता हो । प्रस्तुत कविता २०४८ श्रावणमा **सङ्गम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मैनबत्तीले आफूलाई समाप्त गरेर अरूलाई उज्यालो प्रदान गरेको प्रसङ्ग प्रस्तुत गरेका छन् । मानिसले आफ्नो जीवन किन र केका लागि हो, बुझ्न मैनबत्तीसँग सोध्नु पर्ने विचार कवितामा कविले उद्घाटित गरेकाले यस कविताको शीर्षक सार्थक रहेको छ । मैनबत्तीको सिर्जना उज्यालो छर्नकै लागि गरिएको हो, ऊ सधैं अध्यारो नास्न दीप बनेर झुल्कन्छ । उज्यालो छर्न पाउँदा ऊ गौरवको अनुभूति गर्छ, आफ्नो स्वभावलाई विशालताको परिभाषामा समेट्छ । कविले मैनबत्तीलाई सत्य, न्याय र उज्यालोको प्रतीकको रूपमा चित्रण गरेका छन् । अँध्यारोलाई चिर्न चाहनेले मैनवत्ती जस्तै बन्न सिक्नु पर्छ । विशालताको परिभाषा बुझ्न मैनबत्तीसँग हुर्कन जान्नु पर्छ । मैनबत्तीसँग जीवन साटासाट गरेर उसँग एकाकार गर्दै हिँडेमा मानिसले पनि आफ्नो जीवनलाई सार्थक र सफल बनाउन सक्छ भन्ने जस्ता भावनाहरू कविले कवितामा व्यक्त गरेका छन् । प्रस्तुत कवितामा कविले मैनबत्तीलाई उज्यालो, सत्य, न्यायको प्रतीकको रूपमा उभ्याएका छन् । सरल, सरस र कलात्मक भाषाशैली भएको यस कवितामा एउटामात्र अनुच्छेद रहेको छ र उक्त अनुच्छेदमा चौधवटा पङ्क्तिहरू रहेका छन् । कविताको आयाम भने लघु रहेको छ ।

### युगमैयाँ

प्रस्तुत कविता चौथो उपशीर्षक अन्तर्गतको पाचौं कविता हो । यो कविता २०४९ आश्विन ३० मा **सत्य** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समयअनुसार आफूलाई रूपान्तरण गर्ने युग-सन्दर्भकै पर्यायलाई र न्यायपूर्ण मुस्कानले हार्दिकता पस्किनेहरूलाई युगमैयाँको संज्ञा दिएका छन् । यसरी कविताको अद्योपान्तसँग शीर्षक केन्द्रित रहेकाले यसको शीर्षक सार्थक रहेको छ ।

कवितामा संसारलाई आलोकमय बनाउन डाँडामाथिबाट झर्ने सूर्यलाई र सूर्यजस्तै स्वच्छ भावनाको नयन फिजाउने मानिसलाई युगपुरुषको नामले कवितामा चित्रण गर्न खोजिएको

छ । मानिस आज कुरूपतालाई मनमा साँच्दै छ, भयानकतालाई आँखामा सजाउँदै छ, तर सूर्य भने सदैव खुलेर हाँसिरहेको छ, सधैं-सधैं धरतीमा प्रकाश छर्केर मान्छेको भलाइ गरिरहेको छ । मानिसले अझै सूर्यको सत्यता र सुन्दरता आफूमा समाहित गर्न सकेको छैन । अझै मानिसलाई उज्यालोको महफ्व थाहा छैन । मानिस स्वार्थमा डुबेको छ । त्यसैले आफू जस्तै अरूको निश्चलतामा विषालुपन देख्ने गर्दछ । मानिस आफूमा मात्र सीमित छ, त्यसैले अरूको विशालतामा कैफियत देख्ने गर्दछ । आफू जस्तो छ, संसार त्यस्तै देख्ने मानवीय स्वभावको चित्रण यस कवितामा कविले गरेका छन् । प्रथम र द्वितीय कथनढाँचामा आधारित यस कवितामा आकर्षक नवीन बिम्बहरू र उपमा अलङ्कारको कलात्मक बान्कीमा गद्य सङ्गीतको कर्णप्रियता पाइन्छ । मझौला आयामको यस कवितामा साह्है सरल तर खँदिलो भाषा प्रयोग गरिएको छ । तीन अनुच्छेदमा बाँडिएको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने छैन ।

) **आकांक्षाहरू**

प्रस्तुत कविता चौथो उपशीर्षक अन्तर्गतको छैटौँ कविता हो । यो कविता २०४९ कार्तिक-पौषमा **बन्दना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले सूर्यको उदय खोज्ने आकांक्षाले प्रकाशको जन्म हुन्छ, तर विसङ्गति र दिग्भ्रम मात्र जीवनमा सोच्ने गर्दा भयभित भएर बाँच्नु पर्छ, खराब नियतमा षड्यन्त्र झुन्ड्याउने गर्दा आशङ्कै आशङ्कामा जीवन डढ्न सक्छ भन्ने जस्ता भावनालाई चित्रण गरेका छन् त्यसैले यस कविताको शर्षिक सार्थक रहेको छ ।

मानिसले इतिहासलाई बुझ्न सकेन भने ऊ सामर्थ्यविहिन बन्दछ । मासिनले सूर्यको उदय खोज्ने आकांक्षा राख्नु पर्छ, जीवनमा नवीन सोचाइहरू फुलाउनु पर्छ, जीवनमा यावत् चुनौतीहरू आउन सक्छन, तर चुनौतिको सामना गर्ने आकांक्षा मनमा सजाउनु पर्छ । जीवनलाई स्वच्छ आकाशजस्तै मनोरम बनाउने, धर्तीजस्तै गौरवमय बनाउने अठोट मनमा पाल्नु पर्छ भन्ने जस्ता भावनाले कविता सिंगारिएको छ । हाम्रो इतिहास, घामको झुल्का, आकाश, धर्ती, फूलको पात आदि जस्ता विविध बिम्ब, प्रतीक र अलङ्कारहरूका माध्यमबाट मानिसमा रहेको धारणा प्रस्ट्याउन कविले व्यङ्ग्यपूर्ण सुदृढ भाषाशैलीको प्रयोग यस कवितामा गरेका छन् । दृष्टान्त अलङ्कारको प्रयोग गरिएको यस कवितामा ६ वटा

अनुच्छेदहरू रहेका छन् । प्रत्येक अनुच्छेदमा ६, ६ वटा पङ्क्तिहरू रहेका छन् । कविताको भाषाशैली सरल, सरस र गहन रहेको छ ।

) **सौन्दर्यका सिर्काहरू**

यो कविता चौथो उपशीर्षक अन्तर्गतको सातौं कविता हो । प्रस्तुत कविता २०४७ माघ २७ मा **युगसंवाद** पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कवितामा कविले मानिसका हरेक बस्तीमा निर्माणका कथाहरू घन्काइदिनेहरू र मानिस र धरतीकै मुक्तिमा फलाक्ने स्वरहरू सौन्दर्यका सिर्काहरू हुन् भनी वर्णन गरेका छन् । त्यसैले यस कविताको विषयवस्तु र शीर्षकसँग तादात्म्य सम्बन्ध रहेको छ ।

कविले अँध्यारो बस्तीमा सौन्दर्यका सिर्काहरू छर्किदिए घामको झुल्का झुल्कन सक्छ भन्ने प्रसङ्ग उठाएका छन् । समाजमा सिर्जनालाई फूलझैं हुर्काउनेहरूको वीरगाथा गाउनुपर्छ । मानिसको मुक्तिमा स्वरहरू घन्काउनुपर्छ, मान्छेलाई मान्छे बनाइदिने ईश्वर वा अरू कसैले होइन, मानिसले नै हो । मानिसलाई उसको विचार र व्यवहारको कसीमा घोटेर असल-खराव छुट्याउनु पर्छ भन्ने जस्ता विचार कविले कवितामा व्यक्त गरेका छन् । मानिस सुन्दर बाटिकामा फुलेको फूलजस्तै बन्नु पर्छ । जीवनलाई चिन्न नसकेर आफूमात्र बाँच्न खोजेमा मान्छेकै अस्तित्वमा काई जम्न सक्छ । मानिस त आफू मरेर अरूलाई बचाउँने बन्नु पर्छ, उन्मुक्तिका भाकाहरू गाउँ-बस्तीसम्म पुऱ्याउनु पर्छ, अनि पो सौन्दर्यको उपासक बन्न सकिन्छ भन्ने भावना कवितामा आएका छन् । यसरी कविले मानिस सुन्दर दृष्टिकोण र स्वभावले सिंगारिनु पर्छ भन्दै कवितामा यसरी व्यक्त गरेका छन् ।

"मान्छेले बोक्ने
दृष्टिकोणमा पनि रङ हुन्छ
स्वभावमा पो झल्किदिन्छ
राम्रो दृष्टि घामको झुल्कामा पनि
सुन्दर आभाझैं देखिन्छ-मानिसहरू मस्किदिन्छन्"[53]

[53] ऐजन, पृ. १४० ।

प्रस्तुत कवितामा कविले प्रत्येक मान्छेलाई महानताको खोजीमा यात्रारम्भ गरेर मानवीयता झल्काउन आग्रह गरेका छन् । मझौला आयाममा गठन गरिएको यस कवितामा घामका झुल्का, धरती, जनावरहरू, शिलालेख, ईश्वर, फूलहरू, हिउँ, हिमाल आदि जस्ता बिम्ब र प्रतीकहरूको समुचित प्रयोग गरिएको छ । नौवटा अनुच्छेदमा विभक्त यस कवितामा पनि पङ्क्तिहरूको एकरूपता भने छैन । सरल भाषाशैली, सहज प्रस्तुति, उच्च बौद्धिकता, कलात्मकता आदिले गर्दा कविता सम्प्रेष्य बनेको छ ।

## ) सुवासना

प्रस्तुत कविता चौथो उपशीर्षक अन्तर्गतको आठौं कविता हो । यो कविता २०५५ आश्विन ३१ मा **गोरखापत्रमा** प्रकाशित भएको हो । यस कवितामा कविले संसारलाई सुवासयुक्त बनाउन सुवासनाका पहरहरू अकिञ्चन जहीँतहीँ झुलाउने मानिसहरूको प्रशंसा गरेका छन् । त्यसैले कविताको शीर्षक **सुवासना** युक्तिसँगत देखिन्छ । समाजमा रहेको दुर्गन्धलाई फालेर अँध्यारा वस्तीहरूमा निर्मल-ज्योती छर्कने, संसारलाई नयाँ संरचनातर्फ डोऱ्याउने मानिसहरू नै सबैबाट प्रशंसनीय हुन्छन् र उनीहरूले नै समाजका प्रत्येक मानिसहरूका मुहारमा मुस्कान ल्याउन सक्छन् भन्ने भावना कवितामा व्यक्त भएको छ । समाजका देशभक्त र मुक्तिकामी मानिसहरू नै सदैव सुवासना छर्केर सौन्दर्यका आस्था खोजेर विश्वास संगाल्दै जहाँतहीँ जम्न सक्छन्, रम्न सक्छन् भन्ने विचारलाई कविले उच्च कलात्मकताका साथ कवितामा पस्केका छन् ।

एउटै अनुच्छेदमा टुङ्गिएको लघु आयामको यस कवितामा जम्मा सोह्रवटा पङ्क्तिहरू रहेका छन् । आलङ्कारिक शब्द चयन, सरल, सरस र कलात्मक शैली आदिले कविता पठनयोग्य र सुन्दर बनेको छ । कवितामा बिम्ब विधान र प्रतीक योजना पनि समुचित रूपमा गरिएको पाइन्छ ।

## ) आँखाको भाषा

प्रस्तुत कविता चौथो उपशीर्षक अन्तर्गतको नवौं कविता हो । यो कविता २०५२ फाल्गुणमा **बगर** पत्रिकामा प्रकाशित भएको हो । कवितामा कविले जीवनका संघारहरूमा मायाका स्पन्दनहरू छाम्ने, सौन्दर्यका मीठा स्पर्शहरूलाई आफ्नो परिवेश बनाउने अमुक आँखाको प्रसङ्ग उठाउँदै राम्रो विचार बोक्नेहरूको आँखाले राम्रै वस्तु हेर्दछ र नराम्रो विचार बोक्नेको आँखाले नराम्रै बस्तु हेर्दछ भन्ने विचार व्यक्त गरेकाले कविताको अन्तर्वस्तुसँग

यसको शीर्षकले तादाम्य सम्बन्ध राखेको देखिन्छ । मानिसको आँखाबाट नै उसको जीवन बोलेको हुन्छ । आँखा सुन्दरताको पारखी हुन्छ, त्यसैले आफ्नो कर्म ऊ सधैं निर्वाह गरिरहन्छ । कविले कवितामा आँखालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै असल र खराव मानिसबीचको सम्बन्धलाई पनि प्रस्ट गर्न खोजेका छन् । कवितामा उनी यसरी लेख्छन् -

“आँखा हो-

आँखासँग रमाउँछ

आँखा हो, आँखासँग नै झमझमाउँछ”[54]

चार अनुच्छेदमा विभक्त लघु आयामको यस कवितामा पनि कविले उचित विम्ब विधान गरेका छन् । कविता अर्थालङ्कारको प्रयोगले गर्दा आलङ्कारिक र रसिक बनेको छ । कविताको भाषाशैली सरल, सरस र सम्प्रेष्य रहेको छ । कविताका अनुच्छेदहरूमा पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

**) हेराइको भाषा**

यो कविता चौथो उपशीर्षक अन्तर्गतको दसौं अथवा अन्तिम कविता हो । प्रस्तुत कविता २०५३ श्रावणमा **प्रदीपिका** पत्रिकामा प्रकाशित भएको हो । कवितामा कविले आँखालाई उज्यालोको प्रतिबिम्बको रूपमा चित्रण गर्दै मानिसका आँखाका भाषाहरू फरक-फरक हुने विषयलाई उठान गरेकाले कविताको अन्तर्वस्तुसँग शीर्षक सम्बन्धित रहेको देखिन्छ । मानिसका हेराइका भाषाहरू बुझिनसक्नु हुन्छन् । सृष्टिको नियमभित्र अनुबन्धित मानिसहरू त्यही सृष्टिलाई फरक-फरक आँखाले हेरिहरेका छन्, गमिरहेका छन् । अँध्यारो संसारमा सत्यको खोजी कठिन विषय बन्दोरहेछ । सृष्टिका असल र खराव विषयलाई मानिसको हेराइले पर्गेल्न सक्नु पर्छ भन्ने भाव कवितामा प्रस्तुत भएको छ । मानिसले सुन्दर संसारको खोजीमा आफ्नो हेराइ कुदाउनु पर्छ, आपसी विश्वासमा जीवन भिजाउनु पर्दछ भन्ने जस्ता प्रतीकात्मक भावना कवितामा उद्घाटित भएका छन् । कविता आँखा, सृष्टि, नदी, रात जस्ता बिम्ब र प्रतीकहरूले सिंगारिएको छ । अलङ्कारयुक्त शब्द चयन र सरस भाषाशैलीले कविता उच्च कोटीको बन्न पुगेको छ । लघु आयामको यस कवितामा ५ वटा अनुच्छेदहरू रहेका छन् भने प्रत्येक अनुच्छेदमा चार-चार वटा पङ्क्तिहरू रहेका छन् ।

---

[54] ऐजन, पृ. १४३ ।

## ५.६. बिम्ब /प्रतिबिम्बका रेखाङ्कनहरू

) **फूलमायाहरू**

प्रस्तुत कविता कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** काव्यकृति अन्तर्गत रहेका ६ वटा उपशीर्षकहरूमध्ये पाचौं उपशीर्षक **बिम्ब/प्रतिबिम्बका रेखाङ्कनहरू** अन्तर्गत रहेका १० वटा कविताहरूमध्ये पहिलो कविता हो । यो कविता २०५० चैत्रमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कवि मानिसमा मानिसकै रुप खोज्न व्यस्त देखिन्छन् । मानिसहरूको संसारमा मानिसहरू मानिसजस्तो नभएको टिप्पणी कविले कवितामा गरेका छन् ।

विशेष गरी कविले काडमाडौँमा निम्नस्तरको काम गर्न विवश महिलाहरू जो होटल, रेष्टुरेण्ट, नाचघर आदिमा काम गर्न बाध्य छन् तिनै नारीहरूलाई फूलमायाको संज्ञा दिएर उनीहरूको दयनीय अवस्था चित्रण सफल रूपमा गरेकाले कविताको शीर्षक 'फूलमायाहरू' सार्थक रहेको देखिन्छ । फूलमायाहरूलाई पनि उज्यालो संसार हेर्ने रहर छ, तर त्यो रहर काठमाडौंमा कसले बुझिदिने ! काठमाडौंमा दिन प्रतिदिन बढ्दै गएको अस्तव्यस्तताको सफल चित्रण गरिएको यस कवितामा फूलमायाहरूले जस्तै पीडा बोकेर बाँच्ने रामचा, कालेचा जस्ता केटाहरूको पनि व्याख्या गरिएको छ । तुषारो र शीतसँग मीत लगाएर जीवन गुजार्न विवश, प्रचण्ड गर्मीको रातमा उपियाँ र लामखुट्टेसँग गीत गाएर रात काट्न विवश तल्लो वर्गका व्यक्तिहरूको चित्रण पनि कवितामा गरिएको छ । दुःख, कष्ट, यातना, बलात्कार आदि भोग्न बाध्य भएका नारीहरूको प्रतीकका रूपमा कवितामा प्रस्तुत भएका फूलमायाहरूको बारेमा कवि यसरी प्रस्तुत हुन्छन्-

"यहाँ फूलमायाहरू काठमाडौं भएर फुल्छन्  
यहाँ काठमाडौंमा फूलमायाहरू काठमाडौं भएर झुल्छन्  
त्यसैले काठमाडौंमा फूलमायाहरू दुख्ने गर्छन्  
अनि फूलमायाहरू काठमाडौँ भएर पीडा भोग्छन्"[55]

---

[55] ऐजन, पृ. १४८ ।

यसरी प्रस्तुत कवितामा कविले विभिन्न बिम्ब र प्रतीकहरूको जमघट गराएर कविताको मर्मलाई जीवन्त बनाएका छन् । भाषिक सरलता, भावमा गहनता, विचारमा महानता, शैलीगत माधुर्यता यस कविताका विशेषताहरू हुन् । कतै-कतै अन्त्यानुप्रासको सफल प्रयोग गरिएको यस कवितामा रूपक अलङ्कारको प्रयोग पनि सफल रूपमै गरिएको छ । पाँच अनुच्छेदमा विभक्त मझौला आयामको यस कविताका प्रत्येक अनुच्छेदमा सात-सातवटा पङ्क्तिहरू सजिएका छन् ।

## ) हाम्रो संस्कृति

प्रस्तुत कविता पाचौं उपशीर्षक अन्तर्गतको दोस्रो कविता हो । यो कविता २०४८ माघ-चैत्रमा **जनसाहित्य** पत्रिकामा प्रकाशित भएको हो । कविले यस कवितामा हामीले परम्परादेखि मान्दै आएका नराम्रा संस्कृतिको चिरफार गर्दै रे को आधारमा अन्धभक्त बन्ने अन्धो परम्पराको विरोध गरेर त्यसमा सुधारको अपेक्षा गरेका छन् । यसरी हाम्रो संस्कृति र त्यसमा देखिएका विकृतिको सेरोफेरोमा कविताको अन्तर्वस्तु केन्द्रित रहेकाले कविताको शीर्षक सार्थक रहेको पाइन्छ । मानिस संस्कृतिको आडमा सहाराहीनमाथि हत्या र बलात्कारको ˘f[ङ्खला मच्चाउँछ । मानवीय संस्कृतिले जमराको विमोचन गर्दा गर्धनमाथि तरबारको चमत्कार देखाउँछ । हामी बैज्ञानिक सत्यको खोजी गर्दैनौं र 'रे' को किम्बदन्तीलाई आत्मसात गर्दै समाजमा असमानताका खाडलहरू खन्छौं, भेदभावका रेखाहरू कोर्छौं र आफैं ठूलो सम्झने कुप्रवृत्तिको पक्षपोषण गर्छौं ।

कवि कवितामा लेख्छन्, अब हाम्रो संस्कृतिमा समयानुकूल परिवर्तनको खाँचो छ । समाजलाई बिगार्ने, समाजमा विकृति र विसङ्गति फैलाउने नराम्रा संस्कृतिको अन्त्य नगरेसम्म सुन्दर समाजको निर्माण हुन सक्तैन । यस कविताको भाव अत्यन्त मर्मस्पर्शी छ । विभिन्न प्रतीकहरूको प्रयोग, अलङ्कारको समायोजन र सरल भाषाशैलीले कविता उच्च र कलात्मक बनेको छ । प्रन्ध्र पङ्क्ति मिलेर बनेको यो लघु आयामको कविता एकै अनुच्छेदको एकै प्रवाहमा पूर्ण भएको छ ।

## ) पर्खाल/नयाँ बर्ष

यो कविता पाचौं उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । प्रस्तुत कविता २०४८ श्रावणमा **राष्ट्रभाषा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले पर्खाललाई विशालतालाई छेक्ने छेकबार, सुन्दरतालाई थुन्ने ठेकेदारको रुपमा चित्रण गर्दै सङ्कुचितता र कलुषितता नै पर्खाल हो भनेर त्यस्तो पर्खाल भत्काउन हिम्मत काँधमा बोकेर आउन नयाँ वर्षलाई आह्वान् समेत गरेकाले कविताको अन्तर्वस्तुसँग शीर्षकको तादात्म्य सम्बन्ध देखिन्छ । कविले समाजका विकास विरोधीहरूलाई पर्खालको संज्ञा दिएका छन् । उज्यालो खोज्नेहरूको बिरूद्धमा पर्खाल सधैं ठडिने गर्दछ । पर्खाल अँध्यारो, हीनता र स्वार्थको बीउ हो । पर्खाल चाहनेहरूले आफ्नो जीवनलाई खुम्च्याइरहेका हुन्छन् । कलुषित विचार बोक्ने स्वाँठहरूको अर्को नाम पर्खाल हो । त्यसैले कविले पर्खाललाई कवितामा यसरी लेखेका छन् -

> "विशालतालाई छेक्ने छेकबार हो-पर्खाल !
>
> सुन्दरतालाई थुन्ने ठेकेदार हो-पर्खाल !
>
> पर्खालभित्र जीवनलाई कैद गर्न खोज्नेहरू
>
> हीनतालाई आदर्शको किल्ला सम्भिनेहरू
>
> त्रासलाई श्वासभित्र खुम्च्याएर बाँच्ने गर्छन्"[56]

प्रस्तुत कवितामा कविले प्रशस्तै बिम्ब र प्रतीकहरूको समुचित प्रयोग गरेका छन् । तृतीय पुरुष कथन ढाँचामा लेखिएको यस कवितामा दृष्टान्त अलङ्कारको पनि उचित प्रयोग गरिएको छ । व्यङ्ग्यात्मक शैलीमा समाजका काँडाहरूलाई छेडछाड गर्ने काम पनि कविताले गरेको पाइन्छ । कविताको भाषाशैली सरल, सहज र सरस रहेको छ । लघु आयाममा गठित यस कवितामा एउटा मात्र अनुच्छेद रहेको छ र उक्त अनुच्छेदमा तेईसवटा पङ्क्तिहरू रहेका छन् ।

**) सपनामा**

प्रस्तुत कविता पाचौं उपशीर्षक अन्तर्गतको चौथो कविता हो । यो कविता २०५० फाल्गुण २४ मा **चैतन्य** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा सत्य, न्याय,

---

56 ऐजन, पृ. १५० ।

जालझेल र षड्यन्त्रको विरूद्धमा लड्ने सपना सबैले देख्नु पर्ने साथै मुर्दा स्वभाव र मुर्दा-जीवनलाई ढाल्ने सपना सबैले सजाउनु पर्ने विषय प्रस्तुत गरिएकाले कविताको शीर्षक 'सपना' विषयको अन्तर्वस्तुसँग तादात्म्य रहेको देखिन्छ ।

कविले त्यस्तो सपना देखेका छन्, जुन सपनामा मानिसहरूले मानिसहरूको जस्तै व्यवहार गर्दछन् । सत्य र न्यायलाई आत्मसात गरेर असत्यलाई घृणा गर्ने सपना सबैले आँखाको नानीमा सजाउनु पर्छ । सपना सबैका आ-आफ्ना हुन्छन् । समाजका बलिया बाघहरूको सपना र निर्धा मुसाहरूको सपना फरक-फरक हुन्छ । सत्यलाई आत्मसात गर्नेहरूको सपना र असत्यलाई शिरोधार्य गर्नेहरूको सपनाको बीचमा एकरूपता हुँदैन भन्ने जस्ता भावनालाई कविले कविताको अन्तर्वस्तु बनाएका छन् । तृतीय पुरुष कथन ढाँचामा आधारित यस कवितामा आकर्षक नवीन बिम्बहरू र आलङ्कारिक शब्दहरूको कलात्मक बान्कीमा गद्य सङ्गीतको कर्णप्रियता पाइन्छ । सरल र खँदिलो भाषा तथा कलात्मक प्रस्तुतिले कविता अत्यन्त सशक्त बन्न पुगेको छ । लघु आयामको यस कवितामा तीनवटा अनुच्छेदहरू र प्रत्येक अनुच्छेदमा ६, ६ वटा पङ्क्तिहरू रहेका छन् ।

### ) साहूजी

प्रस्तुत कविता पाचौं उपशीर्षक अन्तर्गतको पाचौं कविता हो । यो कविता २०४६ पौषमा **सृजना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले वर्तमान अवस्थाका ठूला भनिएका मानिसहरू चरित्रमा निरिह बन्दै गएको वास्तविकता प्रस्तुत गरेका छन् । आफूलाई समाजको श्रेष्ठ साहूजी भन्न रुचाउने मानिसहरू असभ्य, मानवताको विरोधी, विश्वासघाती र चारित्रिक रूपमा भ्रष्ट बन्दै गएको तथ्य कवितामा कविले पस्कने काम गरेकाले कविता शीर्षकीयरूपमा सार्थक र सफल रहेको देखिन्छ ।

कविले विशेष गरी सहरमा बसेका साहूहरूप्रति व्यङ्ग्यवाण प्रहार गरेका छन् र उनीहरूको कुप्रवृत्तिलाई उजागर गर्ने काम कवितामा गरेका छन् । आपसमा विश्वास नसाट्ने र असत्यलाई जीवन-दर्शन मान्नेहरू कहिल्यै मानिस बन्न सक्तैनन् भन्दै कवि कवितामा लेख्छन् -

"जसले बार्दलीबाट फोहोर फालेर

सभ्यताको डङ्का पिट्छ

ऊ पो साहूजी !

घिउसँग पिँडालु साटेर

जो मानवताको शङ्खध्वनि फुक्छ

ऊ पो साहूजी"[57]

प्रस्तुत कवितामा कविले समाजमा रहेका पाखण्डी प्रवृत्तिका साहूजीहरूको विश्लेषण गर्दै मान्छेलाई मान्छे बन्न आग्रह समेत गरेका छन् । यो कविता दुई अनुच्छेदमा संरचित छ । छोटो आयामको यस कविताको भाषाशैली सरल, सहज र बोध्य रहेको छ ।

**) बमको बोली**

प्रस्तुत कविता पाचौं उपशीर्षक अन्तर्गतको छैटौं कविता हो । यो कविता २०५२ भाद्रमा **गरिमा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले समाजमा बढ्दै गएको हत्या, हिंसा, आतङ्क र ध्वंसका डरलाग्दा ˘f[ङ्खलाहरूको वर्णन गरेका छन् । कविले बमको बोलीमा कहिल्यै शान्ति सुनिँदैन, उसको बोलीमा त सधैं विध्वंसको गीत घन्कने गर्छ । त्यसैले समाजलाई आतङ्कित बनाउने, मधुर सौन्दर्यलाई विभत्स बनाउने, कोमल मन भएका बालकको मन रूवाउने बमको बोलीसँग विषयवस्तु केन्द्रित रहेकाले यस कवितामा शीर्षकीय सार्थकता झल्केको छ ।

निर्वाण चाहनेहरू, शान्ति मनमा सजाउनेहरू, निर्माण र सुन्दरतालाई हुर्काउनेहरू कसैले पनि बमको बोली सुन्न चाहँदैनन् । बमले धरतीलाई रूवाएको छ, कोमल आँखाहरूलाई तर्साएको छ । बम कहिल्यै शान्ति हुन सकेन, निर्माण हुन सकेन, विकास र उज्यालोमा खुल्न सकेन, त्यसैले बमको बोलीले सबै शान्तिकामीहरूलाई रूवाएको छ, भयभित बनाएको छ भन्ने जस्ता चोटिला भनाइहरू कविले कवितामा वर्णन गरेका छन् ।

यो कविता उच्च बिम्ब विधान र उचित प्रतीकहरूको प्रयोगले कलात्मक बन्न पुगेको छ । कवितामा उपमा अलङ्कारको प्रयोग पनि गरिएको छ । सरल, सरस तथा आलङ्कारिक भाषाशैलीले कविताको उच्चता झन बढेको देखिन्छ । तीन अनुच्छेदमा

[57] ऐजन, पृ. १५४ ।

विभाजित लघु आयामको यस कविताका दुईवटा अनुच्छेदमा ६, ६ वटा र एउटा अनुच्छेदमा एघार पङ्क्तिहरूको साजसज्जा पाइन्छ ।

### ) मोहनी

प्रस्तुत कविता पाचौं उपशीर्षक अन्तर्गतको सातौं कविता हो । यो कविता २०४७ श्रावण २६ मा **समीक्षा** पत्रिकामा प्रकाशित भएको हो । कवितामा विभिन्न बिम्ब र प्रतीकहरूको माध्यमबाट मान्छेको राम्रो भावनाले सबैलाई मोहनी लगाउन सकिन्छ, सुन्दर भावनाबाट नै अरूहरू आफूप्रति आकर्षिक हुन्छन् भन्ने जस्ता भावना वर्णित भएकाले कविताको शीर्षक र विषयवस्तुसँग तादात्म्य सम्बन्ध रहेको छ । कविले यस कवितामा जसरी प्रकृतिजन्य वस्तु ऐंसेलुको झ्याङमा काँढा भए पनि उसमा भएको मिठासले मानिसलाई आकर्षित गर्दछ, कमल हिलोमाझ नै फुले पनि त्यसको सौन्दर्य अवर्णनीय रहेको छ । त्यसैगरी मानिसले पनि असल भावना मनमा सजाउन सके, निर्दोष बालकको तोते बोलीमा  देखिने जस्तो चोखो माया खुलाउन सके त्यस्ता मानिसहरू हरेक वस्तीमा सुहाउने गर्छन् र उनीहरू नै सबैबाट प्रशंसित हुन्छन् भन्ने विचारलाई कविले कवितामा वर्णन गरेका छन् ।

कवितामा ऐंसेलुका काँढा, कमलको फूल, फल आदि जस्ता बिम्ब र प्रतीकको समुचित प्रयोग गरिएको छ । उपमा अलङ्कारले सजिएको यस कवितामा सहज र सुललित भाषाशैली पाइन्छ । तीन अनुच्छेदमा विभक्त लघु आयामको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने छैन ।

### ) घण्टाकर्ण

यो कविता पाचौं उपशीर्षक अन्तर्गतको आठौं कविता हो । प्रस्तुत कविता २०५२ असोजमा **नौलो कोसेली** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा नेवारहरूको साँस्कृतिक पर्व गठेमङ्गलको अवसरमा परालको मानिस जस्तो बनाएर राक्षसको प्रतीकको रूपमा सडकमा राख्ने चलन र त्यसलाई जलाएर राक्षसको अन्त्य गरेको भन्ने अन्धविश्वासको विरूद्धमा वर्णन गरिएकाले कवितामा शीर्षकीय सार्थकता झल्कन्छ । कविताले मानिसको विश्वास 'आजाजुजे' हामा परिणत भएको र दोबाटो/चौबाटोमा नरकटका मान्छेहरू राखेर भुसको धूपमा निर्वाणका कुरा फलाक्नेप्रति चोटिलो प्रहार गरेको छ । कवितामा त्यस साँस्कृतिक पर्वमा गरिने विभिन्न क्रियाकलापको चर्चा पनि गरिएको छ

। केटाकेटीहरू त्यस अवसरमा बाटोमा डोरी टाँगेर 'जगात' उठाउन तल्लीन रहन्छन्, कोही फलामको औँठी लगाएर घुमिरहन्छन् र घरमा फलामको करूवा राखेर आफू पनि फलामजस्तै सुरवीर बन्न खोजिरहन्छन् । यी सबै मानिसका सोचाइहरू अन्धविश्वासका प्रतीक हुन् भनी कविले चर्चा गरेका छन् । यसै क्रममा कवि कवितामा यसरी लेख्छन् ।

"घण्टाकर्ण -मान्छेको आँखामा

परालको मान्छे भएर जिइरहेछ

घण्टाकर्ण- गठेमङ्गल-पर्वमा

डरलाग्दो प्रतीक भएर बाँचिरहेछ..........."[58]

प्रस्तुत कवितामा पनि कविले बेजोड रूपमा बिम्ब विधान र प्रतीक योजना गरेका छन् । आलङ्कारिक शब्द चयनले सजिएको यस लघु आयामको कवितामा छब्बीस पङ्क्तिहरू रहेको एउटा मात्र अनुच्छेद छ । कविताको भाषाशैली सरस, कलात्मक र सम्प्रेष्य रहेको छ ।

) **फूलजस्तै कमला**

यो कविता पाचौं उपशीर्षक अन्तर्गतको नवौं कविता हो । प्रस्तुत कविता २०५३ मा **शिक्षक आलोक** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले कमलालाई कोमलता, सुन्दरता, प्राज्ञिक चेतना, सरलताकै ओजस्वी रूप, फूल, जून, जस्ता बहुआयामिक रूपहरूका मधुर सिर्काको रूपमा चित्रण गरेका छन् ।

कविले प्रतीकात्मक रूपमा कमलालाई फूलको सुन्दरता र माधुर्यसँग एकाकार गर्न खोजेकाले यस कविताको शीर्षक सार्थक देखिन्छ । कविले कवितामा फूलको सुन्दरता सधैं रहन नसके जस्तै समाजमा पनि सुन्दर कहलाएका मानिसहरू चाँडै अस्ताउने गरेको विडम्बनापूर्ण अवस्थाको चित्रण गरेका छन् । कवितामा सौन्दर्य-सम्पन्नताको प्रतिबिम्ब बनेर, प्राज्ञिक चेतनाको आयाम बनेर समाजमा उपस्थित हुन सबैलाई आग्रह गरिएको छ । संसारमा ज्ञान-विज्ञानको चेतना फैलाएर मानवजगत्कै कल्याणमा आफूलाई समर्पित गराउन सक्नु पर्ने विचार कवितामा प्रस्तुत भएका छन् । सुन्दर बिम्ब र अलङ्कारका

[58] ऐजन, पृ. १५९ ।

माध्यमद्वारा समाजका बहुमुखी व्यक्तिहरूको गुणगान यस कवितामा गाइएको छ । तृतीय पुरुष कथन ढाँचामा रचित यस कवितामा सरल भाषा र कोमल पदविन्यास गरिएको छ । यस कवितामा प्रयोग भएका सटिक बिम्ब विधान र कलात्मक प्रतीक योजनाले कविता जीवन्त र सम्प्रेष्य बनेको छ । लघु आयममा गठित यस कवितामा सात ओट अनुच्छेदहरू रहेका छन् । ६ वटा अनुच्छेदमा ५/५ वटा पङ्क्ति रहेका छन् भने एउटा अनुच्छेदमा चारवटा पङ्क्तिहरू रहेका छन् ।

) **दार्जिलिङ**

प्रस्तुत कविता **मानवीय संवेदनाहरू** काव्यकृतिका ६ वटा उपशीर्षकहरूमध्ये पाचौं उपशीर्षकको दसौं वा अन्तिम कविता हो । यो कविता २०५४ चैत्रमा **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले दार्जिलिङको सौन्दर्यको वर्णन गर्दै त्यस्तो सौन्दर्य मानिसमा पनि देखिनु पर्ने वास्तविकता माथि प्रकाश पार्न खोजेकाले प्रस्तुत कविताको शीर्षक सार्थक रहेको देखिन्छ ।

अग्लो स्थानमा बसेर, हरियो पछ्यौरी ओढेर, फूलझैं मस्की-मस्की सबैलाई आफूतिर आकर्षित गर्न सिपालु दार्जिलिङको बयान जति गरे पनि थोरै हुन्छ । मोहनी माधुर्यको पुञ्च दार्जिलिङ कञ्चनजङ्घा हिमालको काखमा बसेर आफ्नो छातीमा टाँसिन आउने सबैलाई अङ्गालोमा बाँधेर मायाका मीठा मुस्कानहरू पस्कँदै छ । आफ्नो शरीरमा धूपी, सल्ला, लालिगुराँस सजाएर पहाडको टुप्पोमा हाँसिरहेको दार्जिलिङको प्रशंसाका गीतहरू गाउने क्रममा कवि कवितामा लेख्छन्-

“चिसो सिरेटोमा
ढपक्क आफूलाई ढाकेर
परिवेशमा कसरी बाँच्न सिकेको ?
हुस्सुकै निर्देशनमा
टपक्क आफूलाई छलेर

बाध्यतामा पनि कसरी साँच्न सकेको"[59]

प्रस्तुत कवितामा कविले चाहे टाइगर हिलको मुस्कान् होस्, चाहे चौरास्तामा घोडासँगै डुलेर मायाप्रीति साटेको प्रसङ्ग होस्, सबै-सबैले आफ्नो मनलाई बिमोहित बनाएको दृष्टान्त उल्लेख गरेका छन् । यसरी कविले प्रत्यक्षतः दार्जिलिङ्को सुन्दरताको वर्णन गरेर परोक्ष रूपमा मानिसले पनि आफूमा त्यस्तो सुन्दरताको विकास गराउनु पर्ने र आफ्नो राष्ट्रलाई पनि त्यस्तै मोहनी रूपले सजाउनु पर्ने यथार्थता कवितामा पस्केका छन् । छोटो आयाममा संरचित प्रस्तुत कवितामा उचित विम्बविधान, विभिन्न प्रतीकहरूको योजना र अलङ्कारको प्रयोग गरिएको छ । यिनै कविताका गहनाहरूले सिँगारिएको यस कविताको भाषाशैली सरल, सहज र सरस भएर पनि गहन र सम्प्रेष्य छ । कविता छ अनुच्छेदमा बाँडिएको छ र अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता भने छैन ।

[59] ऐजन, पृ. १६३ ।

### ५.७. परिवेशभित्रका सन्दर्भहरू

) **प्रजातन्त्र/कर्फ्यू**

प्रस्तुत कविता कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** काव्यकृतिका ६ वटा उपशीर्षकहरूमध्ये छैटौँ वा अन्तिम उपशीर्षक **परिवेशभित्रका सन्दर्भहरू** का २१ वटा कविताहरूमध्ये पहिलो कविता हो । यो कविता २०५१ भाद्रमा **युगसंवाद** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले ठूलो बलिदान र कुर्वानीबाट प्राप्त भएको प्रजातन्त्रमा बढ्दै गएको विकृति र विसंगतिप्रति तीखो व्यङ्ग्य गर्दै देशका सबै वर्गहरूले प्रजातन्त्रको अनुभूति प्राप्त गर्न नपाएको प्रसङ्ग कोट्याएका छन् । प्रजातन्त्रमा लागेको कालो धब्बाले कोइलीहरू रोइरहेका, फूलहरू पिरो धुवाँमा निस्सासिएका दृष्टान्त प्रस्तुत गर्दै कविले आज प्रजातन्त्रमा कर्फ्यू लागेको छ र सबै आजादीका उपासकहरू मिलेर उक्त कर्फ्यू तोड्नु पर्छ भनेका छन् । यसरी कविताको अन्तर्वस्तु र शीर्षकको बीचमा तादात्म्य सम्बन्ध रहेकाले यसको शीर्षक सार्थक देखिन्छ ।

आफूलाई प्रजातन्त्रको पहरेदार ठान्नेहरूले नै आज प्रजातन्त्रको खिलाफमा आफूलाई प्रस्तुत गराएर प्रजातन्त्रको उपहास गरिरहेका छन् । आज मानिसहरू अपहरणमा पर्ने र मारिने क्रम बढ्दै गएको छ । प्रजातन्त्रमा कालो धब्बा लागेकाले कमजोर वर्गहरू आफ्नो अधिकारबाट बञ्चित बन्न पुगेका छन् । आज भोका पेटका बस्तीहरू झन बढ्न थालेका छन् । अभावै-अभावले जरो गाडेकाले त्यस अभावको विरूद्धमा मानिसहरू अब गोली भएर उठ्न थालेका छन् । मानिसहरूले आफ्नो खोसिएको अधिकारको खोजी गर्दा प्रजातन्त्र 'दमन' भएर प्रस्तुत हुन थालेको छ, त्यसैले बिडम्बना देशले काँचुली फेर्न सकेन, परिवर्तका फूलहरू फुलाउन सकेन ।

प्रजातन्त्रको अनुभूत गर्न खोज्दा लाठीचार्जले कयौंका ढाडहरू खुस्केका छन् । सिङ्गो प्रकृति आज रून थालेको छ, सोझा मानिसहरूका लागि त प्रजातन्त्र डरलाग्दो साधन बन्न पुगेको छ । कवि भन्दछन्, प्रजातन्त्र समाजका टाठा-बाठाहरूका लागि मात्र होइन, समाजका सामन्तहरूका लागि मात्र होइन, प्रजातन्त्रमा कर्फ्यू लाग्नु हुँदैन, प्रजातन्त्रमा निरङ्कुशता अटाउँदैन । त्यसैले सच्चा प्रजातन्त्र आजको आवश्यकता हो, नेपाल आमाको चाहना हो भन्ने भावपूर्ण विचार कविले कवितामा व्यक्त गरेका छन् । कवितामा सुन्दर बिम्ब, प्रतीक र अलङ्कारका माध्यमले प्रजातन्त्रमा आएको बिकृतिप्रति छेडछाड गरिएको छ

। सरल भाषा र कोमल पदविन्यासद्वारा हामी समस्त गरिव नेपालीहरूले प्रजातन्त्रको नाममा भोग्नुपरेको पीडा अत्यन्त कारूणिक तथा दयनीय रूपमा गद्य लयमा कवितामा व्यक्त गरिएको छ । मझौला आयाम बोकेको यस कवितामा पाँच अनुच्छेदहरू रहेका छन् र प्रत्येक अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता छैन ।

**) हाम्रो नियति**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको दोस्रो कविता हो । प्रस्तुत कविता **साझा मञ्च** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले हामी नेपालीहरू परनिर्भर भएर बाँच्नुपरेको र आत्मनिर्भरताको बखान एकादेशको कथा भएको बिडम्बना प्रस्तुत गरेका छन् । आफूले प्रयोग गर्ने क्याप, कमिज, पाइन्ट, जुत्ता सबै-सबै विदेशबाट नै झिकाउनु पर्ने अनि समय-समयमा भारतीय दाजुको घुर्की सहनु पर्ने बाध्यता हामी नेपालीहरूको नियती हो भन्ने भावनामा कविता अनुबन्धित भएकाले यसको शीर्षक सार्थक देखिन्छ । कविले कवितामा जसको केही छैन उसलाई नेपालीको संज्ञा दिएका छन् । जो अरूको दास बनेर हीनताबोधले ग्रसित छ, जो बहादुरीताको परिचय दिन विदेशी भूमिमा लड्दै छ, जो कृषिप्रधान देशमा बसेर अमेरिकाबाट गहुँ औसार्दैछ, क्यानडाबाट चामल थाप्दैछ, जापानबाट मल ओसार्दैछ र मन नपराई नपराई आत्मनिर्भरताको कथा सुन्दैछ उही हो नेपाली भनी कविले हामीले केही गर्न नसकेकोमा दुखेसो व्यक्त गरेका छन् ।

हामी नेपाली आफ्नो अस्तित्व र अस्मितालाई बन्धक राखेर बाँचिरहेका छौं । नुनका बोरादेखि मट्टीतेलका ड्रमसम्म विदेशबाट नै ओसार्नुपर्ने बाध्यताले हामी बाँधिएका छौं । शक्तिशाली राष्ट्रहरूको घुर्की र नियन्त्रणमा हामी पिल्सिएका छौं । दासताको जन्जीरले बाँधिएर निर्लज्जतामा बाँच्नु नै हाम्रो जीवन बनेको छ । नदीनाला सबै साझाको नाममा बलात्कार सहिरहेछन् तर हामी हुतीहारा गधाहरूझैं काँधमा भारी बोकेर मरिमेट्दैछौं, राष्ट्रियतालाई चुपचाप बन्धक राखेर नियतिलाई दासतामा साट्दै छौं भन्ने जस्ता अत्यन्तै मार्मिक भावनाहरू कविले कवितामा पस्केका छन् । यस कवितामा कविले प्रशस्तै बिम्ब र प्रतीकहरूको प्रयोग गरेर विषयवस्तुको पुष्ट्याइँ गरेका छन् । प्रथम र तृतीय पुरुष कथन ढाँचामा आधारित यस कवितामा कविले दृष्टान्त अलङ्कारको प्रयोग गरेर सरल, सहज, सरस र सम्प्रेष्य बनाएका छन् । सात अनुच्छेदमा विभक्त मझौला आयामको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने छैन ।

## ) टुकुचा र परिवेश

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको तेस्रो कविता हो । प्रस्तुत कविता २०४९ आषाढ ८ मा **योजना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले सधैं स्वच्छ, पवित्र र निर्मल रहनुपर्ने टुकुचा नदीको वर्तमान अवस्थाको चित्रण गर्दै हाम्रो सिङ्गो परिवेश पनि टुकुचा जस्तै दुर्गन्धित, फोहोर र अस्तित्वविहीन बन्दै गएकोमा दुखेसो पोखेका छन्, त्यसैले यस कविताको अन्तर्वस्तु शीर्षकसँग तादात्म्य रहेको छ ।  कवितामा टुकुचाले आफ्नो शरीरभरि फोहोर फिँजाएर, कागहरूलाई आफ्नो वरिपरि घुमाएर बाँचिरहेको प्रसङ्ग उल्लेख भएको छ । जसरी टुकुचामा मासु लुछ्न हतारिएका कागहरू मनपरी गर्दैछन्, कुकुरहरू र्‍याल चुहाउँदै कागलाई लखेट्दै छन्, ठीक त्यस्तै हाम्रो परिवेश पनि फोहोरै फोहोरको डङ्गुरमा लुछाचुँडी गर्दै बाँचिरहेको छ । हामीले आफ्नो अस्तित्व सुरक्षित राख्न सकेका छैनौं । समाजका ठूलाबडा भनिएका मानिसहरू नै भ्रष्ट र कलुषित बन्दै गएका छन्, उनीहरू नै दुर्गन्धको पोको बनेर बाँचिरहेछन् । संसार आज कुरूप बन्दै गएको छ । फोहरमैलाको डङ्गुर जमेको टुकुचामा सुन्दरता पाउन नसकिए जस्तै मानिसको मनमा पनि सौन्दर्यको आभा पाउन कठिन छ । कवि टुकुचाको सौन्दर्यमाथि बलात्कार भएको प्रसङ्ग कोट्याउँदै वर्तमान मानिसमा मानवताको गन्ध नपाएको प्रति चिन्ता प्रकट गर्दछन् । स्वच्छ, निश्चल र सङ्लो भएर बग्न नसकेको टुकुचा नदीको दृष्टान्त दिएर कविले यस कवितामा मानिसको मानवीय स्वभावमा आएको ह्रासप्रति व्यङ्ग्यवाण प्रहार गर्दै त्यसमा परिवर्तनको अपेक्षा समेत गरेका छन्. । शब्दालङ्कार र अर्थालङ्कारको बेजोड प्रयोग, बिम्ब र प्रतीकहरूको उचित योजनाले कविता सिंगारिएको छ । भाषाशैली सरल, सरस, र सम्प्रेष्य रहेको लघु आयामको यस कवितामा चारवटा अनुच्छेदहरू रहेका छन्, अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता छैन ।

## ) गोली

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको चौथो कविता हो । यो कविता २०४७ माघ-चैत्रमा **कविता** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले निहत्था

मानिसहरूको छातीमा पड्कने, विवेकमाथि धावा बोल्ने, रगतको चिच्याहट नसुन्ने, सत्य र न्यायसित पनि जिस्कने गोली र गोली पड्के पछिको क्रिया-प्रतिक्रियाको सेरोफेरोलाई प्रस्तुत गरेका छन् । हिंस्रक हातहरूमा रमाउने गोलीलाई विषय बनाएर लेखिएको यो कविता शीर्षकीय रूपमा सार्थक देखिन्छ । कविले मानवेतर वस्तु गोलीको वर्णन गरेजस्तो गरेर गोली चलाउने व्यक्तिहरूप्रति घोचपेच गरेका छन् । गोली र गोलीमा रमाउनेहरू कसैको पीडा बुझ्दैनन् । गोली पड्काउनेहरूलाई कविले अन्धोको संज्ञा दिएका छन् । गोली र गोली पड्काउनेहरूको स्वभाव भनौं वा वाध्यता उनीहरू कहिल्यै कसैको चित्कार सुन्दैनन् र आफूलाई सधैं अन्धो र बहिरोमा नै सीमित राख्छन् भन्ने भाव कविले कवितामा पस्केका छन् । कवितामा कविले यसरी व्यक्त गरेका छन् :

"गोली बोल्दैन ।

गोली सुन्दैन

गोली हेर्दैन

त्यसैले त ऊ -

विवेकमाथि पनि धावा बोल्छ"[60]

प्रस्तुत कवितामा अन्त्यानुप्रासको सफल संयोजनका साथसाथै छोटा-छोटा शब्द एवम् छोटै किसिमका सरल वाक्यमा आधारित अभिव्यक्तिको स्पष्टता एवम् गद्य साङ्गीतिकताको झङ्कार पनि पाइन्छ । कवितामा निहत्था मानिसहरूको पीडा स्पष्ट झल्किएको छ । बिम्ब र प्रतीकहरूको सफल प्रयोगले कविता उच्च र कलात्मक बनेको छ । चार अनुच्छेदमा अनुबन्धित लघु आयामको यस कवितामा पनि पङ्क्तिहरूको एकरूपता भने छैन ।

**) तानाशाह**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको पाचौं कविता हो । प्रस्तुत कविता २०४७ पुष २३ मा **डेली डायरी** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा निरङ्कुश मनहरू नृशंस आँखाहरूमा सजाउनेहरूले संसारलाई सधैं उल्टो घुमाउन चाहन्छन् भन्ने भावपूर्ण

---

[60] ऐजन, पृ. १७३ ।

विषयवस्तु वर्णित छ । सूर्यलाई कैद गर्न रुचाउने र गोलीको स्पर्श आफ्नो बन्दुकबाट घन्काइरहन चाहनेहरूलाई कविले तानाशाहको संज्ञा दिएर त्यसकै सेरोफेरोमा अन्तर्वस्तुहरू समेटेकाले कवितामा शीर्षकीय सार्थकता झल्केको छ ।

उज्यालो संसारमा बादलका छिर्काहरू छर्केर मस्तसँग बन्दुकमा गोली भर्दै समाजका शान्तिप्रेमीहरूलाई सधैं तर्साइरहने तानाशाहहरू परिवर्तन र विकासका विरोधीहरू हुन् । उनीहरू  आँखा भएर पनि अन्धा छन्, संसारलाई अँध्यारो राखेर मस्ती लुट्न पल्केकाहरू अरूको दुखाइको भाषा बुझ्दैनन् र स्वाँठ बनेर हिर्काइरहन्छन् भन्ने जस्ता ओजपूर्ण भावनामा प्रस्तुत कविता अनुबन्धित छ । एक्काईस पङ्क्तिको एक अनुच्छेदमा र एकै प्रवाहका रूपमा यो कविता पूर्ण भएको देखिन्छ । कुनै कुनै पङ्क्तिमा अन्त्यानुप्रासको सफल प्रयोग पनि पाइन्छ । घाम, बादल, आँखा, पर्खाल, बन्दुक, गोली, स्वाँठ, चिहान, मुर्दा, चराहरू, हावा आदि जस्ता बिम्ब र प्रतीकहरूको कलात्मक संयोजनले कविता उच्च कोटीको बन्न पुगेको छ । भाषाशैली सरल भएर पनि गहन विषयलाई कविले कवितामा पस्केका छन् । कविता सरस र सम्प्रेष्य पनि रहेको छ ।

**) वासुदेव/सम्झेर**

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको छैटौं कविता हो । यो कविता २०४८ श्रावणमा **सङ्गम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले पञ्चायतकालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा काभ्रेको बनेमा जाँदा त्यहाँका प्रजातन्त्रप्रेमी मुक्तिकामी जनताहरूले पञ्चायती निरङ्कुशताको विरोध स्वरूप नारा जुलुश गरे । त्यहाँ पञ्चायती निरकुंश सरकारले नाङ्गो नाच प्रदर्शन गऱ्यो, गोली चल्यो, दुष्टहरूको गोलीको सिकार बनेर वासुदेवले मृत्युवरण गरे । यसरी प्रस्तुत कविता वासुदेवको सम्झनामा रचिएकाले कविताको अन्तर्वस्तु र शीर्षककोबीचमा तादाम्त्य सम्बन्ध रहेको छ । यस देशमा पञ्चायती वर्वरताको सिकार धेरै वासुदेवहरू बनेका छन् । देशले वासुदेवजस्ता परिवर्तनकामी मानिसहरूलाई त मलजल दिएर हुर्काउनु पर्ने तर विडम्बना हिंसासँग खेल्न पल्केका हिंस्रकहरूलाई जनताको मनको घाउ के थाहा ? जतातत‌ै हिंसा खोपेर रगतको होली खेल्नु नै उनीहरूको पुर्ख्यौली इतिहास बनेको छ ।

जसरी निरकुंशताको विरूद्धमा उभिंदा धेरै मानिसहरू सहिद बने र धेरैले रगतको खोलो बगाए, उनीहरूको रगतको बीउबाट असङ्ख्य परिवर्तनकामी सपुतहरू जन्मिए,

त्यसैगरी बनेपाको चोकमा रगत बगाएर सहिद बनेका वासुदेवको रगतरूपी बीउबाट बनेपामा असङ्ख्य प्रजातन्त्रप्रेमी व्यक्तिहरू जन्मनेछन् र देशलाई आजाद बनाउने यात्रामा डटेर लाग्नेछन् भन्ने भावना पनि कविले परोक्ष रूपमा कवितामा व्यक्त गरेका छन् । प्रतीकात्मक शब्दचयन र विभिन्न बिम्बहरूको उचित प्रयोगले कविता उच्च कोटीको बन्न पुगेको छ । तृतीय पुरुष कथन ढाँचामा संरचित लघु आयामको यस कवितामा चार अनुच्छेदहरू रहेका छन् र अनुच्छेदमा पङक्तिहरूको एकरूपता भने छैन । प्रस्तुत कवितामा सरल भाषा र कोमल पदविन्यासद्वारा परिवर्तनकामी नेपालीहरूले भोग्नुपरेको पीडा अत्यन्त मार्मिक रूपमा गद्य लयमा व्यक्त गरिएको छ । कविताको भाव समसामयिक परवेशमा पनि सफल एवम् सार्थक देखिन्छ ।

## ) मुर्दाघर

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको सातौं कविता हो । यो कविता २०५१ पौष-माघमा **उपासना** पत्रिकामा प्रकाशित भएको हो । कवितामा कुरूपताले राज्य जमाएको, सिर्जनशीलताको निर्मम हत्या भएको र श्वास गन्हाएको वातावरणलाई मुर्दाघरको रूपमा चित्रण गरिएको छ । जहाँ मानिसहरूमा विश्वासको सङ्कट छ, विकृतिहरू बेढङ्गीपनबाट हुर्कँदै छन्, सौन्दर्यतामाथि बलात्कार भैरहेको छ र नृशंस आक्रमणको ˘f[ङ्खला बढ्दै गर्दा पनि चुपचाप भोग्नेहरूको बस्तीलाई कविले मुर्दाघरको नामले न्वारन गरिदिएकाले कविताको अन्तर्वस्तुसँग शीर्षकको तादात्म्य सम्बन्ध रहेको देखिन्छ । जहाँ न्यायप्रेमीहरूको आवाज थुनिएको छ, फूलहरूलाई फक्रन दिइएको छैन, कुण्ठित मानसिकता बोकेर मानिसहरू बसिरहेका छन्, त्यस्तो अवस्थालाई कविले मुर्दाघरको रूपमा कवितामा प्रस्तुत गरेका छन् ।

कोइली, सुतुर्मुर्ग, मुर्दा, फूल आदि जस्ता बिम्ब र प्रतीकहरूको प्रयोगले कवितालाई जीवन्त बनाएको छ । आलङ्कारिक शब्दचयन, सरल तर चोटिला शब्द, सहज प्रस्तुति आदिले कविता सिंगारिएको छ । चौबीस पङ्क्तिहरू भएको प्रस्तुत कविता एकै अनुच्छेदको एकै प्रवाहमा टुङ्गिएको छ । कविता लघु आयामको भए पनि भाव र विषयको गाम्भीर्यताले व्यापक र विस्तृत आयाम लिएको बोध हुन्छ ।

## ) सन्दर्भहरू

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको आठौं कविता हो । प्रस्तुत कविता २०५२ पौष-माघमा **सुगन्ध** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले प्राकृतिक बोटविरूवाका जीवनका सन्दर्भहरू र प्रकृतिमा रमाउने मानवेतर प्राणीहरूको जीवनका विभिन्न आयामहरू उजागर गर्दै मानवीय जीवनका सन्दर्भहरूको पुष्टि गर्न खोजेकाले यस कविताको शीर्षक **सन्दर्भहरू** सार्थक रहेको देखिन्छ । कवितामा सूर्य किरणबीना विरूवाले आफ्नो जीवन सुरक्षित गर्न नसके जस्तै बोट-बिरूवाबीना जङ्गलमा बसोबास गर्ने प्राणीहरूको जीवन सुरक्षित हुँदैन भनिएको छ । जसरी रूखहरू बेला बेलामा आउने प्राकृतिक विपत्तिलाई सृष्टिको क्रम सम्झेर स्विकार्ने गर्छन्, त्यसैगरी मानिसले पनि जीवनका विभिन्न आयामहरूलाई आत्मसात गर्दै अगाडि बढिरहनु पर्छ । मानिसले कहिले मायाका काउकुतीहरूलाई आँखामा, मनमा झुलाउँछन् भने कहिले दुःख, पीडा र व्यथाका संवेगहरूलाई जीवनको सन्दर्भ ठानेर आत्मसात् गर्ने गर्छन् । मानिसले आफ्नो जीवनमा कहिल्यै कलुषितता रोप्नु हुँदैन । घामको माया पाएर हिमाल रमाएजस्तै जीवनलाई रमाउन दिनुपर्छ, गुलाफको फूल जस्तै जीवनलाई फक्रन दिनुपर्छ र झर्नाहरू जस्तै परिस्थिति सुँघेर जीवनलाई हिँडाउनु पर्छ भन्ने जस्ता गहन भावना कविले कवितामा पस्केका छन् ।

कवितामा प्राकृतिक र मानवेतर बिम्बहरूको सफल प्रयोग पाइन्छ । विभिन्न प्रतीकयोजना र आलङ्कारिक शब्दचयनले कविताको स्तर उच्च बनेको छ । कतैकतै अनुकरणात्मक शब्दहरू प्रयोग गरेर कवितालाई जीवन्त बनाउने काम पनि कविले गरेका छन् । सरल, सरस र कलात्मक भाषाशैलीले कविता सम्प्रेष्य र बोधगम्य बनेको छ । छ अनुच्छेदमा बाँधिएको लघु आयामको यस कविताका प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू सजिएका छन् ।

**) धर्म/सभ्यता**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको नवौं कविता हो । प्रस्तुत कविता २०४९ पौष ९ मा **पृष्ठभूमि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा धर्म र संस्कृतिको नाममा समाजमा बढ्दै गएको विकृति, विसङ्गति र ढोँगी प्रवृत्तिप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै धर्मबाट नै सिर्जना भएको असभ्यपनको चिरफार गर्ने काम गरिएको छ । यसरी कविताको अन्तर्वस्तुले धर्म र सभ्यतालाई विशेष रूपमा केलाएर यसबाट सृजित नकारात्मक पक्षहरूको चित्रण गर्ने काम गरेकाले यस कवितामा शीर्षकीय सार्थकता झल्केको पाइन्छ ।

समाजमा अझै असभ्य संस्कृतिहरू छन, जसले मानिसमा कुसंस्कार हुर्काइरहेछ । धर्मकै नाममा मानिसहरू ध्वँस रोज्दै छन्, कुरूपता खोप्तै छन् र संहार खोज्दै छन् । त्यसैले कविले धर्मलाई भ्रमको खेती गर्नेहरूको साधन र कुरूपता रोप्नेहरूको माध्यम मानेका छन् । मानवता हाँस्नुपर्ने, शान्ति मन नाच्नुपर्ने, सभ्यतापन बाँच्नुपर्ने धर्ममा त केवल कुरूपता फक्रन थालेको तीतो यथार्थ कविले कवितामा उद्घाटित गरेका छन् । आज धर्मको आवरणमा मानवमाथि नृशंस हमला बढेको छ, जातको विशेषणमा मनुष्यत्वमाथि क्रूर आक्रमण भएको छ । यस्तो संस्कृतिलाई कविले गिद्धे संस्कृतिको उपमा दिएका छन् । मानिस धर्मको नाममा हिंसा गर्ने गर्छ, रूपमा मनुष्यत्व भए पनि विचारमा पशुत्व समाहित गर्छ । धर्मको आदर्श छाँट्छ तर उन्मादपूर्ण कलुषित मन बोक्छ भन्दै कवि भन्छन् -

"हिंसामा उठ्ने धर्म
हिंसामा उठ्ने कर्म
हिंसामा डट्ने मर्म बोकेर
कोही अलौकिक हुन खोज्छन् भने
यस्ता उन्मादपूर्ण कलुषित मन बोक्नेहरूलाई
परेवाहरूले पनि आफ्नै धुनमा
मान्छेहरूको यस्तो कुभावनालाई अवश्य सराप्ने गर्छन्"[61]

प्रस्तुत कवितामा मस्जिद, मन्दिर र चर्चको नाममा गरिने कपटी, छली र ढोंगी प्रवृत्तिप्रति तीखो व्यङ्ग्यवाण प्रहार गर्दै धर्मको नाममा बढ्दै गएको असभ्यपना र विसंगतीको अन्त्यको चाहना पनि गरिएको छ । प्रस्तुत कवितामा वेजोड बिम्बविधान र प्रशस्तै प्रतीकहरूको उचित प्रयोग गरिएको छ । अन्त्यानुप्रासयुक्त प्रस्तुत कवितामा आलङ्कारिकताको उच्च प्रस्तुति पनि पाउन सकिन्छ । दृष्टान्त अलङ्कारको उचित प्रयोग गरिएको मझौला आयाममा अनुबन्धित यस कवितामा नौवटा अनुच्छेदहरू रहेका छन् भने अनुच्छेदमा पङ्क्तिहरूको एकरूपता भने छैन । सहज, सरल र प्रभावत्तेजक भाषाशैलीले कविता सम्प्रेष्य बनेको छ ।

---

[61] ऐजन, पृ. १८४

## ) राष्ट्रियतालाई नियाल्दा

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको दसौं कविता हो । यो कविता २०४९ पौष ९ मा **पृष्ठभूमि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले हाम्रो समाजमा बलात्कारीहरूको फुर्ती निस्फिक्री बढ्दै जाँदा राष्ट्रियता दुख्न र चर्कन थालोकोप्रति दुःख व्यक्त गरेका छन् । कविले देशमा सङ्कट आउँदा, देशमाथि कसैले धावा बोल्दा चुपचाप बस्ने मानिसहरूप्रति व्यङग्य गर्दै देशका स्वाभीमानी मानिसहरू भने त्यस्तो प्रवृत्तिको विरोधका निम्ति राँको बालेर देशको राष्ट्रियताको खातिर विद्रोहमा उत्रन्छन् भन्ने प्रसङ्ग कवितामा प्रस्तुत गरेकाले यसको शीर्षक सार्थक रहेको पाइन्छ । समाजका अहङ्कारी मानिसहरू देशामाथि बलात्कार रोप्छन् । ढाँट, छल, प्रपञ्च रच्ने बेढङ्गीहरू देशलाई छुरा हान्छन् । देशको हितविपरीत विदेशीसँग सन्धी र सम्झौता गर्छन् र देशको राष्ट्रियतामाथि प्रश्न चिह्न खडा गर्छन् । राष्ट्रियता सङ्कटमा पर्दा हामीलाई दुखेन भने त्यो भन्दा ठूलो कायरता के हुन सक्ला र ! देश खण्डित हुन लाग्दा हामी जुटेनौं भने त्यो भन्दा ठूलो नपुंसकता के होला ! राष्ट्रियतालाई धुजा-धुजा पारेर हामी वीरको कल्पना गर्छौं भने त्यो हाम्रा लागि सबैभन्दा ठूलो भ्रम हो भनी कविले कवितामा अत्यन्तै राष्ट्रवादी विचारहरू प्रस्तुत गरेका छन् । देशभक्तिलाई आर्यघाटको ब्रह्मनालमा बिसाउन खोज्नेहरूले नै आज सुस्ता, महेशपुर, मानेभञ्ज्याङ, टनकपुर जहींतहीं आफूलाई बन्धक राखिसकेका छन् । देशको राष्ट्रियतालाई विदेशीको ढक तराजुमा जोख्नेहरू आज दुर्योधन भन्दा बढी निरङ्कुश बन्दै गएका छन् । त्यसैले सच्चा राष्ट्रभक्त र स्वाभीमानीहरू हातमा राँको सल्काएर राष्ट्रियता बचाउन कम्मर कसेर लाग्नु पर्ने विचार कवितामा कविले पस्केका छन् ।

प्रस्तुत कवितामा पनि मानव र मानवेतर बिम्ब र प्रतीकहरूको उचित योजना गरिएको छ । शब्दालङ्कार, अर्थालङ्कारको उचित साजसज्जा, सरल, सहज र ओजपूर्ण भाषाशैलीको प्रयोग आदिले कविता सम्प्रेष्य र सन्देशमूलक बनेको छ । सात अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका पाँच अनुच्छेदमा चार-चार र दुई अनुच्छेदमा तीन-तीनवटा पङ्क्तिहरूको प्रयोग गरिएको छ ।

## ) प्रजातन्त्र र भोक

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको एघारौं कविता हो । प्रस्तुत कविता २०४९ पौष १६ मा **पृष्ठभूमि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले जनताको ठूलो

बलिदानबाट प्राप्त गरेको प्रजातन्त्रमा जनताहरूका अधिकार सुरक्षित नभएको र दिनप्रतिदिन रोग, भोक र शोक बढ्दै गएको प्रति दुःख व्यक्त गर्दै आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्नेहरूले नै प्रजातन्त्रको नाममा भ्रमको खेती गर्दैछन् भन्ने प्रसङ्ग उल्लेख गरेकाले यसको शीर्षक कविताको विषयवस्तुसँग नजिक रहेको देखिन्छ । यस कवितामा जनतालाई असम्भव कुराहरू बाँडेर राज गर्न पल्केकाहरूलाई व्यङ्ग्यवाण हानिएको छ । देशका ठूला-बडाहरू नै सत्यलाई असत्यमा बदल्न खोज्छन्, युगलाई निस्फिक्री बलात्कार गर्दैछन्, जनताका मौलिक हकहरू खोस्दैछन् र आफूलाई तथाकथित मुक्तिदाता कल्पेर जनतालाई सुतुरमृग बनाउन खोज्दैछन् । प्रजातन्त्रको बर्को ओढेर प्रजातन्त्रलाई भाषण र घोषणापत्रमा मात्र सीमित राख्दैछन् र प्रजातन्त्रलाई भोकरूपी कैदखानामा थुन्न खोज्दैछन् भन्ने जस्ता भावनाहरू कवितामा कविले पस्केका छन् ।

आफूलाई प्रजातन्त्रको हिमायती ठान्नेहरूमा कहिल्यै सद्बुद्धि नपलाएकोप्रति जनता छक्क परेको प्रसङ्ग पनि कवितामा प्रस्तुत भएको छ । कविले देशका स्वार्थी, भ्रष्ट र अनुचित विचार बोक्नेहरूलाई प्रहार गर्दै कवितामा यसरी भनेका छन् -

"भोकलाई छातीमा पालेर कोइलीहरू रोइरहेझैं
मान्छेहरू अपसगुन भोगिरहेछन्
गिद्धहरू मसान ढुकेर सिनु लुछ्न पाएकोमा
हावामा कावा खाँदै छन्
यहाँ यस बेला प्रजातन्त्रका नाममा
सबै-सबैले बेथिति भोग्दै छन्"[62]

प्रस्तुत कवितामा रूपक अलङ्कार र सशक्त बिम्ब र प्रतीक योजनाको व्यापक तथा अर्थ गौरवपूर्ण साजसज्जा पाइन्छ । व्यङ्ग्यपूर्ण प्रस्तुति, सहज, सरल र ओजपूर्ण शब्दचयन आदिले कविता उच्च र कलात्मक बनेको छ । पाँच अनुच्छेदमा विभक्त मझौला आयामको यस कवितामा पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

---

[62] ऐजन, पृ. १८९ ।

## ) प्रजातन्त्र/गोली

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको बाह्रौँ कविता हो । यो कविता २०४९ पौष १६ मा **पृष्ठभूमि** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले प्रजातन्त्रमा अबोध बालबालिकाहरू गोलीको दूध चुस्न बाध्य भएको अवस्था, घरभित्र चुल्हो बाल्दै बस्नेहरू प्रजातन्त्रको अन्धोबन्दुकले घाइते बन्नु परेको अवस्था र चोकमा खेलिरहेका ससाना नानीहरू पनि गोली पिएर ढलेको अवस्थाको चित्रण गरेर पुतनाजस्तो नक्कचरो स्थिति बोक्ने देशका नरहत्याराहरूलाई ब्यङ्ग्यको चोटिलो वाण प्रहार गरेका छन् । यसरी आफैंले ल्याएको प्रजातन्त्रमा आफैं गोलीको सिकार बन्नु परेको जनताको पीडादायी अवस्थाको चित्रण यस कवितामा गरिएकाले कविताको शीर्षक सार्थक रहेको छ । कवितामा कविले बन्दुक पड्काएर प्रजातन्त्रको रक्षा गर्न खोज्नुलाई कायरता र नपुंसकताको संज्ञा दिएका छन् ।

कविले बन्दुकको बोलीले मानवताको रक्षा गर्न नसक्ने प्रसङ्ग उठान गर्दै प्रजातान्त्रिक समाजवादको रमाइलो हतियारले देशका बूढाबाहरू घाइते बनेका दुःख लाग्दो अवस्थाको चित्रण पनि कवितामा गरेका छन् । त्यसैगरी सहरको रमाइलो परिदृश्यमा रमाउन गाउँबाट सहर झरेका साहिंला, माहिला र कान्छाहरूले सहरको रमाइलोको अलावा गोली भोगिरहेका छन् तर जनताका हक र अधिकार गोलीले मिच्न खोज्दैमा मिच्न गाह्रो हुन्छ भन्ने प्रसङ्ग पनि कविले कवितामा चित्रण गरेका छन् ।

यसरी प्रजातन्त्रमा एड्स को किटाणु रोप्नेहरूप्रति घोचपेच गरी लेखिएको यस कवितामा बेजोड बिम्बविधान र प्रतीकयोजना गरिएको छ । कविता आलङ्कारिक शब्दचयन र कतैकतै अन्त्यानुप्रासको साजसज्जाले सिंगारिएको छ । भाषा सरल भएर पनि भाव गहन हुनु यस कविताको विशेषता हो । कविता सरस, चोटिलो, व्यङ्ग्यपूर्ण र सम्प्रेष्य रहेको छ । ६ अनुच्छेदमा विभक्त मझौला आयामको यस कवितामा पनि पङ्क्तिहरूको एकरूपता भने छैन ।

## ) राजनीति

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको तेह्रौँ कविता हो । प्रस्तुत कविता २०४६ पौषमा **सृजना** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले राजनीतिमा बढ्दै गएको फोहोरी खेलको चर्चा गरेका छन् । राजनीति देश र जनताको निम्ति गरिनु पर्ने

परन्तु देशका नेताहरूले राजनीतिलाई सुकुनीको पासा जस्तो बनाएका छन् । राजनीतिलाई षड्यन्त्रमा हुर्काउनेहरूप्रति जनताको विश्वास घट्न थालेको छ । जालझेलको राजनीतिलाई आत्मसात गर्दा नेताहरू नपुंसक बन्दै गएका छन् । सिङ्गो परिवेश आज धुरूधुरू रून थालको छ । विद्रोहका कथाहरू रच्दै मुलुक पीडामा बाँचिरहेछ । राजनीतिक कर्मीहरूको कुटिल राजनीतिक चालको पर्दाफास गर्न अब जुर्मुराएर उठ्नु पर्छ र त्यसको विरूद्धमा धावा बोल्नु पर्छ भन्ने जस्ता गहन भाव कविले कवितामा प्रस्तुत गरेका छन् । कविता लघु आयामको भए तापनि यसमा प्रयोग गरिएको बिम्बविधान र विभिन्न प्रतीक योजनाले कविता उच्च र कलात्मक बनेको छ । सरल र सरस भाषाले यो कविता सहज र सुबोध बनेको छ । चार अनुच्छेदमा बाँडिएको यस कविताका प्रत्येक अनुच्छेदमा पाँच-पाँचवटा पङ्क्तिहरू रहेका छन् ।

) **खोई थाहा छैन**....

प्रस्तुत कविता कवि दुवालको **मानवीय संवेदनहरू** काव्यकृतिका ५ वटा उपशीर्षकहरूमध्ये छैटौं उपशीर्षकको चौधौं कविता हो । यो कविता २०५४ माघ २ मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले मानिसभित्रका सान्दर्भहरू आफूले पहिचान गर्न नसकेको अनभिज्ञता प्रस्तुत गरेका छन् । समाजमा कुकुरजस्तै दासतामा रमाउनेहरू र बाँदरजस्तै भँडुवा स्वभावलाई आत्मसात गर्नेहरूको सही पहिचान आफूले पाउन नसकेको सन्दर्भ कविले कवितामा पस्कने काम गरेकाले यस कवितामा शीर्षकीय सार्थकता झल्केको छ । समाजमा लाटोकोसेरोजस्तै अँध्यारोमा जीवन साँच्ने र सत्यभित्रका सन्दर्भहरू घाम बनेर छर्कने मानिसहरू पनि नभएका होइनन् ।

समाजमा पैसालाई नै सबैथोक ठान्ने मानिसहरूको पतनोन्मुख चरित्र देख्दा आज परिवेश नै रोइरहेजस्तो कवि अनुभूत गर्छन् । छोटा-छोटा वाक्य गठनमा संरचित यो लघु आयामको कविता सोह्र पङ्क्तिहरूको एकै अनुच्छेदमा र एकै प्रवाहमा टुङ्गिएको छ । कवितामा मानवेतर प्राणी कुकुर, बाँदर, लाटोकोसेरो आदिलाई क्रमशः दासता, भँडुवा र अँध्यारोको बिम्बको रूपमा चित्रण गरिएको छ । उचित बिम्बविधान र आलङकारिक शब्दचयनले कवितामा रसात्मकता र गद्य साङ्गीतिक झङ्कार सिर्जना भएको छ । साथै कविता सरस, सरल र सम्प्रेष्य पनि छ ।

) **धराप घर**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको पन्ध्रौं कविता हो । प्रस्तुत कविता २०५५ वैशाखमा **इन्द्रेणी** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले हाम्रा छिमेकी देशहरूबाट हामीले पाउनु परेको सास्ती, उनीहरूको हेपाहापन, घुर्की र फुर्ती आदि हेरेर बाँच्नु पर्ने हामी नेपालीले दासीजस्तै बनेर बाध्यतामा जीवन फालिरहेको प्रसङ्ग प्रस्तुत गरेर यो अवस्थालाई धराप घरको संज्ञा दिएकाले यस कवितामा शीर्षकीय सार्थकता झल्केको पाइन्छ । हामी नेपाली गुलामीमा मस्त भएर शान्तिगीत गाइरहेछौं, बाध्यतामा जीवन फालेर दासनृत्य नाचिरहेछौं । हामी विग्रहतालाई आस्थामा, अवसरवादितालाई मान्यतामा, क्षुद्रतालाई मूल्यमा र मनमा आत्मग्लानी पालेर हुर्किरहेका छौं । विदेशी भूमिमा आफ्नो स्वाभीमानलाई बन्धक राखेर बहादुर कान्छाको तक्मा भिर्दै छौं र धरापको जीवन बाँच्दै छौं भन्ने जस्ता राष्ट्रिय भावनाले ओतप्रोत विचारहरू व्यक्त गरेर कविले यो अवस्थाबाट मुक्तिको अपेक्षा पनि कवितामा परोक्ष रूपमा गरेका छन् । रूपक अलङ्कार र बिम्बविधानको अपूर्ण सङ्गम, गद्य साङ्गीतिकताको कर्णमधुरता, अन्त्यानुप्रासीय शब्दालङ्कारको उच्च कलात्मकता र सरल भाषाको बेजोड नमुना यस कविताका खास-खास विशेषताहरू हुन् । दुई अनुच्छेदमा विभक्त लघु आयामको यस कवितामा पनि पङ्क्तिहरूको एकरूपता भने पाइँदैन ।

### ) कुकुर भुक्दै छ

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको सोह्रौं कविता हो । यो कविता **सुगन्ध** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले एकातिर मानिस-मानिसको बीचमा विश्वास हराउँदै गएको र कुकुरभक्तिमा वर्तमान युग प्रवेश गरेको, कुकुरसँग विश्वास साटिएको वास्तविकता प्रस्तुत गरेका छन् भने यिनै तथ्यका आधारमा वर्तमान मानिस कुकुरजस्तो बन्दै गएकोमा पनि चिन्ता व्यक्त गरेका छन् । मानवीयताको संवेदनामा कसिङ्गर देखिए पछि मानिस मानिसबीचमा विश्वासको सङ्कट देखा परेको छ । मानिस भ्रष्ट, नैतिकहीन, स्वार्थी बन्दै गएकाले नै मानिसले मानिसलाई विश्वास नगरेको हो । आज मान्छे मान्छेमा मोहभङ्ग भएको छ । दाजुभाइमा दिदीबहिनीमा साइनो चर्केको छ, त्यसैले युग कुकुरभक्तिमा प्रवेश गरेको छ । आज चाहे मोटे काजीको आँगनमा होस्, चाहे मैयाँसाहेबको खोपीमा मान्छेलाई तर्साउन/मान्छेलाई थर्काउन भोटे कुकुर राखिएको छ

। सबै-सबैतिर कुकुरकै राज्य छ । बस्तीमा अध्यारो बढ्दै जाँदा अन्याय, अत्याचारले पराकाष्ठा नाग्दाको अवस्थालाई कविले कुकुरको राज्यको सङ्केत गरेका छन् । समाज भ्रष्टहरूको कुकृत्यले आक्रान्त बनेको छ, समाजमा कतै शान्ति छैन, दिन दाहाडै सबैतिर मानिसहरू असुरक्षाको अनुभूति गर्दैछन् । कविले यस कवितामा बेजोड रूपमा बिम्बविधान गरेर समाजका भ्रष्ट व्यक्तिहरूप्रति ब्यङ्ग्य प्रहार गरेका छन् । कविता उचित प्रतीक र अलङ्कारको प्रयोगले सिंगारिएको छ । कविताको भाषाशैली सरल भएर पनि चोटिलो र सम्प्रेष्य रहेको छ । तीन अनुच्छेदमा विभक्त लघु आयामको यस कवितामा तीनवटा अनुच्छेदहरू रहेका छन् र अनुच्छेदमा पङ्क्तिहरू भने घटिबढी रहेका छन् ।

**) यातना-शिविर**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको सत्रौं कविता हो । प्रस्तुत कविता २०५३ पौष २ मा **दैनिक मोर्चा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले अँध्यारो छर्किएको परिवेश, प्रकाशलाई कैदीजस्तै थुनिएको वातावरण, काँधमा बन्दुक बोकेर जुँगेकाजीहरू यताउती हिंडिरहेको अवस्था आदिलाई यातना-शिविरको संज्ञा दिएका छन् ।

साँच्चै जहाँ कलुषित मनहरू मात्र छन्, निर्दयी आँखाहरू मात्र छन्, साथै जहाँ मुर्दा शान्ति छ, फूलहरू भाँचिएका छन्, आँखाहरू डरलाग्दा छन् त्यस्तो परिवेशलाई कविले यातना-शिविरको नामले कवितामा वर्णन गरेका छन् । अतः यस कविताको अन्तर्वस्तुले शीर्षकसँग तादात्म्यता राखेको देखिन्छ । कविको दृष्टिमा मानवीय चाहनाहरू कुण्ठित भएको अवस्था, सत्य र न्याय पराजित भएको अवस्था र सारा देशभक्त मानिसहरूले अँध्यारोमा बाँच्न विवश बन्नु परेको अवस्था नै यातनाको पराकाष्ठा हो । जहाँ हिंस्रकहरू मानवीय स्वतन्त्रतामाथि बलात्कार गरिरहेका छन, जहाँ विषालु मनहरू झमझमाउँदा छन्, त्यस्तो अवस्था भएका हरेक ठाउँ र वस्तीहरू यातना-शिविर हुन् भनी कविले कवितामा चर्चा गरेका छन् ।

एकातिर कविले प्रत्येक मानव समाजभित्र न्यायप्रेमी, परिवर्तनका पक्षपातीहरू आदिले भोग्नुपरेको सास्तीको चित्रण गर्दै त्यस समाजलाई यातना-शिविरको रूपमा हेरेका छन् भने अर्कोतिर देशमा परिवर्तन ल्याउन, जनताको हक, अधिकार सुरक्षित गर्ने लडाइँमा लाग्दा देशद्रोहीको आरोपमा जेलको चिसो छिँडीमा पुऱ्याइएका मानिसहरूले भोग्नु परेको

कठिन यातनाको चित्रण गर्दै त्यहाँको परिवेशलाई यातनाको शिविर भनी नामाकरण गरेका छन् ।

प्रस्तुत कवितामा कविले कविताको मूल मर्मलाई प्रस्ट गर्न बिम्बविधान र प्रतीकयोजनालाई उच्च प्राथमिकता दिएका छन् । कविता आलङ्कारिता र अन्त्यानुप्रासले सजिएको छ । पाँच अनुच्छेदमा विभाजित लघु आयामको यस कविताको प्रत्येक अनुच्छेदमा चार-चारवटा पङ्क्तिहरू रेहका छन् । कविता सरल, सरस र सम्प्रेष्य रहेको छ ।

## ) जनताहरू

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको अठारौं कविता हो । यो कविता २०५३ माघ-चैत्रमा **कुसुम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले देशभक्त , जातिप्रेमी नेपाली जनताहरूको उन्मुक्तिको चहना विद्रोहको भाषामा चिच्याइरहेको अवस्थालाई चित्रण गरेका छन् । कविले कवितामा राष्ट्रियतालाई मुटुको ढुकढुकीमा सजाउनेहरू कहिल्यै पर्खाल भित्र थुनिएर श्वासलाई गुम्साउन चाहँदैनन् भनेका छन् । उनीहरू त सधैं बुख्याँचा जीवन होइन भन्दै स्वाधीनताका निम्ति देशको धड्कन छामेर चेतनाको मर्ममा हुइँकिरहन्छन् । राष्ट्र र राष्ट्रियताका निम्ति ज्यानको बाजी लगाउनेहरू देश रोएको हेर्न सक्तैनन्, देशलाई हँसाउनका लागि आफैंलाई आफैंले छामेर देशभक्तिको महान् यात्रामा निरन्तर लागिरहन्छन् । तर बिडम्बना हाम्रो समाजमा देशलाई माया नगर्नेहरूको सङ्ख्या पनि धेरै छ । उनीहरू देशलाई अँध्यारोमा राखेर लाटोकेसेरो बनिरहेछन्, परिवेश नबुझ्नेहरू त्यसै त्यसै बम्किरहेछन्  भन्ने जस्ता भावहरू कविले यस कवितामा पस्केका छन् । यस कवितामा पनि कविले उचित बिम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । आलङ्कारिक शब्दचयनले कविता रसिक, कलात्मक र सन्देशमूलक बनेको छ । चार अनुच्छेदमा विभाजित लघु आयामको यस कविताका प्रत्येक अनुच्छेदमा चार-चारवटा पङक्तिहरू रहेका छन् ।

## ) अवस्थिति

प्रस्तुत कविता छैटौं उपशीर्षक अन्तर्गतको उन्नाइसौं कविता हो । यो कविता २०५३ फाल्गुणमा **नवकविता** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा वर्तमान मानिसहरूमा देखिएको प्रवृत्तिको चित्रण गरिएको छ । समाजका अधिकाँश मानिसका स्वभाव शक्ति र

धनका पछाडि दगुर्ने रहेको कटु यथार्थ प्रस्तुत गर्दै कविले त्यस्ता प्रवृत्तिप्रति व्यङ्ग्यवाण प्रहार गरेका छन् । कविले एकातिर शक्तिप्रति लालायित भएर त्यतैतिर प्रभावित मानिसहरूको कुप्रवृत्तिप्रति छेडछाड गरेका छन् भने अर्कोतिर मनमा तृष्णाको तुच्छ जालो सजाएर धन प्राप्तिको खातिर भ्रष्टाचारलाई गोडमेल गर्ने व्यक्तिहरूप्रति चोटिलो प्रहार गरेका छन् । कविले कवितामा तानाशाहीहरूको नाङ्गो रूप पनि छर्लङ्ग्याएका छन् । तानाशाहीहरू दमन गर्न रुचाउँछन, उनीहरूमा मपाईंत्वको मात चढेको हुन्छ तर बिडम्वना समाजका केही मानिसहरू उनीहरूकै भक्ति गर्नमा व्यस्त छन् । कविले अन्याय, अत्याचार, शोषण, दमन जस्ता कुकृत्यलाई आत्मसात् गर्ने लामखुट्टेको स्वभाव बोकेकाहरूको सक्कली रूप पनि कवितामा चित्रण गरेका छन् ।

यसरी यस कवितामा वर्तमान अवस्थिति छर्लङ्गसँग देखाइदिने काम कविले गरेका छन्, त्यसैले कविता शीर्षकीय रूपमा सफल छ । कवितामा शक्ति, धन, पानीको थोपा, दमन, तानाशाह, शोषण, लामखुट्टे आदि जस्ता बिम्ब र प्रतीकको बेजोड साजसज्जा पाइन्छ । रूपक अलङ्कारको सफल प्रयोग गरिएको यस कवितामा कवि अन्याय, असत्य, शोषण, दमन आदिको बिरूद्धमा उभिएका छन् । कलात्मक दृष्टिले पनि यो कविता सफल मानिन्छ । ६ अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका प्रत्येक अनुच्छेदमा ६-६ वटा पङ्क्तिहरू सजिएका छन् ।

**) परिवेश /प्रसङ्गहरू**

यो कविता छैटौं उपशीर्षक अन्तर्गतको बीसौं कविता हो । प्रस्तुत कविता २०५३ फाल्गुणमा **कलम** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले देश र देशवासीलाई ढाँटेर दासताको गीत गाउनेहरू, ढाँट, छल, प्रपञ्च रचेर परिवेशमा अन्यौल र भ्रान्तिको साम्राज्य चलाउनेहरू कहिल्यै राष्ट्रवादी हुन सक्तैनन् भन्दै देशको पूर्वमा भ्वाङप्वाल पारेर लाजलाग्दो स्वाधीनता खोज्नेहरूप्रति व्यङ्ग्यको चोटिलो प्रहार हानेका छन् । कवितामा नेपाली समाजभित्र रहेका यस्तै यावत् परिवेश प्रसङ्गहरूको सेरोफेरोमा कविताको अन्तर्वस्तु केन्द्रित रहेकाले यसको शीर्षक सार्थक रहेको देखिन्छ । कविले यस कवितामा देशमा नपुँसकताको फुर्ती बढेको प्रसङ्ग कोट्याउँदै कायरतामा मन साटेर देशभक्तिको स्वाङ रच्नेहरूले देशलाई ढाँटिरहेका छन् भनी वर्णन गरेका छन् ।

देशमा अँध्यारो बढ्दै गएको, मानिसहरूले चेतनासून्य गधा-मानसिकता बोकिरहेका, छेपाराहरूले जस्तै रूप साट्ने प्रवृत्ति मानिसमा देखिन थालेको र त्यस्ता मानिसहरूलाई देशको चिन्ता पटक्कै नभएको उल्लेख गर्दै कवि कवितामा लेख्छन्-

"देशको माटोमा आफ्नो मुटु रोप्न नसक्नेहरू

देशभक्त भएको इतिहास मलाई थाहा छैन

तपाईंहरू देशको पूर्वमा भ्वाङ प्वाल पारेर

के यस्तै ढाँटेर लाजलाग्दो स्वाधीनता खोजिरहनुहुन्छ"[63]

यसरी प्रस्तुत कवितामा कविले गण्डकीमा, कोशीमा, महाकालीमा विष फुइँकिरहँदा पनि देशलाई ढाँटेर भ्रमको खेती गर्नेहरूलाई देशभक्तिको पवित्र र महान् यात्रामा संलग्न भएर आफ्नो जीवन सार्थक बनाउन आग्रहसमेत गरेका छन् ।

यस कवितामा पनि कविले बेजोड बिम्बविधान र प्रतीकयोजना गरेर कविताको अन्तर्वस्तुलाई कलात्मक रूपमा पाठक समक्ष प्रस्तुत गरेका छन् । रूपक अलङ्कारको सफल प्रयोगले कवितामा गद्य साङ्गीतिक रन्को पाइन्छ । सरल भाषाशैलीको प्रवाहमा बगेको यस कवितामा मानवीय, मानवेतर र प्राकृतिक बिम्ब, प्रतीकहरूको माध्यमबाट देशका भ्रष्ट व्यक्तिहरूको सफल चित्र कलात्मक रूपमा उतारिएको छ । आठ अनुच्छेदमा विभक्त मझौला आयामको यस कविताको प्रत्येक अनुच्छेदमा फरक-फरक पङ्क्तिहरू अनुबन्धित छन् ।

**) शिशु मनहरू**

प्रस्तुत कविता कवि होमन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** काव्यकृतिका ६ वटा उपशीर्षकहरूमध्ये छैटौं अथवा अन्तिम उपशीर्षक अन्तर्गतको एक्काइसौं अथवा अन्तिम कविता हो । यो कविता २०५४ माघ २३ मा **जनधारणा** पत्रिकामा प्रकाशित भएको हो । यस कवितामा कविले कोमल, निश्चल निःस्वार्थ र चञ्चल शिशु मनहरूको चित्रण गरेका छन् । बालबालिका भनेका ईश्वर समान हुन्छन् , उनीहरूमा कत्तिपनि कपट, छल, प्रपञ्चको गन्ध भेटिंदैन । उनीहरूका मनहरू जिज्ञासापूर्ण हुन्छन्, फूलभन्दा कोमल र

---

[63] ऐजन, पृ. २०७ ।

सागरभन्दा निश्चल हुन्छन् । शिशुहरूको हँसाइले त सूर्यकिरणलाई गिज्याउँछ र चञ्चलताले फूलका पातहरूलाई झुलाउँछ ।

कविले शिशु अवस्था जीवनको सबैभन्दा उत्तम अवस्था हो भनेका छन् । सुन्दरताको पराकाष्ठा भेट्टाउन सकिने यो अवस्थालाई कविले मान्छेकै मधुरतम प्रतिच्छायाहरू भनी कवितामा चित्रण गरेका छन् । द्वितीय पुरुष एकवचन कथनढाँचामा आधारित यस कवितामा आकर्षक नवीन बिम्बहरू र रूपक तथा उपमा अलङ्कारको कलात्मक बान्कीमा गद्य सङ्गीतको कर्णप्रियता पाइन्छ । कविताको भाषाशैली सरल, सहज र सम्प्रेष्य रहेको छ । पाँच अनुच्छेदमा विभक्त लघु आयामको यस कविताका चारवटा अनुच्छेदमा चार-चारवटा र एउटा अनुच्छेदमा सातवटा पङ्क्तिहरू रहेका छन् ।

### ५.८. निष्कर्ष:

वि.सं. २०२१ सालदेखि नेपाली साहित्यको कविता विधामा कलम चलाउन थालेका कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिमा मूलतः प्रगतिवाद, यथार्थवाद, देशभक्ति, प्रकृतिप्रेम, क्रान्तिकारिता, व्यङ्ग्यात्मकता, सुधारात्मकता जस्ता मूलभूत प्रवृत्तिहरू रहेका छन् । उनले कविता मार्फत परिवर्तनको तीव्र चाहना राखेका छन् । ६ वटा विभिन्न उपशीर्षकमा विभाजित यस काव्यकृतिका प्रायः सबैजसो कविताहरू मानवमनका संवेदना छाम्न सफल छन् । यस काव्यकृतिको पहिलो उपशीर्षक **मानवीय संवेदनाका हरफहरू** अन्तर्गतका कविताहरूमा कवि मानिसमा मानवताको मान्यता खोज्छन्, मानवताको स्वर प्रस्तुत गर्छन् । मानिसको अस्तित्व बचाउने र बिगार्ने दुवै मानिस हो अर्थात् देवता पनि मानिस हो दानव पनि मानिसै हो । कुन स्वभावको मानिस विश्वको लागि अभीष्ट छ, त्यो पहिल्याउने काम मानिसको चेतनाको हो भनी कवि यस खण्ड अन्तर्गतका कविताहरूमा व्यक्त गर्दछन् । यस काव्यकृतिको दोस्रो उपशीर्षक **मान्छेभित्रका कविताहरू** अन्तर्गतका कविताहरूमा कवि दुवाल मान्छेको वैचित्र्य र विविधताको खोजी गर्छन् । मान्छे कैदी हुन्छ, मान्छे प्रेतझैँ हेर्छ, मान्छेभित्र लैङ्गिक विभेदले **आइमाई** हुन्छन् जस्ता भावहरू कविले यस खण्डमा व्यक्त गरेका छन् ।

यस काव्यकृतिको तेस्रो उपशीर्षक **प्रकृति गर्भका उच्छ्वासहरू** अन्तर्गत कवि दुवाल सूर्य-चेत बाट थालनी भएर यात्रा क्रम, जीवन, हावा, आकाश हुँदै प्रकृति र माछा पानीसम्म पुगेका छन् । मानिस प्रकृतिकै देन हो भने प्रकृतिको सिर्जनालाई उद्‌बोधन गर्ने मानिस हो । प्रकृतिको लीलालाई आफूभित्र ढालेर मानिसले जीवन सङ्घर्ष सिक्न र सत्‌मार्गमा लाग्ने प्रेरणा पाउनु पर्ने सन्देश यस खण्डले दिएको छ ।

यस काव्यकृतिको चौथो उपशीर्षक **माया प्रेमका प्रसङ्गहरू** अन्तर्गतका कविताहरूमा कविले मानिस संसारमा परमेश्वरको प्रेमले नै अडेको छ भन्ने भाव व्यक्त गरेका छन् । प्रेमको अर्थ रोमान्स वा वासना मात्र होइन, त्यो त हार्दिकताको बन्धन हो, मित्रताको चुरो हो अनि हो समर्पण र निःस्वार्थता पनि भन्ने जस्ता भावना कविले यस खण्डमा व्यक्त गरेका छन् ।

पाचौँ उपशीर्षक **बिम्ब प्रतिबिम्बका रेखाङ्कनहरू** अन्तर्गतका कविताहरूमा कविले वर्तमान परिवेशका ठूला भनिएका व्यक्तिहरूको नकारात्मक व्यवहारप्रति ब्यङ्ग्य प्रहार गरेका छन् । बार्दलीबाट फोहोर फालेर सभ्यताको डङ्का पिट्ने पाखण्डी प्रवृतिका साहूहरूप्रति चोटिलो व्यङ्ग्य यस खण्डमा भेट्टाउन सकिन्छ ।

यस काव्यकृतिको अन्तिम खण्ड **परिवेशभित्रका सन्दर्भहरू** अन्तर्गत रहेका कविताहरूमा कविले प्रजातन्त्र, राष्ट्रियता, देशप्रेम, जनताका हकहितसँग सम्बद्ध विषयलाई समेटेका छन् ।

यसरी प्रस्तुत काव्यकृतिमा सुन्दर शैली र कलात्मक अभिव्यक्ति नै कविता मान्ने कवि दुवालले छोटो मीठो उक्ति रोजेका छन् । जीवन निरन्तर खोलाझैं बहनु हो, जीवन निष्ठा र विश्वासझैं फुल्नु हो भनी ठान्ने कवि दुवाल यस काव्यकृतिमा पनि गतिशील भएका छन् । मानवतावादी स्वरहरू मुखरित गर्दा कहीँ भावहरू दोहोरिएका, भनाइहरू पुनरूक्ति भएको लागे पनि कवि मोहन दुवालको कवितायात्रा अविश्रान्त छ । २०२० साल देखिको काव्य-सृजनाधारा अविरल छ ।

## अध्याय छ

# मानवीय संवेदनाहरू कविता सङ्ग्रहको मूल्याङ्कन

### ६.१. परिचय

साहित्यका विविध विधाहरूमध्ये कविता विधा अनुभूतिमूलक एक सिर्जनात्मक रचना हो । कविता भाषाका माध्यमद्वारा प्रस्तुत गरिने सिर्जनात्मक अभिव्यक्ति हो । कविको आफ्नो अनूभूतिलाई भावनाले खेलाएर कलात्मक तरिकाले लिपिबद्ध गरिएको लयात्मक अभिव्यक्ति कविता हो । कविताले एक अनुभूतिलाई अर्को संवेदनामा प्रवेश गराइ बौद्धिक भावको प्रकटीकरण गराउँछ । कविता साहित्यको एक पुरानो विधा हो । कविताका अनेक प्रकारका परिभाषा र सैद्धान्तिक मान्यताहरू रहेका छन् । कविता अनेक अवयव वा अङ्गहरूको मेलबाट निर्मित एउटा संरचनात्मक साहित्यिक विधा हो । कवितामा भाव, विचार वा घटनाको अभिव्यक्ति हुन्छ । विशिष्ट लयात्मकताका कारणले गर्दा यो अन्य विधा भन्दा भिन्न प्रकृतिको हुन्छ । कविताको शीर्षक, संरचना, विषयवस्तु, लय, भाव, भाषाशैली, बिम्ब, प्रतीक आदि तफ्वहरूबाट यसको स्वरूप निर्माण हुन्छ । कविताको सैद्धान्तिक मान्यता अनुसार आउने यी कविताका प्रमुख तफ्वहरुका आधारमा कवि मोहन दुवालको काव्यकृति **मानवीय संवेदनाहरू** मा पाइने प्रवृत्तिगत विशेषताहरूलाई औँल्याउने प्रयास यहाँ गरिएको छ । यस क्रममा रचना प्रकाशन सन्दर्भ, शीर्षक, संरचना, विषयवस्तु, लयविधान, भावविधान, ब्यङ्ग्य चेतना, बिम्ब, प्रतीक र भाषाशैलीमा केन्द्रित भएर दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिको समग्रमा मूल्याङ्कन गरिएको छ ।

### ६.२. रचना/प्रकाशन सन्दर्भ

कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** काव्यकृति समग्र कृतिहरूलाई आधार मान्दा दसौं कृतिका रूपमा रहेको छ । वि.स. २०४६ सालदेखि २०५५ सालसम्म विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका जम्मा ९१ वटा गद्य कविताहरूको सङ्ग्रहका रूपमा **मानवीय संवेदनाहरू** काव्यकृति उपस्थित भएको छ । यसको प्रकाशन २०५५ चैत्रमा जनमत प्रकाशन, बनेपा-७, काभ्रेद्वारा भएको हो । यस काव्यकृतिको आवरणकला के.के कर्माचार्यले गरेका हुन् ।

यस काव्यकृतिमा तत्कालीन राजनीतिक परिस्थितिका कारणले उत्पन्न अन्याय, अत्याचार, शोषण, दमन र सामाजिक विकृति, विसङ्गतिप्रति चोटिलो प्रहार गर्दै त्यसको अन्त्य गरी समुन्नत समाजको स्थापना गर्ने लक्ष्य लिइएको छ ।

## ६.३. शीर्षक

**मानवीय संवेदनाहरू** ६ वटा उपशीर्षक ९१ वटा कविता र २१८ पृष्ठको संरचनात्मक स्वरूप बोकेर अगाडि बढेको छ । २०४६ देखि २०४९ सम्मका थोरै कविताहरू र २०५१ सालदेखि २०५४ सालसम्मका धेरै कविताहरू यसभित्र परेका छन् । प्रत्येक उपशीर्षक अन्तर्गत रहेका कविताका भावना र मर्मले उपशीर्षकलाई सार्थक तुल्याएका छन् ।

शीर्षक कविताको महफ्वपूर्ण तफ्व हो । यसले कविताकृतिको भाव विचारको सूचना वा उद्घाटन गर्दछ । कृतिमा व्यक्त गरिएको विषय र शीर्षकबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । शीर्षकले अभिधात्मक र व्यञ्जनात्मकमध्ये कुनै एकलाई समातेको हुन्छ । कवि मोहन दुवालको काव्यकृति **मानवीय संवेदनाहरू** मा एक शब्ददेखि पाँच शब्दसम्मका शीर्षकहरू जुराइएका छन् । एक शब्दका शीर्षकहरू यस काव्यकृतिमा अत्यधिक रहेका छन् । जस्तै : स्वभाव, स्वतन्त्रता, कौतुहलता, उन्मुक्तता, दृढता, चिन्तनहरू, आइमाईहरू, सन्ध्याहरू, हावा, आकाश, रूख, जीवन, सुवासना, साहूजी आदि । त्यसैगरी **आँखाको भाषा आँखाले बुझ्न खोज्दा** पाँच शब्दको सबैभन्दा लामो शीर्षक रहेको कविता हो । कविताका प्रत्येक शीर्षकले कविताको अन्तर्वस्तुलाई समेटेका छन् । कविले यस काव्य कृतिको नाम चाहिँ कुनै एक कविताको शीर्षकबाट नराखी समग्र कविताका भावना वा मर्म अभिव्यक्त गर्ने गरी चयन गरेका छन् । कतै अभिधात्मक त कतै प्रतीकात्मक अर्थ प्रदान गर्ने शीर्षक चयन गरिएकाले कविताको शीर्षक र मूल भावकाबीच अन्तर्सङ्गतिको स्थिति स्पष्ट रूपमा देख्न सकिन्छ ।

## ६.४. संरचना

कवि मोहन दुवालद्वारा रचित **मानवीय संवेदनाहरू** काव्यकृति ६ वटा उपशीर्षक, ९१ वटा कविता र २१८ पृष्ठको संरचनात्मक स्वरूप बोकेर अगाडि बढेको छ । यस

सङ्ग्रहभित्र १२ हरफ देखि १२३ हरफसम्मका कविताहरू रचना गरिएका छन् भने हरफमा १ देखि ७ शब्दसम्म परेका छन् । कवितालाई २ अनुच्छेददेखि १३ अनुच्छेदमा विभक्त गरिएको देखिन्छ । कुनै कवितामा २ हरफका अनुच्छेद र कुनैमा ४५ हरफका अनुच्छेद समेत देख्न पाइन्छ ।

## ६.५. अन्तर्वस्तु

**मानवीय संवेदनाहरू** काव्यकृतिमा कवि मोहन दुवालले नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति, अन्याय, अत्याचार आदिको मियो पक्रेर यथार्थलाई उद्घाटन गरेका छन् । उनले जीवन र जगतलाई नजिकैबाट नियालेर यस काव्यकृतिको अन्तर्वस्तु चयन गरेका छन् । समाजभित्रका जुनसुकै विषयमा पनि उनले कविताको खोजी गरेका छन् । विभिन्न विषयमा कलम चलाएर समसामयिक युगको आवाज उनले कवितामार्फत् बोलेका छन् । उनको काव्यकृतिको अध्ययन गर्दा प्रगतिवादिता, यथार्थवादिता, राष्ट्रवादी चिन्तन, प्रकृतिप्रेम, ब्यङ्ग्यात्मकता तथा सुधारवादी स्वर जस्ता प्रवृत्तिहरू देख्न सकिन्छ । दुवालको काव्यकृति **मानवीय संवेदनाहरू** का विविध विषयहरूमध्ये मुख्य-मुख्य विषयहरूको यहाँ चर्चा गरिएको छ :

### 6.5.1 सामाजिक विषय

कवि दुवाल समाजमा रहेर आफूले देखेका, भोगेका र प्रत्यक्ष अनुभव गरेका कुराहरूलाई कविताको विषयवस्तु बनाएर कविता लेख्ने व्यक्ति हुन् । समय परिवर्तनशील छ, समाज पनि समय सँगसँगै चल्न सक्नुपर्छ भन्दै उनले नेपाली समाजमा देखापरेको रूढीवादी कुसंस्कारले समाज र बहुसङ्ख्यक जनताको हित गर्दैन भनी यस्तो खराब संस्कारको अन्त्य गर्न आग्रह गरेका छन् । नेपाली समाजमा देखिएका विभिन्न समस्याहरूमध्ये आजको प्रमुख समस्या समाजिक असमानता, कुसंस्कार र ठगी प्रवृत्ति हो भनी कविले उल्लेख गरेका छन् । यसबाट समाजलाई जोगाउन सकिएन भने देश प्रगतितर्फ लाग्दैन भन्दै कवितामार्फत् सामाजिक चेतना जगाउन खोजेका छन् । मानिसमा भ्रम, अन्धविश्वास, परम्परागत रूढीवादी मान्यता रहेसम्म समाजको विकास हुन सक्तैन भन्दै कवि कवितामा उल्लेख गर्छन्-

"मर्यादाभित्र कैद छन्

सबै मान्छेहरू

मान्छेकै स्वभावमा मस्त छन्

मान्छेभित्रका मान्छेहरू ..... ।

मान्छेहरू नियतिमात्र भौग्दैनन्

मान्छेहरू सबैथोक भोग्ने गर्छन्

मान्छेहरू उज्यालो घामको कुरा गर्छन्

त्यसैले घाम सबैका लागि मस्किदिन्छ

मान्छेहरू अँध्यारो परिवेशको कुरा गर्छन्

त्यसैले त मान्छेहरू आफ्नो वरिपरि प्रकाश छर्छन्

शोषण,उत्पीडन र अन्यायको

विरूद्ध डट्ने पनि मान्छे

शोषण, उत्पीडन र अन्यायकै

सृष्टिकर्ता पनि मान्छे"[64]

### 6.5.2 राजनीतिक विषय

कवि मोहन दुवाल राजनीतिप्रति पनि विशेष चासो राख्ने व्यक्ति हुन् । उनी देशको समसामयिक राजनीतिक अवस्था र यसका गुण दोषहरू खुट्याउँदै वर्तमान राजनीतिले लिनुपर्ने दिशाको बारेमा स्थानीय राजनीतिज्ञहरूलाई सुझाव समेत दिने गर्दछन् । समय-समयमा राजनीतिमा देखिने उतारचढाव, अस्थिरता, हत्याहिंसा लगायतका विषयमा कविता रचना गर्दै एक प्रकारले समाजमा राजनीतिक चेतना प्रवाह गर्ने काममा कवि दुवाल कहिल्यै थाकेका छैनन् । कविले सर्वसाधारण जनताहरू स्वतन्त्र र त्रासरहित भएर जीउन नपाएको अवस्थालाई **मानवीय संवेदनाहरू** काव्यकृतिमा चित्रण गर्ने क्रममा यसरी व्यक्त गर्छन्-

"अबोध बालबालिकाहरूलाई

गोलीको दूध चुसाएर

---

64 ऐजन, पृ. ५९ ।

प्रजातन्त्रको रक्षा गर्न खोज्नु

**कायरता** हो कि **नपुंसकता** हो

बुझ्न नसक्नेहरू

स्थिति हेरेर रोइरहेछन् ..............”[65]

### 6.5.3 प्राकृतिक विषय

कवि दुवालको कवितात्मक प्रवृत्तिहरूमध्ये प्रकृतिप्रेम प्रमुख प्रवृत्ति हो । उनी प्राकृतिक सौन्दर्य र त्यसको मूल्य मान्यतालाई सधैं सम्मान गर्नुपर्छ भन्ने पक्षमा देखिन्छन्, किनकी प्राकृतिक सौन्दर्यभित्र मानवीय सुन्दरता सुहाउँछ भन्ने उनको भनाइ छ । प्रकृतिको विशाल वक्षस्थलभित्र अनन्य सुन्दर फूलहरू फक्रेका हुनाले अनि त्यही सुन्दर बगैंचाभित्र विचरण गर्ने एउटा प्राणी मानव भएको हुनाले मान्छेले प्रकृतिको सदा इज्जत गर्न सक्नुपर्छ भन्ने धारणा कवि दुवालमा देखिन्छ । कवि दुवालले आफ्नो काव्यकृति **मानवीय संवेदनाहरू** मा प्राकृतिक विषयवस्तुलाई महफ्वका साथ उठाएका छन् । यस्तै प्राकृतिक विषयवस्तुले सिँगारिएको कवि दुवालको एक टुक्रा कविता यहाँ प्रस्तुत गरिएको छ-

“ओ प्रकृति ! तिम्रो रूपमा कस्तो कौतुहलता

म तिमीलाई दिन र रातमा मात्र होइन

सपनीमा पनि सधैं-सधैं भोग्ने गर्छु

म तिमीलाई पहाडको टुप्पाभित्रको सौम्यतालाई मात्र होइन

हिमालमाथिको कञ्चनताभित्र मात्र होइन

तिम्रो प्रत्येक मोहक-बिम्बलाई

तिम्रै हरियाली पहरामा साट्ने गर्छु ”[66]

---

[65] ऐजन, पृ. १९० ।
[66] ऐजन, पृ. १२१ ।

### 6.5.4 सांस्कृतिक विषय

कवि दुवालले **मानवीय संवेदनाहरू** काव्यकृतिमा हाम्रा खराब संस्कृतिप्रति पनि छेडछाड हानेका छन् । संस्कृतिको नाममा किवदन्तीलाई आधार मानेर गरिने यावत् प्रकारका नराम्रा क्रियाकलापलाई कवि दुवालले आफ्नो कविताको विषयगत परिधि बनाएका छन् । यस्तै खराव संस्कृतिलाई अन्तर्वस्तु बनाएर लेखिएको कविताको एउटा अंश यस्तो छ-

"निरपराध

सहाराहीनमाथिको बलात्कार

जिउँदो संस्कृति ............... ।

इतिहास थाहा छैन

तर 'रे' को किंवदन्ती

मानवीय संस्कृति ........... ।

जमराको विमोचन

गर्धनमाथि तरबारको चमत्कार

यही त हो बहादुरहरूको संस्कृति"[67]

[67] ऐजन, पृ. १४९ ।

### 6.5.5 प्रगतिवादी चिन्तन

स्वच्छन्दतावादी-प्रगतीवादी धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा र सहप्रवर्तक सिद्धिचरण श्रेष्ठ आदिका कविताहरू पढेर आफ्नो काव्यिक यात्रालाई अगाडि बढाएका कवि दुवालले आफ्नो काव्यकृति **मानवीय संवेदनाहरू** मा पनि प्रगतिवादी चिन्तनलाई कविताको अन्तर्वस्तु बनाएका छन् । समाजको पुरातनपन्थी र यथास्थितिवादी धारणका विपरीत क्रान्ति र परिवर्तनको चाहना गर्ने अग्रगामी शक्तिलाई प्रतिबिम्बित गर्दै कवि दुवालले तीव्र क्रान्तिचेत र प्रजातान्त्रिक मूल्य-मान्यताको बिगुल घन्काउने काम पनि **मानवीय संवेदनाहरू** काव्यकृतिमा गरेका छन् । कवि दुवालले समाजिक उत्पीडन, थिचोमिचो, अन्याय-अत्याचार, दुराचार, भ्रष्टाचार आदिको जीवन्त चित्रण गरी उनले त्यसबाट मुक्तिको आवाज उठाएका छन् । उनले शान्त समाजको परिकल्पना गर्दै मानवको समृद्धिका निम्ति जागरूक हुन प्रेरित गरेका छन् । तसर्थ उनी प्रगतिवादी चेतनाका कवि हुन् । यसरी २००४-२०१६ सालको चरणलाई अंगालेर अगाडि बढेको स्वच्छन्दतावादी-प्रगतीवादी धाराले बेलाबखत सामाजिक, आर्थिक, राजनैतिक धाराणलई खरोरूपमा प्रकट गऱ्यो । कवि दुवाल यिनै धारणाहरूलाई पक्रेर आधुनिक कविताको पछिल्लो चरण वि.सं.२०३६ देखि यताको समसामयिक धाराका चर्चित कवि बनेका छन् । कवि दुवालले आफ्नो काव्यकृति **मानवीय संवेदनाहरू** मा प्रगतिवादी विषयवस्तुका साथै समसामयिक विषयवस्तुलाई उठाएका छन् । यिनै विषयवस्तु समेटिएको कविताको केही अंश यस्तो छ-

"नुनको बोराभित्र अस्तित्व खोजिरहनुपर्ने

मट्टीतेलको ड्रमभित्र अस्मिता साटिरहनुपर्ने

हामी नेपाली

मन त छ, दासतामा बाँधिएको छ

त्यसैले त डाँफे-मुनाललेझैं शोकगीत गाउँदैछन् नेपालीहरू"[68]

[68] पूर्ववत्, पृ. १६९ ।

### ६.६. लयविधान

लय कविताको मुटु हो । यही लयगत विशेषताले गर्दा साहित्यका अन्य विधाबाट यो अलग छ । भाषामा प्रयोग हुने स्वर-व्यञ्जन वर्णहरूको उच्चारणमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह अवरोह वा स्वरताललाई सङ्गति दिएर श्रुतिमधुर बनाउँछ ।[69]

कवि मोहन दुवाल गद्य कवि हुन् । उनले आफ्ना कविताहरूमा गद्य कवितात्मक लयको उत्कर्ष रूप प्रस्तुत गरेका छन् । कविताको भावसौन्दर्यलाई सघन रूप दिन सुकोमल र सुललित भाषाको प्रयोग गरिएकाले दुवालका गद्य कवितामा पनि लयात्मक चेतना पाइन्छ । त्यस्तै विविध शब्दयोजना अर्थात् अन्तर अनुप्रास र अन्त्यानुप्रासको कुशल संयोजनका कारणबाट पनि **मानवीय संवेदनाहरू** काव्यकृति अन्तर्गतका कविताहरू बढी लयात्मक बन्न पुगेका छन् । छन्दमुक्त गद्य कविताहरूमा कविले आफ्ना अनुभूतिहरूलाई, आक्रोशहरूलाई, विचार, दर्शन र सिद्धान्तहरूलाई वर्गीय स्नेहका रुपमा अभिव्यक्त गरेका छन् । उनका यस सङ्ग्रहभित्रका गद्य कविताहरू सहज र स्वतःस्फूर्त तरिकाले अनुप्रासको संयोजन भई कविता लयात्मक बनेका छन् । यसरी अन्तरगद्यात्मक लय माधुर्यले गद्य कविता प्रयोगका दृष्टिले आफ्ना समकालीन कविहरूका बीचमा कवि दुवाल निकै प्रभावशाली देखापर्दछन् । उनको **मानवीय संवेदनाहरू** काव्यकृतिको लयविधानमा सम्वद्ध कविताको केही अंश यस्तो छ -

"देश खुस्कोस् वा भत्कोस्

अरू मरून् वा झरून्

मनमा अभिमान पालेको छु

आँखामा ईर्ष्या बाँधेको छु

म त यसरी ममा नै 'म' भई बाँचेको छु ।

फूल फुलोस् वा सुकोस्

घाम उदाओस् वा अस्ताओस्

[69] वासुदेव त्रिपाठी अन्य सम्पा : पूर्ववत्, पृ. १२३ ।

मनमा अहम्ता साँचेको छु

मनमा कुरूपता हुर्काएको छु

म त यसरी ममा 'सीमित' भई हाँसेको छु"[70]

## ६.७. भावविधान

केन्द्रीय कथ्य तथा भावविधान कविताको महफ्वपूर्ण अङ्ग हो । कविले कविताका माध्यमद्वारा पाठकलाई प्रदान गर्ने मूल विचार नै केन्द्रीय कथ्य वा भावविधान हो । उच्च कोटीको साहित्यले आफू बाँचेको धर्तीलाई मात्र स्पर्श गर्दैन, त्यहाँभित्र रहेका अनेक दुर्वलता र सबलतालाई पनि देखाउँछ । कविताको विषयवस्तु र भावकाबीच नजिकको सम्बन्ध रहेको हुन्छ । कविले जीवनमा भोगेका भोगाइ, आशा, कुण्ठा, निराशा, मानवीय स्वभाव, प्रकृति, धर्म, दर्शन, संस्कृति,समाज आदि कुनै पनि विषयलाई कविताले अँगाल्न सक्छ र उसको अभिरुची अनुसार आफ्नो इच्छित विषयमाथि कविता रचना गर्दछ ।[71]

कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिमा कविको हृदयभित्रको वेदना र भोलिका आशाहरू प्रतिबिम्बित भएका छन् । सामाजिक र वैयक्तिक जीवनका विसङ्गतिलाई अभिव्यक्ति दिने क्रममा सामाजिक विकृति र विसङ्गतिप्रतिको ब्यङ्ग्यचेतनालाई पनि उनले प्रकट गरेका छन् । कविले यस काव्यकृतिमा समकालीन मानवीय चेतनालाई अभिव्यक्त गर्ने प्रवृत्ति कायमै रहे तापनि देशप्रेमको सुन्दर अभिव्यक्ति तथा राष्ट्रिय चेतनालाई महफ्वका साथ उठाएका छन् । कविले मानवीय अन्तरचेतनाका पीडा, कुण्ठा, निराशा, जटिलता, सन्त्रास, ब्यङ्ग्य र विषमतालाई कवितामा अभिव्यक्त गरेका छन् । मानवता, युगवोध र आफ्नो राष्ट्रप्रतिको आस्था तथा सद्भाव पनि यस **मानवीय संवेदनाहरू** काव्यकृतिमा देख्न पाइन्छ । जस्तैः

"प्रजातन्त्रमा कालो धब्बा अपसगुनझैं हुर्केको पाएर

कोइलीहरू मात्र होइन

---

70 ऐजन पृ. ८८

71 वासुदेव त्रिपाठी र अन्य सम्पा : पूर्ववत् पृ. २०

फूलहरू पनि पात-पातमा

अविश्वास फालेर

पिरो धुँवामा निस्सासिन्छन्

धारे हात कसले कसलाई लगाउने खोई ?

भमराहरू परिवेश मनमा गुनेर

कमिलाहरू चुपचाप दुलाभित्र पसेको हेर्दैछन्"[72]

६.८. **विम्बविधान**

कुनै कृतिमा मुख्य कथ्य (कथन गरिएको) अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । बिम्ब कवि कल्पनाको सामग्री हो । बिम्बको अध्ययनविना कविताको भित्री मर्मलाई छुन कठिन हुने भएकाले यसलाई कविताको महफ्वपूर्ण अङ्ग मानिएको हो । कविले आफ्ना मनमा उब्जेका भावनालाई, कल्पनालाई कुनै वस्तुको माध्यमद्वारा प्रस्तुत गर्ने प्रयास गर्दछ भने त्यो बिम्ब हो । बिम्ब अलङ्कारको नजिक हुन्छ । बिम्ब प्रयोगबाटै कविता आलङ्कारिक बन्दछ ।[73]

कवि दुवालले **मानवीय संवेदनाहरू** काव्यकृतिमा विभिन्न बिम्बहरूको प्रयोग गरेर कवितात्मक सौन्दर्य कायम गरेका छन् । काव्ययात्राको थालनीबाटै नयाँ-नयाँ बिम्बहरूको प्रयोग गर्ने प्रवृत्ति देखाउँदै आएका दुवालले **मानवीय संवेदनाहरू** काव्यकृतिमा यस प्रवृत्तिलाई उत्कर्षमा पुऱ्याएका छन् । दुवालले यस काव्यकृतिमा विशेषगरी नेपाली प्रकृति, नेपाली जीवन, मानवेतर वस्तु र परिवेश तथा नेपाली संस्कृतिबाट पनि अनेक बिम्बहरूको उपयोग गरेका छन् । कवि दुवालले सूर्य, नदी, लाटोकोसेरो, आकाश, धरती, हिमाल जस्ता थुप्रै बिम्बहरूको पटक-पटक पुनराबृत्ति गरेका छन् । यस्तै बिम्ब प्रयोग गरिएको एउटा कविताको दृष्टान्त यस्तो छ-

"कुहिरोले मुस्कान साटेको ठाउँमा

---

[72] ऐजन पृ. १६६ ।

[73] वासुदेव त्रिपाठी र अन्य सम्पा : पूर्ववत् पृ. २१ ।

सूर्य-किरणको रमझम हेर्न

फूलमायाहरूलाई मात्र होइन

काठमाडौँलाई पनि सकसक लाग्दो रहेछ

त्यसैले त ऊ कहिलेकाहीँ

आँखामा आँसु सजाएर

वागमती र विष्णुमती भएर बगिदिन्छ"[74]

## ६.९. प्रतीक-योजना

जब लेखक वा कविले आफ्ना मनका अर्मूत विचार वा भावनालाई सजीव वा मूर्त रूप दिन विचार वा भावना सुहाउँदो स्वरूप या आलोक सृष्टि गरेर त्यही मूर्तरूपमा या नवरचित कविसंस्कारको अभिव्यञ्जनमा चाहेको गौण विचार तथा भावना व्यक्त गर्दछ तब त्यही स्वरूप प्रतीक बन्दछ ।[75] प्रतीकले अप्ठ्यारा, अपरिचित र अमूर्त गुण या कुरालाई ज्यादै स्पष्टसित र तीव्र प्रभाव पार्ने गरी व्यक्त गर्न सक्छ, प्रकाश गर्न सक्छ । जसरी **पिँजराको सुगा** भन्ने पद्यात्मक कवितामा राणाकालमा कसरी जनजीवन थुनामा थियो भन्ने प्रतीकका रूपमा 'पिंजरा' लाई सफलताका साथ लेखनाथले प्रयोग गर्नु भएको छ, त्यसैगरी कवि दुवालले पनि आफ्नो काव्यकृति **मानवीय संवेदनाहरू** मा प्रतीक-योजनालाई तीव्र महफ्वका साथ प्रयोग गरेका छन् । कवितामा प्रतीकहरूको प्रयोग गर्ने प्रवृत्ति उनको काव्ययात्राका प्रारम्भिक चरणदेखि नै आरम्भ भएको हो र पछिल्ला चरणहरूमा यो प्रवृत्ति अझै विकसित भएको देखिन्छ । उनका अधिकाँश कविताहरूमा प्रतीक-योजना गरिएको पाइन्छ । प्रतीककै आश्रय लिएर उनले वर्तमान जीवनका जटिलता र विषमतालाई प्रभावपूर्ण र कलापूर्ण रूपमा अभिव्यक्त गरेका छन् भने प्रतीककै माध्यमद्वारा उनी राष्ट्र-राष्ट्रियता र जीवनको अस्तित्वलाई समेत सशक्त र जीवन्त रूपमा अभिव्यक्त गर्न समक्ष भएका छन् ।

---

[74] ऐजन पृ. १४७ ।

[75] वासुदेव त्रिपाठी र अन्य सम्पाः पूर्ववत्, पृ. २२ ।

कवि दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिमा पानीको छाल, शीतका थोपा, नदी, पर्वत-ˇf[ङखला, फूल, सूर्य, तारा, धुवाँ, जस्ता थुप्रै प्रकृतिसँग सम्बन्धित प्रतीकहरू प्रयोग गरिएका छन् । त्यसैगरी उनले यस काव्यकृतिमा मानवेतर प्रतीकहरू खरायो, गधा, जूनकीरी, झ्याउँकीरी, कोइली, लाटोकोसेरो, गोमन साँप, भँगेरा, परेवा, हुटिट्याउँ, काकाकुल, मौरी, गिद्ध, कुकुर आदिको प्रयोग पनि सशक्त रूपमा गरेका छन् । कविले कवितामा प्रयोग गरेका यस्ता विविध प्रतीकहरूले माजभित्रको वास्तविक चित्र उजिल्याउन मद्धत पुगेको देखिन्छ ।

## ६.१०. भाषाशैली

भाषाशैली कविताको महफ्वपूर्ण पक्ष हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । कवितामा सरल, आलङ्कारिक, वर्णनात्मक आदि शैली प्रयोग गरिन्छन् । कवितालाई काव्यात्मक उचाइ थप्ने, स्रष्टालाई निजी पहिचान दिने काम पनि भाषाशैलीले गरेको हुन्छ ।[76]

कवि मोहन दुवालको **मानवीय संवेदनाहरू** काव्यकृतिमा सरल र सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । भाषा प्रयोगमा आफ्नै प्रकारको शिल्पगत चमत्कार तथा नवीनता प्रयोग गर्ने कवि दुवालका कविताको कथ्यसन्दर्भ अनुकूल ग्रामीण बोलीचालीयुक्त भाषाको प्रयोगलाई महफ्वसाथ अनुशरण गरिएका छन् । उनका कवितामा प्रयुक्त बौद्धिकता र तार्किकता स्वतः प्रकटित किसिमका तथा सुबोध रहेका छन् । तसर्थ समाजका सबै वर्गले उनका कविता सजिलै वुझ्न सक्दछन् । कविले यस काव्यकृतिमा नवीन शिल्पगत चातुर्यको पर्याप्त प्रयोग गरेका छन् । कोमल भावनालाई बौद्धिकताको सन्तुलनसहित प्रयोगवादी पाराले अभिव्यक्त गर्नु कवि दुवालको विशेषता हो । उनले कवितामा विविध उक्ति, उपमा, रूपक आदिको पनि प्रयोग गरेका छन् । यसरी सचेत पाठकका निम्ति सुबोध्य हुने गरी नेपाली जनजीवनसँग सम्बन्धित सुकोमल पदावलीहरूको प्रयोग गरी कविता प्रस्तुत गर्नु कवि दुवालको भाषिक बैशिष्ट्य हो ।

---

[76] वासुदेव त्रिपाठी र अन्य सम्पा : पूर्ववत् पृ. १९ ।

कविले यस काव्यकृतिमा विविध भाषाशैली प्रयोग गरेका छन् । उनले कतै सरल, सहज, सुन्दर र सुकोमल भाषाशैलीको प्रयोग गरेका छन् भने कतै व्यञ्जनात्मक, प्रतीकात्मक, आलङ्कारिक भाषाको प्रयोग गरेका छन् । उनले कतै संस्कृत तत्सम शब्दहरू प्रयोग गरेका छन् भने कतै झर्रा नेपाली शब्दहरू प्रयोग गरेका छन् । कतै नेवारी शब्दहरू प्रयोग गरेका छन् भने कतै अनुकरणात्मक शब्दहरू प्रयोग गरेका छन् ।

कवि दुवालले वर्तमान मानवीय कुप्रवृत्तिप्रति ब्यङ्ग्यको चोटिलो प्रहार पनि हानेका छन् । उनका अधिकांश कविताहरू ब्यङ्ग्यात्मकताले भरिएका छन् । यसरी दुवालले **मानवीय संवेदनाहरू** काव्यकृतिमा विविध शैलीको प्रयोग गरेर आफ्ना विचारहरूलाई अभिव्यक्त गरेका छन् । उनका यस सङ्ग्रहका कविताहरूमा आत्मपरक, प्रश्नात्मक, वर्णनात्मक, ब्यङ्ग्यात्मक शैली पाइन्छ । ब्यङ्ग्यात्मक शैली प्रयोग गरिएको कविताको एउटा अंश यस्तो छ-

"जसले

विश्वासघातमा जीवन रम्न दिएर

शालीनताको भाषण छाँट्छ

ऊ पो साहूजी-

जसले असत्यलाई जीवन-दर्शन मानेर

सत्यलाई छेक्न रमाउँछ

ऊ पो साहूजी ....................."[77]

## ६.११. निष्कर्ष :

वि.स. २०२१ सालदेखि नेपाली साहित्यको कविता विधामा कलम चलाउन थालेका कवि मोहन दुवालको काव्य सिर्जना **मानवीय संवेदनाहरू** को अध्ययन गर्दा उनी मूलतः प्रगतिवादी कविका रूपमा स्थापित छन् । उनका यस सङ्ग्रहभित्रका कविताहरूमा

[77] पूर्ववत्, पृ. १५४ ।

प्रगतिवाद, यथार्थवाद, देशभक्ति, प्रकृतिप्रेम, क्रान्तिकारिता, व्यङ्ग्यात्मकता जस्ता प्रवृत्तिहरू रहेका छन् । कवि दुवालले यस सङ्ग्रहमार्फत् हाम्रै परिवेश, सार्वजनिक जीवन, मानवीय चाहनाका कुराहरूप्रति कलात्मक प्रहार र सुन्दर सिर्जनात्मक अभिव्यक्ति दिएका छन् । अवसरवाद, गन्तव्यहीनता, स्तुत्यवाद, पुच्छरवाद, नातावाद, कृपावाद आदिलाई यो कविता सङ्ग्रहमार्फत् कवि दुवालले दह्रो झापु दिएका छन् । कवि दुवालको भाषा प्रयोग, वाक्य र अनुच्छेद गठन सरल प्रकारको देखिन्छ । उनको यस काव्यकृति सामान्य पाठकले बुझ्न सक्ने लेखनशैलीले सजिएको देखिन्छ । साथै वैचारिक, तार्किक र वस्तुयथार्थमा अडिएको पाइन्छ । उनको यस रचना समाजिक विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्यविद्रोह चेतनासहित देशप्रेम र राष्ट्रिय चिन्तनसम्म आइपुगेको देखिन्छ । त्यस्तै उनले यस रचनामा काव्यशिल्पका दृष्टिले नयाँ-नयाँ बिम्ब-प्रतीक र नवीन अभिव्यक्तिको अन्वेषण गरेका छन् ।

## अध्याय सात

# उपसंहार

प्रस्तुत शोधपत्रको शीर्षक मोहन दुवालको **मानवीय संवेदनाहरू कविता सङ्ग्रहको अध्ययन** रहेको छ । यसमा सात अध्यायहरू रहेका छन् । पहिलो अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा कवि मोहन दुवालको जीवनी र व्यक्तित्वको अध्ययन, तेस्रो अध्यायमा कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक स्वरूपको अध्ययन, चौथो अध्यायमा कवि मोहन दुवालको काव्यिक यात्राको अध्ययन, पाचौँ अध्यायमा **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको अध्ययन, छैटौं अध्यायमा **मानवीय संवेदनाहरू** कविता सङ्ग्रहको मूल्याङ्कन गरिएको छ र यस अध्यायमा सबै अध्यायहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

जीवनका ६२ वसन्त पार गरिसकेका कवि मोहन दुवाल काभ्रेपलाञ्चोक जिल्लाको बनेपास्थित भोलाखाटोलमा साधारण व्यापारी परिवारमा वि.सं. २००६ साल जेठ २१ गते जन्मिएका हुन् । उनले प्राथमिक तथा माध्यमिक तहको शिक्षा बनेपाकै आजाद माध्यमिक ( हाल उच्च माध्यमिक) विद्यालयबाट पूरा गरेका हुन् । वि.सं. २०३२ सालमा प्राईभेट परीक्षा दिएर आई.ए. र वि.सं. २०३५ सालमा बी.एड. उत्तीर्ण गरी स्नातकोत्तर तहमा भर्ना भएर अध्ययन गर्दा गर्दै उक्त तहको परीक्षा उत्तीर्ण नगर्दै औपचारिक अध्ययनबाट अवकास लिन पुगेका हुन् । वि.सं. २०२५ सालमा सरस्वति प्रा.वि. बनेपाबाट शिक्षण पेसामा प्रवेश गरी २०३४/२०३५ सालतिर गोरखा क्याम्पस, गोरखामा सहायक प्राध्यापक समेत भएर शैक्षिक सेवा प्रदान गरेपछि वि.सं. २०४९ सालमा श्री महेन्द्र मा.वि साँगाबाट राजीनामा दिई स्वतन्त्ररूपले साहित्य लेखन र साहित्यिक पत्रिका प्रकाशन कार्यमा संलग्न हुँदै आएका छन् ।

विभिन्न राजनीतिक क्रियाकलापमा संलग्न रहेर भूमिगत जीवन समेत बिताएका दुवाल बनेपा नगरपालिकाको प्रमुख पदमा पराजित भएपछि राजनीतिलाई थाती राखेर साहित्य सिर्जनामा नै आफूलाई समर्पित गराइरहेका छन् । उनको पारिवारिक जीवन एक श्रीमती, दुई छोरी र एक छोरा सहित सुखमय वातावरणमा अगाडि बढिरहेको छ । उनी भारत, चीन, उत्तर कोरिया आदि विदेशी मुलुकहरूको भ्रमण गर्नुका साथै स्वदेशका धेरैजसो ठाउँमा भ्रमण गरी धेरै अनुभव बटुल्न सफल भएका छन् । सहयोगी पारिवारिक वातावरणले

दुवालको साहित्यिक यात्रालाई वर्तमान अवस्थामा ल्याउन महफ्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

विद्यार्थी जीवनदेखि नै साहित्य लेखनमा रुचि राख्ने दुवालको औपचारिक साहित्य यात्रा वि.सं. २०२१ सालमा **नयाँ संसार** पत्रिकामा **मेरो सपना** नामक कविता प्रकाशित भएपछि भएको हो । **मेरो सपना** कविता लिएर सर्वप्रथम नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका दुवालले करिव साढे चार दशक लामो साहित्यिक यात्रा पार गरिसकेका छन् ।

कविता साहित्यको एक पुरानो विधा हो र यसका अस्तित्वका बारेमा खासगरी ईसवीय बिसौं सताब्दीका मध्य र उत्तरार्द्धमा बेलाबखत आशङ्का गर्नुपर्ने अवस्था आएपनि यो साहित्यिक विधा अद्यावधि गतिशील नै रहेको छ । लिपिको अविष्कारले कथ्यश्रव्य भाषिक कलास्वरूप गीतात्मक कवितालाई पनि प्रभावित पारेपछि थालिएको शिष्ट-लेख्य(लिखित) कविताको यात्रा अनेक युगीन घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभूत तफ्वको निरन्तरताका साथ आजसम्म आइपुगेको छ । तीन सहस्राब्दी लामो यात्रामा यसले आफ्नो स्वरूपलाई पूर्वतिर रस, अलङ्कार, ध्वनि, गुण आदिका प्रमुखतामा परिभाषित गऱ्यो भने पश्चिममा कहिले परिष्कारवादी, कहिले रीतिवादी त कहिले स्वच्छन्दतावादी, प्रगतिवादी तथा प्रयोगवादी धाराहरूबाट हिँडाइराख्यो ।

नेपाली कविता परम्पराको लामो यात्रामा कयौं विद्वान्हरूले यसमा आ-आफ्नो विचार पस्किए, कयौँले यसमा माथिङ्गल खियाए । आखिर कविता के हो र कस्तो हुनुपर्छ भन्ने विषयमा एउटै मान्यता वा विचार आउन सकेको छैन । कविता सम्बन्धी पूर्वीय परिभाषा, पश्चिमी परिभाषा र नेपाली विद्वान्हरूका परिभाषामा एकरूपता पाउन सकिँदैन । कवितालाई परिभाषा गर्ने क्रममा पूर्वीय तथा पाश्चात्य दुबै तर्फका विद्वान्हरूले कसैले वाह्य पक्षमा त कसैले आन्तरिक पक्षमा जोड दिएका छन् । वास्तवमा कविता ह्रदय र बुद्धिको समन्वित रूप हो, त्यसैले यसमा वाह्य तथा अन्तरङ्ग दुबै भावपक्ष हुन्छ । अतः कविताको आदर्श परिभाषा त्यही हुन सक्छ, जसमा यी दुबै पक्षको समन्वय हुन्छ ।

नेपाली साहित्यमा कविताको परम्परा लोक साहित्यिक पृष्ठभूमिबाट उठान भएको देखिन्छ । सम्बत् १८२६ सालतिर सुवानन्द दासद्वारा लेख्य नेपाली कविताको थालनी भएको पाइन्छ । यसरी अगाडि बढ्दै गरेको नेपाली कविताको ऐतिहासिक परम्परालाई विभिन्न चरण र मोडहरूमा विभाजन गरिएको छ ।

नेपाली कविताको प्राथमिक कालको थालनीमा वीर भावना र राष्ट्रवादी भावनामा आधारित भएर कविताहरू लेखिए । माध्यमिक कालमा आएर कविहरू ˘f[ङ्गारिकतातर्फ अघि बढेका देखिन्छन् । त्यसैगरी आधुनिक कालमा आएर कविहरूले स्वच्छन्द शैलीमा भावअभिव्यक्त गरेर संयुक्त रूपमा आधुनिक चेतना प्रस्तुत गरेको देखिन्छ ।

यसरी नेपाली कविता विभिन्न धारा र प्रवृत्तिहरू आत्मसात गर्दै अगाडि बढ्दै गयो । भाषाशैलीका दृष्टिले पनि कवितामा विभिन्न प्रयोगहरू भए र अनेक मोडहरू देखा परे । आधुनिक कालमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा, प्रयोगवादी धारा र समसामयिक धारा मुख्य रूपमा रहेका छन् ।

राजनीतिक परिवर्तन र विश्वसाहित्यमा देखिएका विभिन्न वाद एवम् प्रयोगहरूद्वारा प्रभावित हुँदै अघि बढेको नेपाली कवितामा धारागत प्रवृत्ति परिवर्तन र विकसित हुँदै गएको पाइन्छ । वि.सं. २०१७ सालदेखि आरम्भ भएको आधुनिक चरणमा प्रयोगवादी कविताधारा विषयवस्तु र आयामका दृष्टिले महफ्वपूर्ण रहेको छ ।

आधुनिक कविताको नयाँ चरण समसामयिक धारा हो । यस धारालाई हुर्काउन अनगिन्ती कविहरूको विशिष्ट योगदान रहेको छ । पुराना एवम् नयाँ दुबै पुस्ताका कविहरू अझ नवीन दिशा प्रदान गर्दै कल्पना, अतिशय भावुकता र अमूर्तता त्यागेर वर्तमान मान्छेले भोगिरहेको जीवनलाई वस्तुपरक ढङ्गले यथार्थ चित्रण गरिरहेका छन् । कवितामा देशको गिर्दो स्थिति, विकृत सामाजिक मूल्य र मान्यता, पतनोन्मुख आर्थिक स्थिति, विसङ्गत हुँदै गएको परम्परा, अन्याय, अत्याचार आदि विविध विषय इमान्दारीपूर्वक अभिव्यक्त भएका छन् ।

नेपाली कविताको सुदीर्घ परम्परामा देखापरेका समकालीन कविहरूमध्ये मोहन दुवाल पनि एक हुन् । उनी नेपाली कविताको प्रगतिवादी धारालाई पक्रँदै अगाडि बढ्ने क्रममा हाल समसामयिक युगप्रवाहका चर्चित गद्यकविका रूपमा स्थापित छन् । विविध प्रवृत्ति र प्रयोगहरूको साझा मझेरी पाएर आलोकित बन्न पुगेको समसामयिक प्रवृत्ति अँगालेर कवि दुवालले कविता सिर्जना गरिरहेका छन् । उनले नेपाली माटो र मुटु साक्षी राखेर काव्यपरम्परालाई गति प्रदान गरेका छन् । साथै हाम्रै वरिपरिका प्रतीक, हामीले देखेजानेका विम्ब, थाहा पाएका विषय र भोगिरहेको यथार्थमा धुकधुकी पोखेर उनले मौलिक तथा सिर्जनात्मक काव्य कृतिहरू प्रस्तुत गरेका छन् । उनका हरेक कविता सामाजिक

उत्थान र मानवीय प्रेममा समर्पित रहेका छन् । वैचारिक दृष्टिले समेत उत्कृष्ट रहेका उनका सिर्जना जन-जीन्दगीका समवेत स्वर र स्पन्दन हुन् ।

कवि दुवालको काव्ययात्रा चार चरणमा विकसित हुँदै निरन्तर रूपमा प्रवाहित छ । पृष्ठभूमि चरणमा उनले कविता लेख्न प्रारम्भ गरेदेखि पत्र-पत्रिकामा प्रकाशित नभएसम्मको अवस्था रहेको छ । त्यसताका उनले विद्यालयमा, विभिन्न सभा-सम्मेलनमा आफ्ना सिर्जना प्रस्तुत गर्ने काम गरे । प्रथम चरण अन्तर्गत पत्र-पत्रिकामा प्रकाशित भएदेखि पुस्तकको रूपमा प्रकाशित नभएसम्मको अवस्था रहेको छ । दोस्रो चरणमा कवि दुवालले निरङ्कुश पञ्चायती शासकबाट आफूलाई बचाउँदै सात्यिक यात्रालाई निरन्तरता दिइरहेको अवस्था र शिक्षण पेसामा लागेर पनि विभिन्न साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशन कार्यमा सक्रिय भूमिका निर्वाह गरेको अवस्थाको चित्रण रहेको छ । तेस्रो चरण अन्तर्गत कवि दुवाल २०४६ को सफल जनआन्दोलन पश्चात सकृय राजनीतिलाई छाडी पूणरूपमा साहित्यिक सिर्जनातर्फ लागेको, सशक्तरूपमा लेखन र प्रकाशनलाई जोड दिएको अवस्थाको चित्रण रहेको छ । यही चरणमा कवि दुवालका अधिकांश रचनाहरू प्रकाशित भएका देखिन्छन् । वर्तमान अवस्थासम्म आइपुग्दा उनी क्रान्ति एवम् विशुद्ध समाज निर्माणका खातिर र मानवको समृद्धिका निम्ति कविता सिर्जना गरिरहेका छन् ।

वि.सं. २०२१ सालमा **मेरो सपना** शीर्षकको कविता छपाएर कविता यात्राको थालनी गरेका दुवाल २०२३ सालमा **चुलिजाःगु स्वाँ** नामक नेपाल भाषाको कविता सङ्ग्रह प्रकाशन गर्दै हालसम्म आइपुग्दा ६ वटा कविता सङ्ग्रहहरू प्रकाशित गर्न सफल भएका छन् । उनका विभिन्न कविता सङ्ग्रहहरूमध्ये वि.सं.२०५५ सालमा प्रकाशित **मानवीय संवेदनाहरू** कविता सङ्ग्रह एक उत्कृष्ट र मानवीय संवेदनाले भरिएको कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू राजनीतिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक आदि दृष्टिले महफ्वपूर्ण रहेका छन् । विभिन्न ६ वटा मूल उपशीर्षकमा विभक्त यस कविता सङ्ग्रह भित्रका कविताहरूले देश, जनता र समाजमा भएका बाहिरी र आन्तरिक द्वन्द्व वा जीवन्त चित्र प्रस्तुत गरेका छन् । यस सङ्ग्रहभित्रका कविताहरूले समग्रमा विभिन्न विषयगत प्रस्तुतिमा केन्द्रित भई सामाजिक विषमताको वर्णन गरी सर्वहारा वर्गलाई एकीकृत रूपमा सङ्घर्षमा उत्रन आव्हान् गरेका छन् । उनका कविताहरूमा सरल भाषाशैलीको प्रयोग र सरल शब्दसंयोजनबाट सौन्दर्य प्रकट भएको छ । उनका कविताहरूमा तत्सम, आगन्तुक,

झर्रा स्थानीय जनबोलीका तथा अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । यस्तो प्रयोगले यस सङ्ग्रहभित्रका कविताहरू रोचक र बोधगम्य बनेका छन् । कतिपय कविताहरू कलापक्षमा शिथिल रहेका छन् भने अधिकांश कविताहरू कलापूर्ण भावात्मक दृष्टिकोणले उत्कृष्ट छन् । यस सङ्ग्रहभित्रका कविताहरू मार्मिक भाव बोकेका, जनपक्षीय, वर्गीय भावले स्नेहपूर्ण भएका छन् । आफ्ना कविताहरूमा कविले दीन दुःखीका कथा व्यथालाई उजागर गरेका छन् । कतिपय कविताहरू अनुप्रास योजनाको कुशल संयोजनले लयात्मक बनेका छन् ।

कवि मोहन दुवालका यस सङ्ग्रहभित्रका सबैजसो कविताहरूले नैतिक सन्देश बोकेका छन् । प्रकृतिप्रेम, देशप्रेम, अन्याय अत्याचारको विरोध, जातिप्रेम तथा समसामयिक परिवेशप्रतिको ब्यङ्ग्य जस्ता विषयहरू दुवालका प्रायःसबै कविताहरूमा भेट्टाउन सकिन्छ । कविता लेखनको सन्दर्भमा मोहन दुवालको यात्रा गुणात्मकताका साथै सङ्ख्यात्मकतातिर पनि निकै अगाडि बढेको देखिन्छ । लयविधानका दृष्टिले दुवाल गद्य कविताको सिर्जना गरी आन्तरिक लय स्थापना गराउन सफल देखिन्छन् । संरचनाका दृष्टिले यस सङ्ग्रहभित्रका कविताहरू विभिन्न पङ्क्ति र अनुच्छेदमा विभक्त भएका छन् । उनका कविताहरूमा प्रकट भएका भावात्मक अनुभूति र रचनाको शीर्षकबीच अभिन्न सम्बन्ध रहेको छ । उनका कवितामा प्रयोग गरिएका बिम्ब र प्रतीकहरू प्रकृतिबाट र नेपाली सांस्कृतिक परिवेशबाट बढी मात्रामा लिइएको छ । दैनिक बोलचालको भाषामा प्रयोग गरिने बिम्ब प्रतीकहरू प्रयोग गरिनाले दुवालका कविताहरू आकर्षक हुन पुगेका छन् ।

प्रगतिवादी सामाजिकता, वर्गद्वन्द्व, ब्यङ्ग्यचेतना, स्थानीयताको प्रभाव, प्रकृतिचित्रण, नारी चित्कार, राजनीतिक अस्थिरताप्रति असन्तुष्टी आदि यस सङ्ग्रहभित्रका कविताहरूका केन्द्रीय विषय हुन् । विम्बात्मक तथा आकर्षक खालका शीर्षक, सरल शैली, वस्तुपरक यथार्थको प्रस्तुति तथा रचना सुहाउँदो भाषाको प्रयोगले उनका कविताहरू कलात्मक र पठनीय बनेका छन् । साथै घटनामा आधारित वस्तु यथार्थको प्रभावकारी चित्रण गर्नु, वर्गीय दुश्मनको खुलेर विरोध गर्नु र उनीहरूलाई खुला रूपमा आफू निर्भीक भएर दिएको हाँकलाई कवितात्मक पारामा उतार्न सक्नु दुवालका यस सङ्ग्रहभित्रका कविताहरूका विशिष्ट पहिचान हुन् । सफल बिम्ब, प्रतीकको प्रयोग गरेर सिद्धान्त, विचार र दर्शनअनुरूपको जीवनशैली अँगाल्दै वर्गीय भावनाले ओतप्रोत कविता लेखेर नेपाली

प्रगतिवादी साहित्यमा विशिष्ट पहिचान बनाउन सफल कवि मोहन दुवाल साँच्चै नै समाजका असल मार्गनिर्देशक, परिवर्तनका संवाहक तथा क्रियाशील र साहसिक व्यक्तित्व हुन् ।

# सन्दर्भ-सूची


) आ.विश्वनाथ, **साहित्य दर्पण**, (वारणसी, चौखम्बा सुरभारती प्रकाशन, दसौँ संस्करण, १९९७) ।

) केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, (काठमाडौँ, पाचौँ संस्करण, साझा प्रकाशन, २०४९) ।

) खगेन्द्र लुइँटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, (काठमाडौँ, ने.रा.प्र.प्र. २०६०) ।

) गोपीकृष्ण श्रेष्ठ, निबन्धकार मोहन दुवाल र उनको निबन्धकारिता, (लभराज, २०६२) ।

) चेतनाथ धमला, जन्मभूमि पत्रिका, (२०५६ असोज १) ।

) त्रिनेत्र शर्मा, प्रकाश पत्रिका, (२०५५ चैत्र २९) ।

) दीपकमणि दाजुभाइ, घटना र विचार पत्रिका, (२०५६ भाद्र ९) ।

) दुर्गाशंकर मिश्र, पाश्चात्य काव्यशास्त्र,(प्रकाशन केन्द्र, सीतापुर रोड, लखनउ) ।

) ध्रुव मधिकर्मी, गोरखापत्र, (२०५६ असोज ८) ।

) नेत्र एटम, गरिमा पत्रिका, (२०५६ मंसिर) ।

) मातृका पोखरेल, जनएकता साप्ताहिक, (२०५६ जेठ १०) ।

) माधवप्रसाद घिमिरे, आफ्नो बाँसुरी आफ्नै गीत, (काठ., साझा प्रकाशन, २०५३) ।

) मोहन दुवाल, मानवीय संवेदनाहरू, कविता सङ्ग्रह, (बनेपा, जनमत प्रकाशन, २०५५) ।

) रत्नध्वज जोशी, साहित्यको अध्ययन, (काठ., रोयल नेपाल एकेडेमी, २०२३) ।

) रमेश सागर, कवि विक्रम सुब्बा, जीवनी, व्यक्तित्व, कृतित्व, (स्वीन्डन, बेलायत, मैत, शोभा, सुम्निामा र सुलोचना सुब्बा, २०६६) ।

) रमेश विष्ट, समदृष्टि साप्ताहिक, (२०५६ वैशाख २८) ।

) राम सञ्जेल, साप्ताहिक जनसत्ता, (२०५६ असार १२) ।

- रामेश्वर राउत मातृदाश, रूपरेखा पत्रिका, (२०५६ वैशाख २८) ।
- लेखनाथ पौडेल, शब्दसुमन, कविता सङ्ग्रह, सिर्जनात्मक लेखन, (त्रि.वि.वि. अप्रकाशित शोधपत्र, २०६१) ।
- वासुदेव त्रिपाठी र अन्य सम्पाः नेपाली कविता भाग-४, (दो.सं. साझा प्रकाशन, २०४७) ।
- विमल भौकाजी, मधुपर्क मासिक, (२०५६ कात्तिक) ।
- विष्णुप्रसाद पौडेल, मोहन दुवालका पाइलै पाइला, (काभ्रे, जुनकीरी साहित्यिक अभियान २०६७) ।
- श्रीमदभागवतम्, प्रथमस्कन्ध, प्रथम अध्याय(गोरखपुर) ।
- श्रीरामसिंह बस्नेत, स्पर्श मासिक, (२०५६ जेठ) ।
- सनत सापकोटा, नवआवाज पत्रिका, (२०५६ जेठ ३०) ।
- सम्पादकहरू, ने.वृ.श.को. (काठ., ने.रा.प्र.प्र., २०४०) ।
- सानु श्रेष्ठ, मोहन दुवालको निबन्धकारितामा युगबोध, (त्रि.वि.अप्रकाशित शोधपत्र, २०६२) ।
- सोमनाथ सिग्द्याल, साहित्य प्रदीप, (दो.सं.पुस्तक संसार, २०२८) ।
- हरि मञ्जुश्री, शब्दचित्रमा मोहन दुवाल, (बनेपा, जनमत प्रकाशन, २०६२) ।
- हिमाँशु थापा, साहित्य परिचय,(काठमाडौँ, साझा प्रकाशन, चौ.सं. २०५०) ।

# परिशिष्ट

## स्थानीय समाजसेवी, संस्कृतिविद एवम् नेपाल भाषा एकेडेमीका सदस्य ज्ञानकाजी मानन्धरसँग शोधनायक मोहन दुवालको बारेमा लिइएको छोटो अन्तर्वार्ता :

- **तपाईंले मोहन दुवाललाई कहिलेदेखि कुन रूपमा चिन्नुभएको हो ?**
  - मोहन दुवालको बुबा र मेरो बुबा साह्रै मिल्ने साथीहरु थिए । म सानो छँदादेखि बुबा दुवालजीको कपडा पसलमा गएर कुरा गरिराख्नु हुन्थ्यो । म पनि बुबासँग त्याहाँ जाँदा मोहन दुवाललाई देखेको थिएँ । पछि २०१६/२०१७ सालमा म आजाद हाई स्कुलमा शिक्षक हुँदा दुवालजी पनि त्यहीँ पढ्न आउनुभयो र मेरो पनि विद्यार्थी बन्नु भयो । त्यतिबेलादेखि नै मैले उहाँलाई चिन्दै आएको हुँ । उहाँ सानैदेखि परिश्रमी, साथीहरूको माझमा अगुवा र साहित्यप्रेमी व्यक्ति हुनुहुन्थ्यो ।

- **तपाईंलाई मोहन दुवालको सबैभन्दा मनपर्ने विधा कुन हो र किन ?**
  - दुवालजीले साहित्यका विविध विधामा कमल चलाउनु भएको छ । सबै विधामा उहाँको शैली र अभिव्यक्ति राम्रो लाग्छ । तर पनि एउटा विधालाई लिएर भन्नुपर्दा मलाई उहाँको कविता ज्यादै मन पर्छ । किनभने कवितामार्फत् सामाजिक यथार्थता, देशको बेढङ्गीपन, मानिसमा बढ्दै गएको कुरूपता आदि उहाँले व्यक्त गर्नुभएको छ, जसले मानिसको मनलाई तीव्र प्रभाव पारेको छ ।

- **तपाईं मोहन दुवालको साहित्यमा कुन-कुन कुरा पाउनुहुन्छ ?**
  - मोहन दुवाल सामाजिक पृष्ठभूमिमा टेकेर साहित्य सिर्जना गर्ने स्रस्टा हुन् । दुवाल मानिसको जीवनको पीडा, समाजमा उब्जेका नराम्रा विषयहरू, मानिसको संघर्षशील जीवन आदि चित्रण गर्ने साहित्यकार हुन् । मैले उहाँको साहित्यमा जीवनलाई सुन्दर बनाउने किसिमको अभिव्यक्ति पाएको छु ।

- **तपाईंलाई मोहन दुवालको कविताहरू कस्ता लाग्छन् ?**

➢ कवि दुवालका धेरैजसो कविताहरूमा मानवताको रक्षा गर्नु पर्ने, आर्काको जीवनलाई माया गर्नु पर्ने विषय मैले पाएको छु । उनी भावनामा भन्दा यथार्थमा रमाउने कवि हुन् । उनका कवितामा संघर्षशील भएर बाँच्नु पर्ने,कसैलाई आघात नपारी आफ्नै बाटोमा लागेर जीवन आफैँले बनाउनु पर्ने जस्ता अभिव्यक्ति उनका कविताहरूमा पाएको छु ।

**मोहन दुवाललाई कवि भन्न मिल्ने केही कुराहरू बताइदिनु हुन्छ कि ?**

➢ कविता लेख्ने व्यक्तिलाई कवि भन्दछन् । दुवालजीले त्यति धेरै कविता लेख्नुभयो । ती कविताहरू पनि राम्रो शैलीमा, अझ मानिसको जीवनको चित्रण गर्दै आकर्षित ढङ्गले । मैले उनका धेरै कविताहरू पढेँ, सबैजसो कविताहरू जीवनसँग सम्बन्ध राखेर पाठकलाई मन्त्रमुग्ध पार्ने किसिमका छन् । त्यसैले साँच्चै मोहन दुवाल कवि भन्न मिल्ने व्यक्तित्व हुन्

**मोहन दुवाल कस्ता प्रवृत्तिका कवि हुन् ?**

➢ मोहन दुवालको स्वभावनै निडर, कसैसँग नझुक्ने रहेको छ । त्यसो भन्दैमा उनी कसैलाई विना कारण आरोप गर्ने, धम्क्याउने र कुभलो चिताउने पनि गर्दैनन् । बरू मानिसले मानिसको दुःखमा साथ दिनुपर्छ भन्ने प्रवृत्तिका छन् । मानवताको रक्षा गर्ने, देशप्रति अगाध माया राख्ने, समाजको उन्नति चहने कविका रूपमा मैले दुवाललाई पाएको छु ।

**मोहन दुवालले कवितामा कस्ता-कस्ता विषयहरू समेटेका छन् ?**

➢ साहित्य समाजको प्रतिविम्ब हो । दुवालजीका कवितामा पनि त्यस्तै विषयहरू मैले पाएको छु । कहिले देशका नराम्रा परिस्थितिहरू, कहिले मानिसका दुःखत् घटनाका वर्णनहरू, कहिले मानिसका उन्नति र प्रगतिका कुराहरू उनका कविताहरूमा पाउन सकिन्छ । समग्रमा आफ्नो साहित्यिक यात्राको क्रममा देखे भोगेका विषयहरू उनले कवितामार्फत् अभिव्यक्त गरेका छन् ।

) **मोहन दुवाललाई साहित्यकारको अलवा अन्य कुनरूपमा पाउनु हुन्छ ?**

➢ दुवाल बहुप्रतिभाशाली व्यक्ति हुनुहुन्छ । साहित्य उहाँको अभिन्न अङ्ग हो । तर पनि अन्य सामाजिक संघ संस्था आदि क्षेत्रमा अभिरूची दिएर लागिपर्नु हुन्छ । के हृदयचन्द्र प्रतिष्ठान, के सुनकोशी साहित्य प्रतिष्ठान, के केदारनाथ प्रधान स्मृति प्रतिष्ठान, के नेपाल साहित्यिक पत्रकार संघ, के मुकेश प्रतिष्ठान, के प्रतिभा सम्मान प्रबन्ध गुठी आदि विविध क्षेत्रमा उहाँको भूमिका उल्लेखनीय छ ।

) **मोहन दुवालको मानवीय संवेदनाहरू कविता सङ्ग्रहको बारेमा बताई दिनुहुन्छ कि ?**

➢ कवि दुवाल मानवीय संवेदनालाई उजागर गर्ने कवि हुन् । उनले मानिसको जीवन दुःख , कष्ट, पीडा आदिले घेरिएको हुन्छ भनी यस कविता सङ्ग्रहमा उल्लेख गरेका छन् । कवि हृदय भएका दुवालले सामाजभित्रका दुःखहरू आफ्ना कवितामा उतार्दै वर्तमान मानिसहरूमा मानवता नभएको पीडाबोधले आक्रान्त विचारहरु उक्त कविता सङ्ग्रहमा आएका छन् ।

) **अन्त्यमा मोहन दुवालको विषयमा केही भन्नु छ भने भन्नुहोस् न !**

➢ दुवालजी सबल, सक्षम र क्रियाशील व्यक्तित्व हुनुहुन्छ र उहाँ कहिल्यै नथाक्ने साहित्यिक यात्री हुनुहुन्छ । मैले उहाँलाई साहित्यिक सारथीको रूपमा देखेको छु र जनमत उहाँको साहित्यिक रथ हो । जनमत रथ हाँकी दुवालजीले विभिन्न कवि, लेखक, समीक्षक आदि साहित्यकारहरू राखेर कहिले सिक्किममा त कहिले दार्जिलिङ, कहिले नारायणघाटमा त कहिले सिन्धुपाल्चोकमा यात्रा गरिराख्नु हुन्छ । यस्तो किसिमको परिश्रमी, लगनशील साहित्यिक व्यक्तित्व नेपालमा कमै होलान् । राजनीतिको नशालाई टाढै राखेर साहित्यमा निरन्तर लागिरहेको मोहन दुवाल कहिल्यै नभर्ने फूल हो ।

## शोधनायक मोहन दुवालसँग लिइएको अन्तर्वार्ता :

) **तपाईंको जन्म र वाल्यकालको बारेमा केही बताइदिनुहोस् न ?**

- मेरो जन्म २००६ साल जेठ २१ गते बनेपाको निवासघरमा नै भएको हो । वाल्यकाल परिवारको लाडप्यारमा नै बित्यो ।

) **तपाईंले अक्षरारम्भ कहाँ र कहिले गर्नुभयो ?**

- मेरो अक्षरारम्भ घरैमा साहिँला दाजु हरिप्रसाद दुवालको रेखदेखमा भएको हो । उहाँले नै पछि कक्षा १ मा वि.सं. २०१३ सालतिर आजाद मा.वि.मा भर्ना गर्न लग्नुभएको हो ।

) **तपाईंलाई सबैभन्दा बढी मनपर्ने विषय कुन हो र किन ?**

- मलाई सबैभन्दा मनपर्ने विषय हो - साहित्यमार्फत् समाज र जनताको सेवा गर्नु । साहित्यमार्फत् देश र जनताको मन-मस्तिष्कमा कुरूपता विरूद्ध सुन्दरता, अध्यारो परिवेशमा उज्यालो, स्वच्छ भावना ल्याउन सकिन्छ र यो विषयले भोलिसम्म स्थायित्व पनि लिन्छ भनेर हो ।

) **तपाईं नेपाली साहित्यमा कहिलेदेखि लाग्नु भयो र साहित्यमा लाग्ने प्रेरणा कसरी प्राप्त गर्नुभयो ?**

- नेपाली भाषामा कविता कोर्न सुरू गरेको २०२० तिर देखि नै हो । २०२३ सालमा नेपाल भाषामा कविता सङ्ग्रह निकालेँ । २०२७ सालमा नेपाली भाषाबाट **बिगुल** सामयिक सङ्कलन निकालेँ । नेपाली भाषामा सर्वप्रथम २०४४ सालमा **आलोचना र परिचय** को पुस्तक प्रकाशित भयो । घरमा आइरहने साहित्यकारहरूको र काइँला दाजु कृष्णप्रसाद दुवालको कविता लेखनबाट विशेष प्रेरणा प्राप्त भएको हो ।

) **तपाईंलाई सबैभन्दा बढी मनपर्ने साहित्यिक विधा कुन हो र किन ?**

- कविता, निबन्ध व्यक्तिवृत्ति र यात्रासंस्करण, आत्मपरक जीवनी अर्थात् आत्मसंस्करण । कवितामार्फत् अक्षरको सुन्दरता फुकाउन पाइन्छ । निबन्ध सुन्दर शब्दशैलीको संयोजित रूप भएकोले पढिरहूँ जस्तो लाग्छ । व्यक्तिवृत्तले सुन्दर मान्छेको जीवनी बुझ्न पाइन्छ । यात्रासंस्करणले ठाउँको परिचय थाहा पाउन सजिलो हुने र आत्मसंस्करणले महान् मान्छेको कार्यदिशा, क्षमता र कार्यशैली बुझ्न र बुझाउन सजिलो हुन्छ ।

**तपाईंको प्रथम प्रकाशित कृति कुन हो र कहिले प्रकाशित भयो ?**

- वि.सं. २०२३ सालमा **चुलिजाःगु स्वाँ** नेपाल भाषामा प्रकाशित सङ्ग्रह हो । फुटकर प्रकाशित रचनामा वि.सं. २०२१ मा **मेरो सपना** कविता **नयाँ संसार** पत्रिकामा प्रकाशित भयो ।

**साहित्यिक पत्रिकाको सम्पादन गर्ने प्रेरणा कोबाट पाउनुभयो ?**

- भवानी घिमिरेको **भानु** को ग्राहक अभियानमा काहिँला दाइ कृष्णप्रसाद दुवालले सहयोग पुऱ्याइरहँदा भवानी दाइ हाम्रो घरमा आइरहनुहुन्थ्यो । **भानु** पढ्न पाउँथे । यसैगरी निकाल्न पाए हुन्थ्यो, मलाई लागिरहन्थ्यो । यही प्रेरणाले मैले पनि सम्पादन गरेँ साहित्यिक पत्रिका ।

**नेपाली भाषा साहित्यमा कुन विधा बढी चर्चित छ ?**

- कविता र उपन्यास बढी चर्चित भएको देखिन्छ । पछिल्लो कालमा आत्मसंस्मरणले पनि बढी चर्चा पाएको देखिन्छ ।

**हाल नेपाली भाषा साहित्यको स्थिति कस्तो रहेको छ ?**

- प्रगतिको बाटोमा छ, विश्वसाहित्यको मञ्चमा पुऱ्याउने होडबाजीमा छ ।

**नेपाली साहित्यलाई विश्वसाहित्यको दाँजोमा पुऱ्याउन के गर्नुपर्ला ?**

➢ अनुवादमा व्यापकता ल्याउनु पर्छ, उत्कृष्ट कृतिहरूलाई मुल्याङ्कन गर्ने परिपाटी राज्यले सुरू गर्नुपर्छ । विश्वसाहित्यको अनुवाद नेपालीमा र नेपाली र अन्य भाषाको उत्कृष्ट कृति, ग्रन्थको अनुवाद अंग्रेजी, फ्रेन्च, चिनियाँ भाषामा हुनु पर्दछ ।

**नेपाली साहित्यमा मन परेका कवि, कथाकार, निबन्धकार, उपन्यासकार, समालोचक, नियात्राकारहरूको नाम लिनु परेमा क-कसको लिनुहुन्छ ?**

- कविमा - लक्ष्मीप्रसाद देवकोटा, भूपी शेरचन, सिद्धिचरण श्रेष्ठ
- कथाकारमा - गुरुप्रसाद मैनाली, रमेश विकल
- उपन्यासकारमा - पारिजात, दौलतविक्रम विष्ट
- नियात्राकारहरूमा - जनकलाल शर्मा, मञ्जुल
- समालोचकहरूमा - कृष्णचन्द्रसिँह प्रधान, ताना शर्मा

**नेवारी भाषाको मनपर्ने कृति कुन हो ?**

➢ धर्मराज यमीको खण्डकाव्य **संदेराया लिसः** हो ।

**तपाईं नेवारी भाषी भएकाले नेपाल भाषा साहित्यको भविष्य कस्तो देख्नुभएको छ ?**

➢ उर्वर हँदै आएको साहित्य हो । सत्ताधारीहरूको हतियार भएर राज्यको पक्षपाती व्यवहार भोग्दै आएको यस भाषा साहित्यको उत्थानमा अवरोध आउँदा आउँदै पनि भविष्य त्यत्ति अँध्यारो छैन । नेतृत्वदायी वर्गले रचनात्मक र सिर्जनात्मक मन र हातहरूलाई सक्रिय बनाउने वातावरण बनाएको खण्डमा यस भाषाको भविष्य उज्ज्वल मात्र होइन स्वर्णिम बनाउन सकिन्छ ।

**नेपाल भाषा पढाउने कलेजहरू भए पनि ती कलेजहरुमा नेपाल भाषा अध्ययन गर्ने विद्यार्थीहरू ज्यादै न्यून छन्, यसको कारण के होला ?**

➢ नेवारहरू आफैंले आफ्नो भाषाप्रति विश्वास नराखेको कारणले र राज्यले पनि वैज्ञानिक ढङ्गले पाठ्यक्रम, पठनविधि र हौसला नराखेको कारणले नेपाल भाषा-

भाषीप्रति अन्याय देखिँदै आएको छ । यसै कारणले आफ्नो भाषाप्रति विश्वसनीयता नबढेको हो । क्याम्पसमा विद्यार्थीहरू न्यून देखिनुको कारण पनि यही हो ।

) **तपाईंको विचारमा साहित्य के हो ?**

- साहित्य सत्लाई सुन्दर कलाशैलीमा पोख्ने अभिव्यक्ति हो । भावनाको संवेगलाई प्रतीकात्मक ढंगले अक्षरमार्फत् पोखिने भाषाको सुन्दर रूप साहित्य हो ।

) **तपाईं कवितालाई कसरी परिभाषित गर्नुहुन्छ ?**

- कविता साहित्यको सुन्दर रूप हो । कविता कलात्मक शैलीको एउटा मनोरम विधा हो र कविता साहित्यको एउटा लय अर्थात् सङ्गीत हो ।

) **तपाईंले कविता लेख्ने प्रेरणा कसरी कसबाट प्राप्त गर्नुभयो ?**

- दाजु कृष्णप्रसादबाट नै प्राप्त भएको हो । सुरू कालमा सिद्धिचरण श्रेष्ठका सरल कविताबाट प्रेरणा प्राप्त भएको हो ।

) **तपाईंले साहित्यको सेवामा/समाजसेवामा लागेर के पाउनुभयो ?**

- आफूलाई राष्ट्रमा चिनाउन पाएँ, मलाई हौसला र बल थपिएको छ । राष्ट्रले मजबुद ढङ्गले मलाई मन-मनमा साँचिदिएको छ । गौरव गर्छु, धन र शक्तिमा भन्दा मन-मनमा सजिएर म बाँच्न पाएको छु । के यो सम्मान पाउनु होइन र ?

) **अन्त्यमा साहित्यानुरागीहरूलाई के भन्न चाहनुहुन्छ ?**

- साहित्य पढेर, साहित्य बुझेर, साहित्य लेखेर, साहित्य फिँजाएर र साहित्यमा सहयोग गरेर तपाईंलाई घाटा हुदैन, मलाई लाग्छ तपाईंको उच्चतामा बल, शक्ति, गौरव थपिदिन्छ ।



